## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

### पञ्चम पत्र

### विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

**समग्र उद्देष्य**

विद्यार्थीहरूले बुद्धको मौलिक दर्शनको ज्ञान पाएर, त्यसकै आधारमा चिन्तन मनन तथा अभ्यास गरी जीवनमा सम्यक मार्गातिर पाइला चाल्न सक्नेछन् ।

**सिकाइगत उद्देष्यहरू**

१. विद्यार्थीहरूले विश्वका महायानी बौद्ध देशहरूमा बुद्धधर्मको इतिहास तथा त्यहाँका महत्वपूर्ण बौद्ध स्थलहरूको बारेमा ज्ञान पाएर त्यहाँका बौद्ध सम्पदाको संरक्षण तथा सम्बर्धनको आवश्यकताबारे बोध हुनेछन् ।

२. वर्तमान विश्वमा विभिन्न पश्चिमी देशहरूमा बुद्धधर्मप्रति बढ्दो श्रद्धा एवं झुकावको सन्दर्भमा बुद्धको सार्वजनिन धर्म विश्व शान्तिको लागि व्यापक प्रचार प्रसार, संरक्षण तथा सम्बर्धन गर्नुपर्नेतर्फ सचेतना आउनेछ ।

३. विभिन्न बौद्ध देशहरूका महत्वपूर्ण ऐतिहासिक बौद्ध स्थलहरूको बारेमा ज्ञान पाउनुको साथै ती देशहरूमा भएका घटनाहरूको ऐतिहासिक दस्तावेज रहनुको महत्वबारे जान्नेछन् ।


**अखिल नेपाल भिक्षु महासंघ**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं



फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com



परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

पञ्चम पत्र


"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा


परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

पञ्चम पत्र

विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू



अखिल नेपाल भिक्षु महासंघ

नेपाल बौद्ध परियत्ति शिक्षा



Dhamma.Digital

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

## पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यसामग्री समिति

प्रकाशनार्थ आर्थिक सहयोग : धर्मराज लामा परिवार

**दाता परिवारलाई साधुवाद !**

दिवंगत हुनुभएकाहरू बुबा बीर बहादुर लामा, आमा शांमो लामा, सानी आमा गोपीनी लामा, ससुरा शेर बहादुर तामाङ्ग, सासु ङिमा तामाङ्ग, जेठान भिमबहादुर तामाङ्गको पुण्यस्मृतिमा **धर्मराज लामा परिवार** बाट आर्थिक सहयोग गर्नुभएकोमा साधुवाद !

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital

प्रथम संस्करण : ३०० प्रति
बु.सं. २५६८
वि.सं.२०८१
ने.सं. ११४४
ई.सं. २०२४

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, ललितपुर

सहयोगार्थ मूल्य : २००/-
(नोट : यस पुस्तक विक्रि भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ)

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अतुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्ममित्र धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवाट गर्दछौं ।

प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासंघ' द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह ९)' को पञ्चम पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो । *विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू* शिर्षकको पञ्चम पत्रको यस पुस्तकको लागि विभिन्न लेखकहरूको पुस्तक, अनुसन्धान तथा लेख रचनाहरू समेटेर तयार गरिएको हो ।

*विश्वमा बुद्धधर्म तथा बौद्ध स्मारकहरू* शिर्षकको यस पञ्चम पत्रको पाठ्यसामग्रीमा एकाइ १ को विषयवस्तु *जापानमा बुद्धधर्म* लेखक अर्चना वज्राचार्यले लेख्नुभएको हो । *कोरियामा बुद्धधर्म बुद्धधर्म* तथा *मंगोलियामा बुद्धधर्म* लेखक राजेन मानन्धरले लेख्नुभएको हो । एकाइ २ को विषयवस्तु *अमेरिकामा बुद्धधर्म*, एकाइ ३ को विषयवस्तु *जर्मनीमा बुद्धधर्म*, एकाइ ४ को विषयवस्तु *ब्रिटेनमा बुद्धधर्म*, एकाइ ५ को विषयवस्तु *फान्समा बुद्धधर्म* लेखक राजेन मानन्धरले लेख्नुभएको हो । यी विभिन्न देशहरूमा बुद्धधर्म सम्बन्धी लेखहरूमा 'पृष्ठभूमि' भाग लेखक भिक्षु सुदर्शनबाट लिखित श्रोतहरूबाट साभार गरी लिइएको हो ।

यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको

https://dhamma.digital

यस पाठ्यपुस्तकको पाठ्यसामग्रीका लेखकहरूलाई 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' विशेष आभार व्यक्त गर्दछ ।

यस पुस्तक तयार गर्नको लागि लेखन, अनुवाद, टाइपिंग, शुद्धाशुद्धि, प्रेस सम्बन्धी कार्य इत्यादि कार्यहरू सम्पन्न गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने सबै श्रद्धालु महानुभावहरूलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस पुस्तक प्रकाशन गर्नको लागि आर्थिक सहयोग गर्ने धर्मराज लामा परिवारलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं । पुस्तक प्रकाशनको क्रममा प्रेससम्बन्धी कार्य निपुणताका साथ गर्नुहुने *आइडियल* प्रेसका सम्पूर्ण कार्यदललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षुसंघ, श्रद्धेय गुरुमांसंघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद ।

बु.सं. २५६८ — प्रधान सम्पादक प्रमुख
वि.सं.२०८१, असार — सम्पादक मण्डल

Dhamma.Digital

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का बिद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ। यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हने अपेक्षा गरेका छौं।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा'को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले बुद्धशिक्षालाई गहन रूपमा सिक्ने अवसर प्राप्त गरेको छ। 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शन महास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य जसले परियत्ति शिक्षाको लागि पुसतकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषदलाई साधुवाद दिन्छौं। 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्यसामग्री लेखन, पाठ्यसामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षु, अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। पाठ्यसामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिङ्ग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक

https://dhamma.digital

उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद ।

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणि समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य सम्पन्न गर्नुभएका कार्यकारिणि समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकि सदस्यहरुको अथक प्रयास प्रशंसनीय रहेको छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने धर्मराज लामा परिवार प्रति साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धी कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका आईडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरूप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्यपुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ । यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरूप नेपाल बौद्ध परियत्ति शिक्षाले सफलपूर्वक ६ दशक पार गरिसक्यो । यस्तै श्रद्धालुहरूको आस्था, त्याग, मेहनतकै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६८ — **अखिल नेपाल भिक्षु महासंघ**

वि.सं. २०८१ — **नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
## पञ्चम पत्र
# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## विषय सूचि


| | | |
|---|---|---|
| एकाइ १ : | (क) जापानमा बुद्धधर्म | १ |
| | (ख) कोरियामा बुद्धधर्म | ३३ |
| | (ग) मंगोलियामा बुद्धधर्म | ५५ |
| एकाइ २ : | अमेरिकामा बुद्धधर्म | ६९ |
| एकाइ ३ : | जर्मनीमा बुद्धधर्म | ९५ |
| एकाइ ४ : | ब्रिटेनमा बुद्धधर्म | ११७ |
| एकाइ ५ : | फ्रान्समा बुद्धधर्म | १४३ |


Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू


## एकाइ १ (क) : जापानमा बुद्धधर्म

लेखक : अर्चना बज्राचार्य

https://dhamma.digital

# एकाइ १ : (क) जापानमा बुद्धधर्म

## जापानमा बुद्ध धर्म




जापान एशिया महादेशमा अवस्थित चार वटा ठुल्ठुला र स-साना धेरै द्विपहरू मिलेर बनेको देश हो । ति चार वटा ठुल्ठुला द्विपहरू होक्काइदो, होन्स्यू, क्यूस्यू र शिकोकु हुन् । इतिहासको उषाकालमा जापानीहरू स्वतन्त्र रूपले प्रकृति र मृत आत्माको पुजा गर्दथे, जुन शिन्तो धर्मको पहिलो रूप मानिन्छ । पछी ईसाको तेस्रो शताब्दीमा कन्फुसियस र छैंठो शताब्दीमा बुद्ध धर्मको आगमन भयो । यसै बौद्ध धर्मको साथमा जापानीहरू नयाँ नयाँ विचारबाट समृद्ध बन्यो । तिनीहरूलाई बुद्ध धर्मले उच्च स्तरको विचार र प्रेरणा दियो । यो नयाँ धर्मले जापानलाई शिल्प कला, साहित्य, संगीत, विज्ञान र दर्शन सिकाइयो र सातौं शताब्दीमा जापान देश नै एकरूपले बौद्ध देश भयो ।

## जापानमा बौद्ध धर्मको विस्तार

जापानलाई महायानी बौद्ध धर्मको देश भनेर भनिन्छ । बौद्ध धर्मको यो रूप शुरुमा चीनमा विकसित भयो । चीनबाट कोरिया अनि त्यहाँबाट जापानमा पुगियो । एकातर्फ इस्वी सन् ५२२ मा जुनबेला कोरियाले जापानलाई बुद्धको मूर्ति र पुस्तक उपहार दियो, त्यहि बेला जापानमा बुद्ध धर्मले पहिलो प्रवेश गरेको भनिन्छ । त्यसपछि बौद्ध धर्म चीन र जापानको दुवै देशको भिक्षुहरूको प्रयत्नबाट विकसित भयो ।



https://dhamma.digital

अर्कोतर्फ जापानका विद्वानहरूको मान्यता अनुसार जापानमा बौद्ध धर्मले आफ्नो पहिलो रूप सन् ५५२ सालमा देखायो, जुन कोरियाको एक प्रमुख तीन भू-भाग मध्ये दक्षिण पश्चिम भू-भागको एक भाग कुदर (पाकचे) बाट आयो ।

जापानी बौद्ध धर्मलाई निम्न ऐतिहासिक कालमा विभाजन गर्न सकिन्छः

१. **आयात काल -** ६ देखि ७ औं शताब्दी ईस्वी (आसुका र नारा काल)

२. **राष्ट्रियकरण काल -** ९ देखि १४ औं शताब्दी ईस्वी (हेइआन् देखि कामाकुरा काल)

३. **परम्परा निर्वाह काल -** १५ देखि २०औं शताब्दी ईस्वी (मुरोमाची, मोमोयामा, एदो काल र आधुनिक काल)

### १. आयात काल

जापानको देशको धर्म शिन्तो धर्म थियो । जापानमा बौद्ध धर्मको पहिलो रूप, आफुलाई शिन्तोवादको अनुकूल बनाउनको निम्ति व्यक्त भएको थियो । यस कार्यको लागि बौद्ध भिक्षुहरूले पितृ पूजालाई मानियो । बुद्ध प्रतिमाको साथसाथै वहाँहरूले शिन्तोको देवताहरू सबै बुद्धकै विभिन्न अवतारको रूपमा पूजियो । यस प्रकार बुद्ध धर्म विस्तारै विस्तारै जन मानसमा स्थापित हुँदै गयो भने यसले शिन्तोलाई पूर्ण रूपमा छोडेको भने थिएन ।

यसको एक ठूलो लाभ यो थियो कि जब बौद्ध धर्मले सबभन्दा पहिले जापानमा आफ्नो रूप देखायो, तब यसले चीनको एकदम विकसित संस्कृति पनि साथसाथै ल्यायो । त्यसको अधिकतर साँस्कृतिक रूपको कारण बौद्ध धर्म धनी सामन्त वर्गले स्वीकार गरियो । यहि सामन्तवर्ग नै त्यस बेलाका जापानका बौद्धिक वर्ग थियो । एक भद्रवर्गले यसलाई स्वीकार गरिसकेपछी सम्पूर्ण देशमा बौद्ध धर्म द्रुतगतिमा फैलियो । प्राचीन जापानका कयौँ सम्राटहरू बौद्ध बने र आफ्नो जीवनको आदर्शको



https://dhamma.digital

रूपमा बौद्ध धर्मको कयौं सिद्धान्तलाई मानियो । राजपुत्र शोतोकु (सन् ५७४ -६२१), जो साम्राज्ञी सुईकोको रिजेन्ट थियो, वहाँले बौद्ध धर्ममा ठूलो देन दिइयो । राजपुत्र शोतोकुको संरक्षणमा बुद्ध धर्मले राजदरबारमा मात्र होइन, देशका सबै ठाउँमा दरिलो कदम चालेर धर्म प्रचार भए । उनले बुद्ध धर्म आफ्नो शासनको धर्म मात्र नभई सम्पूर्ण शासन व्यवस्था बौद्ध शिक्षा अनुसार गर्ने प्रयास गरियो । उनले अस्पताल, अनाथालय, वासस्थान नपाएकाहरू, अनाथ टुहुरा, बृद्ध र विधवाहरूलाई आश्रम बनाइदिए । होर्युजी जस्ता मन्दिरको स्थापना गरेर तीन वटै पितकमा टिका लेखाइयो । राजपुत्र शोतोकुले वास्तविक रूपमा जापानमा बौद्ध धर्मको लागि त्यहि गरियो, जुन सम्राट अशोकले भारतमा बौद्ध धर्मको लागि गरियो ।

त्यति बेला चीनबाट जुन बौद्ध धर्मको निकाय जापान ल्याइएको थियो, तिनीहरू ६ वटा थियो- कुश (अभिधर्म कोश शाखा), सानरोन (माध्यमिकाको तीन टिका शाखा), जिजित्सु (सत्यसिद्धि शास्त्र शाखा), केंगोन् (अवतंसक शाखा), होस्सो (धर्म लक्षण शाखा) र रित्सु (विनय शाखा) ।

## २) राष्ट्रियकरण काल–

यो काल दुई नयाँ निकायको स्थापनाबाट शुरु भयो - तिनीहरू तेंदाई र शिन्गोन हुन् । यो निकाय क्रमशः साईचो (सन् ७६७ -८२२) र कुकाई (सन् ७७४ -८३५) ले स्थापना गरियो । उनको उद्देश्य बौद्ध सिद्धान्तको राष्ट्रियकरण थियो, जसले गर्दा बौद्ध जनसाधारणको धर्म बन्न सकोस् । यसैको साथमा उनको उद्देश्य बौद्ध मन्दिरका भिक्षुहरूलाई अनुशाशित राख्ने हो । यी दुई निकायका प्रमुख गुण केवल आध्यात्मिक मोक्षमा मात्र जोड दिने नभई, त्यसको साथसाथै यस जीवन र जगतको सिद्धान्तको परिपूर्तिमा पनि जोड दिइयो ।

तेंदाई र शिंगोन भिक्षुहरूको प्रयत्नबाट बौद्ध धर्मको राष्ट्रियकरण हुनसक्यो र विस्तारै विस्तारै लोकप्रिय बनिदै गयो । तर पनि कयौ



https://dhamma.digital

समस्याहरूको समाधान गर्न बाँकि नै थियो । यो सिद्धान्त अझै पनि उच्च र विद्वानहरूले मात्र बुझ्न सक्दथे । जनसाधारण त अन्धकारमा डुबिरहेको थियो । अतः त्यसलाई जनासाधारणसम्म पुर्याउनु थियो ।

दसौ शताब्दीमा एउटा नयाँ बौद्ध विचारधारा आयो, जुन अमिताभ बुद्धमा विश्वास राख्नु थियो । कयौ मानिसहरू यस धर्मको अनुयायी बने, जसले केवल अमिताभ बुद्धको नामको जप गर्दथे । उनीहरू आफ्नो पवित्र देशमा आफ्नो पुनर्जन्म हुने आशाले जप गर्दथे । यसको पछाडी धेरै नयाँ नयाँ स्वतन्त्र निकायहरू निस्के, जसले अमिताभमा विश्वास गर्नमा जोड दिन्थे । ति नयाँ निकायहरू जो १२औं र १३ औ शताब्दीमा निस्केका थिए, तिनीहरू युजुनेन्बुत्चु, जोदो, जोदोशिन, जि हुन् । यी सबै निकायमा एउटा विषय समान थिए, जुन साधारण मानिसहरूको आचार र विचार शुद्ध र सरल बनाउने सिद्धान्त एकै किसिमले बताइएको छ, यसै कारणले कयौ साधारण मानिस विशेषतः किसानहरू र सिपाहीहरू यी निकायका अनुयायी बने ।

कामाकुरा कालमा जब यो निकाय अस्तित्वमा आयो, जापानमा सामन्तशाहीको विकास भयो । यसै काल खण्डमा दुई वटा नयाँ निकाय अगाडी आयो - एउटा जेन, जसलाई ईसाई (सन् ११४१ -१२१५) र अर्को दोगेन (सन् १२०० -१२५३) ले स्थापना गरियो । दोस्रो निचिरेन जसलाई निचिरेन (सन् १२२२- १२८२) ले स्थापना गरियो ।

## ३) परम्परा निर्वाह काल -

कामाकुरा कालपछि जापानी बौद्ध धर्ममा कुनै महत्वपूर्ण विकास भएन । केवल धेरै शाखाहरू वृद्धि भयो ।

ईदो काल (सन् १६०३ -१८६७) मा बौद्ध धर्म जापानको राष्ट्रिय धर्म बन्यो । यसको श्रेय तोकुगावा शोगुनातेको राजाको रहेको छ यसको विकासको प्रमुख कारण सरकारद्वारा जापानी जनतामा ईसाई धर्मको बढिरहेको प्रभावलाई रोक्ने थियो ।



https://dhamma.digital

**जापानका कालहरु**

Paleolithic period before 14,000 BC

Jomon period 14,000–300 BC

Yayoi peiod – 300BC– 250AD

Kofun period-tumulus period_ 250–538 AD

Asuka Period 538– 710AD

Nara period–710–794 AD

Heian Period 794– 1185AD

Kamakura period 1185– 1336AD

Muromachi period 1336–1573AD

Nanbokucho period–1336–1392AD

Sengoku period -period of warring states_ 1467–1590AD

Azuchi –Momoyama period 1568–1603AD

Edo Period 1603–1868AD

Meiji Period 1868–1912AD

Taisho Period 1912–1926AD

Showa period 1926–1989AD

Heisei Period 1989–2019AD

Reiwa period AD2019 May–

## जापानमा बौद्ध धर्मको प्रमुख निकाय

जापानमा १३ बौद्ध मत रहेका छन् . तिनीहरू:-

१. केंगोन (अवनतसक),

२. रित्सु (विनय ),

३. होस्सो (धर्म लक्षण)



https://dhamma.digital

४.	तेंदाई

५.	शिन्गोन (तान्त्रिक )

६.	जोदो

७.	जोदोसिन

८.	युजुनेंबुत्सु

९.	जि

१०.	रिन्जाई

११.	सोतो

१२.	ओबाकु

१३.	निचिरेन

यसको अतिरिक्त अरु तीन निकायहरू पनि रहेका छन्,

१.	सान् रोन (माध्यमिकाको तीन शास्त्र )

२.	कुशा (अभिधम्म कोष निकाय )

३.	जिजित्सु (सत्य सिद्धि शास्त्र निकाय )

तर यिनीहरू प्रायः लुप्त अवस्थामा नै छन् र तिनीहरूको स्वतन्त्र प्रभाव पनि एकदम कम नै छ।

माथि उल्लेखित प्रायः बौद्ध मतहरू चीनबाट शुरु भएका हुन्। केंगोन, रित्सु र होस्सो चीनको रूपको जस्ताको त्यस्तै रहेको छ भने बाँकि अरु पूर्ण रूपमा नयाँ ढंगले बनेका छन्।

**तेन्दाई निकाय**

तेन्दाई निकाय ई.सं. ८०४ मा साई-चो द्वारा स्थापना गरिएको हो। वहाँ दैन्यो-देशीको नामबाट धेरै प्रशिद्ध छ उहाँ निकै सानो उमेरमा प्रवेश गरेका थिए र उच्च शिक्षाको लागि चीनमा गए। त्यहाँ प्रशिद्ध तिएन् -ताई शाखाको आचार्यबाट धर्मबारे शिक्षा पाउनु भयो। चीनबाट जापान फर्के पछि क्योटोको हिएई पर्वत (Mt. Hiei) मा एन् र्याकुजी



https://dhamma.digital

(Enryakuji) मन्दिरमा एउटा नयाँ सिद्धान्तको स्थापना गर्नु भयो । यो मन्दिर चाँडै नै जापानमा सबै बौद्ध धर्म अध्ययन र प्रचारको महत्वपूर्ण केन्द्र बन्यो, जुन अन्य निकायका संस्थापक तथा विद्वानहरू पनि यस मन्दिरबाट घनिष्ट सम्बन्ध राख्दछन् । यो चीनको तिएन् -ताई को शाखा भएता पनि यस तेन्दाई निकायले अन्य सिद्धान्तको जस्तै तान्त्रिक बौद्ध धर्म, ध्यान, विनयको सिदधान्तलाई समावेश गरिईकोछ चिनियाँ तिएन् -ताई र यसको अभ्यास पद्दतिमा भिन्नता रहेको छ तर दुबैको मुल आधार महायानको सद्धर्मपुन्दरिक हो र यसको एकयान सिद्धन्तमा जोड दिइन्छ साई-चो ले क्वान्जिन (kwanjin; मनको प्रत्यक्ष अनुभव) नामक व्यवहारिक पद्दति पनि शुरु गरिएको छ ।

**शिन्गोन् निकाय**

यस निकायका संस्थापक कुकाइ (जसलाई कोबो देशी पनि भनिन्छ) हुनुहुन्छ, वहाँ साइ-चोभन्दा उमेरमा सानो भएतापनि वहाँको समकालिन चिन्तक हुनुहुन्थ्यो । वहाँ विरक्त, प्रवासी, कुशल लिपिकार तथा शिल्पी हुनुहुन्थ्यो । कुकाइ बहुगुणी विद्वान हुनुहुन्थ्यो । वहाँ साई-चो को उदाहरणबाट प्रेरित भएर सन् ८०४ मा चीनमा जानुभयो । त्यहाँ चिनियाँ पुजारी होउई -कोउओ को शिष्यको रूपमा गुह्य शिन्गोन् निकायको अध्ययन गर्नुभयो । जापान फर्कनु भैसकेपछि वहाँले कोया सान् (Mt. Koya) पर्वतमा शिन्गोन् निकायको सुप्रशिद्ध विहार स्थापना गर्नु भयो । शिन्गोन् निकायको सिद्धान्त महावैरोचनसूत्र तथा अन्य तान्त्रिक सूत्रमा आधारित छ शिन्गोन् संस्कृतको मन्त्र शब्दबाट बनेको हो । यस सम्प्रदायको सिद्धान्त अनुसार मन्त्र अथवा धारणीको उच्चारण मात्रबाट पनि बुद्धत्व प्राप्त गर्न सकिन्छ ।

आजभोलि शिन्गोन् मात्र एक यस्तो निकाय हो, जसले तान्त्रिक निकायलाई सुरक्षित राखिएको छ ।

**Pure Land Buddhism**

यस अन्तर्गत जोदो, जोदो-शिन, युजुनेन्बुत्सु र जि निकाय



https://dhamma.digital

पर्दछन् । यी निकायहरूको मुख्य सिद्धान्त अनुसार निर्वाण अमिताभको एक मात्र उद्धार गर्ने शक्तिमा विश्वास गर्नाले प्राप्त हुन्छ यस निकायका अनुयायीहरूले अमिताभको नाम लिन्छन् र आशा गर्दछन् कि वहाँको आशिर्वादले स्वर्गमा पुनर्जन्म प्राप्त गर्न सकिन्छ ।

**अ) जोदो**

जोदो निकाय सन् ११७५ मा गेन्कु (न्भलपग) बाट स्थापना गरिएको हो । वहाँ एक प्रशिध्द सन्त हुनुहुन्थ्यो भने होनेन को नामबाट चिनिन्छ वहाँको सिध्दात मुख्यतयाः शान-ताओ (सन् ६१३ -६८१) को सिद्धान्तमा आधारित छ शान-ताओ चीनको अमिताभ निकायको प्रसिध्द आचार्यहरू मध्येमा एक हुनुहुन्थ्यो । वहाँले सुखावतीब्यूह सूत्र र अमितायुर्ध्यान सूत्रलाई प्रामाणिक ग्रन्थको रूपमा लिई, अमिताभ बुद्धप्रतिको विश्वासको लाभलाई सिकाइयो । यो सिध्दान्त सरल भएको कारणबाट सामान्य जनतामा एकदमै लोकप्रिय बनियो । यस निकायका अनुयायीहरू नेन्बुत्चु वा अमिताभ बुद्धको नामको स्मरण गर्नु एक स्वाभाविक आचार हो भने अमिताभको प्रत्यक्ष नाम स्मरणमा भन्दा अधिक विश्वास गर्दछन् । यसो पनि भन्ने गरिन्छ कि जापानीहरू जो आफ्नो व्यवहारिक कार्यको व्यस्तताको कारणले बौद्ध धर्मको सिद्धान्तको गहिराईसम्म जान नपाएतापनि, यदि उनीहरूमा अमिताभप्रति पूर्ण विश्वास भएको खण्डमा, सुखावती भुवनमा जन्म लिइन्छ

होनेन् को उपदेशले जनसाधारणमा एकदम लोकप्रियता पाए र जोदो निकाय जापानमा एकदम प्रभावशाली बनियो ।

**आ) जोदो शिन**

जोदो शिन निकायको उपदेश शिनरानबाट स्थापित गरिएको हो । वहाँले जोदो निकायमा धेरै नै सुधार गर्नुभयो । शिनरानको अनुसार सबै जिवित प्राणी अमिताभबाट दिइएको वचनबाट बचाइन्छ बुद्धको नाम स्मरण गर्ने र साधारण जीवनको अन्य व्यवहार, एक कृतज्ञ हृदयको अभिब्यन्जन हो ।



https://dhamma.digital

शिनरानले धर्म संगठनमा धेरै महत्वपूर्ण सुधार गर्नुभयो, जसको उद्देश्य पुजारी र जनसाधारणको बीचको अन्तरको काम गर्नु हो । वहाँ यी दुई वर्ग बीचको भिन्नतालाई छुट्याउनु हुन्नथ्यो । सबै मानिसहरू बुद्धको शुध्द प्रदेशमा जन्म लिन सक्ने एकसे एक हकदार हो । न त कोहि गुरु हो न त शिष्य त्रै सबै बुद्धको अगाडी बन्धु र मित्र जस्तै हो । शिनरान तथा यस निकायका अरु व्यक्तिहरू सामान्य जीवन बिताउनु हुन्थ्यो । आफुहरूलाई उपदेशक मान्दैनथ्यो । बरु अमिताभको बाटोको अनुयायी सम्भन्थे ।

शिनरानको उद्दार दृष्टिकोणको कारण शिन निकाय चाँडै नै जनता माभ्र विशेषतः किसान र श्रमिकहरू माभ्र लोकप्रिय बन्यो । वहाँबाट धार्मिक स्वतन्त्रता वहाँका अनुयायीहरूले सिके । त्यसबाट राजनैतिक र सामाजिक स्वतन्त्रताको खोज गर्नु भयो । त्यसको परिणाम स्वरूप ईसाको १६ औं शताब्दिमा आफ्ना सामन्तीहरूको विरुद्ध किसानहरूले विद्रोह गरे ।

**इ) युजुनेन्बुत्सु**

युजुनेन्बुत्सु निकाय र्योनिन् (Ryonin) (सन् १०७२ -११३२) बाट स्थापित गरिएको हो । र्योनिनको सिद्धान्त केंगोन दर्शनबाट प्रभावित थियो ।

**ई) जि**

जि निकाय इप्पेन (सन् १२३९ -१२८९) बाट स्थापना गरिएको हो । इप्पेन जेन बौद्धद्वारा प्रभावित थिए । युजुनेन्बुत्सु र जि निकायहरूको जापानमा त्यति महत्वपूर्ण प्रभाव परेको थिएन ।

**जेन बौद्ध धर्म**

जेन शब्द चीनको चान शब्दबाट बनेको हो । जुनकी यो संस्कृत शब्द ध्यानको लिप्यनतर हो, जसको अर्थ एकाग्र चिन्तन हो । जापानमा जेन बौद्ध धर्मको तीन शाखाहरू छन् । तिनीहरू यथाः रिन्जाई, सोतो र ओवाकु हुन् । पहिलो रिन्जाई जापानी भिक्षु आइसाइ (सन् ११४१



https://dhamma.digital

-१२१५) बाट स्थापना गरिएको थियो । दोस्रो सोतो दोजेन (सन् १२०० -१२५३) बाट र तेस्रो चाईनिज भिक्षु इगेनबाट लगभग सन् १६५३ मा स्थापित गरियो । आइसाइ र दोजेनले केहि वर्ष चीनमा अध्ययन गरि बिताएका थिए ।

जेन बौद्ध धर्मको साराँश "आफ्नो मनको भित्र हेर्नुस्, त्यहाँ बुध्द्धत्व प्राप्त हुन्छ' यस सम्प्रदायले मनन अथवा ध्यानमा प्रमुख जोड दिईन्छ र त्यसैबाट ज्ञान प्राप्ति सम्भव हुन्छ ।

दोजेनले एक भिक्षुको नाताले निम्न प्रश्नको उत्तर पाउनको लागि जीवनको आरम्भ गर्नुभयो "यद्यपि सबै जीवित व्यक्तिमा उनको स्वभाव अनुसार बुद्धत्व विध्यमान थियो भने फेरि यति धेरै बुद्धहरूले आत्मा ज्ञानको बाटो किन अपनायो?' जापानमा कसैले पनि उहाँको यस प्रश्नको सन्तोष जनक उत्तर दिन सकेन । त्यसै कारण वहाँ त्यस प्रश्नको उत्तर पाउनको लागि चीन जानुभयो । त्यहाँ वहाँले एक जेन भिक्षुबाट ज्ञान पाउनुभयो । जापान फर्कने बित्तिकै वहाँले निम्न सिद्धान्त प्रचार गर्नु भयो । 'सबै मानव प्राणीहरू पहिलेदेखि नै ज्ञानबाट आलोकित हुन्छ उ स्वभावबाट बुद्ध हो । ध्यानको प्रयोग बुद्धको आफ्नै कार्य हो । बुद्धको कार्य अविश्रांत रूपबाट बराबर मानव समाजको सुधारको लागि चलिरहेको छ, परन्तु मानवी प्राणीले पनि, जुन समाजमा आफु रहने हो, त्यसको भलाईको लागि निरन्तर प्रयत्न गर्नु पर्दछ ।"

जेन बौद्ध धर्म योद्धाहरू माझ एकदमै लोकप्रिय बन्यो, जसको लागि मनको स्थायित्व एकदमै आवश्यक छ शोगुनबाट त्यसमा प्रश्रय र प्रोत्साहन मिलेबाट जेन बौद्ध धर्म जापान भर तेज रूपमा फैलियो । सोतोभन्दा रिन्जाई निकायको शोगुन सरकारसँग अधिक धनिष्ट सम्बन्ध थियो । तर सोतो स्थानीय भू-स्वामी र किसानहरूमा धेरै लोकप्रिय थियो । जहाँसम्म अनुयायीहरूको संख्याको प्रश्न आउँदछ, शिन निकायको लगत्तै सोतो निकाय आउँदछ ।

जेन बौद्ध धर्मले जापानी संस्कृतिको विकासमा धेरै महत्वपूर्ण योगदान दिएको छ जेन बौद्ध धर्मले जापानमा त्यतिबेलाको उच्च चिनियाँ



https://dhamma.digital

संस्कृति भित्राइयो। चित्रकला कालो तथा सेतो रंगमा हुन थाल्यो। नोह नृत्य, चिया उत्सव, इकेबाना (flower arrangement), यिनीहरू सबै जेन बौद्ध धर्मको प्रभावबाट धेरै प्रचलित भयो। त्यति मात्र नभएर जापानी बुशिदो (Japanese Chivalry)को सिद्धान्तलाई बनाउन पनि जेन बौद्ध धर्मको ठूलो भूमिका रहेको छ।

### निचिरेन निकाय

यस निकायको नाम यसको संस्थापक निचिरेनको नाममा रहेको छ वहाँ जापानको ठूलो देशभक्त तथा महन्त हुनुहुन्थ्यो। वहाँको जन्म कामिनातेको एक माछापालकको घरमा सन् १२२२ मा भएको थियो। वहाँले १५ वर्षको कलिलो उमेरमा कियोजुमी पर्वतको एक विहारमा दीक्षा पाउनु भयो। वहाँले बौद्ध साहित्यको धेरै शाखाको अध्ययन गर्नुभयो र पूरा देश घुम्नु भयो। बौद्ध धर्मको मुख्य सिद्धान्तको खोजमा कयौं वर्ष अध्ययन र प्रवास पछी वहाँले सद्धर्मपुन्दरिकको सत्यको अन्तिम उद्घाटनको घोषित गर्नुभयो। वहाँले "नामु म्योहो रेन्गे क्यो (सद्धर्म पुन्दरिकलाई नमस्कार)' नामक सूत्रको शूरु गर्नुभयो। वहाँको अनुसार शाक्य मुनि बुद्ध परम बुद्ध हो र सद्धर्मपुन्दरिक सूत्रको नाम स्मरण या त्यसको शीर्षकको पाठ मात्र पनि सम्बोधी प्राप्तिको सर्वोत्तम मार्ग हो।

## जापानी बौद्ध धर्मका प्रमुख व्यक्ति

जापानमा मुख्य रूपमा बाह्र बौद्ध निकाय छन्। ति प्रत्येकको संस्थापक एक बौद्ध भिक्षुको रूपमा लिइन्छ यहाँ विशेष गरि चार बौद्ध भिक्षुहरूको संक्षिप्त विवरण दिइन्छ, जसको विशेष रूपमा जापानी बौद्ध धर्ममा योगदान रहेको छ :

### १. कुकाइ

कुकाइ (सन् ७७४ - ८३५) जापानको बौद्ध धर्मको सबभन्दा लोकप्रिय र सम्मानित भिक्षु हुनुहुन्छ कुकाइ शिंगोन निकाय का भिक्षु हुनुहुन्छ वहाँले यस निकाय सम्बन्धि ju–ju shin–ron (a treatise on the ten stages of the mind), Ken–mistunikyo–ron (a treatise on the



https://dhamma.digital

distinction between Tantric Biddhism and other sects) तथा अरु धेरै ग्रन्थहरू लेख्नु भएको छ कला, शिक्षा र समाज कल्याण क्षेत्रमा वहाँले जापानको संस्कृतिलाई धेरै योगदान दिनु भएको छ जापानमा एक कविता जसको शीर्षक इरोहा-उता रहेको छ, जुन आज पनि लोकप्रिय छ, जसमा जापानी अक्षरामालाको केवल ४७ अक्षरमा बौद्ध धर्मको उपदेशलाई राम्ररि सिकाईएको छ, त्यो कुकाईद्वारा रचित मानिन्छ शिंगोन निकायको कोन्गोबुजि नामक प्रशिद्ध विहारमा वहाँको मृत्यु भयो। तर वहाँको अनुयायीहरूको विश्वास छ कि वहाँले केवल "न्यूजो' मा प्रवेश लिनुभयो, अर्थात शाश्वत समाधि लिनुभयो।

## २. **शिनरान**

शिनरान (सन् ११७५ -१२६२) जोदो शिनको संस्थापक हुनुहुन्थ्यो। वहाँको सबभन्दा ठूलो कार्य वहाँले बौद्ध धर्मलाई साधारण जनताको हृदयसम्म पुर्याइदिनुभयो। भिक्षु शिनरान एकदम सरल जीवन बिताउनु हुन्थ्यो र कहिलेपनि आफूलाई उपदेष्टा भन्नुहुन्न थियो। वहाँले आफ्नो ९० वर्षको लामो जीवन कालको धेरै जसो समय किसानहरू माझ ग्रामिण जीवन बिताउनु भयो र अमिताभ बुद्धको भक्तिको उपदेश दिनुभयो। वहाले अमिताभ बुद्धसंग सम्बन्धित धेरै लेखहरू सरल जापानी भाषामा लेखेका छन्। ति मध्ये "Tannisho" र "Kyo–gyo–shinshyo" धेरै महत्वपूर्ण छन्।

Dhamma.Digital

## ३. **दोजेन**

भिक्षु डोजेन (सन् १२०० -१२५३) ले सोतो जेन निकायको स्थापना गर्नु भयो। एक ध्यानी बौद्धको नाताले उहाँले सांसारिक सम्मानको केहि पर्वाह गर्नु भएन। वहाँले ध्यान निकायको ईहिजी नामको विहार स्थापना गर्नुभयो र त्यसको लागि जुन नियम वहाँले निर्दिष्ट गर्नुभयो, त्यो जापानको अन्य सबै ध्यान निकायको विहारमा मानियो। वहाँले विभिन्न प्रवचन दिनुभयो। त्यसमध्ये सबभन्दा महत्वपूर्ण "शो -बो -जेन- जो (सत्य सिध्दान्तको सार) हो। वहाँको अनुयायीहरू मात्र होइन, जापानका अन्य निकायबाट पनि यो ग्रन्थ एक अव्दितीय दार्शनिक रचनाको रूपमा मानिन्छ।



https://dhamma.digital

### ४. निचिरेन

निचिरेन (सन् १२२२ -१२८२) जापानको एक देशभक्त भिक्षु हुनुहुन्थ्यो । वहाँको जन्म त्यो समयमा भयो, जब जापानमा चीनको मंगोलियन सम्राटको आक्रमणको भय थियो । निचिरेनको विश्वास थियो कि सध्दर्मपुन्डरिक सूत्रमा उपदिष्ट धर्म नै बौद्ध धर्मको एकमात्र सत्य स्वरूप हो । केवल यसैले मात्र उनको देशलाई विदेशी आक्रमणबाट बचाउन सकिन्छ उनको आफ्नो विचारको कारण अनेक पटक आफ्नो देशको सरकारबाट दण्ड भोग्नु पर्यो तर पनि आफ्नो देश भक्ति र आफ्नो प्रवचनको सरलताले गर्दा वहाँले जापानी जनताको ह्रदयमा स्थान प्राप्त गर्न सफल भयो । उनले एक निकायको प्रवर्तन गर्नुभयो, जुन उनको नाममा निचिरेन निकाय भनियो । निचिरेन निकायका अनुयायीहरूले उनलाई एक "महाबोधिसत्व'को रूपमा मानिन्छ, जसले राष्ट्रलाई विदेशी आक्रमणबाट बचाइयो ।

**होम्प होंगांजी**

माथिका बौद्ध निकायका भित्रि बाहिरि व्यवस्था बुझ्न होम्प होंगांजी शाखाको संगठनको विषयमा केहि उल्लेख गरिएको छ होम्प होंगांजीको उत्तराधिकारी शिनरानको रक्त सम्बन्धि परम्पराबाट आएका हुन् । यसको मुख्य उत्तराधिकारीको मुनि एकजना निर्देशक अनि तीन जना उपनिर्देशक हुन्छन् । यिनीहरू नै सम्पूर्ण व्यवस्थाको निम्ति उत्तरदायी हुन्छन् । फेरि व्यवस्थाको निम्ति यिनीहरूको एउटा धर्मासभा पनि हुन्छ

प्रधान उताराधिकारिले दिक्षित गरि राखेका मानिसहरूलाई नै यिनीहरूले आफ्नो निकायमा भिक्षु दीक्षा दिन्छन् । दिक्षा महिनाको एकपटक १५/१५ तारिखको दिनमा स्वय प्रधान उताराधिकारीको अध्यक्षतामा दिईन्छ यो शाखाको मुख्य काम निम्न रहेका छन् -

१. देश र विदेशमा धर्म प्रचार गर्नु ।

२. सामाजिक सेवा कार्य गर्नु ।

३. शिक्षा प्रचारको कार्य गर्नु ।

होम्प होंगांजीले संचालन गरिराखेका ११ शिक्षा संस्थान मध्येमा एउटा र्युकोकु विश्वविधालय (Ryukoku University) पनि हो । यो सन् १६३९ मा स्थापना गरेको हो । यसमा बुद्धधर्म, शिन निकायका शिद्धान्त, धर्मको तुलनात्मक अध्ययन, इतिहास, दर्शन, नीतिशास्त्र, जापानी साहित्य अनि युरोपीय साहित्य आदि विषयहरू सिकाइने प्रबन्ध गरिएको छ

४. प्रकाशनको काम गर्नु ।

क) आफ्नो निकायको रिपोर्ट

ख) होंगांजी समाचार

ग) बौद्ध पत्रिका

घ) बौद्ध बाल समाचार

यी सबै प्रकाशनहरू महिना महिनामा हुन्छन् । साथै आफ्नो शाखा, सम्पूर्ण विहार र धर्म केन्द्रमा पठाउँछन् ।

**जापानका प्रमुख बौद्ध स्थलहरू**

जापानका बौद्ध मन्दिर अथवा विहारहरू भिक्षु र भिक्षुणीहरू ध्यान अभ्यास गर्न र बौद्ध समारोहहरू गर्न बस्ने एक स्थान हो। यो एक ठाउँ हो, जहाँ बौद्ध छविहरू राखिएको हुन्छ र जो कोहीले चाहना अनुरूप प्रार्थना या दर्शन गर्न सकिन्छ । मन्दिरको प्रवेशद्वारमा प्रायः दुई तले मन्दिरको ढोका हुन्छन्। गेटको पछाडि मुख्य हल, सभागार, प्यागोडा र घण्टी, टावर जस्ता भवनहरू हुन्छन् । जापानी भाषामा “जी” अथवा “तेरा” या “देरा” भन्नाले बौद्ध मन्दिर अथवा बौद्ध विहार भन्ने बुझिन्छ

**१. तोदाई–जी**

तोदाई-जी सम्राट शोमु (सन् ७०१ -७५६ )ले बोधि विहार बनाउने इच्छा गरे अनुसार ई. सन् ७४५ मा जग राखी ७५२ मा पूर्ण गरि बनाइयो । यो नाराको ७ महान विहार वा मंदिर मध्ये एक हो । तोदाईजी विहारमा भएका मूर्तिहरू मध्ये सवभन्दा बढी पूजनीय मान्ने दाइबुत्सु (महान बुद्ध) हो । सम्राट सोमुको यो महान बुद्ध बनाउने आशा ७४३ ई.मा



https://dhamma.digital



सफल नभएपनि ७४५ मा थालनी गरि ७४९ मा पूरा भयो । यो महान बुद्धको निर्माण कार्य तेस्रो पटकमा मात्र सफल भएको थियो । यो बुद्ध पद्मासन अनि अभय मुद्रामा छ

**नाराको दाईबुत्सु (महान बुद्ध) -** यो मूर्तिको तौल ४५२ टन, उचाई ५०.५ फुट छ अनुहार मात्रै १६ फुट लम्बाई, ९.५ फुट चौडाइको छ आँखा ४.७५ फुट, नाक १.५ फुट अग्लो छ मुखको चौडाई ३.५ फुट, कान ८.५ फुट, हात ६.८ फुटको छ यो मूर्ति बनाउनको ४.७ टन काँस चाहिएको थियो । यसको अतिरिक्त १६५ पाउण्ड पारो, २८८ पाउण्ड शुद्ध सुन, ७ टन मैन र निकै कोयला र अन्य वस्तु यस मूर्तिको निर्माणमा लागेको थियो ।



यो बुद्ध मूर्ति १० फुट अग्लो, ६८ फुट गोलाई भएको पेटीमा(मंच) रहेको काँसको १० फुट अग्लो ५६ वटा कमलको पातमा प्रतिष्ठित छ यो खुड्किलो सुमेरु पर्वतको आकारमा बनाइएको छ अनि यसमा धेरै बुद्ध र बोधिसत्वहरूको चित्र अंकित गरिराखेको छ यो महान बुद्धको रूपरेखा एकजना कोरिया निवासी कुनिकोक-नो-मुराजि-किमिमरोले बनाएको भन्छन् । यो बनाउने र ढाल्ने काममा आफुलाई समर्पित गर्नेहरू मध्ये तर्कचि मकुनि (कुनिहितो ?) र तर्कचि ममरोयाको नाम उल्लेखनीय छ ।



https://dhamma.digital

यो महान बुद्धको समुद्घाटन सन् ७५२ अप्रिल महिनामा भएको थियो । त्यतिबेला सम्राट र सम्राज्ञीको अतिरिक्त दश हजार भिक्षु भिक्षुणी र असंख्य श्रद्धालुहरू भेला भएका थिए । महान बुद्धको अगाडी अवलोकितेश्वर र आकाशगर्भको दुइवटा मूर्तिहरू रहेका छन् ।

यो महान बुद्धको शिर्षभागमा सन् ८५५ मा केहि बिग्रेकाले सन् ८६१मा सच्याइयो । सन् ११८०मा भवनमा आगो लाग्दा महान बुद्धको हात गोडा गल्यो । सन् १५६७मा भूकम्पले टाउको हल्लियो । सन् १६६२ मा यो फेरि सच्यायो । त्यसबेलादेखि अहिलेसम्म बेलाबेलामा बिग्रने र सच्याउने काम भईरहेका छन् ।

## २. हौर्यू-जी

हौर्यु-जी राजकुमार शोतोकुले सन् ६०७ मा बनेका हुन् । सन् ६७० मा चत्याङ्गको कारणले जलेको थियो भने १३०० वर्षजति



अगाडी पुनः निर्माण गरिएको थियो । यो मन्दिर पाँचतले पेगोडा शैलीमा बनाइएकोछ र यहाँ शाक्यमुनि बुद्ध प्रतिस्थित गरिएको छ यस मन्दिर परिसरको मुख्य हल कोन्दो संसारको सबैभन्दा पुरानो काठबाट निर्मित भवन मानिन्छ ।

## ३. कामाकुरा दाईबुचु

नारामा जस्तै कामाकुरामा पनि दाईबुचु (महान बुद्ध) छ नाराको बुद्धमूर्तिलाई वैरोचन मानिन्छ भने कामाकुराको बुद्ध मूर्तिलाई अमिताभ मानिन्छ । यो मूर्ति पनि पहिले नारामा जस्तै एक विशाल भवनभित्र राखिएको थियो भने सन् १४१५ देखि आजसम्म यो खुला आकाशमुनि परिरहेको छ ।



https://dhamma.digital



यस मूर्ति काँस निर्मित भई उचाई ४२.५ फुट, मुख ७.फुट ८ इञ्च, आँखाको चौडाई ३.५ इञ्चको छ मूर्तिभित्र भर्याङ्ग छ नाराको बुद्ध मूर्ति बनाएर साढे पाँचसय वर्षपछी यो कामाकुराको बुद्ध मूर्ति बनाइएको हो ।

**४. होंगांजी**

क्योटो स्टेशनको नजिकमा जोदोशिन्शु निकायका दुईवटा विहारहरू छन् । जसलाई हिगासी होंगांजी र निशी होंगांजी भनिन्छ हिगासी होंगांजी विहार चारपटक आगोमा परिसकेपछिको वर्तमान स्वरूप जापान देशका सबै श्रद्धालुहरूको श्रद्धाबाट सन् १८९५ मा बनाएर तयार



गरेका थिए । यहाँ जापानी बौद्धहरूको श्रद्धाको अर्को प्रतिक वस्तु सुरक्षित गरि राखिएको छ जुन विहार बनाउँदा भक्तजनहरूले दिईराखेको एक दुइवटा कपालबाट बनाई राखेको कपालको डोरी मात्रै ५० वटा छन्, जुन अहिलेसम्म सुरक्षितका साथ राखिएका छन् । यी डोरीहरू भवन निर्माणमा काम लिइसकेका हुन् । यहाँ शिनरानको एउटा स्वयं निर्मित काष्ठ मूर्ति छ त्यसको दायाँ बायाँ यसका उत्तराधिकारीहरूको विहारहरू छन् ।

निशी होंगांजी क्योटोको सबभन्दा राम्रो विहारहरू मध्ये एउटा हो । कला समिक्षकहरूको भनाई अनुसार बौद्ध स्थापनाकालका नमुनामा यहि विहार सर्वश्रेष्ठ विहार हो ।



https://dhamma.digital

५. **तोरि-तेन्ज्यो-जि** (Tori–Tenjo–Ji)

६९९ मिटर (२,२९३ फीट) अग्लो माया पर्वतको दुप्पामा रहेको यो मन्दिर सन् ६४६ मा स्थापना गरिएको हो । यहाँको भवनमा एघारवटा टाउको भएको करुणामयको मूर्ति छ । यहिँ एउटा माया भवन पनि छ । यो माया नाम बुद्धकी माता महामायादेवीलाई समर्पण गरी राखिएको हो ।

६. **क्यो-ओ-गोकोकु-जि** (Kyo–o–gokoku–ji)

यो जनताको बीचमा तो-जि (त्य-वष) नामबाट प्रख्यात छ। यो सन् ७९६ मा शिन्गोन निकायका संस्थापक कोबो देशीले स्थापना गरेको थियो। यो पाँचतले मन्दिर जापानमा सबभन्दा अग्लो मन्दिर हो । यसमा काठ बाहेक कीला वा फलामको चुकुल केहि पनि प्रयोग गरेको छैन ।

७. **चिओन-इन** (Chion–in)

यो जोदो निकायका प्रधान केन्द्र सन् १२११ मा बनाएको थियो। जोदो विश्वासीहरूको अन्तिम आकांक्षा "मृत्यु पछि जोदो (अमिताभ बुद्धको स्वर्ग भूमि) मा जन्म हुन पाउँ" भन्ने हो। यस्को निम्ति यिनीहरूले रात दिन "नामु अमिदा बुत्सु" पढी रहन्छन्। यो विहार र मन्दिर ३० एकड भूमिमा फैलिएको छ। मन्दिरको दक्षिण पूर्वतर्फ एउटा घण्टा छ, जुन जापानी ढंगको जापानको सबभन्दा ठूलो घण्टा पनि हो। यो सन् १६३३ बनाएको थियो। यो घण्टाको उच्चाइ १७.४ फुट छ, घेरा ८.४ फुट अनि १८५० मन यसको तौल छ। मुख्य भवनको पूर्वमा एउटा शास्त्रगृह पनि छ, जुन सन् १६१६ मा बनाएका थियो । यहाँ ४८ खण्ड भएको मित्सुयोशीले सम्पादन गरी राखेको सचित्र जीवनी





https://dhamma.digital

सहित शुंग वंशमा चीनमा मुद्रित सम्पूर्ण बौद्धसूत्र संग्रह गरीराखेको छ ।

**८. होम्मोन-जी** (Honmon–Ji)

यो इकेगामी स्टेशनसंगैको निचिरेन निकायका प्रधान केन्द्र स्थल हो । यो सन् १२४७ मा स्थापना भएको हो। यहाँ निचिरेनको समाधि पनि राखेको छ। १२ वर्षमा एकपटक अक्टूबरमा निचिरेनको स्मृत्तिमा ठूलो उत्सव गर्छन्।

**९. दाइतोकु-जी (Daitoku–Ji)**

यो क्योटोको उत्तर पट्टि रहेको जेन अन्तर्गतको रिंजाइ निकायको सबभन्दा ठूलो विहार हो। यस दाइतोकु-जी मन्दिरको परिसरभित्र अन्दाजी दुई दर्जन जति मन्दिरहरू रहेका छन् । यसको स्थापना सन् १३२४ मा भएको थियो । यो विहार सुशासनको निम्ति खुबै नामी छ। वर्तमान भवन



सन् १४७९ मा बनाइएको हो । यो मन्दिरमा विभिन्न किसिमका जेन उद्दान र जेन संस्कृति तथा जेन वास्तुकला हेर्नको लागि धुइचो लाग्ने स्थान हो । यहाँको उद्यान जापानी उद्यान निर्माण कलाको पराकाष्ठा सम्भिन्छ । यसको माथीको भवनमा बुद्ध र उनका दुई शिष्य आनन्द र काश्यपको प्रतिमा राखेका छन् ।

**१०. हिफुकुस्योआतो**

यो सन् १९२३ मा पूर्वी जापानमा गएको महाभूकम्पले बिगारेको र त्यसपछि ३५००० मानिसहरू खरानि हुने गरी महान अग्निकाण्ड भएको दुःखद स्मृत्तिमा तिनीहरूको पुण्यार्थ बनाइराखेको छ। यहाँ पैगोडामा



https://dhamma.digital

ठूलाठूला भाँडा र गोल तथा मानिसहरूको अवशेष अस्थि राखिएको छ। फेरि अग्निकाण्डको हेरिनसक्नु चित्र भित्ता भित्तामा लेखिराखेका छन् ।

**११. नोफुकु–जी**

यो तेन्दाइ निकायको विहार हो, जुन ह्योगो स्टेशन नजिकै पर्दछ । नोफुकुजी सन् ८०५ मा तेंदाईका प्रवर्तक साईचोले स्थापना गरेका हुन् । यहाँ यासुकी न्योराइ भनेर भैषज्य बुद्धको मूर्ति रहेको छ दोस्रो विश्व युद्धभन्दा अगाडी यसलाई ह्योगोको दाइबुत्सु अर्थात ह्योगोको महान बुद्ध भन्दथ्यो । जुन जापानको तीनवटा विशाल बुद्धहरू मध्ये एउटा थियो । यहाँ कामाकुरामा जस्तै कांसको ३७ फुट र ६ इञ्च अग्लो बुद्धमूर्ति थियो । तर दोस्रो विश्व युद्धको लागि हतियार बनाउनको लागि यसलाई पगालियो र सन् १९९१मा पुनः निर्माण गरियो ।

**१२. किन्काकु–जी** (Kinkaku–ji) (Temple of Golden Paviilion)

किन्काकु-जीको औपचारिक नाम रोकुओंन-जी (Rokuon–ji) हो । यो क्योतोको मुख्य शहरमा रहेको जेन निकायको मन्दिर विहार हो । यो १४ औं शताब्दीमा बनाइएको थियो भने सन् १९५० मा जलिए पछी पुन निर्माण गरिएको हो । यस मन्दिरको भित्ताहरू सबै सुनको जलप लगाइएको छ भने, यसको लागि २० किलो सुन प्रयोग गरिएको कारण यस मन्दिरलाई किन्काकु-जी (Temple of Golden Paviilion) भनिएको हो । यो क्योतो या जापानको सबभन्दा प्रख्यात मन्दिरहरूमध्ये एक हो । यस मंदिरमा अवलोकितेश्वरको मूर्ति प्रतिस्थित छ ।





https://dhamma.digital

**१३. कियोमिजुदेरा** (Kiyomizu–dera) (Pure Water Monastery)

होस्सो निकायसंग सम्बन्धित कियोमिजुदेरा सन् ७७८ मा बनाईएको हो । तर हाल अस्तित्वमा रहेका प्रायजसो भवनहरू सन् १६३३ मा तोकुगावा स्योगुनको आज्ञा अनुसार बनाइएका हुन् । यस मन्दिरमा कतै पनि कुनै एउटा किला ठोकिएको छैन ।

**१४. कोदाई–जी**



जेन बुद्ध धर्मको रिन्जाई निकाय अन्तर्गत पर्ने क्योतोको कोदाई-जी मन्दिर सन् १६०६ मा बनाइएको हो । ४ सय बर्ष पुरानो उक्त बौद्ध मन्दिरमा धर्मप्रति युवाहरूलाई आकर्षित गर्न सन् २०१९ साल मार्च महिनाबाट एन्ड्रोइड रोबर्टको सहयोग लिइएको छ। 'माइन्दा' (Mindar)' नामाकरण गरिएको यो रोबटलाई १ लाख डलरको लगानीमा उपदेश वाचन गर्नकै लागि निर्माण गरिएको हो । रोबर्टले मन्दिरमा आएका श्रद्धालुहरूलाई बौद्ध धर्मको विषयमा जानकारी र उपदेश दिने गर्दछ । ६ फिट ५ इन्च अग्लो सो रोबर्टको शिर, काध र हातमा सिलिकनबाट बनेको छालाको कभर लगाइएको छ। रोबर्टको देब्रे आँखामा भिडियो क्यामेराको सहयोगले यसले मानिसहरूसँग कुरा गर्न







https://dhamma.digital

सक्छ। रोबर्टले जापानी भाषामा हृदय सूत्र पढिन्छ भने जापानी भाषामा पढिएको सूत्रलाई अंग्रेजी र चिनियाँ भाषामा अनुवाद पनि गर्ने गर्दछ।

## बौद्ध साहित्य

जापानको बुद्धधर्म बुझ्न जापानको साहित्य, चित्रकला, र नृत्यको विषयमा पनि केहि जान्नु पर्ने हुन्छ।

सन् ५२२ मा जापानमा बुद्धधर्म प्रवेश भैसकेपछि जापानी साहित्यको प्रगति भयो। पहिले त तिनीहरू चीनी वाङ्मयबाट परिचित भयो। कारण त्यति बेलासम्ममा सबै धर्मग्रन्थ चीनी भाषामा अनुदित भईरहेको उपलब्ध भैसकेका थिए। यसपछि नारा युगमा साहित्यको धेरै विकास भयो। तसर्थ नारायुग (सन् ७१० -७९४) लाई साहित्यिक युग पनि भन्दछन्। कोजिकि नै जापानी भाषाको पहिलो कृत्ति भनिन्छ।

जापानको ५२ औं सम्राट सागा (Saga) (सन् ७८६-८४२) को शासनकालमा जापानमा पहिलो पद्यको विकास भयो। महारानी दानरिन स्वयं एक निकै श्रद्धावान बौद्ध उपासिका थिइन्। त्यसपछि सम्राट देईगो (Deigo) को राज्यकाल (सन् ८८५-९३०) मा धेरै नै साहित्यिक उन्नति भयो। अनि सम्राट मुराकामी (Murakami tenno) को युग काव्यकाल वा काव्ययुग नै भने पनि हुन्छ।

त्यसबेलादेखि आजसम्मको जापानी बौद्ध साहित्यको संक्षिप्त परिचय मात्र पनि एउटा महान ग्रन्थ हुन्छ। प्रत्येक निकायले आ-आफ्नो विचारपक्ष युग अनुकुल परिवर्तित परिवर्धित र परिमार्जित गर्दै नै आएको थियो। जापानी भिक्षुहरू साहित्य साधनामा यति तल्लीन थिए, आफ्नो यो आदतमा तिनीहरू युद्धको बमबाडी भईरहेको बेलामा पनि कलम घोटी नै रहन्थे। युद्धको बेलामा जापानमा कला साहित्यमा एकलै भिक्षुहरू नै मात्र अघि बढीरहेको नभएको भए त्यसबेला साहित्यको प्रवाह छुटीहाल्थ्यो। बौद्धहरू जति यसरि आफु साहित्य साधनामा तल्लीन थिए, त्यत्ति नै निर्भयी पनि थिए। सन् १९४५ मा जापानको पराजय पछि एउटा अन्तरराष्ट्रिय न्यायालयको नाटक रचिएर सैकडौं जापानीहरूलाई



https://dhamma.digital

युद्ध अपराधी घोषित गर्यो। नाना प्रकारका यातना र दण्ड पनि दिए । त्यसमध्ये एउटा दण्ड प्राणदण्ड पनि हो। एउटा जापानी भिक्षुले तोजोआदि ती जापानी वीरहरूको जसलाई अन्तरराष्ट्रिय न्यायालयले प्राणदण्डले दण्डित गरेको थियो, साँचैको मार्मिक कथा लेख्यो । आज पनि राम्रा राम्रा आलोचनात्मक बौद्धपुस्तक निकाल्नुमा विशेषतः अंग्रेजि भाषामा जापान बौद्ध देशहरूमा सबैभन्दा अगाडी छ ।

## चित्रकला

जापानमा बुद्धधर्म प्रवेश हुनुभन्दा अगाडी जापानी चित्रकलाको केही उन्नति भएको थिएन । वस्तुतः बुद्धधर्मसंगै आएको कोरिया र चीनको चित्रकलाले जापानी चित्रकलाको विकासमा ठूलो मदत गर्यो ।

नवौं शदी शुरु हुँदा जापानी चित्रकलाले विशेष प्रगति गरे। यस युगको चित्रमा अमिताभ बुद्ध र बोधिसत्वको स्वर्ग अवरोहण चित्र सबभन्दा महत्वपूर्ण छ। अनि यही युगमा उपन्यासहरू चित्रले सम्पूर्ण गर्ने प्रयास पनि भयो। उदाहरणार्थ प्रसिद्ध लेखिका मुरासाकि शिकिबू (Murasaki Shikibu) को "गेनजी मोनोगातारी" (Genji Monogatari)(Tale of Genji) उपन्यासको कथावस्तुलाई ताकेयोसीले चित्रित गरेको प्रस्तुत गर्न सकिन्छ। यो कलाको विकासमा बुद्ध चरित्रको सचित्र पुस्तकले निकै प्रेरणा र मदत गरेको छ । यहि युगमा मौलिक जापानी चित्रकलाको विकास भयो। अनि कामाकुरा युगमा चित्रकलामा रंग प्रधान र सेतो कालो प्रधान दुई शैली प्रस्फुरित भयो। अनि दशौं शताब्दी पुग्दा बल्ल उकियो-ए (Ukiyo–e)(Pictures of floting world) शैली प्रस्फुरित भयो, जसबाट विशेष रूपले निम्न स्तरका मानिसहरूको सामाजिक जीवनलाई चित्रित गर्ने आफ्नो उद्देश्य राखेको छ। फेरि यिनीहरूले नै नारायुगले स्थापना गरेको रंगीन मुद्रणकलाको पनि विकास गरे ।

भारतको सारनाथ मूल गन्धकुटिस्थित भित्तेचित्र जापानी चित्रकलाको एक नमुना हो ।



https://dhamma.digital

## नृत्य र नाटक

जापानी नाटक नोह एक प्रकारले संगीत र नृत्यको संयुक्त अभिनयात्मक प्रकृया हो । यसको निर्माण बौद्ध भिक्षुहरूले गरेको हुनाले यसमा पनि धार्मिक दृष्टिकोण बढी हुने भइहाल्यो । यसको बढी विकास चौधौं शताब्दीमा भयो । अनि स्वयं लेखकहरूबाट यस्ता नाटकमा भाग लिने चलन छ ।

नोह नाटक पछि क्योगेन अथवा कमिक ठट्यौलीको रूपमा विकास भयो । यसबाट सामाजिक कुरीति र व्यक्तिगत कमजोरि बेस्सरि घोचेर प्रहार गरेको हुन्थ्यो । परन्तु यो पनि उच्च वर्गको छत्रछायामा हुर्केको हुनाले यसले जनताको निम्ति रुचिपूर्ण गर्न सकिएन, अनि काबुकी नाटक आएर यो आवश्यकता पूर्ण गरियो । यसको श्रेय शिन्तो मन्दिरका देवदासी ओकुनी नाटक खेल्ने नाटककारलाई छ । यसको लोकप्रियताले यतिसम्म प्रतिकृया ल्याई दियो कि महिलाहरू मञ्चमा आउन नहुने कानून नै निर्माण भयो। अनि यसैले गर्दा पुरुष नै महिला बन्नु पर्ने काम एघारौं शताब्दीको मध्यसम्ममा चालु मै रहयो ।

यसको अतिरिक्त कुनैबेला यहाँ कठपुतलिको नाटकको विकास भयो, जसको प्रायः कथा पनि धार्मिक नै हुने गर्थ्यो।

## विहारमा सफाइ

ईमान्दारी र सफाई जापानी जनजीवनको अंग हो । विशेष मन्दिरमा वा विहारमा त झनै सफा गरीराख्नु तिनीहरूको नियम नै भयो। जुनसुकै विहारमा पनि पुग्ने बित्तिकै आफ्नो जुत्ता ढोकामै छोडनु पर्छ। विहारको तर्फबाट जुन चट्टी(चप्पल) राखिएको हुन्छ, सोही लगाएर मात्र विहार भित्र पस्न सकिन्छ । फेरि यी चट्टी जुत्ताहरू पनि विहारका एकेक भवनमा अलग अलगै हुन्छन् । भवन भित्र मोजा लगाएर वा नाङ्गो पाउले नै हिंडनु पर्छ। धेरैजसो कोठामा भुईदेखि वछयान (चटाइ) विछ्याइराखेको हुन्छ । बस्न धेरैजसो कालो रंगको मोटो ओछ्यान बिछ्याईएको हुन्छ ।



https://dhamma.digital

दिउँसो जुन कोठामा बस्ने गर्छ, त्यसैबाट भोजनालयको काम पनि दिन्छ, अझ बेलुका यहीं सुत्न वछ्यान पनि लगाउँछन् । परन्तु एउटै कोठामा यी सबै काम भए पनि सफाईमा भने कहिँ एक ठोपा धुलो झार्न आफैलाई डर मान्नु पर्ने हुन्छ । कोठामा मात्र होइन पाइखानामा सम्म पनि ओछ्यान र चटाइ बिछ्याएको हुन्छ । अझ कहिं कहिं स-साना फूलका गमलाहरू पनि हुन्छन् ।

पाइखानाको सफाइको काम पनि भिक्षुहरू आफै गर्छन्। फेरि आश्चर्यको कुरा, यसमा तिनीहरूले अलिकति पनि विशेषता छ भन्ने मान्दैन ।

## जापानी भिक्षु

कृपाशरण महास्थविरको शब्दमा जापानी भिक्षु जुत्ता सिउनेदेखि पाठगर्ने कामसम्म पनि तयार, जान्ने, बुझ्ने, मनपर्ने र अधिसर्ने हुन्छ । बौद्ध अर्थमा हामीले धेरैजसो जापानी भिक्षुहरूलाई भिक्षु भन्छौं । फेरि भिक्षु नै भएर पनि विहारमा नै घरबार गरिरहेका पनि हुन्छन् ।

## जापानी रीतिस्थिति

जापानी बुद्धधर्म रीतिस्थितिको परिपालन गर्ने धर्म मात्र होइन । रीतिस्थितिको परम्परागत अनुकरण त्यति मात्र गर्छन्, जुन सुखद पक्षको हुन्छ । यहाँको धर्म विशेषतः चित्त शान्तिका निम्ति व्यक्तिगत प्रयत्न हो । त्यसकारण यहाँ रीतिस्थितिले धर्मलाई त्यति अल्झाउँदैन। केही धार्मिक रीतिस्थितिहरू निम्म रहेका छन् -

**बुद्धजयन्ती (हानामाचुरी)**

हानामाचुरी भनेर बुद्धजयन्तीको दिनमा सबै मानिसहरू फुल लिएर विहार विहारहरूमा जान्छन् । विहारमा एउटा सानो बुद्धमूर्ति राखेको हुन्छ । आफ्नो भक्ति भावना पोख्ने रूपमा तिनीहरूले त्यो बुद्धमूर्तिमा चिया खन्याउँछन् । जापानी प्राचीन परम्परा अनुसार हानामाचुरी अप्रैलको ८ तारेखको दिनमा मनाउँदछन् ।



https://dhamma.digital

**श्राद्धोत्सव (बोन पर्व)**

गएको चौधशय वर्षदेखिको यो उत्सव निरन्तर मनाइ नै रहेको छ। बोन भन्ने यो पर्व जीवित र दिवंगतहरूको वा प्रेतहरूको मिलनको उत्सव हो । जापानमा चिहानहरू सामान्यतया मन्दिरको मैदानमा अवस्थित हुन्छन् । अतः यस पर्वमा आफ्ना पुर्खाहरूको चिहान दर्शन गर्न मन्दिरहरूमा जान्छन् र स्मशान भूमीमा धूप बत्ति बाली फर्कन्छन् ।

**बालकहरुको उत्सव (शिची गो सान्)**

यो उत्सवको यथार्थ शब्द सात पाँच तीन हो । गएको चारशय वर्षदेखि वर्षको एक पटक १५ नवेम्बरको दिन यो उत्सव गर्छन् । जुन आमा बाबुहरूको सातवर्ष पाँचवर्ष तीनवर्ष भएका बालकहरू हुन्छन्, तिनीहरू आ-आफ्ना बालकहरू लिएर पारिवारिक देवताहरू प्रति कृतज्ञता प्रकट गर्न जान्छन् ।

**विवाह**

जापानमा सामान्य रूपमा भन्ने गरिन्छ कि "जन्म शिन्टो, विवाह क्रिस्चियन, र अन्त्येष्टि बौद्ध संस्कारमा गरिन्छ ।" जापानी विवाह सामान्यतयाः परिवारका सदस्यहरू र धेरै नजिकका साथीहरूका लागि रिसेप्शन डिनर र रेस्टुरेन्ट वा होटेलको भोज हलमा पार्टीको लागि शिन्टो वा पश्चिमी क्रिश्चियन शैलीको समारोहबाट सुरु हुन्छ। त्यहाँ दम्पतीको विस्तारित परिवार र साथीहरूले भाषणहरू बनाउँछन्। साथीहरूले एक विशेष खाममा राखी "पैसा उपहार" दिन्छन् भने नजिकका परिवारले साथीहरूको डब्बल जति "पैसा उपहार" दिन्छन् । आजभोलि शहरमा विवाह गर्न विहारमा पूजागर्न जाने चलन पनि छ ।

**अन्तिम संस्कार**

जापानी जनजीवनमा बुद्ध धर्मको ठूलो स्थान छ। लगभग हरेक जापानीले बौद्ध संस्कार अनुसार अन्त्येष्टि गर्दछन्। यसको एउटा कारण बौद्ध धर्मावलम्बीहरूले सम्भावित राम्रो परलोकमा विश्वास गर्छन् । अतः कुनै व्यक्तिको प्राण अन्त भएपछि कुनै बौद्ध भिक्षुलाई पाठ गर्न



https://dhamma.digital

बोलाउँछन् । त्यसपछि मृतकलाई नुहाई, सजाई बाकसमा राख्छन् । कहिलेकाहिं ममता देखाउन पुरुषहरू मर्दा तिनका जहानले आफना टाउकाको दुईचारवटा कपाल मृतक राख्ने बाकसमा राख्छन् । स्मशान यात्रामा आफन्तहरू फूल र सुगन्ध लिएर पछि पछि जान्छन् । स्मशानको चितामा मृतकको निम्ति सूत्रपाठ गर्छन् । यो पूजापाठ एक हप्तासम्म हुन्छन् । आफन्तहरू मृत्युको वार्षिकिमा पनि भेला हुन्छन् र भिक्षुहरूद्वारा मन्दिरमा सूत्रहरू पढाउँछन् ।

## आधुनिक बौद्ध संघ संस्था

### १. **सोका गाक्काइ** (Soka Gakkai) (Value creation society)

सोका गाक्काइ १३ औ शताब्दीको निचिरेन बौद्ध दर्शनबाट प्रेरित सुधारवादी जापानी शिक्षकहरूको संगठनको रूपमा सन् १९३० मा स्थापना भएको हो एक संगठन हो । यसको संस्थापक सुनेसाबुरो माकिगुची (सन् १८७१ -१९४४), मानिसहरूलाई पूर्ण र सुखी जीवनको नेतृत्व गर्न सक्षम पार्ने जोशद्वारा संचालित थिए। दोस्रो विश्वयुद्धको दौरानमा, जापानी सैन्यवादी सरकारले आफ्ना नीतिहरूको विरोध गरेको कारण उहाँलाई आफ्ना समर्थक, जोसेई तोदा (सन् १९००-५८) सँग कैद गरिएको थियो । माकिगुची कुपोषण र बुढ्यौलीका कारण जेलमा मरे, जबकि तोदा सोका गाक्काईलाई बौद्ध आन्दोलनको रूपमा युद्धको परिणाममा पीडित मानिसहरूलाई सशक्त बनाउन पुनः निर्माण गर्न उभिए। यो संगठन दोस्रो विश्वयुद्धको समयमा भंग भएको थियो भने युद्ध पछि यसको विस्तार यसको पूर्व तेस्रो राष्ट्रपति दाइसुके इकेदा (सन् १९२८-२०२३) द्वारा नेतृत्व गरिएको थियो। जसले यस संगठनलाई विश्वभरका सदस्यहरूसँग शान्ति, संस्कृति र शिक्षाको लागि बहुआयामिक आन्दोलनको रूपमा विकास गरे ।

सोका गाक्काई एक विश्वव्यापी समुदायमा आधारित बौद्ध संस्था हो, जसले जीवनको मर्यादाको सम्मानमा केन्द्रित शान्ति, संस्कृति र शिक्षालाई बढावा दिन्छ । यसका सदस्यहरूले निचिरेन बुद्ध धर्मको



https://dhamma.digital

मानवतावादी दर्शनको अध्ययन र अभ्यास गर्छन्। यस संगठनका सदस्यहरूले आफ्नो अभ्यासलाई सद्धर्मपुन्दरिक सूत्र र निचिरेन बौद्ध धर्ममा आधारित राख्छन्, जसले प्रत्येक व्यक्तिमा जीवनका कुनै पनि चुनौतीहरूको सामना गर्न र त्यसलाई पार गर्न साहस, बुद्धि र करुणा हुन्छ भनी सिकाउँछ। भक्ति अभ्यासको रूपमा "नाम म्योहो रेंगे क्यो" को जप गर्दछ।

जापानमा, यसले वित्तीय, शैक्षिक र मिडियामा नेतृत्व गर्दछ, जसमा पत्रपत्रिका प्रकाशन, गृहहरू, वित्तीय होल्डिङहरू र विद्यालयहरूको नेटवर्क समावेश छ।

## २. बुक्यो देन्दो क्योकाई (Society for the promotion of Buddhism–BDK)

बुक्यो देन्दो क्योकाई Bukkyo Dendo Kyokai (बुद्ध धर्म प्रवर्द्धनको लागि समाज, छोटकरीमा BDK)लाई डिसेम्बर, १९६५ मा मितुटोयो कर्पोरेसनका संस्थापक स्वर्गीय रेभ. डा. येहान नुमाता (सन् १८९७ -१९९४) र उहाँका धर्म मित्रहरूद्वारा एक एकीकृत प्रतिष्ठानको रूपमा स्थापना गरिएको थियो। सन् २००८ मा जापानी सरकारद्वारा अनुमोदित संगठनहरूको लागी कानूनी वर्गीकरणको संशोधनसंग, BDK लाई पुनः वर्गीकृत गरियो भने अप्रिल १,२०१३ मा जापानी सरकारद्वारा सार्वजनिक रुचि संगठित फाउंडेशन (Public Interest Incorporated Foundation) को रूपमा मान्यता दिइयो। द्यम्प् एक गैर-साम्प्रदायिक संस्था हो । यसले बौद्ध धर्मको कुनै विशेष निकायलाई प्रचार गर्दैन। बरु, यसले बौद्ध इतिहास र संस्कृतिमा पाइने बौद्ध ज्ञानको प्रवर्द्धन र प्रचारप्रसारका लागि विभिन्न गतिविधि र कार्यक्रमहरूको विकास गर्ने प्रयास गर्दछ। द्यम्प् ले बुद्धको शिक्षालाई आधुनिक तरिकाले व्याख्या गर्न, यसको विश्वव्यापी शैक्षिक कार्यक्रमहरू मार्फत अधिक करुणायुक्त मानवता सिर्जना गर्न, र आधुनिक समाजको उन्नतिमा योगदान पुर्याउन काम गर्न चाहन्छ । यी उद्देश्यहरू प्राप्त गर्नको लागि, BDK निम्न कार्यहरूमा सक्रिय रूपमा संलग्न रहेको छः



https://dhamma.digital

१) बुद्धका उपदेशहरूको समसामयिक बुझाइ सिर्जना गर्ने तथा सङ्कलित गर्ने र विभिन्न बौद्ध ग्रन्थहरूको विदेशी भाषामा अनुवाद र तिनको प्रचारप्रसार गर्ने ।

२) आर्थिक सहायता प्रदान गर्ने र बौद्ध भावना, संस्कृति र अध्ययनको प्रवर्द्धनमा संलग्न उत्कृष्ट व्यक्तिहरूलाई पहिचान गर्न प्रशंसा पुरस्कार कार्यक्रम आयोजना गर्ने।

३) बौद्ध भावना, संस्कृति र यसको अध्ययनलाई अगाडि बढाउने शिक्षा कार्यक्रमहरूलाई समर्थन गर्ने।

४) बौद्ध संस्कृतिको विकासका लागि कार्यक्रम सञ्चालन गर्न भौतिक सुविधा उपलब्ध गराउने ।

५) यस संस्थाको मिशनलाई समर्थन गर्न आवश्यक र विकसित गरिएका अन्य परियोजनाहरू-

माथिका परियोजनाहरूसँगै, BDK ले देशभित्र तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न गतिविधिहरूको विकास तथा समर्थन गर्ने गर्दछ जस्तैः

क) द टिचिङ अफ बुद्ध पुस्तकको अनुवाद, प्रकाशन र विश्वव्यापी वितरण,

ख) चिनियाँ त्रिपिटकको अंग्रेजी संस्करणको अनुवाद र प्रकाशन,

ग) BDK बौद्ध मिसनरी सेमिनार तथा अन्य बौद्ध सम्बन्धि व्याख्यान र सेमिनारहरू प्रायोजित गर्ने,

घ) शैक्षिक पोस्ट-डक्टोरेट फेलोशिप कार्यक्रम,

ङ) बुद्ध भावना र सांस्कृतिक परियोजनाहरूको सारलाई अगाडि बढाउने संस्थाहरूको लागि आर्थिक सहायता,

च) बौद्धको संगीतको आधुनिकीकरण र त्यसको प्रचारप्रसार।

## ३. **World Buddhist Supreme Conference**

World Buddhist Supreme Conference को मुख्यालय जापानको एक प्रसिद्ध शहर ह्योगोको कोबे शहरमा अवस्थित छ।



https://dhamma.digital

यहाँबाट बौद्ध शिखर समाचार, अंग्रेजी जर्नल प्रकाशित गरिन्छ र संयुक्त राष्ट्र संघ, युरोपेली संघ, सर्वोच्च कुलपतिहरू र ५ महादेशका सर्वोच्च बौद्ध नेताहरू, राष्ट्रका प्रमुखहरू र विश्वका राष्ट्रिय नेताहरूलाई वितरण गरिन्छ ।

पहिलो सम्मेलन सन् १९९८ साल अप्रिल महिनामा क्योटोमा सम्पन्न भएको थियो । जुनबेला विश्वका १४ राष्ट्रहरू सहभागी भएका थिए । यस सम्मेलनमा बुद्ध धर्मको प्रमुख तीनै वटा यानलाई अंगालेर बुद्ध धर्मको मौलिक शिक्षालाई मनन गरियो भने पाँचौ (सन् २००८ मे) र आठौं (सन् २०२३) सम्मेलन कोबे शहरमा नै सम्पन्न भएको थियो, पाचौ सम्मेलनसम्ममा ३२ राष्ट्रले भाग लिइयो भने आठौं सम्मेलनमा सहभागी राष्ट्र ५१ पुगेको छ यो सम्मेलन शाही परिवार र सरकारहरूको सहयोगमा एउटा संस्था बनेको छ, जसमा ५ महादेशका ५० भन्दा बढी देशका सर्वोच्च बौद्ध नेताहरूले विश्वभर बौद्ध धर्मको प्रचारप्रसारको उच्च आदर्शको लागि एकजुट हुन्छन्।

### ४. The Japan Buddhist Conference for World Federation

विश्व महासंघका लागि जापानी बौद्ध सम्मेलन एक छाता संगठन हो, जसले जापानका विभिन्न बौद्ध धर्मको सबै निकायलाई समेटदछ यसले जापान तथा अन्य देशका लाखौं अनुयायीहरूको साथमा विश्वका बौद्ध धर्ममा हस्तक्षेप  सम्बन्धि घटनामा बलियो आवाज उठाउने गर्दछन् ।

(श्रद्धेय भिक्षु सुदर्शन महास्थविर सम्पादित “विश्वमा बुद्ध धर्म” अन्तर्गत “जापानमा बुद्ध धर्म”, पी.वी.बापट सम्पादित “बौद्ध धर्मके २५०० वर्ष” तथा केहि मात्रामा गुगलबाट संकलित)



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## एकाइ १ (ख) : कोरियामा बुद्धधर्म

Dhamma.Digital

लेखक : राजेन मानन्धर

पृष्ठभूमि अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ १ (ख) : कोरियामा बुद्धधर्म

## (क) पृष्ठभूमि

शाक्यमुनिले देशना गर्नु भएको शिक्षा संकलन नै बुद्धधर्म हो । प्राचीन भारतमा प्रचलित विभिन्न विचारधारा, दर्शन तथा धर्मको अध्ययन गरेर यिनले शान्तिपूर्ण सहअस्तित्व एवं पारस्परिक मेलमिलापमा आधारित एक सुनियोजित विचार पद्धति बनिएको थियो । भारतबाट बुद्धको शिक्षा चीनमा भित्रियो । प्राचीन चीन देशका सुविकसित संस्कृति र ज्ञानसँगै चिनियाँ समाजको आवश्यकता सुहाउँदो रूपले त्यसमा केही परिवर्तन पनि भयो । यसरी प्रचलित भएको उनको शिक्षालाई चिनियाँ बुद्धधर्म पनि भन्न सकिन्छ ।

त्यसपछि कोरिया देशले यसलाई आफ्नो संस्कृति सुहाउँदो रूपले भित्र्याए । यसरी कोरियाली जनजीवनमा भिजिएको उनको शिक्षालाई कोरियाली बुद्धधर्म भन्न सकिन्छ । अर्को शब्दमा भन्ने हो भने कोरियाली बुद्धधर्म चिनियाँ बुद्धधर्मले प्रभावित कोरियाको सांस्कृतिक उत्पादन हो । मूल बुद्धधर्म, चिनियाँ बुद्धधर्म र कोरियाली बुद्धधर्ममा समान तत्त्व धेरै भएपनि यी तीन विभिन्न राष्ट्रियपद्धतिहरूमा परस्पर निकै भिन्नता पनि छ । शुरूदेखि नै कोरियाले बुद्धधर्मलाई दार्शनिक र वैज्ञानिक विचारपद्धतिसँगै तान्त्रिक तत्त्वहरू पनि ग्रहण गऱ्यो । त्यसकारण यो एउटा धर्म र दार्शनिक पद्धति मात्र नभएर भएभरको तन्त्र, धर्म, साहित्य र कला अंगिकार गरेको कोरियाली संस्कृतिको आन्तरिक रूप पनि भइरहेको छ । यसकारणले हामीले गौतमबुद्धको शिक्षालाई कोरियाली धर्मको रूपमा हेर्न सकिन्छ ।

कोरियाली बुद्धधर्मको लक्षणहरूमा के के प्रमुख हुन् त्यस विषयमा पहिले केही विचार गर्नु योग्य छ । पहिले त प्रचारात्मक



https://dhamma.digital

भारतीय बुद्धधर्म र धेरै प्रादेशिक भैरहेको चिनियाँ बुद्धधर्म हेर्दा कोरियाली बुद्धधर्म एउटा एकसूत्रमा उन्ने माध्यम धर्म भैरहेको छ ।

दोश्रो कुरा अरू अरू देशमा भन्दा पनि कोरियामा बौद्ध साहित्यका धेरै नै पुस्तकहरू आजसम्म सुरक्षित गरी राखेको छन् । ती पुस्तकहरू मध्ये थुप्रै पुस्तकहरू अरू देशमा प्रायः अप्राप्य भैसकेका छन् । उनिचोन भन्ने भिक्षुले बौद्ध साहित्यको संग्रह गरी बौद्धग्रन्थको सूची बनाएर गएको छ । त्रिपिटक कोरियाना र सम्बन्धित टिप्पणी पुस्तिकाहरू बनाइयो । यी अहिलेसम्म बुद्धधर्मको निम्ति ठूलो श्रोत पुस्तिकारू (Source Books) भइरहेका छन् । त्रिपिटक कोरियानाको प्रकाशन कोरियो कालमा भएको हो । राम्रोसँग शुरू गरेको, विषयवस्तु भएको र काठको फलेकबाट छापी राखेको पुस्तकहरूबाट बुद्धधर्मलाई नै रक्षा गर्नुका साथै महत्त्वपूर्ण मुद्रणकालको इतिहासमा पनि एक कल्पकारी घटना स्पष्ट गरेको छ ।

तेश्रो कुरा कोरियाली जीवनको प्रत्येक पक्षमा कोरियाली बुद्धधर्मले आफ्नो स्पष्ट प्रभाव राखेको तथ्य यस धर्मबाट कोरियाली चेतना उत्पादनशील बनाइएको मात्र होइन कि यसबाट कोरियाली चालचलन, परम्परा र सामाजिक रीतिरिवाजमा पनि ठूलो परिवर्तन ल्याएको छ ।

तीनवटा राज्य कालमा र संयुक्त सिल्ल कालमा बुद्धधर्मको सिद्धान्त अध्ययन गरेर कोरियाली भिक्षुहरूले आफ्नो देशमा मात्र होइन आफ्नो देशभन्दा बाहिर पनि निकै बोध गर्ने तथा गहन ज्ञानको वृद्धि गर्नुमा योगदान गरे । वास्तवमा कोरियो राज्यले चीनलाई यस्तो समयमा बौद्धसाहित्य र ज्ञान दिलायो, जुन बेला चीनको केन्द्रिय राज्यमा बौद्ध उत्साह र उमंग अत्यधिक कम भइरहेको थियो । कोरियो राज्यले नै जापानमा बुद्धधर्म प्रवेश गरायो फेरि जापानी द्वीपसमूहलार्य बौद्धराष्ट्रको रूप दियो ।

बुद्धधर्म प्रवेश हुनुभन्दा पहिले तीन राज्यको कालमा कोरियालीहरूले स्वर्गमा रहेका सम्राट्मा विश्वास गरिराखेका थिए । त्यसबेला मानव जीवनको परम उद्देश्य स्वर्गमा रहेका सम्राट्को निर्देशन



https://dhamma.digital

जानेर चल्नु थियो। त्यसकारण मानिसहरूले ती सम्राट्को पूजा गरिरहेका थिए । अनि ठूला ठूला पदका मानिसहरू सबै ती सम्राट्का तर्फबाट आएका भइरहेका थिए। मानिसहरूको भएभरको प्रमुख कार्यहरू न्यायको तराजुमा राखी उनी सम्राट्ले हेर्छ भन्ने विश्वास हुँदा त्यतिबेला बलि दिएर पनि ती सम्राट्लाई कुरा बुझाईदिने प्रयास गर्दथे । छोटकरीमा भन्न हो भने त्यतिबेला सम्पूर्ण मानव जीवन एउटा परप्राकृतिक शक्तिको वशमा परेको थियो, जुन शक्ति मानव कारेबारको न्यायकर्ता र अन्तिम निर्णायक पनि सिद्ध भएको थियो । त्यसपछि त्यस्तो समाजमा मानिस मानिसका बीचमा सम्बन्ध स्थापना गर्दै नैतिक विचारधारामा आधारित भैरहेको कन्फुसियानिज्मको प्रवेश भयो । कन्फुसियानिज्मको केही समयपछि बुद्धधर्म पनि प्रवेश भयो । कोरियाली जनताले बुद्धधर्म सहृदय स्वागत गरी लियो र त्यसले छिट्टै नै समाजको प्रत्येक तह प्रभावित गर्दै लग्यो । यसबाट कोरियाली संस्कृति आफ्नो विषयवस्तु एवं क्षेत्रमा पनि निकै नै धनी हुन गयो ।

बुद्धधर्म एउटा धर्म मात्र होइन, दार्शनिक पद्धति पनि हो । तसर्थ कोरियाली समाजमा बुद्धधर्म भित्रिँदै जाँदा यसबाट कोरियाली कला, संगीत र वैज्ञानिक शिक्षा आदि हराएका क्षेत्रमा यसले प्रभावित गऱ्यो । बुद्धधर्मको सफलताको एक गोप्य रहस्य के भने यसबाट कोरियालीहरूलाई अभाव भैरहेको एउटा सुरक्षाको भावना र आशाको ज्योति ल्याइदिएको तथ्य हो । मेरा विचारमा यो कोरियाली जीवनको निम्ति एउटा ठूलो र महत्त्वपूर्ण देन हो ।

## इतिहास

सन् ३७२ मा कोगुरिओका राजा सोसुरिनको राज्यकालमा बुद्धधर्म सर्वप्रथम कोरियामा प्रवेश गऱ्यो । शुन-ताब भन्ने प्रसिद्ध चिनियाँ भिक्षुले पश्चिम कोरियाका तीन राज्य मध्ये एउटा कोगुरिओ राज्यमा घुम्न जाँदा उसले आफूसँगै एउटा बुद्धमूर्ति र निकै बौद्धग्रन्थहरू पनि लिएर गएका थिए । तीन सालपछि सोसुरिन राजाले पियोंग-यांगमा



https://dhamma.digital

दुईवटा विहार बनायो। त्यहाँ २० वर्षपछि त्यो संख्या ९ वटा पुग्न गयो।

सन् ३८४ मा दक्षिण चीन भएर कोरियामा आएका मारानदस भन्ने एकजना भारतीय भिक्षुले अर्को कोरियाली राज्य पायकचे भन्ने ठाउँमा बुद्धधर्मको प्रचार गरे । बुद्धधर्म चाँडै नै पायकचेको राज्यधर्म हुनगयो। सन् ५३८ मा पायकचेका भिक्षुहरूले जापानमा बुद्धधर्म प्रचार गरे । त्यसको ५० वर्षजति पछि बुद्धधर्मको प्रवेश कोगुरिओ राज्यमा हुनगयो। सिल्ल भन्ने ठाउँमा अदो भन्ने भिक्षु गयो, जहाँ कि स्थानीय धर्मको प्रशस्त प्रभाव थियो सिल्ल राज्यले बुद्धधर्म सजिलोसँग ग्रहण गरेन । पछि त्यहाँ बुद्धधर्म प्रचार गर्न प्रयत्न गरिरहेका भिक्षु सन् ५५७ मा शहिदगति प्राप्त भएपछि मात्र केही प्रभाव पर्न गयो । अनि सिल्ल राज्य कोरियाली प्रायद्वीप एकीकरण गरी केही शताब्दीपछि अभ्युदय भएको कोरियो देशमा बुद्धधर्म राज्यधर्मको रूपमा प्रतिस्थापन भयो। भिक्षुहरू राजकीय सभासद एवं सल्लाहकारको रूपमा नियुक्त हुन थाले। तिनीहरूको स्थान राज्यमन्त्री भन्दा पनि माथि पर्छ। तीनराज्यको एकीकरण भएको केही समयपछि एकजना ठूलो भिक्षु बोनहियो निस्के, जसले कि बुद्धधर्म र २४० वटा ग्रन्थहरू सम्पादित गरेर ९९ वटा पुस्तक लेखे ।

राजा मुनजोङ १०४७-१०८३ को राज्यकालमा सुङ्ग चीनबाट फर्केर कोरियो वंशका नामी भिक्षु उनि-चों भन्नेले आफूले चीन, जापान र कोरियामा संग्रह गरी राखेको ४८५७ वटा ग्रन्थहरू सम्पादन गरी १०८५ वटा पुस्तक प्रकाशित गरेर किन्तु यी बुद्धग्रन्थहरू कोरियामा हमला गर्न आएका मंगोलहरूले विनाश गरिदियो । त्यसपछिका राजा को-जोङले ग्रन्थको पुनर्मुद्रणको निम्ति प्रयत्न गऱ्यो । उच्चकोटीका विद्वान र प्राविधिज्ञहरू नियुक्ति गरेर छाप्नुको निम्ति सामान संग्रह गरे। १६ वर्ष मुद्रण गर्दा ६५२९ चाङ् भएको ८०००० काठको पाताको पुस्तक बनाएर सिध्याए । यी काठको पुस्तकमा दुवैपट्टि कुँडेको हुँदा त्यसमा १६०००० पृष्ठ भयो । त्यसबेलादेखि दक्षिण सियांग-सांग राज्यको हीन्सा मन्दिरमा यी काठका बौद्ध पुस्तकहरू सुरक्षित भइरहेका



https://dhamma.digital

छन् । आजभोलि संसारमा भएका २० प्रकारका यस्ता बौद्धग्रन्थमध्ये सबभन्दा राम्रो मानी राखेका यिनै हुन् । यी वंशको अभ्युदय भएपछि कोरियो राज्यमा कन्फुसियानिज्मको प्रचार भयो । त्यसपछि कन्फुसियन विद्वानहरूले बौद्ध भिक्षुहरूको अविनय कामको विरूद्धमा आन्दोलन गरे । यी वंशको समयमा कन्फुसियानिज्म राष्ट्रिय धर्मको रूपमा ग्रहण गऱ्यो र त्यसबेला बुद्धधर्मको केही अवरोहण हुन गयो ।

## वर्तमान स्थिति

सन् १९१० मा अधिकारी वर्गले बौद्ध विहारको निम्ति विधि विधान बनाइदियो । यसरी कोरियामा सबै बौद्ध मन्दिरहरूमा क्रमबद्ध तरिकाले बन्दोबस्त गर्न खोज्यो । एउटा गोश्वारा प्रधान कार्यालय, अनि जिल्ला प्रधान कार्यालय । जिल्लाका प्रधान कार्यालयमा रहेका ३१ वटा विहार र जिल्ला प्रधान कार्यालयले १२०० बौद्ध विहार र मन्दिर हरूको सुपरिवेक्षण गर्ने भयो । हरेक विहारमा एकेकजना मुख्य भिक्षु रहने भयो । गोश्वारा प्रधान कार्यालयको तीन विभागले एउटा मुख्य भिक्षुको अन्तर्गतको कामुरा हेर्ने भयो । सन् १९४६ मा बौद्धहरूको एउटा साधारण सभा भयो । यसमा एउटा प्रस्ताव पास गऱ्यो । बौद्ध संगठन एउटा आत्मानुशासित समुदाय हो । जापानी राज्यकालका भएभरको विधि विधान खारेज हुनु पऱ्यो । राजधानीमा हेडक्वार्टरको कार्यालय रहनु पर्छ , प्रत्येक राज्यको आफ्नो सभाले राज्यको हेरविचार हुनु पर्छ । हेडक्वार्टरले सबै राज्य सभाको सुपरिवेक्षण हुनु पर्छ । हेडक्वार्टरसँग प्रस्ताव बनाउने र निरीक्षण गर्ने अधिकार हुनु पर्छ भन्ने नियम नीति बन्यो ।

सन् १९४६ मा यो हेडक्वार्टरबाट एउटा साधारण सभा बोलायो । यो सभाले एउटा नयाँ विधान बनायो । आजभोलि कोरियाको बुद्धधर्म सम्बन्धी सबै कामकुरा यही विधान अन्तर्गत भइरहेको छ ।

पहिले पहिलेका सबै मन्दिरहरूसँग हजारौं रोपनी खेत र वन भएको जग्गा थियो । भूमिसुधार भइसकेपछि यी जमिन सरकारले



https://dhamma.digital

अधिग्रहण गऱ्यो । अनि भाकलपत्र (द्ययलमक) बनाई क्षतिपूर्तिको प्रयत्न भयो । किन्तु धेरै मात्रामा मन्दिरहरूको आर्थिक स्थिति कमजोर भएर गयो । पछि फेरि ५० एकड जति जग्गा प्रत्येक मन्दिरलाई दिने गऱ्यो । धेरै मन्दिरले नयाँ वन जग्गा सम्हाल्दै लगे ।

आजभोलि कोरियामा जम्मा १८,६०० भिक्षु भिक्षुणी र २००० भन्दा बढी मन्दिरहरू छन् । धेरै भिक्षुहरू शिक्षा, साहित्य, राजनीति, उद्योग र अरू अरू क्षेत्रमा उद्यमशील छन् । तैपनि भिक्षुहरूको प्रयासले शिक्षामा जस्तो बढी अरू क्षेत्रमा काम भएको देखिँदैन । बौद्धहरूले एउटा बौद्ध विश्वविद्यालय परिचालन गरिराखेको छ । यसभित्र ४ कलेज, एउटा स्नातक स्तरको स्कूल, तीनवटा अरू कलेज, ७ वटा अरू माध्यमिक विद्यालय, १३ वटा निम्न माध्यमिक शिक्षालय, फेरि अरू उच्च नागरिक स्कूल, किंडर गार्डेन, भाषणगृह र जेन (श्भल) गृह सञ्चालन भएको छ । कोरियामा जम्मा ३३ वटा बौद्ध संगठनहरू छन्, जुन शिक्षा र सामान्य संस्कृतिको उत्थानको निम्ति प्रयत्नशील भैरहेका छन् ।

यतिमात्र होइन बौद्धहरूले आमाबाबु नभएका टुहुरा बालकहरूको निम्ति संस्था, वृद्धहरूको निम्ति आवासगृह, गरिबहरूको निम्ति सितैमा खाने ठाउँ, आदि गरी १२ वटा सामाजिक कल्याण संस्था चलाई राखेका छन् । यसलाई आवश्यक आर्थिक सहयोग १० वटाभन्दा बढी फैक्ट्री खोली राखेको कारखानाबाट भैरहेको छ । जुन कारखानाहरू भूमिसुधार कार्यक्रम अन्तर्गत सरकारबाट अधिग्रहण भएको जग्गाको क्षतिपूर्तिको हिसाबले दिइराखेको भूमिसुधार दण्डबाट प्राप्त भएको धनबाट स्थापना भएको हो ।

कोरियाली बुद्धधर्ममा १६ प्रकारका संघ, शाखा र प्रशाखाहरू छन् । कोरियामा सबभन्दा ठूलो बौद्धसंघ चो-ग्ये-जोङ्ग भन्ने चीनबाट सन् ३७२ मा भित्रिएको हो । सन् १९७२ को जन तथ्याङ्क अनुसार बौद्ध जनसंख्या ७९,८०,००० थिए । चो-ग्ये संघमा जम्मा ५०,००,००० सदस्य भएको अनुमान छ । यो संघको १५०० जति बौद्ध विहार फेरि कोरियाका १८,६०० जति बौद्ध भिक्षु भिक्षुणीहरू मध्ये १३,००० भिक्षु



https://dhamma.digital

भिक्षुणीहरू यस संघ अन्तर्गत छन् । दोश्रो ठूलो संघ टाय्गे-जोङ्ग हो । यसको १७० मन्दिर, २६५७ भिक्षु भिक्षुणीहरू र १४,८०,००० धर्मावलम्बीहरू छन् । तेश्रो ठूलो संघ बोप-खा-जोङ्ग हो । यसमा ४४५ विहार, १३११ भिक्षु भिक्षुणीहरू र ९,५०,००० धर्मवलम्वीहरू छन् ।

## लुम्बिनी विकास परियोजना

यसरी बुद्धधर्म कोरियाको एक प्रमुख धर्म र कोरियाली जीवनको बाटो हुनाले कोरियाली जनता लुम्बिनी परियोजना जस्ता भगवान बुद्धसँग सम्बन्धित परियोजनामा सदा सर्वदा उत्सुकतापूर्वक सहभागी हुन हौसला राख्ने भएको छ ।

लुम्बिनी विकास परियोजनालाई सहयोग गर्ने प्रयासमा नै नवेम्बर १९७२ को अन्तिम सप्ताहमा काठमाडौंमा कोरियान-फोक-आर्टस्-ट्रुपले पनि एउटा च्यारिटी शो देखाइ ४२,००० सहायता दियो । आजभोलिमा अप्रेल १५ तारेखका दिन अरू अरू बौद्ध संगठन समेत मिलीकन कोरियाली बौद्ध संगठन मध्ये ठूलो चो-ग्ये-जोङ्ग संघले एक वर्षसम्म विकास योजनाको निम्ति चन्दा संकलनको निम्ति राष्ट्रव्यापी आन्दोलन संगठन गर्न लुम्बिनी विकासको निम्ति राष्ट्रिय समिति बनाएको छ । फेरि चोग्ये संघले लुम्बिनीमै कोरियाली छाँटको एउटा मन्दिर पनि बनाउने ईच्छा गरी राखेको छ । कोरियाली चोग्ये बौद्धसंघका सेक्रेटरी जनरल आदरणीय भिक्षु कियुगसाले सातौं विश्व बौद्ध सम्मेलनमा भाग लियो । पवित्र देशमा भ्रमण गर्नु भयो । फेरि १६ फेब्रुअरी १९७३ को दिन वहाँले आफ्नो मनोभाव यसरी व्यक्त गर्नु भयो -

"भगवान बुद्ध जन्मनु भएको स्थान उपेक्षित अवस्थामा देख्दा मलाई अपसोच भयो, जहाँ कि भारतमा भने भएभरको विहार राम्रोसँग बनाई राख्यो । हामीले लुम्बिनी विकासको निम्ति राष्ट्रिय समिति श्री ५ सरकार नेपालको आग्रहलाई सहयोग गर्दछौं ।"

नोट : (यो पाठ्यसामग्री नेपालस्थित कोरिया गणराज्यका कन्सल जनरलको लेखन तथा प्रा. गणेश बहादुर मालीबाट अनुवाद भएको लेखन हो । 'लुम्बिनी' पत्रिकाबाट अनुदित भएको हो । श्रोत : सम्पादक भिक्षु सुद्धर्शन) : सम्पादक मण्डल ।



https://dhamma.digital

## (ख) वर्तमान कोरियामा बुद्धधर्म

कोरिया भन्नाले चीनको पूर्वमा रहेको प्रायदीप बुझाउँछ। हजारौं वर्षको सभ्यता भएको यो देश सुन्दर प्राकृतिक भूबनोट र रमणीय हावापानीको कारणले प्रख्यात छ। कोरिया एक पहाडी प्रायद्वीप हो जुन पश्चिममा पहेंलो सागर, पूर्वमा पूर्वी सागर (जापान सागर) र दक्षिणमा पूर्वी चीन सागरबाट घेरिएको छ। यहाँको संस्कृति भनेको परम्परा र आधुनिकताको एक आकर्षक मिश्रण हो। धार्मिक अभ्यासहरूमा यहाँका मानिसहरू परम्परागत पितृपुजन, कन्फ्युसियसवाद र बुद्ध धर्म मान्छन्। पछि इशाईहरूको संख्या बढ्न थालेको छ।

एकै नश्ल, भाषा, धर्म र संस्कृति भएका मानिसहरू यहाँ बस्छन्। कोरियामा ५ हजार इसापूर्वसम्मका ऐतिहासिक तथ्यहरू पाइन्छन्। यसलाई यहाँको प्राचीन समय भन्न सकिन्छ। इसापूर्व ५००० देखि ईस्वी ६६८सम्मको अवधिमा यहाँ प्रारम्भिक बस्तीहरू, गोजोसेन जस्ता राज्यहरू थिए। त्यस मध्ये तीन राज्यहरूको अवधि (गोगुर्यो, बेक्जे र सिल्ला)ले यहाँको सभ्यता हाँकेको समय थियो त्यो। ईस्वी ६६८ देखि ९३५ बिचको समय भनेको एकीकृत पारहे र सिल्ला को समय थियो। यो बेला भनेको सिल्ला राज्य अन्तर्गत अघिपछि भन्दा तुलनात्मक रूपमा शान्ति र समृद्धिको अवधि थियो। अनि मन्चुरियामा पारहे राज्यमा पनि विकास भइरहेको थियो।

ईस्वी ९३५ देखि १९१० सम्मको अवधिमा यहाँ गोरियो र जोसेन राजवंशहरूले प्रभुत्व जमाए। यस बेलाका राजा सेजोङ महानले गरेका केही प्रमुख काम हरू मध्ये यहाँको भाषा वर्णमाला आदिको विकास आदि पनि थियो। यस बिच यो क्षेत्र मंगोलिया, चीन तथा जापानको आक्रममणमा परिरेहको त थियो। त्यसमाथि पनि सन् १९१० देखि १९४५ सम्मको जापानी अधिपत्यको समय जबरजस्ती र शोषणको एक कठोर अवधि थियो। यसै बिचमा यहाँ एशियाका अन्य देशहरूमा जस्तै कम्युनिज्मको प्रभाव बढ्यो। एकातिर सोभियत संघले यसलाई आफ्नो अधिनमा कम्युनिष्ट देशको रूपमा राख्न खोजे भने अर्कोतिर संयुक्त



https://dhamma.digital

राज्य अमेरिकाको पनि यहाँ रुचि बढ्न थाल्यो । अन्तमा सन् १९४५मा दोस्रो विश्वयुद्ध पछि कोरिया उत्तर र दक्षिणमा विभाजित भयो । रुस र अमेरिकाको रुचिमा भएको कोरियाली युद्ध (सन् १९५०-१९५३)ले विभाजनलाई अझ शत्रुतापूर्ण बनायो ।

## उत्तर कोरियाको अवस्था

उत्तर कोरिया पूर्ण रूपले कम्युनिष्टहरूको कब्जामा गएपछि त्यहाँका बौद्धहरूले यातना भोग्नुपर्ने त भयो नै । राज्यले गैरधार्मिक नीति लिएपछि सबै धर्म मान्नेहरूलाई कठिन हुने नै भयो । त्यसमा पनि उनीहरू बौद्धहरूलाई अति क्रुर व्यवहार गर्थे, कैद गरे, बँधुवा श्रम शिविरमा राखे, कतिपय मारिए पनि होलान् । त्यस्तै त्यहाँ भएका कैयन मन्दिर गुम्बाहरू पनि नष्ट गरे । यद्यपि अहिलेसम्म त्यहाँ कम्युनिष्ट सरकार नै भएकोले र बाहिरी संसारभन्दा अलग भएकोले भित्री कुराहरू बाहिर आइरहेका छैनन् । हामीले उत्तर र दक्षिण कोरिया भनेर भन्न थालेको ७१ वर्ष मात्र भएको छ । हालैका दिनमा यी दुइ देश फेरि एकीकरण तर्फ जाँदैछ भन्ने समाचारहरू पनि आइरहेका छन् ।

अहिलेको समयमा हामीले उत्तर कोरियाको बारेमा धेरै जानकारी पाउन सक्दैनौं । यहाँको अर्थतन्त्र निकै खराब छ भन्ने हामीले पढेका छौं । प्राप्त जानकारीहरूको आधारमा भन्नु पर्दा त्यहाँ धार्मिक अधिकार एकदम कुण्ठित गरिएको छ, धार्मिक अभ्यास तथा विश्वासमाथि समेत प्रतिवन्ध छ । त्यहाँ नेताको मातहतमा सरकार छ र त्यसलाई मन्दिर र देउता सरह मान्नु पर्ने बाध्यता छ । यसबाहेक सरकारले मान्यता दिएका र सरकारको प्रत्यक्ष निगरानीमा रहेका केही धार्मिक संस्थाहरू मात्र जीवित छन् । यो पनि अन्तराष्ट्रिय रूपमा आफ्नो छवि राख्न मात्र यस्तो गर्न लगाउँछ भन्ने सुनिन्छ । अनि यो भन्दा बाहिर गएर धार्मिक अभ्यास गर्ने माथि कडा कारवाही हुन्छ । कसैले घरमा धार्मिक ग्रन्थहरू राख्न नपाउने नियम छ । कतै कतै कोही कोहीले गुप्त तरिकाले धर्म मान्ने गर्छ भन्ने सुनिएतापनि सकारले जासुसी गरेर पत्ता लाग्यो भने कडा सजाय हुने वा श्रम शिविरहरूमा समेत पठाइने सम्भावना छ ।



https://dhamma.digital

## दक्षिण कोरियाको विकासः

अर्कोतिर यसैसँग छुटिएको दक्षिण कोरियाले २० औं शताब्दीको उत्तरार्धमा द्रुत आर्थिक वृद्धि र प्रजातन्त्रीकरण गर्यो । आज यो विश्वका एक प्रमुख प्राविधिक र औद्योगिक शक्ति बनेको छ । यसको विकासको आधार भनेको यहाँको औद्योगिकीकरण हो । अहिले यो एक उच्च विकसित प्राविधिक पूर्वाधार भएको प्रमुख आर्थिक शक्ति हो । यहाँबाट विश्वभरी इलेक्ट्रोनिक्स, अटोमोबाइल, र जहाज आदि निर्यात हुन्छ । यो नेपाली कामदारहरूको एक चुनिएको देश हो र यहाँ काम गर्ने आशामा नेपालीहरू कोरियन भाषा सिक्छन् । यहाँ अहिले लगभग ४४ हजार जति नेपालीहरू काम गर्छन् ।

हालैका वर्षहरूमा दक्षिण कोरिया के-पप, कोरियाली नाटकहरू र कोरियाली व्यञ्जनहरू एवं धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका कारण विश्वव्यापी रूपमा लोकप्रिय भएको छ ।

## १. कोरियामा बुद्ध धर्मको इतिहास

कोरियाको बुद्ध धर्मको बारेमा कुरा गर्दा सर्वप्रथम यो सम्झनु पर्दछ कि चीन कोरिया तथा जापानको बुद्ध धर्म अन्तरसम्बन्धित छन् ।

भारतमा बुद्ध धर्मको प्रचार भएको शताब्दीयौंपछि यो रेशम मार्गको बाटो भएर ब्यापारीहरू सँगसँगै तिब्बत हुँदै इस्वीको पहिलो शताब्दीमा चीनमा आइपुग्यो । त्यसपछि चौथो शताब्दीमा तीन अधिराज्यको अवधिमा, अर्थात् ईशापूर्व ५७ देखि इसाको ६६८को समयमा बुद्ध धर्मले कोरियाली प्रायद्वीपमा प्रवेश गर्यो । यसबेला ती तिनै राज्यहरू सुसंस्कृत र सम्पन्न थिए, दरवारमा धेरै विद्वानहरू थिए । ती विद्वानहरूले बुद्ध धर्म मन पराए । त्यसैले तीनै राज्यहरूले बुद्ध धर्मलाई राज्य धर्मको रूपमा ग्रहण गरे । यसमध्ये इस्वीको ३७२मा गोगुर्योले, सिल्लाले इस्वी ५२८मा तथा बाएक्जेले सन् इस्वी ५५२मा बुद्ध धर्म अपनाएको देखिन्छ । यस प्रकार हेर्दा यहाँ कमसेकम पनि गत १५सय वर्ष पहिलेदेखि बुद्ध धर्म अविछिन्न रूपमा प्रचलनमा आइरहेको छ ।



https://dhamma.digital

७औं देखि १०औ शताब्दीको समयलाई यहाँको सुवर्ण युग भन्न सकिन्छ । सिल्ला राज्यले कोरियाको एकीकरण गरेपछि यहाँको धर्म संस्कृति इत्यादिको विकास झन् राम्रोसँग हुन थाल्यो । देशमा धेरै भन्दा धेरै मन्दिरहरू बने, बौद्ध भिक्षुहरू पनि चीन लगायत देशमा गएर बुद्ध धर्मको अध्ययन गर्न थाले । यसैबेला आफ्नै संस्कृतिसँग मिल्दो किसिमबाट बुद्ध धर्मको विकास भयो, जसमा ध्यान तथा सामाजिक कार्यमा सहयोग गर्नुलाई महत्व दिइन्थ्यो ।

यसबिच सन् ९१८देखि १३९२बिच गोर्येओ वंशको समयमा बुद्ध धर्मले राज्य धर्मको रूपमा अझ बढी सम्मान पायो । यसले यहाँको कला, साहित्य तथा सामाजिक जनजीवनमा प्रत्यक्ष प्रभाव पार्यो । राजनीतिमा भिक्षुहरूको विशेष इज्जत थियो । उनीहरूले राजनीतिक तथा समाजिक क्षेत्रमा विशेष प्रभाव पारेको थियो ।

सन् १३९२ देखि १८९७को समया यहाँ **जोसन वंश**ले शासन गर्यो । यसबेला नव-कन्फुसियनिज्मले प्रभाव बढायो, जसको कारणले बुद्ध धर्म अलिकति कम प्रख्यात जस्तो देखिन थाल्यो । यसबेला बिस्तारै सरकारले बुद्ध धर्मलाई निषेध वा दमन गर्न थाल्यो । भिक्षु भिक्षुणीहरूलाई शहर जानबाट रोक्यो । सरकारले बौद्ध अभ्यासलाई रोक्यो, बौद्ध मन्दिर हरूको संख्या घटायो र त्यसको नाममा रहेको जग्गा पनि कब्जा गर्यो । यसबेलाको बुद्ध धर्मलाई नै जोसन बुद्ध धर्म भनियो । यो दुइटा निकायमा बाँडिए – सअन र ग्यो, जुन पछि सअन मात्र बन्न पुग्यो । यसबेला सरकारले दमन गरेपनि बौद्धिक क्षेत्रमा सअन बुद्ध धर्म प्रख्यात नै थियो ।

आधुनिक युगमा, अर्थात् १९औ शताब्दीदेखि अहिलेसम्मको अवस्थामा त्यहाँ धेरै राजनीतिक उथलपुथल भयो । सन् १९१०मा जापानले कोरियालाई आफ्नौ अधिनमा राख्यो । यसताका एकातिर कोरियामा केही भौतिक विकास गरे तर उनीहरूले यहाँको भाषा, धर्म र संस्कृतिलाई आफ्नो वशमा राखे । यसबेला जापनले कोरियाली जनतामाथि विभिन्न किसिमबाट अत्याचार गरेको त कसैबाट छिपेको छैन ।

जापानमाको अधिनमा रहँदा कोरियाको बुद्ध धर्मले पनि केही परिवर्तनहरू सामना गर्नुपर्यो । जापानका बुद्ध धर्मका निकायहरू, जस्तै जोदो शिन्शु तथा निचिरेनले कोरियामा आफ्नो प्रचार बढाए । कोरियाका बौद्ध मन्दिरहरूमा जापानी शैलीमा संघहरूको पुनसंरचान हुन थाले । मन्दिर प्रमुख भएर बसेका भिक्षुहरूमा मन्दिरको स्वामित्व जान थाल्यो, बौद्ध भिक्षुहरूलाई जापानीहरूको जस्तो बिहे गर्ने र छोराछोरी पाउने छुट भयो । अझ जापानी अधिकारीहरूले यहाँका मन्दिरहरूबाट बहुमूल्य कलाकृतिहरू जापान समेत लगे ।

सन् १९४५मा कोरिया जापानी कब्जाबाट मुक्त भएपछि यहाँ कोरियाली परम्परागत बुद्ध धर्मको पुनः जागरण भयो । यहाँको जोग्ये भिक्षु समुदायले विवाहित पुरोहितहरूलाई कब्जा गरे । अर्को थेगो भिक्षु समुदायले पनि आफ्नो कब्जा बढाउन थाल्यो ।

**विभाजित कोरियामा बुद्ध धर्म**

विभाजित भइसकेपछिको कोरियाको बुद्ध धर्म सुख र शान्तिसँग विकास हुन पाएन । **सन् १९५०पछि** झन् राजनीति अहम र व्यक्तिगत फाइदाको लोभले यस अवधिमा यहाँको बुद्ध धर्म झन् झन् आफैले खनेको खाल्डोमा झैं खस्दै गयो । दक्षिण कोरियाका प्रथम राष्ट्रपति सिङनाम ह्रिले कोरियन बुद्ध धर्मलाई जापानको प्रभावबाट मुक्त पार्ने भन्ने अभियान नै चलाए । यसले गर्दा समन्वयमा बाँचिरहका कोरियनहरूमा हलचल र द्वेष बढ्यो, समाज विभाजित भयो । विशेष गरी विवाहित पुरोहित र ब्रम्हचर्यामा बसेका भिक्षुहरूमा दुश्मनी बढ्यो । भिक्षुहरूको जोग्ये समुदायले प्रतिकार नै गर्नुपर्यो । यस्ता कुराहरूले समाजमा नकारात्मक प्रभाव पर्न गई सशक्त ढंगले अगाडि बढिरहेको इसाई मिसनरीले यसको फाइदा उठाए ।

सन् १९६०को दशकमा केही सकारात्मक सुधारहरू देखिए । यसबेलासम्म देशमा स्थायीत्व आएर शिक्षाको विकास हुन थालेको थियो । युवाहरूले विशेषरूपले बुद्ध धर्म र यसको दर्शनमा रुचि देखाए । यसबेला केही स्वतन्त्र बौद्ध संस्थाहरू बने जसले युवाहरूलाई लक्ष्य



https://dhamma.digital

बनाए, उनीहरूलाई बुद्ध शिक्षा दिनुको अलावा छात्रवृत्ति दिएर अझ बढी अध्ययन अनुसन्धानमा अग्रसर बनाए, बुद्ध धर्मलाई परम्पराको पिँजडाबाट निकाले । यसप्रकार यसबेला बुद्ध धर्मको आधुनीकिकरण भएको भन्न सकिन्छ । यसबाहेक राज्य आफैले पनि पुराना गुम्बा तथा मन्दिरहरूको जीर्णोद्धारमा बजेट पठाउन थाले । यसबेलाका राष्ट्रपति भाक चुङ हीले राष्ट्रिय बौद्ध संस्था बनाउने कोशिस गरे तर उनमाथि ब्रम्हचर्य भिक्षु समुह जोग्येका पक्षधर भएको आरोप लाग्यो ।

सन् १९७०को दशकमा दुइटा समुह खुलस्त छुट्टिए – जोग्ये भनेको पूर्ण व्रम्हचर्यहरूको अनि धेगो भनेको ब्रम्हचर्य र विवाहित मिश्रित भएको । तर दुबै समुह धर्मगुप्तक प्रतिमोक्ष्यलाई अनुशरण गर्थे । संख्यात्मक रूपमा हेर्दा धेगो मान्नेहरू धेरै थिए ।

सन् १९८०को दशकमा प्रोटेस्टेन्ट इशाई चुन दुह्वान राष्ट्रपति भए अनि उनले बौद्धहरूको यही कलहको फाइदा उठाएर विभिन्न बुद्ध धर्म नाश गर्ने प्रयास गरे । उनले बौद्ध मन्दिरहरूलाई पर्यटक केन्द्रको रूपमा विकास गरे र राष्ट्रिय निकुञ्ज जस्तै सरकारको मातहतमा लिए । उनले यसैबेला देशभरीका बौद्ध मन्दिरहरूमा छापा मारे र शुद्धिकरणको नाममा बौद्ध संघलाई यातना दिए । यसबेला ५५ जना बौद्ध भिक्षुहरू गिराफ्तार गरिए । ती मध्ये कतिलाई सरकार विरोधी भएको भन्दै यातना दिए भने कतिमाथि कम्युनिष्टहरूलाई सहयोग गरेको आरोपमा यातना दिए । ती मध्ये नाकसान्साका प्रमुख भिक्षुको यसै क्रममा मृत्यु समेत भयो । यसको लगतै पछि कोरियन युवाहरूले राज्यको साथ आवश्यक मानेर राज्य संरक्षित बुद्ध धर्म तथा व्यवहारिक बुद्ध धर्म भनेर प्रचार गर्ने कोशिस गरे जुन दुबै सफल हुन पाएन । उता राज्यकै संरक्षणमा इशाई धर्ममा धर्म परिवर्तन गराउनेहरू भने निकै सक्रिय भइरहेका थिए ।

सन् १९९०को दशकमा इसाई सरकार र बौद्ध जनताको बिचको द्वन्द्व झन् झन् चर्कियो । राज्यको आडमा इसाईहरू झन् धेरै आक्रमक हुन थाले । उनीहरूले जहाँ पनि बौद्धहरूलाई शील भंग गरेको आरोप



https://dhamma.digital

दिन्थे र हिंसा भड्काउँथे । उनीहरूले दुङगुनमा प्राचिन बुद्धको मूर्ति भत्काए अनि एकपल्ट बौद्ध एफएम रेडियो स्टेशनमा आक्रमण गरेर लगभग दुइलाख डलर बराबरको क्षति गरिदिए ।

इसाईहरूले बौद्ध मन्दिर जलाउने तथा मूर्ति एवं चित्रकलामा क्षति पुर्याउने काम गरिरहे । उनीहरूले बुद्ध मूर्तिका टाउको काट्ने तथा बौद्ध मन्दिरमा अशोभनीय तरकिाले क्रश लेखेर जाने जस्तो काम जहीँतहीँ गरिरहे । अहिलेको दिनमा पनि दक्षिण कोरियामा बौद्धहरू र इशाईहरू बिचको अन्तरद्वन्द्व देख्ने, नदेख्ने रूपमा चलिनै रहहेको छ । यसले धर्म रक्षाको लागि सत्तामा जान अनि बौद्धहरू सत्तामा बसेर धर्म रक्षा गर्नु कति महत्वपूर्ण छ भन्ने देखाउँछ ।

२. **परम्परा**

हजारौं वर्षको इतिहास भएको कोरियाको बुद्ध धर्ममा विविधता आउनु अनि थरि थरिका निकायमा अभ्यास गर्नु आश्चर्यको कुरा होइन । यहाँका बौद्धहरूले आफ्नो परिवारको इतिहास, परम्परा तथा श्रद्धा अनुसार विभिन्न निकायमा बसेर बुद्ध धर्म अभ्यास गरेर आइरहेका छन् । यहाँ कोरियाका केही प्रमुख परम्परा वा निकायका बारेमा संक्षिप्त चर्चा गरिन्छ ।

**सन परम्परा :** कोरियाको सबैभन्दा धेरै मानिने बुद्ध धर्म सन बुद्ध धर्म हुनु पर्छ । यो महायान बुद्ध धर्मको विकासित रूप हो र यसमा बोधिज्ञान प्राप्त गर्न ध्यान भावनामा जोड दिनुपर्छ भनेर सिकाइन्छ । यस अन्तर्गत यी निकायहरू आउँछन् ।

**सअन बुद्ध धर्म (Seon Buddhism/Korean Zen) :** यो कोरियाको सबैभन्दा बढी प्रभावशाली निकाय हो, जसलाई कोरियन जेन पनि भनिन्छ । यसको स्थापना सन् १३९२मा भएको थियो । यसमा ध्यानमा जोड दिइन्छ र यसैबाट ज्ञानलाभ हुने विश्वास लिइन्छ । यिनीहरू ध्यान गर्दा समथ, स्वअनुशासन तथा तार्किक बहस गर्नुपर्ने बुँदाहरू (कोआन)मा जोड दिन्छन् । यस अन्तर्गत नै हुन् दुइटा निकायहरू



https://dhamma.digital

– जोग्ये निकाय तथा धेगो निकाय ।

**जोग्ये निकाय (Jogye Order)** : दक्षिण कोरियामा जोग्ये निकाय सबैभन्दा ठुलो प्रभावशाली निकाय हो । देशका थुप्रै मन्दिरहरू यसको नियन्त्रणमा छ। ती मध्ये केही मन्दिरहरू बुल्गुक्सा तथा सक्गुराम ग्रोतो हुन् ।

**धेगो निकाय (Taego Order) :** यो १९औं शताब्दीमा स्थापना गरिएको नयाँ खालको तथा सानो निकाय हो । यो खुला तथा परिवर्तन चाहनेहरूको निकाय हो । यसले परम्परागत पूजा आजा र ध्यान भन्दा पनि सामाजिक कार्यमा आफुलाई लगाउने काममा बढी जोड दिन्छ ।

**छन्ताइ वा तिआन्ताइ बुद्ध धर्म (Cheontae /Tiantai Buddhism) :** यसको स्थापना धेरै पहिले कोरियामा भएको थियो । यसमा ध्यान भावना तथा बौद्ध ग्रन्थको अध्ययन दुबैमा त्यतिकै जोड दिन गरिन्छ । तर जोसन वंशको समयमा अर्थात इस्वी १३९२ देखि १९१०को लामो अवधिमा यसले आफ्नौ पकड छोड्यो । यद्यपि हाल यसको पुनर्जागरणको लागि अभियानहरू चलिरहेको छन् ।

**झिङगाक निकाय (Jingak Order) :** यो आधुनिक कोरियामा फस्टाएको गुह्य वा तान्त्रिक बुद्ध धर्म हो । यसको स्थापना २०औं शताब्दीमा मात्र भएको थियो तर यसले आफ्ना सबै कर्मकाण्डहरू भगवान बुद्धको समयदेखि आएको भनेर विश्वास गर्छ ।

**वन बुद्ध धर्म (Won Buddhism) :** बीसौं शताब्दीमा विकास भएको यो वन बुद्ध धर्म विशेष खालको छ। यसले हामीसबैमा बुद्धचित्त भन्ने विश्वास गर्छ अनि सबैलाई सामाजिक कार्यमा सहमागी हुन पनि उत्प्रेरित गर्छ। यो अहिलेको आधुनिक बुद्ध धर्म हो भन्न सकिन्छ ।

**थेरवाद (Theravada) :** कोरियामा ऐतिहासिक कालदेखि महायान बुद्ध धर्मको वर्चश्व रहेता पनि केही समय यता यहाँ थेरवादप्रति पनि रुचि राख्नेहरूको संख्या बढ्दै छ। विशेष गरी वोनकाक्सा मन्दिरले थेरवाद बुद्ध धर्मको अध्ययनलाई प्रोत्साहन दिइरहेको छ । यहाँ थेरवाद



https://dhamma.digital

ग्रन्थका पाठहरू पाइन्छ अनि सुत्त निपात तथा अभिधम्मट्ठसंगहको अध्ययन गर्न प्रेरित गर्दछ । यसले परम्परागत बुद्ध धर्मबाट अलग्गिएर बुद्ध शिक्षा पाउन खोज्नेहरूका लागि बाटो खोलेको छ । यहाँ २०औं शताब्दीको आरम्भमा अनागरिक धम्मपालले उपहार पठाएको बुद्धको अस्थिधातु समेत रहेको छ ।

**३. विज्ञहरू**

कोरियामा विभिन्न समयमा बुद्ध धर्म फैलाउन सयौं हजारों बौद्ध गुरुहरूको जीवन भरको योगदान छ । उनीहरूले आ आफ्नो सयमा त्यति मिहेनत नगरेको भए कोरियामा बुद्ध धर्म अहिलेको दिन रहने पनि थियो कि थिएन भन्ने समेत लाग्छ । यहाँ कोरियाको इतिहासमा बुद्ध धर्मको संरक्षण तथा प्रचार प्रसारमा योगदान दिने केही प्रमुख गुरुहरूको बारेमा संक्षिप्त जानकारी दिइन्छ ।

**मालानन्द (Malanadda चौथो शताब्दीको अन्त तिर) :** कोरियाको बुद्ध धर्मको कुरा गर्दा बिर्सन नहुने एउटा नाम भनेको मालानन्द हो । उनको जन्म हालको पाकिस्तानको स्वाबि वा स्वात उपत्यकामा भएको भनेर भनिएको छ । र उनलाई भारतबाट आएका एक भिक्षु जसले कोरियामा सर्बप्रथम बुद्ध धर्मको प्रवेश गराएको भने सम्मान गरिन्छ । उनको नाम मारानन्द, मारान्त वा मेघानन्द पनि हुनसक्छ । यहाँका ग्रन्थहरूमा उनको नाम इस्वीको ३८४मा भेक्जेका राजा चिम्न्युका लागि बुद्ध धर्म ल्याइदिएको भन्ने भनिन्छ ।

**झाझाङ (Jajang इस्वीको ५९०देखि ६५८) :** कोरियामा धेरै जसो धार्मिक आध्यात्मिक विकास भएको थियो त्यो सिल्ला वंशको समयमा भएको देखिन्छ । यो समयमा कोरियामा बुद्ध धर्मको विकास भएको थियो । यस समयमा बुद्ध धर्मलाई कोरियाको राष्ट्रिय धर्मको रूपमा विकास गराउन झाझाङको मिहेनत भएको भनिन्छ । उनले कोरियामा भिक्षु संघ बनाउनमा समेत योगदान गरेका थिए ।

**वोनह्यो (Wonhyo इस्वी ६१३-६८६) :** कोरियाको सिल्ला



https://dhamma.digital

कालको अर्को उल्लेखनीय विद्वान वोनह्यो थिए ।उनलाई पूर्वी एशियाली महत्वपूर्ण दार्शनिक मध्ये एक मानिन्छ। उनले त्यही बेला नै व्यवहारिक तथा सामाजिक रूपमा संलग्न हुने बुद्ध धर्मको लागि पैरवी गरेका थिए । उनको दर्शन नै एकतामा केन्द्रित तथा विभिन्न कुराहरू एक आपसमा अन्तरसम्बन्धित हुन्थे । वज्रसमाधीसुत्र तथा महापरिनिर्वाण सूत्रलाई उनको टीका मानिन्छ। उनका कृतिहरू कोरियन बुद्ध धर्मकै आधारशीलाको रूपमा हेरिन्छ।

**जिनुल (Jinul इस्वी ११५८-१२१०) :** जिनुल गोर्येओ कालका एक महत्वपूर्ण विद्वान थिए । उनलाई सअन (जेन)को अभ्यास कम हुँदै गएका अवस्थामा यसको पुनर्जागरण गरेको श्रेय दिइन्छ। उनले नै जोग्ये समुहको स्थापना गरेका थिए, जुन अहिलेसम्म कोरियामा प्रभावशाली भएर बसको छ। उनले ध्यान अभ्यास तथा बौद्ध ग्रन्थको अध्ययन दुबैमा जोड दिए, जसलाई "अध्ययन र ध्यान सँगै" भनिन्छ। उनी कोरियन सअन भित्र यस्तो आन्दोलन चलाउन चाहन्थे जसमा समुदाय सदस्यहरूअनुशासित, शुद्धचित्त भएका सदस्य मात्र होस् । यसलाई उनले समाधि र तथा प्रज्ञा भन्ने नाम दिन चाहन्थे। र पछि उनले सोङ्गवाङसा स्थापना गरे।

**ह्यूझङ (Hyujeong इस्वी १५२०-१६०४) :** ह्युझङ १६औं शताब्दीका एक प्रख्यात जेन मास्टर थिए । उनी धर्म प्रचारका लागि विभिन्न ठाउँहरूमा यात्रा गर्ने गर्थे। उनले सअन अभ्यासका बारेमा थुप्रै ग्रन्थहरू लेखेका थिए । त्यसबेला नव-कन्फुसियसवादीहरूको प्रभावमा सरकार थियो र उनीहरूले बौद्धरुमाथि विभेद गरिरसको अवस्था थियो । अझ उनलाई त त्यसबेला जापानले कोरिया कब्जा गरेको विरोधमा आन्दोलन गरेको भनेर समेत कोरियाली बौद्ध इतिहासमा सम्झिने गरिन्छ।

### ४. स्मारक वा मन्दिरहरू

देशमा अन्य अवस्था जस्तै आर्थिक अवस्था राम्रो हुँदै गएपछि कोरियाका प्राचिन धार्मिक स्थलहरूले पनि राम्रो संरक्षण पाइरहेका छन्।



https://dhamma.digital

कोरिया आफ्नो संस्कृति र इतिहासमा बौद्ध धर्मको गहिरो प्रभावलाई प्रतिबिम्बित गर्दै बौद्ध सम्पदा स्थलहरूको विषयमा सगौरव बर्णन गर्ने गर्दछ । त्यस्तै अब कोरियाली जनतामा आफ्नो इतिहास र सम्पदा प्रति माया भएपछि समय समयमा त्यहाँ भ्रमण गर्नजाने परिपाटी पनि बढ्न थालेको छ । यहाँ कोरियाका केही प्रमुख ऐतिहासिक मन्दिरहरूको सामान्य जानकारी दिइन्छ ।

**बुलगुक्सा मन्दिर (Bulguksa Temple) :** कोरियाको उत्तर ग्योङसाङ प्रान्त अन्तर्गत ग्यङजुमा स्थित बुलगुक्सा मन्दिर कोरियाको सबैभन्दा प्रसिद्ध बौद्ध मन्दिरहरू मध्ये एक हो । यो विशाल मन्दिर परिसर ८ औं शताब्दीमा सिल्ला राजवंशको समयमा निर्माण गरिएको थियो । यो कोरियाली बुद्ध धर्मको जोग्ये समुहको मुख्य मन्दिर हो र यसमा छवटा राष्ट्रिय सम्पदाहरू छन् । यस अन्तर्गत धाबोथाप स्तुपा र सग्काथाप प्यागोडा, छनगुन-ग्यो साँघु र बुद्धका दुई कांस्य मूर्तिहरू छन् । यहाँ विश्वमै पुराना मध्ये एक मानिएको आठौं शताब्दीको धारणी सुत्रको काठको ब्लक यसै मन्दिरमा पाइएको थियो । कोरियाली सरकारले यसलाई ऐतिहासिक तथा दृष्य सम्पदा घोषणा गरेको छ अनि सन् १९९५मा यसलाई विश्व सम्पदा स्थलमा सूचिकृत गरेको छ । मन्दिरलाई सिल्ला राज्यमा बौद्ध कलाको स्वर्ण युगको उत्कृष्ट नमुना मानिन्छ ।

**सकगुराम गुफा (Seokguram Grotto) :** बुलगुक्सा मन्दिर नजिकै अर्को एक महत्वपूर्ण बौद्ध मन्दिर छ जसलाई सकगुरा मन्दिर भनिन्छ । यो ग्योन्जुमा तोहाम पहाड माथि अवस्थित छ । ८औं शताब्दीमा निर्मित ऐतिहासिक गुफा र यहाँको बास्तुकला कोरियाकै बौद्ध कलाको उत्कृष्ट नमुना हो । यहाँ भित्र समुद्रतिर हेर्दै गरेको भूमिस्पर्श मूद्राको बुद्धको ठूलो मूर्ति राखिएको छ । यसका वरिपरी देवताहरू बोधिसत्वहरू त्था सेवक भिक्षुहरूको समेत मूर्ति कुँदिएका छन् । यसकारणले यसालई सुदूर पूर्वको उत्कृष्ट बौद्ध कला भने भनिएको हो ।

**ह्येइनसा मन्दिर (Haeinsa temple) :** कोरियाको ग्यङसाङ प्रान्तमा गयासान राष्ट्रिय निकुञ्जमा यो महत्वपूर्ण मन्दिर ह्येइन्सा



https://dhamma.digital

मन्दिर अवस्थित रहेको छ। यो मन्दिर पनि जोग्ये समुहसँग सम्बन्धित छ।

यो मन्दिर यहाँको त्रिपिटकका ग्रन्थहरूको विशाल संकलनका लागि प्रख्यात छ। यहाँको त्रिपिटक कोरियाना नामक संकलन विश्वमा नै अनौठो खालको संकलन हो। यहाँ सन् १३९८ देखि संकलन गरिएका त्रिपिटकका ८१ हजार पन्नाहरू काठको ब्लकहरूमा कुँदेर राखिएका छन्। यहाँ धेरै पहिलेदेखि प्रख्यात सअन मास्टरहरू बस्थे। अहिले पनि यहाँ सअन अथवा ध्यानको अभ्यास हुने गर्दछ।

**जोग्येसा मन्दिर (Jogyesa)** : यो कोरियाली बुद्ध धर्म अन्तर्गतको जोग्ये समुहको प्रमुख मन्दिर हो। यो राजधानी शहर सउलको नजिकै ग्योन्जी दोङमा रहेको छ। यस मन्दिरको निर्माण इस्वी १३९५मा नै भएको पाइन्छ। यो मन्दिरले अहिले दक्षिण कोरियामै सअन बुद्ध धर्मको केन्द्रको काम गरिरहेको छ। अहिलेको आधुनिक स्वरूपमा यसको पुनःनिर्माण भने सन् १९१०मा भएको थियो र यसको नयाँ नाम गाख्वाङसा समेत राखिएको थियो। यहाँ आगन्तुकहरू केही दिन बसेर बौद्ध जीवनको अनुभव समेत गर्न सक्छन्। अहिले यो एक जीवन्त सांस्कृतिक केन्द्र हो र धेरै बौद्ध घटनाहरू र चाडपर्वहरूको क्षेत्र पनि हो।

**भपजुसा मन्दिर (Beopjusa temple) :** यो जोग्ये समुहको अर्को महत्वपूर्ण मन्दिर हो। यो चुङछङबुक प्रान्तको बोअनमा रहेको सोङनिसान राष्ट्रिय निकुञ्जमा अवस्थित छ। यसको निर्माण सन् ५५३मा भिक्षु उइसिनबाट भएको थियो। यो मन्दिरको मुख्य आकर्षण भनेको यहाँको पालसाङजन अर्थात् आठ वटा चित्र भएको हल हो। यहाँ भित्र भित्तामा बुद्धको जीवनीसँग सम्बन्धित चित्रहरू कोरिएका छन्। यहाँको अर्को आकर्षण भनेको यहाँ स्थापना गरिएका मैत्रिय बुद्धको विशाल प्रतिमा हो।

## अहिलेको दिनमा कोरियाको बुद्ध धर्मको अवस्था

वर्तमान समयमा कोरियामा बुद्ध धर्म मान्नेहरू धेरै छन्। अहिलेका बौद्धहरूमा धर्म प्रति श्रद्धा छ। धर्मको अध्ययन गर्छन्, भिक्षुहरूमा आदर



https://dhamma.digital

गौरव छ, मन्दिरमा जान मन पराउँछन् तथा आफुमा बौद्ध हुँ भन्ने आत्माभिमान पनि छ। कोरिया अर्थात् हालको दक्षिण कोरियाले आफ्नो इतिहासमा घटेका थुप्रै उतार चढाहरूका बाबजुद पनि बदललिंदा परि स्थितिमा बुद्ध धर्मको संरक्षण गर्दै आएको छ। सोही अनुसार पहिले जे जस्तो भएपनि त्यहाँका बौद्धहरूले आफ्नो धार्मिक पहिचानको महत्व बुझ्न थालेका छन्।

सन् २०१६मा कोरिया तथ्यांक सूचना सेवाले त्यहाँ भएका जनता मध्ये ४४ प्रतिशतले धर्म मान्छु भनेको थियो। त्यस मध्ये ४५ प्रतिशत प्रोटेस्टन्त, **३५ प्रतिशत बौद्ध**, १८ प्रतिशतले रोमन क्याथोलिक अनि २ प्रतिशतले अन्य जनाएका थिए।

तर अहिलेको बढ्दौ भौतिक जीवन, धन कमानउने, सम्मन्न हुने दौड अनि अर्कोतिर अहिले बढिरहेको इसाईहरूको प्रलोभन दिएर धर्म परिवर्तन गराउने मिसनरीहरूका आगाडि बौद्धहरू विस्तारै कमजोर हुँदैछन्। त्यसैले अहिलेका कोरियन बौद्धहरूको अवस्था परम्परा र आधुनिकताको गतिशील अन्तरक्रियाका बिच बिल्सिएको अवस्था छ। यस सभ्य र शान्तप्रिय समुदायमाथि यहाँ आन्तरिक तथा बाह्य प्रवृति र चुनौतीहरूले प्रभावित पारिरहेको छ।

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

## एकाइ १ (ग) : मंगोलियामा बुद्धधर्म

लेखक : राजेन मानन्धर

https://dhamma.digital

# एकाइ १ (ग) : मंगोलियामा बुद्धधर्म

## परिचय

एशियाको मध्य उत्तरमा अवस्थित मंगोलिया विभिन्न दृष्टिकोणबाट अलग्ग र विशेष रहेको छ। यो एक भूपरिवेष्ठित देश हो, यसको उत्तरमा रूस र दक्षिणमा चीन छ। यी दुइ देश बाहेक यसले अरुसँग सीमा जोडेको छैन । यसले १,५६४,११६ वर्ग किलोमिटरको क्षेत्र समेटेको छ तर जनसंख्या भने केवल ३३ लाख मात्र छ। यसलाई विश्वको सबैभन्दा कम जनघनत्व भएको देश भनेर पनि चिनिछ । यसको धेरै भन्दा धेरै भूभाग निर्जन घाँसे मैदानले ढाकिएको छ। यसको राजधानी उलानबाटार हो ।

बीस हजार वर्ष पुरानो इतिहास भएको भनेर चिनिने मंगोलियामा धेरै पहिलेदेखि फिरन्ते समुहरू शासन गर्थे । हजारौं वर्षसम्म यहाँका घुमन्ते जनजातिहरू मंगोलियन मैदानमा घुमन्ते जीवन बिताइरहेका थिए । इतिहासमा पहिलो प्रमुख समुहहरू मध्ये एक शिओनङनु भन्ने समुह लगभग २०० ईसापूर्वमा देखा पर्छ । इस्वीको दोश्रो र तेश्रो शताब्दी तिर त्यहाँ श्यानबेइ साम्राज्य थियो। अनि आठौं र नवौं शताब्दी तिर उइघुर खगनाती वंशको राज थियो ।

यहाँको इतिहासमा १३औं शताब्दीमा अचानक चंगेज खानको उदय भयो । नाटकी ढंगले उनले त्यहाँका मंगोल जनजातिहरूलाई एकीकरण गरे र युरोपदेखि एशियासम्म फैलिएको एक विशाल साम्राज्य निर्माण गरे । पत्याउनै नसकिने उनको साम्राज्य इतिहासमा सबैभन्दा ठूलो साम्राज्य थियो ।तर चंगेज खानको मृत्यु पछि उनको साम्राज्य टुट्यो । त्यसपछिका शताब्दीहरूमा मङ्गोलिया चीनमा युआन राजवंश र



https://dhamma.digital

मान्चुको नेतृत्वमा छिङ राजवंशको प्रभावमा पर्यो । फेरि १६औं शताब्दी मा दायान खानले यहाँ पुनः एकीकरणको प्रयास गरे । बेलाबेलामा यसका अधिकांश भाग चीनको अधिनमा जाने क्रम पनि चलिरह्यो ।

सन् १९११मा बोज खानले मंगोलियालाई चीनबाट स्वतन्त्र भएको घोषणा गर्यो तर चीनले यसलाई आफ्नो प्रान्त भनेर दाबी गरिरह्यो । सन् १९२१सम्म पुग्दा मंगोलिया सोभियत रुससँग नजिक हुन पुग्यो । यसैको परिणाम भन्नु पर्ला कि मंगोलियामा सन् १९३७मा स्टालिनवादी दमन शुरु भयो जसमा ३० हजार भन्दा बढी मानिस मारिए । मारिनेहरूमा तिब्बती बुद्ध धर्म प्रचारक, मंगोलिस्ट राष्ट्रवादी, जापानपक्षीयहरू, बौद्ध गुरुहरू, बौद्धिक जमात आदि थिए । त्यसपछिको ७० वर्षसम्म कम्युनिस्ट राज्य बन्यो । सन् १९८०को दशकको अन्तमा सोभियत संघको पतनले मंगोलियालाई प्रजातन्त्र तर्फ लाग्न सजिलो बनायो । सन् १९९२मा नयाँ संविधान आयो र देश प्रजातन्त्रिक बन्यो ।

**१. मंगोलियामा बुद्ध धर्मको इतिहास**

मंगोलियाको बुद्ध धर्मको इतिहास विविधताले भरिएको छ । यसले यहाँको धार्मिक, साँस्कृतिक तथा राजनीतिक विविधता, समाञ्जस्य अनि खिचातानीको इतिहासलाई पनि उजागर गर्दछ । यहाँ बुद्ध धर्मको प्रवेश हुनुभन्दा पहिले प्रकृति पुजकहरू थिए । उनीहरू तेङ्री भेर सूर्य देवता पुज्थे ।

कथ्यहरूमा आधारित भएर भन्दा यहाँ श्याग्नु साम्राज्य हुँदा अर्थात् इशापूर्व तेश्रो शताब्दी देखी इस्वीको पहिलो शताब्दीमा बुद्ध धर्मको प्रवेश भएको भनिन्छ । यसबेला यहाँ बुद्ध धर्मले नेपालबाट मध्य चीन छिचोलेर प्रवेश पाएको भनाइहरू छन् । यहाँका प्रचिन वंशहरूको कालमा पनि विभिन्न धर्मदूतहरू आएर बौद्ध मन्दिरहरू बनाएर गएको कुरा कतै कतै उल्लेख छ । चौथो शताब्दीमा नजिकका देशहरूबाट व्यापारिक मार्ग भएर यहाँ बुद्ध धर्मको प्रवेश भएको मानिन्छ । पाँचौं तथा छैठौ शताब्दीका वेइ वंश, सातौ शताब्दीको तुर्गिक खगनातीको समयमा तथा एघारौं बाह्रौं शताब्दीका ल्याओ वंश तथा बाहौं तेह्रौं शताब्दीका



https://dhamma.digital

जिन वंशका समयमा पनि बुद्ध धर्म प्रचलनमा थियो देखिन्छ ।

**चेङ्गेज खान** (इस्वीको ११६२-१२२७)को समयदेखि मंगोलियामा बुद्ध धर्मले स्थायीत्व पाएको देखिन्छ । उनले एशियाको ठुलो भूभाग एकीकरण गरे बुद्ध धर्म अपनाउने समुदायसँग सम्पर्क बढाए । उनका नाती कुब्लाइ खानले भने तिब्बती बुद्ध धर्मका गुरु लामा द्रोगोन चोग्याल फाग्पालाई बुद्ध धर्मको प्रचार गर्न बोलाएका थिए । यस प्रकार युवान वंशको बेलामा अर्थात् तेह्रौं र चौधौं शताब्दीमा तिब्बती बुद्ध धर्म स्वीकार गरेको देखिन्छ । यसबेलाका एक महान बौद्ध भिक्षु फाग्पा (सन् १२३५-१२८०)ले पनि बुद्ध धर्मको विकासमा धेरै योगदान गरे । उनले मंगोल भाषाको लागि लिपि तयार गरेका थिए । उनी कुब्लाई खानका सल्लाहार पनि बने । यहाँ आनन्दध्वजले सन् १२४८मा मंगोलियामा बुद्ध धर्मको प्रचार गरेको भन्ने भिक्षु सुदर्शनको भनाइ पनि यहाँ प्रासंगिक हुन्छ ।

सन् १२६९मा युआन वंशमा बुद्ध धर्म त्यहाँको राज्य धर्म बनिसकेको थियो । यसै क्रममा यहाँ लामावादको पनि प्रभाव बढायो । बौद्ध भिक्षुहरू वा लामाहरूले यसबेला एसियाका मध्य तथा दक्षिणपूर्वमा प्रभाव जमाइरहेको अवस्था थियो ।

१६औ र १७औं शताब्दीलाई मंगोलियामा **बुद्ध धर्म पुनरुत्थान** भएको समाय मानिन्छ । सन् १५७८मा त्यहाँका सैनिक अधिकार अल्टन खानले तिब्बतबाट तेश्रो दलाइ लामालाई निमन्त्रणा गरेर गेलुग परम्परालाई झन् बलियो बनायो । यसबेलादेखि मंगोलिया धर्मको आधारमा एकीकृत जस्तो पनि भयो । यसबेलासम्म यहाँको बुद्ध धर्मले एकातिर यहाँको परम्परागत झाँक्रीवादी धर्मसँग प्रतिस्पर्धा गर्नुपरेको थियो भने अर्कोतिर बढ्दै गएको इसाईहरूको चुनौतिलाई पनि सामना गर्न परेको थियो । यसैबेला विभिन्न भाषामा उपलब्ध बुद्ध बचन र दर्शन सम्बन्धि ग्रन्थहरू मंगोलियन भाषामा अनुवाद पनि हुन थाले ।

१६औं देखि २०औं शताब्दीसम्म यहाँ २ हजार भन्दा बढी गुम्बाहरूको निर्माण भयो । मानिसहरूमा धर्मप्रति यसरी श्रद्धा जागे कि



https://dhamma.digital

लगभग ४० प्रतिशत जनता प्रवजित लामा बने । सबै ठुला विहारमा बुद्ध धर्मका साथै कला, नाट्यकला, खगोलशास्त्र इत्यादिको समेत पढाइ हुन्थ्यो ।

१७औं शताब्दीमा मंगोलिया क्विङ वंशको हातमा गयो । राजनीतिक अधिपत्य बढाउन पनि उनीहरूले यहाँ तिब्बती बुद्ध धर्मको प्रचार गरायो । यसैबेला यहाँको जेब्सुनदाम्बा खुतुक्तुलाई मंगोलियाको सबैभन्दा ठुलो लामाको पद दियो ।

२०औं शताब्दीको शुरुवातमा देश धर्मबाट सञ्चालित थियो । लामाहरू शक्तिशाली पनि बने । यसबेला पूर्वी युरोपमा कम्युनिज्म प्रख्यात भइरहेको थियो । उनीहरू एशियामा आफ्नो प्रभुत्व जमाउन चाहन्थे, अथवा एशियालाई आफ्नो राजनीतिक सिद्धान्तको प्रयोगशाला बनाउन चाहन्थे । यसै बिच सन् १९२१मा सोभियत युनियनको सहयोगमा मंगोलिया जन गणतन्त्र भयो, अर्थात् कम्युनिष्टहरूको राज शुरु भयो । शुरुदेखि नै सत्तामा बसेकाहरूल बुद्ध धर्मलाई सामान्ती प्रतिक्रियावादी भनेर प्रचार गर्दै थिए किनभने उनीहरूलाई थाहा थियो कि यहाँ बौद्धहरूको एकता छ र यसलाई नतोडीकन वा निमित्यान्न नबनाई यहाँ शासन गर्न सकिन्न ।

**कम्युनिष्टहरूको बौद्ध धर्ममाथि अत्याचार**

मंगोलियाको बुद्ध धर्मको कुरा गर्दा यहाँको कम्युनिष्टहरूले बौद्ध धर्म माथि गरेको अत्याचारको बारेमा केही कुरा गर्नै पर्छ । सन् १९२४ देखि १९८२मा यहा कम्युनिज्मको शासन चल्यो । लगभग ६० वर्षसम्म कम्युनिष्टहरूले यहाँका सोझा सिधा धर्म संस्कृति र सदाचारको मात्र कुरा गरेर खुशी जीवन बाँचिरहेका मंगोलियाका जनतालाई विदेशीहरूको इशारामा यहाँको हजारौं वर्ष पुरानो धर्म, संस्कृति र सभ्यतालाई खरानी खरानी बनाए । इतिहासमा यो कुरा कहिल्यै बिर्सन सकिन्न । मात्र दुइ दशकमा कम्युनिष्टहरूले यहाँका ७०० भन्दा बढी धार्मिक, ऐतिहासिक कलात्मक गुम्बाहरू भत्काए । यसैबाट अनुमान लगाउन सकिन्छ यहाँका बौद्धहरूमा कति त्रास छायो होला भनेर ।



https://dhamma.digital

नयाँ सत्ताका मानिसहरू धर्म मन पराउँदैनथे, तर त्यो भन्दा भित्री आशय भनेको उनीहरू जनता त्यसरी धर्ममा लीन भएर सुखी भएको हेर्न चाहँदैनथे । उनीहरूले बुझेका थिए कि धर्म नै मंगोलियाली जनताको एकताको सूत्र हो । उनीहरू चाहन्थे कि सबै जनता उनीहरूको जुत्ता मुनि लम्पसार परोस् । यति गराउनलाई नै उनीहरूले बौद्धहरूमाथि यति अमानवीय अत्याचार गरेको देखिन्छ ।

**दमनको चक्र :** सबैभन्दा पहिले कम्युनिष्टहरूले गुम्बा र लामाहरूमाथि दमन शुरु गरे । उनीहरूले लामाहरूमा सहेको धार्मिक अधिकार कटौती गरे, लामाहरूको संख्या घटाउन योजना बनाए, शिक्षामा धर्मलाई निषेध गरे, धार्मिक अभ्यासमा प्रतिवन्ध ल्याए अनि गुम्बाहरूमा निकै धेरै कर लगाए । यतिबेला १५ हजार भएको भिक्षु संघलाई २०० मा सीमित गरे ।

**हत्याको श्रृंखला :** त्यहाँ कम्युनिष्ट दमनका समयमा ३५ हजार मान्छेलाई मृत्युदण्ड दिएको रिपोर्ट छ तर प्रोफेसर डि ओ बात्साइखानले त्यहाँ एक लाख भन्दा बढी मान्छे मारिएको सम्भावना रहेका बताएका छन् । त्यसबेला साधारण जनतामाथि अनेक अभियोग लगाई प्रमाणित नै नगरी सयौं नागरिकलाई लहरै राखेर गोली हानी मारेको घटना प्रतिवेदनहरूमा आउँछ । यति मात्र हैन शंकाकै भरमा मंगोलियाकै कम्युनिष्ट नेताहरूलाई समेत मृत्युदण्ड दिएको भेटिन्छ । सन् १९२९मा जब देशको पुरा जनसंख्या नै ७ लाख २१ ह्जार मात्र थियो, त्यसबेला २५ हजार मंगोलियनहरूलाई मृत्युदण्ड दिइयो । सन् १९२८मा शुरु भएको दमनको श्रृंखला १९३३मा चरम बिन्दुमा पुग्यो । त्यहाँका मन्त्रीमण्डलका अध्यक्ष खालुगिन चोइबालसानले त्यहाँका भएका मध्ये १७ हजार लामाहरूलाई राज्यको शत्रु घोषणा गरेर साइबेरियाको श्रम शिविरमा पठाए, ती मध्ये धेरै फर्केर आएनन् ।

यसबेला सोभियत नास्तिकबाटको प्रभावमा परेर यहाँका बौद्धहरूलाई भयानक यातना दिएको थियो र धार्मिक अभ्यासमा प्रतिवन्ध लगाएको थियो । यसबेला सरकार बौद्धहरूलाई खतराको दृष्टिले हेर्थ्यो ।



https://dhamma.digital

सरकारी अफिसरहरूको नजरमा गुम्बाहरूले जापानी शत्रुहरूसँग मिलेर काम गरेको, प्रति-क्रान्तिको श्रोत बनेको भन्ने थियो अनि धर्ममा परम्परागत उचनीचको व्यवस्था कायम भएको देख्थे। कम्युनिष्टहरूको प्रचार विभागले समाजमा बौद्ध गुरुहरू भ्रष्ट छन् भन्ने जस्तो फिल्म देखाएर जनताको मन परिवर्तन गरे।

यसबेला थुप्रो संख्यामा भिक्षुहरू पक्राउ पर्थे, धर्म छोड्न बाध्य पारिन्थ्यो, श्रममा पठाइन्थ्यो अनि भएन भने फाँसी दिइन्थ्यो। यति समयभित्र यहाँ लगभग २० हजार बौद्ध भिक्षुहरूलाई राज्यद्वारा मारिएको थियो। अन्य लामाहरूलाई चीवर फुकालेर कम्युनिष्ट सरकारको शरण जान बाध्य बनाए। आफु कुनै पनि धर्म मान्दिन भनेर भन्न लगाए अनि अनकन्टार मैदानमा लगेर श्रम शिविरमा राखे, जहाँ उनीहरूको गुमनाम मृत्यु हुन्थ्यो। १९८५ सम्ममा त्यहाँ १०० जना लामाहरू मात्र बाँकी थिए।

यस्तो त्रासको अवस्थामा यहाँ बुद्ध धर्म मान्नेहरू हराउनु स्वभाविक थियो। सरकारको दमनबाट बचेका केही बौद्धहरू गुप्तरूपमा धर्म अभ्यास गर्दै थिए तर कम्युनिष्टहरूको सुराकी लागे पछि उनीहरूको अत्य कष्टपूर्ण हुन्थ्यो। यस दमनको फलस्वरूप धर्मले दिएको साँस्कृतिक तथा आध्यात्मिक पहिचान गुमाउनु पर्यो।

**विनाशको ताण्डब :** यसबेला यहाँका हजारौं प्राचिन गुम्बाहरू योजनाबद्ध रूपमा आक्रमण भए। कैयन गुम्बाहरू भत्काइए। गुम्बाभित्र भएका सुनचाँदी तथा बहुमुल्य पत्थरहरू कब्जा गरेर लुटेर लगे। यहाँका सुन र चाँदी सोभियत युनियनमा पठाइए र बदलामा आफ्नै नागरिकलाई आमहत्या गर्ने हातहतियार भित्र्याए। निकै ठुला ठुला गुम्बाहरू खाली गराएर सरकारले प्रशासनिक काममा प्रयोग गरे। त्यहाँका हजारौं प्राचिन ग्रन्थहरू मिल्काइए वा जलाइए। बुद्ध मूर्ति तथा त्यस्तै गुम्बामा भएका बोधिसत्व तथा अन्य सुन्दर मूर्तिहरू बाहिर ल्यएर सबैको अगाडि तोडे अनि कम्युनिष्ट शासकहरूले यसलाई विजयको रूपमा व्याख्या गरे। यहाँका गुम्बाहरूको विनाशले यहाँका जनताको



https://dhamma.digital

धार्मिक जीवनलाई मात्र फरक पारेन, बरु यहाँको विश्व सामु देखाउन लायक साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदा पनि नाश भए ।

### प्रजातन्त्रमा बुद्ध धर्म

तर यसरी लाखौं जनताको ज्यानमा खेलेर बनाएको कम्युनिष्ट सत्ता पनि मंगोलियामा टिकेन । विश्वभर कम्युनिज्मले पकड बनाउन छोड्यो, यसका भित्रका अनेकौ जन्जालहरू बाहिरिए, देशको अर्थतन्त्र झनझन खस्कियो अनि विश्वका विभिन्न देशमा कम्युनिज्म विरुद्ध जनआन्दोलनहरू हुन थाले । यसै क्रममा यहाँ पनि सन् १९९०को प्रजातान्त्रिक लहर पछि यहाँको कम्युनिष्ट शासन ढल्यो । त्यसपछिको प्रजातान्त्रिक वातावरणमा यहाँ धार्मिक गतिविधि खुल्ला गरियो र गुम्बाहरूको पुनर्निमाण भयो ।

अहिले मंगोलिया धर्मनिरपेक्ष देश हो र यहाँको संविधानले धार्मिक स्वतन्त्रताको अधिकार दिएको छ। अहिलेको स्वतन्त्र व्यवस्थामा यहाँ बौद्धहरूको जनसंख्या बढि रहेको त छ, तर पनि आफैमा कम जनसंख्या भएको देशमा आधा शताब्दीसम्म बौद्धहरूमाथि त्रासको ताण्डव नचाएपछि त्यस अमानवीय वातावरणबाट गुज्रेकोले यहाँ बौद्धहरूको संख्या इतिहासमा भएजस्तो धेरै भने बढ्न सकेको छैन ।

अहिलेको अवस्थामा यहाँको ५१.७ प्रतिशत जनताले बुद्ध धर्म मान्छन् । त्यस्तै यहाँ ३९ प्रतिशतले आफुलाई गैर धार्मिक बताउँछन्, ३ प्रतिशत मुस्लिम छन्, ३ प्रतिशत मंगोल परम्परागत धर्म मान्छन्, २ प्रतिशत इसाई छन् । ०.४ प्रतिशत अन्य धर्म मान्छन् ।

### २. परम्परा वा निकायहरू

मंगोलियामा बुद्ध धर्मको प्रवेश नै तिब्बत र चीनबाट भएको भएपछि यहाँ तिब्बती बुद्ध धर्मको प्रभाव धेरै हुनु स्वभाविक नै हो । तैपनि यहाँका केही स्थानीय विशेषताहर पनि छन् ।

**तिब्बती बुद्ध धर्म :** मंगोलियामा सबैभन्दा बढी देखिने भनेको तिब्बती बुद्ध धर्म हो । तिब्बतबाट यो जस्ताको तस्तै आएको हुनाँले



https://dhamma.digital

यसलाई तिब्बती भनेर सबैले बुझ्ने भाषामा भनिन्छ । यहाँ निर्माण गरिने गुम्बामा र तिब्बती गुम्बामा वास्तुशास्त्रीय समानता छ । यहाँको धर्म मात्र नभएर यहाँको कला, संस्कृति, भेषभूषा तथा भाषामा समेत तिब्बती प्रभाव पाइन्छ । तिब्बती बुद्ध धर्मभित्र चार निकायहरू छन्, जुन यस प्रकार छ । यहाँ प्रचलित तिब्बती बुद्ध धर्ममा गेलुपा निकायको प्रधानता छ ।

गेलुपा : मंगोलियामा बुद्ध धर्मको विकास नै तिब्बती दलाइ लामाहरूको सम्पर्कको कारण भएकोले यहाँ गेलुपाको बढी प्रभाव छ । त्यसैले धेरै पहिलेदेखि यहाँको राजनीतिमा पनि दलाइ लामाहरको प्रभाव थियो । पहेँलो टोपीबाट चिनिने यिनीहरू गुम्बामा भिक्षु अथवा लामा भएर जीवन बिताउनेमा जोड दिन्छन् । यसरी गुम्बामा बुद्ध धर्मको अध्ययन गर्नुलाई समाजमा सम्मानका साथ हेरिन्छ । मंगोलियाको प्रमुख गेलुपा गुम्बा भन्नाले गान्देन गुम्बा हो, जुन तिब्बतको गान्देन गुम्बाको बास्तुकलाबाट प्रभावित भएको देखिन्छ । यसबाहेक अन्य अल्पसंख्यकहरूको निकायहरू यसप्रकार छ ।

**शाक्य :** यो निकाय तर्क र तार्किक वहसको बढी अभ्यास गर्छन् ।

**काग्यू :** यस निकायका अभ्यास कर्ताहरू योग्य गुरुको सानिध्यमा ध्यान अभ्यासमा बढी जोड दिन्छन् ।

**निङ्मा :** तिब्बती बुद्ध धर्मको सबैभन्दा पुरानो मानिएको यो निकाय गुह्य शिक्षादीक्षामा जोड दिन्छन् ।

**चीनियाँ बुद्ध धर्म :** बास्तवमा चीनियाँ बुद्ध धर्म र तिब्बती बुद्ध धर्म भनेको एकै जस्तो भएतापनि तिब्बती बाहेकको चीनमा प्रचलित बुद्ध धर्मलाई यहाँ चीनियाँ भनेर बुझाउन खोजिएको हो । चीन र मंगोलियाको भौगालिक निकटता र राजनीतिक सम्बन्धको कारणले चीनियाँ बुद्ध धर्मले मंगोलियामा प्रभाव पार्नु स्वभाविक हो । चीनियाँ तथा मंगोलियाली भिक्षु संघको संरचनामा समानता छ, मंगोलियामा चीनियाँ भाषाबाट अनुवाद गरिएका ग्रन्थहरूको पाठ हुन्छ, चीनियाँ र मंगोलियाको बौद्ध कला र प्रतिमा विज्ञानमा समानता पाइन्छ ।



https://dhamma.digital

**प्योरलण्ड वा शुद्धभूमि बुद्ध धर्म :** चीनमा विशेष गरी अभिताभको प्रार्थना गर्ने एक निकाय छ जसलाई शुद्ध भूमि बुद्ध धर्म भनिन्छ । मंगोलियामा पनि यस निकायको अभ्यास गर्नेहरूको संख्या धेरै छ । उनीहरू अध्ययनमा भन्दा चित्त शुद्ध गरी भक्ति गर्नुमा बढी केन्द्रित हुन्छन् । तर यहाँको शुद्ध भूमि बुद्ध धर्म धेरै मात्रामा तिब्बती बुद्ध धर्मसँग मिसिएको अवस्थामा पाइन्छ ।

**३. विज्ञहरू तथा अभ्यासकर्ताहरूः**

यति लामो बुद्ध धर्मको इतिहास भएको मंगोलियमा बुद्ध धर्मका गुरु, लेखक अनुसन्धाताहरू भने सोचे जति धेरै उल्लेखनीय छैनन । तर जतिले जति योगदान दिए, त्यो ऐतिहासिक भएको छ । उनीहरूले आ आफ्नो समयमा बुद्ध धर्मको संरक्षण गर्न, यसको संरक्षणको लागि राज्यसँग पहल गर्न अनि त्यस्तो भयावह समयमा फसेर पनि बुद्ध धर्मलाई जोगाइ राखे, त्यो भने संसार भरका बौद्धहरूका लागि स्तुत्य छ । यहाँ केही प्रमुख गुरुहरूको संक्षिप्त परिचय दिइन्छ ।

**जनबजर (सन् १६३५-१७२३०)** : मंगोलियामा बुद्ध धर्मलाई स्थायीत्व दिनमा त्यसबेलाका धर्म गुरु जनबजरको नाम आउँछ । उनी मंगोलियाका बौद्ध भिक्षु, विद्वान, कलाकार पनि थिए । उनी छ वर्ष मात्र हुँदा सन् १६३९मा मंगोलियाका १६औं जेब्चुन्दाम्बा खुतुक्त तथा प्रथम बोगोद गेबिन अर्थात् गेलुपा निकाय अन्तर्गत मंगोलियाका सर्बोच्च धार्मिक गुरु बने । उनले नेपाली शैलीमा श्वेत तारा तथा वज्रधरको मूर्ति बनाएर मंगोलियाबासीको मनमा बसे । उनले एउटा आफ्नै खालको लिपिको विकास गरे जसलाई सोयोम्बो भनिन्छ र यसको एउटा प्रतिकात्मक अक्षर अहिले मंगोलियाको झण्डाको शान बनेको छ । तिब्बती बुद्ध धर्मलाई मंगोलियाली समाजसँग मिल्ने गरी विकास गर्नमा उनको योगदान गरहेको छ । तर कम्युष्टि शासनमा सत्ताधारीहरूले उनलाई देशद्रोही भनेर चिनाए ।

**जयपण्डित लुभसानपेरेनलेइ (सन् १६४२-१७०८):** उनको जन्म मंगोलियाको मुखार खुजित भन्ने ठाउँको एक गरिब परिवारमा भएको



https://dhamma.digital

थियो । ३ वर्षको उमेरमै उनलाई टुल्कुको पद दिइयो । स्थानीय गुम्बाको अध्ययन सकेपछि उनलाई तिब्बतको ड्रेपुङ गुम्बामा लगियो र पाँचौं दलाइलामाबाट जयपण्डितको अवतारको रूपमा ब्याख्या गरियो ।

**अभगन दोर्जियभ (सन् १८५४-१९३८)** : उनी बौद्ध विद्वान एवं कूटनीतिज्ञ थिए । उनले दलाइ लामासँग मित्रता बनाई तिब्बत र मंगोलियको सम्बन्ध विकास गरे । उनी लेखक तथा अनुवादक पनि थिए, उनले आफ्नो निकट भएका बौद्ध ग्रन्थहरूलाई अनुवाद गरी विश्व सामु पुर्याए ।

यस बाहेक अहिले मंगोलियाको राजनीति खुला भएपछि विभिन्न देशमा अनुसन्धानकर्ताहरूले यहाँको धर्ममा रुचि राख्न थालेका छन् । उनीहरूले यहाँको अथाह सम्पदाको आधारमा यहाँ बुद्ध शिक्षा नयाँ पुस्तालाई सिकाएर बुद्ध धर्मलाई समयानुकुल विकास वा प्रचार प्रचास गरिरहेको पनि यहाँ उल्लेखनीय छ ।

## ४. स्मारक वा मन्दिरहरू

मंगोलियको बुद्ध धर्मले गत १५ सय वर्षमा धेरै उतार चढावहरू देखिसक्यो । यति लामो समयदेखि संरक्षण गरेका धार्मिक केन्द्रहरूमा कम्युनिष्टहरूको आँखा पर्‍यो र यहाँका गुम्बा तथा मूर्तिहरूलाई भत्काए नाश गरे वा अन्य प्रयोजनमा लगे । केही बचेका तथा प्रजातान्त्रिक माहौल आइसकेपछि यहाँका बौद्धहरूले बनाएका तथा पुननिर्माण गरेका केही महत्वपूर्ण मन्दिर वा गुम्बाहरूको संक्षिप्त जानकारी यहाँ प्रस्तुत गरिन्छ ।

**एर्डेन जू गुम्बा (Erdene Zuu Monastery) :** यस गम्बाको निर्माण सन् १५८६मा भएको थियो । यो प्राचिन मंगोल सम्राज्यको राजधानी काराकोरुममा रहेको छ । यसलाई अहिले मंगोलियको बचेका गुम्बाहरू मध्ये सबैभन्दा पुरानो मान्छि । यसैकारण यसलाई युनिस्कोको विश्व सम्पदा सूचिमा पनि राखिएको छ । यसमा मंगोलियन तथा तिब्बती गुम्बाहरूको वास्तु शास्त्रका विशेषताहरू मिसिएका छन् ।



https://dhamma.digital

**गान्दान वा गान्दानतेचिन्लेन गुम्बा (Gandantegchinlin Monastery) :** यो मंगोलियाको चालु हालतमा रहेको सबैभन्दा ठुलो गुम्बा हो । यो यहाँको राजधानी उलानबाटरमा अवस्थित छ । यसको निर्माण १९औं शताब्दीमा भएको थियो तर कम्युनिष्टहरूका शासनकालमा यसलाई नराम्ररी क्षति पुर्याइएको थियो । यो गुम्बा यहाँ भित्र रहेको २६मिटर (८५ फिट) अग्लो मिजिद जनरासिग अथवा बोधिसत्व करुणामयको विशाल मूर्तिका कारण पनि प्रख्यात छ। यसलाई भवनभित्र राखिएको संसारकै सबैभन्दा ठुलो मूर्ति पनि भनिन्छ ।

**अमरबयस्गालन्त गुम्बा** (**Amarbayasgalant monastery**) : यो गुम्बा बुरुनबुरेन शहरको नजिक सेलेन्ग प्रान्तमा अवस्थित छ । १८औं शताब्दीको यो गुम्बाको बनोट विशेष छ । यसैकारण पनि यो अन्तर्राष्ट्रिय स्तरमा प्रख्यात छ । यसलाई मंगोलियाको सबैभन्दा ठुला तीनवटा बौद्ध केन्द्रहरू मध्ये एक मानिन्छ। यसलाई पनि कम्युनिष्टहरूले आफ्नो शासनकालमा नष्ट गर्न खोजेका थिए तर सकेनन् । त्यसबेला यो आंशिकरूपमा मात्र क्षतिग्रस्त भएको थियो ।

**बाल्दान बेरिभन गुम्बा** (**Baldan Bereeven Monastery**) : यो मंगोलियाको खेन्ती प्रान्तमा पहाडै पाहाडले घेरिएको उपत्यकामा अवस्थित छ । १८औं शताब्दीमा निर्मित यो गुम्बा मंगोलियाका ऐतिहासिक गुम्बाहरू मध्ये एक हो । यहाँ कुनै बेला हजारौं लामाहरू बस्थे र धर्मको अध्ययन तथा अभ्यास गर्थे । तर कम्युनिष्टहरूले यो पनि नष्ट पारे । अहिले यसको जीर्णोद्धारको काम भइरहेको छ ।

**खमार गुम्बा** (**Khamar Monastery**) :यो गुम्बा मंगोलियाको दोर्नोगोभी प्रान्तमा सैनशान्दको नजिक अवस्थित छ । यसको निर्माण बौद्ध भिक्षु तथा कवि दन्जन रावजाबाट इस्वीको १९औं शताब्दीमा भएको थियो । यो गुम्बालाई एक पवित्र आध्यात्मिक केन्द्रको रूपमा लिइन्छ । यहाँ परिसरमा एउटा गुफा तथा शम्बाला क्षेत्र पनि अवस्थित छ ।



https://dhamma.digital

## वर्तमान समयमा मंगोलियामा बुद्ध धर्म

बर्तमान समयमा मंगोलियामा बुद्ध धर्मको अर्को परिदृष्य पनि देखएिको छ। प्रजातन्त्रको पुनर्स्थापना पछि विश्वको ध्यान मंगोलियामा केन्द्रित भएको छ। मंगोलियाका जनता पनि अन्य अधिकार जस्तै धार्मिक स्वतन्त्रताको अधिकार पाएर खुशी छन्। यद्यपि अहिलेको भूराजनीतिक अवस्थामा भने मंगोलियामा बुद्ध धर्मको प्रचार प्रचारबाट चीन खुशी छैन भन्ने सुनिन्छ। खासमा भन्नुपर्दा अहिले मंगोलियाका बौद्ध संस्थाहरू तथा विभिन्न देशमा छरिएर बसेका तिब्बतीहरूका बिचमा राम्रो सम्बन्ध भएपछि चीनले असन्तुष्टी जनाएको भन्ने समाचारहरू आएका छन्। जे होस् मंगोलियाको आधाभन्दा बढी जनसंख्या बौद्ध छन् उनीहरू धर्ममा श्रद्धा राख्छन् र अभ्यास गर्छन्। यति ठुलो प्रलय झेलेर पनि उनीहरूमा भएको श्रद्धा बलका कारण त्यहाँ धर्म हराएको छैन । यो विश्वकै बौद्धहरूका लागि उदाहरणीय कुरा हो।

Dhamma.Digital



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

## एकाइ २ : अमेरिकामा बुद्धधर्म

लेखक : राजेन मानन्धर

पृष्ठभूमि अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ २ : अमेरिकामा बुद्धधर्म

## (क) पृष्ठभूमि

अमेरिकामा बुद्धधर्म विषयमा विचार गर्दा दुई अध्यायमा विभाजित गर्न निकै उपयोगी सम्झन्छु । पहिलो अध्यायबाट हामीलाई अन्वेषणात्मक तथ्यको ज्ञान दिन्छ । पछिको अध्यायबाट आधुनिक समयमा अमेरिकामा मानिसहरूको हृदयमा भएको बुद्धधर्मप्रतिको आदर र प्रेमभावको कुरा बुझाई दिन्छ ।

अमेरिकामा बुद्धधर्मको इतिहासको आफ्नै विशेषता छ । यहाँको बुद्धधर्मको इतिहास बुद्धको समयदेखि बुद्धधर्म प्रचार भएर अहिले सम्म बीचमा खण्डित नभैकन जीवित धर्म परम्परा प्रवाहित भएको नेपालको बुद्धधर्मको इतिहास जस्तो होइन, नत अशोकको धर्म दूत पठाउने काम अथवा त्यसको केही सदी केही वर्षपछि त्यस्तै धर्मदूत पठाउने कामले धर्म प्रचार भएदेखि अहिलेसम्म जीवित बौद्ध परम्परा प्रवाहित भएको बर्मा, श्रीलंका र थाइलैण्डको बुद्धधर्मको इतिहास जस्तो नै हो । अझ कुनै समयमा बौद्ध दर्शन र बौद्ध संस्कृतिको ढुकुटि जस्तो भएर पनि आज प्राय बौद्ध पद्धति र बौद्ध संस्कृतिको परम्परा केही पनि नभएको भन्न सकिने अफगानिस्तानको बुद्धधर्मको इतिहास जस्तो पनि होइन, नत कुनै समयमा प्रचूर मात्रामा र प्रसस्त मात्रामा बौद्ध संस्कृतिको प्रभाव भएर पनि आज मात्र स्थबिरवादको केहि प्रचार प्रसार पुनः भैरहेको इन्दोनेसियाको बुद्धधर्मको इतिहास जस्तो नै हो । प्राचीन कालमा नै बुद्धधर्म एक पटक पुगेर पनि बीचको समयमा बुद्धधर्मको चर्चा नै नभएको आज सम्पूर्ण प्राय बौद्धनिकायको स्वतन्त्र र स्वच्छन्द रूपले विकास भैरहेको अमेरिकाको बुद्धधर्मको इतिहास रमाईलो र घटलाग्दो छ ।



https://dhamma.digital

अमेरिकाको बुद्धधर्मको इतिहास त्यसै आश गर्नु नै मुस्किल पर्ने किसिमबाट पुरानो छ। १४९२ ईस्वीमा कोलम्बसको प्रयत्नले मात्र पत्ता लागेको सम्झनेहरूका लागि यो आश्चार्य लाग्दो कुरा पनि हो । स्व. आचार्य महाबीरप्रसाद द्वीवेदी जस्ता अन्वेषकहरूले भन्नु भयो ईसाको पाँचौ शताब्दी तिर नै एशिया माइनर जस्तो देशमा बुद्धधर्म प्रचार गर्दै काबुल, चीन र जापानका बौद्धहरूले मैक्सिको राज्यमा गएर बुद्धधर्मको प्रचार गरेका थिए । बौद्धहरू उत्तरी चीनको बाटोबाट गएर अलास्का पुगेर त्यहाँदेखि समुद्रको तिरै तिर अघि बढेर तिनीहरू मैक्सिको पुग्नगये। तिनीहरूको यस अतीत इतिहासको कतिपय प्रमाणहरू स्पेनिशहरूले नष्ट गर्दा पनि ती समुद्रको किनार किनारमा रहेका प्रदेशमा सबैतिर बाँकि रहेको सभ्यताले त्यो इतिहास खोतली रहेकै छन्। अझ सबभन्दा पहिले अमेरिका पत्तालगाउने वास्तवमा बौद्धहरू नै हुन् । यसको निम्ति मैक्सिकोमा भेत्ताइएको बौद्धयुगको शीलामय मूर्ति कला र भवन निर्माणकला यसको विश्वस्त प्रमाण हो ।

यहाँ बौद्धमन्दिर, दीर्घपरिच्छद धारी बौद्ध पुरोहित र नानाप्रकारका बुद्धमूर्ति कम प्राप्त भएका छैनन्। ग्वाटेमाला नै वास्तवमा गौतमालयको अपभ्रंश हो । मैक्सिकोको पाव भन्ने ठाउँमा भेट्टाइएको बुद्धमूर्तिलाई शाकोमल भनि लेखिराखेको छ। यो शाक्यमानिको नै अर्को रूप हो। अनि त्यहाँ पाइएको शिलालेखले पनि मैक्सिको निवासीहरू बुद्धधर्मावलम्बी हुन् भनि जान्न सकिन्छ। अहिलेसम्म मैक्सिकोवासीहरूले आफ्नो पुरोहितलाई देशाक्का अथवा शाक्कापुरुष भनि रहेका छन् । यो बौद्धभिक्षुहरूको संस्कार संग सम्बन्धित शब्द शाक्यपुरुषको रूपान्तर मात्र हो। यहाँको एकजना पुरोहितको नाम कोकोरसाक्का भन्छन् । यो पनि गौतम शाक्यको बिग्रेको शब्दरूप हुनु पर्छ। चिनियाँ भाषामा पाइएको वृतान्त अनुसार पाँचजना भिक्षुहरूले फुसांग देशमा गएर धर्म प्रचार गऱ्यो । स्वयं भिक्षु हुइसेन (इयसेन) ४९९ ई.मा फुसांगबाट चीन पुगे। फुसांग देश चीनबाट २०००० ली अर्थात् ६५०० मील टाढा पर्छ। यो समुद्रले घेरिएको दशहजार ली चौडाई भएको देश हो। वास्तवमा रुखको नाउँले



https://dhamma.digital

नै हुइसेनले देशको परिचय दिएको थियो । रुखको वर्णनको साम्यभावले फुसांग त्यहि त्यहि रुख भनि भन्छन् । जसलाई मैक्सिकोवासीहरूले आज भोलि आगेवी भन्छन् । हुइसेनले यहाँ जुन जुन चाँदी र तामाको वर्णन गऱ्यो त्यो कोलम्बसले स्पेनमा लग्यो । यसको अतिरिक्त प्राचीन कालमा एक श्वेतकाय दीर्घ परिच्छेदधारी महापुरुष मैक्सिकोमा आएको कुरा मैक्सिकोवासीहरूले स्वयं स्वीकार गरेको छ। उनी महापुरुष हुइशापे हुन्। हुइशापे वास्तवमा हुइसेन नै हुनुपर्छ। पाँचजना भिक्षुहरू फुसांगमा गएर धर्मप्रचार गरेको बाटोको बारेमा कसैले रुसको उत्तरिभाग कामाटकास्का भएर पैसिफिक महासागर नाघेर अलास्का बाट मैक्सिको पुग्न गएको भन्छन् । जे होस मैक्सिकोमा पुगेको त्यो बौद्धसंस्कृति र सभ्यता कहाँ कसरी गएर बीचमा टुक्रियो (रोकियो) आजसम्म अन्वेषणको नै विषय छ, यद्यपि अमेरिकाजस्तो वैज्ञानिक प्रक्रिया भएको देशले यस विषयमा प्रयत्न गरेको खण्डमा पुरागर्न नसकिने काम होइन ।

अब दाश्रो अध्यायमा विचार गरौं । वर्तमान युगमा पनि अमेरिकाका मानिसहरूको बुद्धधर्मप्रति आदर र प्रेमभाव जागरण भएको शय वर्ष नाघिसकेको छ । येल विश्वविद्यालयबाट १८५४ ईस्वीदेखि बुद्धधर्मको विषयमा अध्ययन अध्यापनको व्यवस्था गरिसकेको देखिन्छ। उन्नाइसौं शताब्दीको समयमा हेनरि क्लाकले वारेन जस्ता बचपन देखि नै शारीरिक वेदनाले दुखि भएकाहरूलाई बुद्धधर्मबाट शान्ति सान्त्वना दियो । वारेन बचपन देखि नै पिठयुँमा घाउ भएको नामी उच्चकुलको एक व्यक्ति थियो । उसले संस्कृत र पालीग्रन्थको गहन अध्ययन गरेर बुद्धधर्ममा अधिकार प्राप्त गनु भयो । निकै नै पालीग्रन्थ अंग्रेजिमा अनुवाद गरी दियो । अमेरिकी जनताले मूल ग्रन्थको ज्ञान लिन सक्यो । यिनले नै हार्वर्ड विश्वविद्यालयमा ओरियण्टल सिरिज (हार्वर्ड पुर्वीय श्रृंखला) को कार्य प्रारम्भ गर्नु भयो । यो सिरिज भित्र बुद्धधर्म सम्बन्धि निकै ग्रन्थ निस्के । अनि बुद्धधर्म अध्ययन गर्ने ठूलो काम पनि यही विभागबाट सम्भव भयो ।

१८५५ ईस्वीमा अमेरिकाका एक प्रसिद्ध लेखक हेनरि दाविद



https://dhamma.digital

थोरेडलाई इंगलैण्डका आफ्ना साथीहरूको तर्फबाट प्राप्त भएको प्राचीन साहित्यका ग्रन्थहरूको साथै बरनफ (BURNOUF) लिखित बुद्धधर्मका पुस्तक एउटा (LOTUS DELABONNE LOI) हातमा पर्दा वहाँ यति खुसि हुनु भयो, मानौ एक अमूल्य निधि नै वहाँको हात पऱ्यो । यसबाट पनि स्पष्ट गर्छ, उन्नाइसौं शताब्दीको आधिपछि सम्म अमेरिकामा बौद्धसाहित्य राम्रैसंग सुलभ भएको थिएन भनेर ।

अमेरिकी जनतालाई पहिले पहिले त बुद्धप्रति श्रद्धालु वा बुद्धधर्म परिपालन गर्नेहरूको हातबाट निर्माण गरिराखेको शान्ति र प्रेमभावले ओत प्रोत भएको उच्चस्तरको कलात्मक विशिष्टताले नै बुद्धधर्मप्रति आकर्षित गरेको थियो । १८७८ ईस्वीमा बोष्टनका एक शिक्षक फेतोलासाले जापानमा गएर त्यहाँको बौद्धकलाको अध्ययन गऱ्यो फेरि स्वयलें बौद्धजीवन पनि बितायो ।

यसपछि चाँडै नै अमेरिकामा आध्यात्मिक चिन्तन मननतिर अभिरुचि बढ्नथाल्यो । १८९३ ईस्वीमा शिकागोमा अन्तराष्ट्रिय धर्म सम्मेलन भयो । यो सम्मेलनमा धेरै नै देशका अनेक धर्मालम्बीहरूले भाग लिए । एसिया, यूरोप र अमेरिकादि विश्वका अनेक देशहरू धर्मको माध्यमबाट एउटै मञ्चमा उभिएर शान्ति र प्रगतिको निम्ति विचार आदान प्रदान गर्न, आवश्यक समान हितपूर्ण आफ्नो क्षेत्रबाट मद्दत गर्न यो सम्मेलनले एउटा सजिलो बाटो देखायो, मार्ग दर्शन गऱ्यो ।

यो सम्मेलनमा "गोसपेल अफ् द बुद्ध" पुस्तकका लेखक डा. पौलकरस र सर एडबिन अरनोल को "द टेलेग्राफ्" पत्रिकामा प्रकाशित बुद्धगया सम्बन्धि रचनाले उत्तेजित भएर आफूलाई बुद्धधर्ममा समर्पित गरी निस्केका एक सिंहली युवक धर्मपालले पनि भाग लिएको थियो । यो सम्मेलनले यी दुई व्यक्तिलाई मिलाउने (भेट्टाउने) जुन काम भयो त्यसबाट एशिया र अमेरिका बीच बलियो एउटा मित्रता नै गाँसी दियो भने पनि हुन्छ । डा. पौलकरसको निमन्त्रणमा दोश्रो पटक अमेरिकाको यात्रा गरेर अनागारिक धर्मपालले झण्डै एक वर्ष जति बुद्धधर्मको विषयमा प्रवचन दियो । यतिबेला नै अमेरिकामा अमेरिकन महाबोधि सोसाइटीको



https://dhamma.digital

स्थापना पनि भयो । अनि धेरै नै अमेरिकनहरू बुद्धधर्ममा दिक्षित भए । यसपछि १९०२ ईस्वीको यात्रामा अनागारिक धर्मपाललाई होनोलुलुको मिसेज मेरि इ.फोष्टरले जुन आर्थिक मद्दत गर्नुभयो, त्यसबाट भारतीय महाबोधि सोसाइटीको त्यो शिलान्याश गरिदियो, जसको आधारशीलामा आजसम्म यो सोसाइटी खडा भै बुद्धधर्मको प्रचार प्रसारमा संलग्न छ ।

अमेरिकी कांग्रेसले कुनै एक अनुष्ठान वा धर्मको सम्मान अथवा धार्मिक स्वतन्त्रताको विरुद्धमा कुनै कानून बनाउँदै भन्ने संवैधानिक ग्यारेण्टिमा अयमेरिकामा भएका २५० वटा विभिन्न धार्मिक संगठनमा दर्जनौं बौद्धसंगठन पनि छन् । यिनमा वासिंगटनस्थित बुद्धिष्ट सेन्टर अफ द यू.एस.ए., शिकागोस्थित अमेरिकन बुद्धिष्ट एसोसियशन, क्यालिफोर्नियास्थित युनिभर्सल बुद्धिष्ट फेलोशिप, हिंगासी होंगोजी मिशन, होम अफ द धम्म, बुद्धिष्ट चर्च अफ् अमेरिका, वर्कलेप बुद्धिष्ट चर्च सडीसेन्ट्, नेओ धम्म र जेन बुद्धिष्ट स्टडि ग्रूप, भर्जिनियास्थित वासिंगटन फ्रेण्ड्स अफ् बुद्धिष्ट, हवाईस्थित डाइमोन संघ, न्यूजर्सेस्थित बुद्धिष्ट वे र लामाइष्ट बुद्धिष्ट मोनस्टरि, मिसोउरिस्थित बुद्धिष्ट फेलोसिप, पेनसिल भानियास्थित द गोल्डेन लट्स, न्यूयार्कस्थित द फस्ट जेन इन्टिच्यूट र अमेरिकन बुद्धिष्ट एकेडेमी, आरिजोन (कोलोरोडो) स्थित बुद्धिष्ट सोसाइटी अफ् देनभर, टेक्सास् (हुस्टन) स्थित बुद्धिष्ट स्टडी ग्रूप, क्याम्ब्रिजस्थित क्याम्ब्रिज बुद्धिष्ट सोसाइटी विशेष उल्लेखनीय छ । यी सबै बौद्ध संस्थाहरूमा विभिन्न निकायको उन्नति र प्रगति भैरहेको छ । फेरि अमेरिकन बुद्धिष्ट एकेडेमी जस्ता धेरैवटा संगठनले कुनै यानलाई स्वीकार नगरिकन एक यान भन्ने मार्गमा लागिरहेका छन् । फेरि यी सबै संस्थाका सक्रिय सदस्यहरूको गणना गर्ने हो भने यिनीहरू एकलाख भन्दा बढी छन् । यसको अतिरिक्त जापानी बौद्धधर्मको सिंग, होगानजी, जेन, दोदो, निचिरेन आदि ५० भन्दा बढी बौद्धसंगठन वा विहारको धर्मपालन र प्रचार प्रसार अलग्गै छन् ।

वासिंगटन फ्रेण्डस अफ बुद्धिष्ट भन्ने संगठनले बुद्धधर्मको विषयमा बरोबर सम्मेलन गर्छन् । धेरैले यो संगठनधित्र रहेर उच्च



https://dhamma.digital

नैतिकता प्राप्त गर्न अष्टांगिक मार्गको अनुकरण गर्न बल प्राप्त गरेका छन् । सान्फ्रान्सिस्कोका मानिसहरूको श्रद्धा बलले युनिभर्सल चर्च भन्ने राम्रो विहारको निर्माण भयो । १९८३ मा विधिवत् उद्घाटन भएको यस विहारको युनिभर्सल बौद्ध संगठन आज भोलि निकै सक्रिय छन् ।

श्रीफ्रिफ्टोनले १९५३ ईस्वीमा बनाएको संगठनबाट निस्केको गोल्डेन् लट्स् पत्रिकाले बुद्धधर्मको प्रचारमा ठूलो भूमिका खेलिरहेको छ । विशोप शाक्य कांयो र निचिरेन बौद्ध विहारले तिब्बती बौद्धशरणर्थीहरूलाई निकै मद्दत गऱ्यो । एकजना स्वयं शरणार्थी भिक्षु घिसे वाँगेल्ले उपदेश मात्र दिएर धन संग्रह गर्दै एउटा बौद्ध स्तूप नै बनाइदियो ।

आज अमेरिकामा १,७०,००० भन्दा बौद्धहरू छन् । संसारका सम्पूर्ण जनताका ज्ञान र धर्मको विचारले परिचित हुन आवश्यक छ भन्ने सिद्धान्तमा प्रबुद्ध समाज सम्बन्धी अमेरिकी परिषद्ले बुद्धधर्मको अध्ययनमा प्रगति ल्याउन निकै अमेरिकि र क्यानाडियन विश्वविद्यालयलाई अनुदान दिएको छ । अमेरिकामा ४०० भन्दा बढी कलेज र विश्वविद्यालयमा बौद्ध विषय आफ्नो पाठ्यक्रमा भित्रयाएको छ । फेरी यी पाठयक्रम सिकाउन विद्वान प्राध्यापकहरू पनि प्रसस्त छन् । जुन ठूला ठूला विश्वविद्यालयमा बुद्धधर्म र दर्शन विषय मात्र होइन संस्कृत र पालीभाषा त्यस्तै बौद्धकला र इतिहास विषयमा पनि शिक्षादिने व्यवस्था भैरहेको छ । १९६१ ईस्वीमा विसकोसिनको विश्वविद्यालयले बौद्ध विक्षयमा पि.एच्.डी. को व्यवस्था गऱ्यो । वासिंगटन डी.सी.स्थित स्थविरवादी बौद्ध विहारले पनि राम्रोसंग बुद्धधर्म प्रचार गरिरहेको छ ।

धन सम्पत्तिले सम्पन्न, विज्ञानको विकासले सबभन्दा पहिले चन्द्र धरातलमा पाईला टेक्न देश अमेरिकाले आफ्नो ग्वाटेमालाकालीन बुद्धधर्मको गौरवमय परम्परामा सम्बन्ध राखेर बुद्धधर्मको सम्यक अनुकरण गर्ने प्रयत्न गरेको खण्डमा निसन्देह परमाण्विक शक्तिले संसार विनष्ट हुनुबाट बच्ने वा बचाउन सक्ने मात्र होइन विपुल धनराशी अनावश्यक ठाउँमा खर्च हुनुबाट बचेर मानवमात्रको भोक, प्यास, अशिक्षा, अज्ञान, रोग, दुःख निवारण गर्न पनि खर्च गर्न सकिने छ । वास्तवमा आज



https://dhamma.digital

समस्त धर्मले आवश्यक थानेको पनि संसारबाट आणविक युद्ध कहिल्यै हुन नदिने अनि संसारका सबै प्राणीहरू भैतिक दृष्टि र आध्यात्मिक दृष्टिबाट सुखि र समृद्ध गर्नु नै हो ।

(प्रस्तुत रचना स्व. आचार्य हजारिप्रसाद द्वीबेदीद्वारा लिखित "बौद्धौंद्वारा अमेरिकाका अन्वेशण" धर्मदूत १३/७ अथवा "बौद्धपिनिपाखें अयमेरिकाया अन्वेषण" बैशाख पूर्णिमा १५११ बुद्ध जयन्ती, "विश्वव्यापी बुद्धधर्म" धर्म दूत १४/२, सहायक अमेरिकी राजदूत श्रीह्यारीवर्न्स द्वारा लिखित "अमेरिकामा बौद्धधर्मको ज्ञान" बैशाख पूर्णीमा २५११ बुद्ध जयन्ती, अमेरिकी राजदूत क्यारोल सी लेस ले दिनुभएको २५१३ बुद्धजयन्ती र २५१४ बुद्धजयन्तीको भाषण, *2500 Years of Buddhism, Delhi, /W F B* को *News bulletin, 2507* र *2509* श्रीकृष्णमान मानन्धरले लेख्नुभएको *"Buddhism in America, The Motherland" 27 May 1964,* अमेरिकन बुद्धिष्ट एकेडेमी , महाबोधि ७७/३ को आधारमा अनुदित र सम्पादित गरिएको हो । श्रोत : सम्पादक भिक्षु सुद्धर्शन)

नोट : 'पृष्ठभूमि' को यहाँसम्मको लेखन भिक्षु सुदर्शन महास्थविरको लेखनबाट लिइएको हो । - सम्पादक मण्डल)

## (ख) वर्तमान संयुक्त राज्य अमेरिकामा बुद्धधर्म

संयुक्त राज्य अमेरिका (यू.एस.ए) उत्तरी अमेरिका महाद्वीपमा स्थित एक देश हो जुन भूमि र कुल क्षेत्रफलको हिसाबमा विश्वको तेश्रो सबैभन्दा ठुलो देश हो । यस अन्तर्गत ५० राज्य, एक संघीय जिल्ला, ५ प्रमुख असम्मिलित क्षेत्र, ९ साना बाहरी द्वीपहरू तथा ३२६ इण्डियन आरक्षणहरू पर्दछन् । यसको उत्तरमा क्यानाडा र दक्षिणमा मेक्सिकोसँग सीमाना जोडिएका छन् । यसको सीमा पश्चिममा प्रशान्त महासागर र पूर्वमां आन्ध्र महासागरसम्म फैलिएको छ । यहाँको राजधानी वाशिंगटन डी.सी. हो तर यसको सबैभन्दा धेरै जनसंख्या भएको शहर तथा प्रमुख वित्तीय केन्द्र न्यूयोर्क शहर हो ।

यहाँका आदिबासीहरूका पूर्वजहरू १२ हजार वर्ष भन्दा



https://dhamma.digital

अगाडिदेखि यहाँ रहेको मानिन्छ । सन् १४९२ देखि यहाँ यूरोपको उपनिवेशीकरण शुरु भयो र यसको लगतै पछि विभिन्न रोगहरूका कारण आदिबासीहरू मर्न थाले । त्यस्तै युद्ध, जातीय नरसंहार तथा दासता जस्ता कारणले पनि उनीहरूको संख्या कम हुँदै गयो । त्यस्तै १६०७ देखि ब्रिटिश उपनिवेशीकरणका कारण यहाँ कोलोनीहरूका स्थापना भयो । पछि उनीहरूको ब्रिटिश साम्राज्यसँग द्वन्द्व भयो, अमेरिकी स्वतन्त्रता संग्राम भयो । यस देशले विस्तारै स्वतन्त्र राज्यको रूपमा स्थापित हुन पायो । सन् १९०० देखि यो सबैभन्दा ठुलो अर्थतन्त्र र शक्तिशाली देशको रूपमा देखापर्यो । अनि १९९१मा सोभियत संघको पतन पछि यो विश्व शक्तिको रूपमा स्थापित छ । आज विश्वकै इतिहासमा संयुक्त राज्य अमेरिका अप्रवासीहरूको देश हो । यहाँको जनसंख्यामा विविधता छ र विश्वभरका देशहरूबाट यहाँ राम्रो अवसर र जीवनशैलीको लागि ओइरिने गर्दछ ।

अमेरिकी संविधानको पहिलो संशोधनले स्पष्ट पारेको छ कि यहाँ हरेक नागरिकलाई अफ्नो धर्म मान्ने वा कुनै पनि धर्म नमान्ने अधिकार छ । धार्मिक स्वतन्त्रता यहाँको संविधानले सुनिश्चित पारेको अधिकार हो ।

## अमेरिकाका धर्महरू

अमेरिकी जनगणनामा जनताको धर्मको बारेमा प्रश्न गरिँदैन । तर पनि विभिन्न समूह वा संस्थाहरूले प्रत्येक धार्मिक समूहसँग सम्बन्धित मानिसहरूको अनुमानित जनसंख्याको अनुपात निर्धारित गर्न सर्वेक्षणहरू गरिरहेका हुन्छन् । जस्तै चर्चहरूले आफ्नो सदस्यसंख्याको गणना गर्ने गर्छन् । यसै आधारमा यहाँ कुन धर्म मान्ने कति छन् भन्ने औसत प्रतिशत निकालिएको छ । लिब्रेटेक्स्टस् सोसल साइन्सेसका अनुसार अमेरिकामा विभिन्न धर्म मान्ने जनसंख्यको अनुमानित प्रतिशत यस प्रकार छ । ईसाई धर्म मान्ने ५९.९ देखि ७८.४%, नास्तिक या अज्ञेयवादी सहित असंबद्ध १५.०% देखि ३७.३% छन्, यहूदी धर्म १.२% देखि २.२% छन्,



https://dhamma.digital

इस्लाम लगभग ६% छन्, बुद्ध धर्म ०.५% देखि ०.९% छन्, हिन्दू धर्म ०.४% छन् र अन्य धर्म मान्नेहरू १.२% देखि १.४% छन् ।

संयुक्त राज्य अमेरिकामा कुनै पनि क्षेत्रमा धर्मको आधारमा भेदभाव गर्नुलाई गैरकानूनी मानिएको छ। यस अनुसार , कर्मचारीहरूको नियुक्ति, पद बहाली, बर्खास्ती, आदिमा भेदभाव गर्न पाइँदैन । त्यस्तै स्कुल, कलेज तथा विश्वविद्यालयमा धार्मिक विभेदलाई निषेध गरिएको छ । अनि अनि धर्मको आधारा उत्पीड़न पनि गैर कानूनी हो । ००० अमेरिकामा बुद्ध धर्म अमेरिका आफै नयाँ देश भएकोले यहाँ बुद्ध धर्मको इतिहास पनि लामो छैन। यहाँ बुद्ध धर्मको प्रवेश १९औं शताब्दीमा यहाँ आएका एशियाली मुलका आप्रवासीहरूबाट भएको थियो ।

सामान्यतया: संयुक्त राज्य अमेरिकामा बुद्ध धर्म सन् १९४०को दशकमा प्रवेश गरेको मानिन्छ। चीनियाँहरू अमेरिकामा सन् १८२०तिर देखि आएका थिए भने सन् १९४८ देखि उनीहरू निकै ठुलो संख्यामा प्रवेश गर`। सन् १९६५मा आप्रवासन कानून फेरिएपछि एशियालीहरू झन् धेरै ओइरिए ।

यस्तै प्रकारले यहाँ विभिन्न देशका बौद्धहरू आउन थाले र सबै देशका बौद्धहरूले आआफ्नो देशको विशिष्टीकृत बुद्ध धर्म ल्याउने र अभ्यास गर्ने भएकोले यहाँ बिस्तारै विविध प्रकारका बुद्ध धर्म देखिन थाल्यो । यसलाई बिस्तारै आप्रवासी बुद्ध धर्म भनेर नाम दिने चलन आयो । यस भित्र श्रीलंकाली बौद्धहरू, म्यानमार बौद्धहरू, थाइ बौद्धहरू, क्याम्बोडियाली बौद्धहरू, भियतनामी बौद्धहरू, चीनियाँ बौद्धहरू, कोरियाली बौद्धहरू अनि जापानी बौद्धहरूले अमेरिकी भूमिमा आआफ्नो ढंगले बुद्ध धर्मको अभ्यास गरिरहेको पाइन्छ । र यसलाई अन्य धर्मावलम्बीहरूले सहज रूपमा स्वीकार गरिरहेको पाइन्छ ।

क्षेत्रगत रूपमा हेर्दा हवाइ अमेरिकाको सबै भन्दा धेरै बौद्ध जनसंख्या भएको राज्य हो। यहाँको ८ प्रतिशत जनता बौद्ध छन्। त्यस्तै क्यालिफोर्नियामा २ प्रतिशत जनता बौद्ध छन् ।



https://dhamma.digital

## १. इतिहास

### अमेरिकामा बुद्ध धर्मको विकास

**१९औं शताब्दी :** संयुक्त राज्य अमेरिकामा बुद्ध धर्मको परिचय सबैभन्दा पहिल १९औ शताब्दीमा भएको थियो । यसमा एशियाली आप्रवासीहरूको माध्यमबाट भएको थियो । त्यसमा पनि सबैभन्दा बढी चीनीयाँ तथा जापानी आप्रवासीहरूको योगदान बढी देखिन्छ जसले अमेरिकामा आआफ्नो देशमो धार्मिक परम्पराहरू त्यहाँ परिचय गराए ।

**१८९३ : विश्व धर्म संसद :** सन् १८९३ मा अमेरिकाको शिकागोमा विश्व धर्म संसद (World's Parliament of Religions) को आयोजना भयो । यस घटनालाई अमेरिकामा बुद्ध धर्मको इतिहासको शुरूआतको एक महत्वपूर्ण घटना मानिन्छ । विश्वका विभिन्न देशका धर्म वा विश्वासहरूको अन्तरक्रियाको रूपमा आयोजना गरिएको यस सम्मेलनमा श्रीलंकाका अनागरिक धर्मपालले दक्षिणी बुद्ध धर्म वा थेरवादको प्रतिनिधिको रूपमा, जापानी सोयेन शाकुलाई जेन बुद्ध धर्मको प्रतिनिधिको रूपमा तथा शुद्धभूमि बुद्ध धर्मका गुरु जापानी कियोजावा मान्शीलाई धर्मको दर्शनको प्रारूपको बारेमा बोल्न लगाइएको थियो । उहाँहरूले बुद्ध धर्मको शुरुवात, दर्शन तथा यसको विस्तारको बारेमा विस्तृतरूपमा वर्णन गरे । यसका साथै उहाँहरूले अमेरिकीहरूले सर्वमान्य भन्दै आएको क्रिश्चियन परमेश्वरको अवधारणा भन्दा फरक खालको दर्शन एशियामा २५०० अगाडि नै फैलिसकेको बताएर सबैलाई चकित पारे । यसपछि अमेरिका लगायत विश्वका अन्य देशका प्रतिनिधिहरू यसबारे धेरै जिज्ञासु बने । त्यसपछि बुद्ध धर्म विस्तारै गहन अध्ययन अनुसन्धानको विषयको रूपमा विकास हुँदै गयो ।

**२०औं शताब्दीको शुरूआत : थियोसोफिकल सोसाइटी तथा ट्रान्सेन्डेन्टलिस्ट्स**

सन् १८७५मा अमेरिकाको न्यूयोर्क शहरमा थियोसोफिकल सोसाइटीको स्थापना भयो । यो विशेष नयाँ धार्मिक आन्दोलनको लागि धर्मशास्त्रको अध्ययन गर्ने संगठनात्मक निकाय को रूपमा स्थापना



https://dhamma.digital

भएको थियो । अमेरिकी आर्मी अफिसर, पत्रकार तथा वकिल कर्नेल हेनरी स्टील ओल्कोट यसका संस्थापक अध्यक्ष थिए । यसले पुराना यूरोपीय दर्शन प्लेटो दर्शन तथा आदिका साथै हिन्दु धर्म, बुद्ध धर्म र इस्लाम जस्ता एशियाली धार्मिक परम्पराहरूको तलनात्मक अध्ययन र ब्याख्या गर्ने उद्देश्य लिएको थियो । यसैबेला त्यहाँ जापानीहरूले मन पराएको जेन बुद्ध धर्मको प्रचार शुरु भयो । यहाँ सन् १९०४मा सोक्यो उएओका हवाइमा बुद्ध धर्म सिकाउन पुगे । त्यहाँ सन् १९०७मा जेन मन्दिर बन्यो र उनलाई मान्तोकुजि मन्दिरको संस्थापक बने ।

**२०औं शताब्दीका मध्य : द्वितीय विश्व युद्ध पछि बुद्ध धर्ममा आकर्षण**

द्वितीय विश्व युद्ध पछि अमेरिकी बुद्धिजीविहरू तथा लाकार हरूको बीच बुद्ध धर्म सहित पूर्वी दर्शन में रुचि बढ्न थाल्यो । यसबेला बीट जेनेरेशन अथवा बीटनिकहरू भन्ने एउटा पुस्ता जस्तै बन्यो जसले बीट संस्कृतिको विकास गर्यो जसको उद्देश्यभ नेको पुराना परम्परागत मान्यताहरूलाई त्यागेर नयाँ आध्यामिक खोज गर्ने र अमेरिकी तथा पूर्वीय धर्महरूको अध्ययन गर्ने आर्थिक भौतिकवादलाई अस्वीकार गरेर हिँड्ने थियो । यसै सन्दर्भमा केराओकको सन् १९५८मा प्रकाशित दि धर्म बम्स भन्ने उपन्यासको प्रमुख विषय बुद्ध धर्म थियो । यसले पश्चिमी विश्वमै बुद्ध धर्मलाई प्रख्यात बनाउन सहयोग गर्यो । यस्ता लेखकहरूको विचारबाट प्रभावित भएर पनि धेरैले बुद्ध धर्म अपनाए ।

**१९५९ : तिब्बती बौद्ध धर्म**

सन् १९५१मा तिब्बत चीनको नियन्त्रणमा गयो, सन् १९५९मा त्यहाँ विद्रोह भयो र यसको पछि उहाँ निर्वासनमा जानुभयो । यो घटनाले विश्वको ध्यानाकर्षण गरिरहेको थियो । यसलाई पश्चिमाहरूले यसलाई स्वतन्त्रताको लागि गरिएको आन्दोलनको रूपमा लिए । त्यसमा पनि पछि त्यहाँका १४औं दलाइ लामाको निर्वासनले उहाँप्रति मानिसहरूको सहानुभूति थप्यो ।

आध्यात्मिक गुरु दलाई लामालाई तिब्बतका जनताले राजनीतिक



https://dhamma.digital

नेतृत्व दिनुको साथै बौद्धहरू अवलोकितेश्वरकै स्वरूपको रूपमा पनि मान्दछन् । सन् १९७९मा उहाँले संयुक्त राज्य अमेरिकाको भ्रमण गर्नुभएपछि त्यसको प्रभाव त्यहाँका जनतामा धेरै पर्यो । त्यहाँ जनताले बुद्ध धर्ममा रुचि राखे, अध्ययन गर्न थाले र आफूलाई बौद्ध भन्नुमा गर्व गर्नथाले । यसले पनि त्यहाँ तिब्बती बौद्ध केन्द्रहरूको स्थापना गर्न र तिब्बती बौद्ध समाजको निर्माण गर्न योगदान गर्यो ।

**सन् १९६० र ७०ः प्रतिसंस्कृति र मुख्यधारा एकीकरण**

सन् १९६०को दशक अमेरिकाको सामाजिक परिवर्तनको हिसाबले एक महत्वपूर्ण समय थियो । अमेरिकाकै संलग्नतामा विश्वमा भएका परिवर्तनहरू त्था कतिपय युद्धका विनाशकारी परिणामहरूले गर्दा युवा अमेरिकीहरूमा कुनै कुरामा पनि आस्था वा मोह नभएको र हिजोको भन्दा बेग्लै ढंगले सोच्ने र जिउने प्रवृतिले बिस्तारै ठाउँ लिइरहको थियो । यसैलाई  प्रतिसंस्कृति भनियो । त्यस्तै गरी विभिन्न क्षमता र पृष्ठभूमि भएका मानिसहरूलाई एकैसाथ लानुपर्छ भन्ने सामाजिक आग्रह वा अभियान पनि यसैबेला देखियो । यस्ता आन्दोलन वा अभियानहरूले उनीहरूलाई जीवन जिउने नयाँ नयाँ तरिका वा बाटोको खोजिनिती गरायो र यस मध्ये धेरैले बुद्ध धर्मलाई संसारमा भएका सबै प्रकारका युद्ध अशान्ति अनि मानसिक समस्याको एकमात्र समाधानको रूपमा स्वीकारे । यस्तो वातावरणले त्यहाँ बुद्ध धर्मलाई लोकप्रिय बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसैको फलस्वरूप पनि अमेरिकी समाजमा बुद्ध धर्म प्रख्यात हुँदै गयो अनि विभिन्न बौद्ध केन्द्रहरूको स्थापना हुनुको साथै समाजमा अमेरिकी बौद्ध समुदायहरू संगठित हुनथालेको देखियो ।

**१९८० देखि : विविधता र विस्तार**

यसपछिका दिनहरूमा संयुक्त राज्य अमेरिकामा बुद्ध धर्म भौगोलिक रूपमा अझ नयाँ नयाँ राज्य र शहरहरूमा फैलियो । यसका साथै विषयगत ढंगले पनि यसमा अलग अलग संकाय वा सम्प्रदायको अलग अलग संगठन बने । त्यहाँका स्वतन्त्र धार्मिक अभ्यास गर्ने



https://dhamma.digital

प्रचलनले, नयाँ कुरामा गहिरो अध्ययन गर्ने चाहनाले र आधुनिकरणबाट वाक्क लागेर आध्यात्मिक शान्ति खोज्नेहरूले उचित मार्ग पाएको अनुभव गर्ने भएकोले यहाँ बुद्ध धर्म विभिन्न किसिमले विकास हुन पाइरहेको अवस्था छ। अहिले यहाँ थेरवाद, ज़ेन, तिब्बती और चीनियाँ प्योरल्याण्ड बुद्ध धर्मको आआफ्नो हिसाबले विकास र प्रचार प्रसार भइरहेको छ। एकातिर यहाँ विभिन्न बौद्ध परम्पराहरूले जरा गाडेको अवस्था छ भने अर्कोतिर ती सबै भन्दा अलग खालको स्वतन्त्र किसिमको बुद्ध धर्मले पनि आफ्नै आकार लिइरहेको छ जसलाई अब "अमेरिकी बुद्ध" धर्म भन्ने नाम दिइन्छ। यसअन्तर्गत अमेरिकीहरू कर्मकाण्ड र पूजाआजा वा पाठमा भन्दा स्मृति ध्यान तथा दर्शन सम्बन्धी तार्किक छलफलमा आकर्षित छन्, तर पनि यो पूर्णरूपले बुद्ध शिक्षाबाट निर्देशित छ। यस प्रकार अहिले अमेरिकामा बुद्ध धर्मको विविधता तथा विस्तार दुबै पाइन्छ।

यसरी हेर्दा अहिले अमेरिकी समाजमा बुद्ध धर्म मुलप्रवाहमा प्रवेश गरिसकेको भन्न सकिन्छ। स्वास्थ्य, शिक्षा आदि अमेरिकी समाजमा एकदम महत्व दिइने सामाजिक पक्षलाई समेटेर अमेरिकी समाजलाई राम्रोसँग बुझेका बौद्ध धर्मगुरुहरूले त्यहाँ बुद्ध धर्मलाई समाजभित्र प्रवेश गराइरहेको अवस्था छ।

**अहिलेका अमेरिकी बौद्धहरू**

अहिले संयुक्त राज्य अमेरिकामा एशियाई मूलका सबै गरेर अमेरिकी बौद्धहरूको दस लाखदेखि पचास लाखसम्म हुन सक्छ भनेर अनुमान गरिएको छ। यहाँ एशियाली मुलकाहरूको परम्परागत बुद्ध धर्म त छँदैछ, त्यसमाथि यहीँका यूरोपीय मूलका वा गोराहरूले ती बुद्ध धर्मको औपचारिक अध्ययन गरेर वा नगरिकनै आफुखुशी बुद्ध धर्मलाई परिभाषित गर्दै आफ्नै ढंगले पनि बुद्ध धर्म अवलम्बन गरे, जसलाई बोलिचालीको भाषामा "श्वेत बुद्ध धर्म" पनि भनियो। कहे जाने वाले या के उन अमेरिकियों पर केंद्रित है जिन्होंने इसके सिद्धांतों को अपनाया है।

अमेरिकी बौद्धहरू मध्ये अहिले एक चौथाई मानिसहरूले



https://dhamma.digital

पारम्परागत ईसाई धर्म, यहूदी धर्म या धर्मनिरपेक्ष दर्शनबाट धर्मान्तरण गरेर आएको अनुमान गरिन्छ। धर्म विद्वान पीटर एन. ग्रेगरी इस बात पर जोर देते हैं कि बौद्ध धर्म परंपराओं, रीति-रिवाजों और दर्शन की एक विस्तृत श्रृंखला को शामिल करता है, जो भारत से लेकर दक्षिण पूर्व एशिया तक की विभिन्न संस्कृतियों में विकसित हुआ है।

अमेरिका जस्तो विशाल देशमा कसलाई बौद्ध भन्ने भन्ने नै ठुलो प्रश्न छ। यहाँ दुई प्रकारबा बौद्धहरू रहेको स्पष्ट देखिन्छ। पहिलो ती आप्रवासी बौद्धहरू हुन् जो जन्मैले बौद्ध हुन्, बुद्ध धर्म र दर्शनमा पुरै भिजेका छन्, श्रद्धा छ र परम्परागत रूपमा मानिआएका रितिरिवाजलाई सहजै मान्छन्। दोश्रो ती गोरा तथा गैर एशियाली बौद्धहरू हुन् जो बुद्धको मूर्तिबाट, केही संगीत वा कुनै ग्रन्थको वा ध्यानको कारणले यस तर्फ आकर्षित भएका छन्। रहर वा उत्सुकताले आफुलाई बौद्ध भन्न रुचाउँछन्। त्यसमा त्यस्ता पनि छन् जो धार्मिक कार्यक्रममा बस्दैनन् तर बौद्ध दार्शनिक सिद्धान्तहरूको अध्ययन र सम्मान गर्दछन्। अमेरिकनहरू बुद्ध धर्मलाई राम्रो सँग बुझ्दैनन् र अन्धाहरूले हाँत्ती छामेर बताए जस्तो आफुले जस्तो पायो त्यस्तै ब्याख्या गर्छन् भन्ने चलन पनि त्यहाँ छ।

अमेरिकी शैलीको बुद्ध धर्मका केही लक्षणहरू यस प्रकार छन् – बलियो संलग्नता , ध्यान अभ्यासमा केन्द्रित, लोकतान्त्रिक आदर्शमा विश्वास, महिला समानता, सामाजिक कार्य और पश्चिमी मनोविज्ञानमा खुलापन। यसमा कोही दर्शनमात्र सम्झने छन् भने कोही कर्मकाण्ड वा रितिरिवाजमा पनि रुचि राख्छन्। ती मध्ये धर्मान्तरण गरेर आएका अफ्रीकी तथा ल्याटिन अमेरिकीहरूका लागि जापानी शैलीको सोका गाक्कई बुद्ध धर्म एक लोकप्रिय शैली भएको देखिन्छ।

कोही कोही यहाँ परम्परागत बुद्ध धर्म पाँच छ पुस्तादेखि अभ्यासमा रहेको, पारिवारिक धार्मिक प्रथा जीवित रहेको तथा उनीहरू यसैमा खुशी भएकोले अहिलेको धर्मान्तर गरेर आएकाहरूको बुद्ध धर्मको खासै महत्व नभएको भन्ने सोच्छन्।



https://dhamma.digital

## २. परम्परा

### अमेरिकामा प्रचलित बौद्ध परम्पराहरू

विश्व भरी नै बुद्ध धर्मका अनेक परम्पराहरू व निकाय भए जस्तै क्रमैसँग अमेरिकामा पनि बुद्ध धर्मको प्रवेश पश्चान यहाँ विभिन्न परम्पराहरूको विकास र केन्द्रीकरण हुँदै गयो। यहा हाल प्रचलमा रहेको केही परम्पराहरूको सामान्य जानकारी यहाँ दिइन्छ।

**प्रारम्भिक बुद्ध धर्म :** अमेरिकामा १९औ शताब्दमा बुद्ध धर्मले पहिले प्रवेश पाउँदा यो मुख्यगरी एशियाली मुलुकमा आप्रवासी वा शरणार्थीहरूले ल्याएको स्वरूपमा थियो । यसरी भन्दा याँ चीन तथा जापानको बुद्ध धर्मको बढी प्रचलन थियो । उनीहरूले आफ्नो देशबाट जुन जस्तो जसरी बौद्ध ग्रन्थहरू, परम्पराहरू ल्याए र आफ्नो जन्मभूमिमा देखेको वा बनाएको जस्तो मन्दिरको निर्माण यहाँ गरे त्यो सबैको मिश्रणलाई प्रारम्भिक स्वरूपको अमेरिकी बुद्ध धर्म भन्न सकिन्छ ।

**जापानी वा जेन बुद्ध धर्म :** यहाँ विकास भएको बुद्ध धर्मको नाम लिनुपर्दा जेन, प्योरल्याण्ड तथा निचिरेन निकायहरूले आआफ्नो स्वरूप लिएको देखिन्छ। त्यसमा पनि मध्य २०औ शताब्दीमा जेन धर्मले विशेष ख्याती प्राप्त गर्यो। यसमा यहाँ बुद्ध धर्म सिकाउन बसेका डिटी सुजुकी तथा शुनरयु सुजुकीको योगदान स्मरणीय हुन्छ। यहाँ सन् १९०४मा सोक्यो उएओका हवाइमा बुद्ध धर्म सिकाउन पुगे । त्यसपछि यहाँ थुप्रै जेन गुरुहरूले बुद्ध धर्म सिकाउन थाले। अमेरिकीहरू जेन बुद्ध धर्मलाई विशेष मन पराउँछन् ।

**तिब्बती बुद्ध धर्म :** बिसौं शताब्दीमा आएर तिब्बती बुद्ध धर्म अमेरिकाको अकर्षक धर्म बन्यो । यसमा तिब्बती धर्म गुरुको आगमन र तिब्बती शरणार्थीहरूको श्रद्धा तथा यसका परम्परा, गुम्बा व्यवस्था, अध्ययन गर्ने सुविधा र यसमा रहेको गहन दर्शनले अमेरिकीहरूलाई प्रभाव पारेको देखिन्छ ।

**थेरवाद बुद्ध धर्म :** बुद्ध धर्मभित्रको मौलिक र सजिलो मानिएको



https://dhamma.digital

बुद्ध धर्म थेरवादले यहाँ प्रारम्भिक समयदेखि नै स्थान बनाएको थियो। ऐतिहासिक तथ्य भएको, वैज्ञानिक र तर्कसंगत भएकोले अमेरिकीहरूले बुद्ध धर्मको बारेमा जानकारी लिए देखि नै यहाँ थेरवाद ग्रन्थहरूको अनुवाद अध्ययन गर्ने जमात तयार भएको थियो। यसका साथै दक्षिण एशियाबाट आप्रवासनमा आएकाहरूले पनि यसको विकासमा योगदान गरे। यहाँ उनीहरूकै सक्रियतामा लस एन्जेल्स तथा न्यूयोर्क शहरमा थेरवादको अध्ययन केन्द्रहरू बने।

**इन्गेज्ड बुद्ध धर्म :** अमेरिकाको बुद्ध धर्मको प्रमुख विशेषता नै इन्गेज्ड बुद्ध धर्म मान्नु पर्छ। भगवान बुद्धले दिनु भएको शिक्षा वा धर्मलाई आजको जीवन शैली, राजनीतिक, सामाजिक तथा आर्थिक जीवनसँग जोडेर हेर्ने र त्यसमा जीवन उपयोगी कुराहरू खोजेर अध्ययन गर्ने चलनलाई सजिलोसँग इन्गेज्ड बुद्ध धर्म भन्न सकिन्छ। यस शब्दलाई भियतनामी धर्मगुरु थिक न्हात हानले बनाएको थियो। यस प्रकारको हेराईले पश्चिमी अध्ययनशील जनता र अभ्यासकर्ताहरू बुद्ध धर्म मार्फत संसारमा सकारात्मक परिवर्तन ल्याउनेमा आशावादी भए। धर्मनिरपेक्ष वा सेकुलर बुद्ध धर्म : मुख्य गरी एशियाली देशहरूमा बुद्ध धर्मलाई धर्मको रूपमा हिन्दु इशाई मुस्लिम आदि धर्मको समानान्तरमा राखेर हेर्ने चलन छ भने पश्चिमी देशमा यसलाई धर्म होइन दर्शन वा जीवन जिउने कलाको रूपमा लिइन्छ। उनीहरू यसलाई धर्मको रूपमा नलिई यसमा भएको आर्य अष्टाङ्गिक मार्गलाई नैतिक शिक्षा तथा स्मृति ध्यानलाई मन मष्तिष्कलाई नियन्त्रण गर्ने साधनको रूपमा लिन्छन्। र उनीहरू आफु इशाई वा नास्तिक नै भएर पनि बुद्ध धर्मलाई सेकुलर रूपमा अध्ययन र अभ्यास गर्छन्।

**धर्मान्तरण समुदायहरु :** विभिन्न एशियाली देशहरूबाट आप्रवासनमा आएका बौद्धहरू बाहेक अमेरिकी मूलका मानिसहरू पनि ठुलो संख्यामा बौद्ध धर्ममा धर्मान्तरण गरिरहेका छन्। यसरी धर्मान्तर गरेर बौद्ध भएका अमेरिकीहरूको पनि आफ्नै समुदाय, संगठन छ उनीहरू पनि आफ्नै किसिमको बौद्ध परम्परा र संस्कारमा रमाइरहेका



https://dhamma.digital

छन् । उनीहरूको धर्म वा जीवनशैली बुद्ध शिक्षाबाट निर्देशित छ तर पनि पश्चिमी सभ्यतासँग मिलेको वा सामन्जस्यता मिलाएको किसिमको छ ।

**विविधताले भरिएको :** माथि उल्लेख गरिएझैं अमेरिकामा एकैदिन एकैपल्ट एकै जनाले बुद्धधर्म ल्याएको थिएन । विभिन्न समयमा विभिन्न माध्यमबाट विभिन्न निकायका धर्म गुरुहरूको प्रभाव वा प्रवचनबाट प्रभावित भएर यहाँ बुद्ध धर्म फैलिएको भएर विविधता यहाँको एक अकाट्य विशेषता हो । अमेरिकी सभ्यता आफै विविधतामा रमाउने भएकोले उनीहरूले बुद्ध धर्मको विविधतालाई आत्मसात गरेको छ । त्यसैले यहाँको बौद्ध परम्परा गतिशील, विविध र नयाँ तथा विशेष संस्कृतिले स्वीकार्ने प्रकारको छ । यहाँ बुद्ध धर्मलाई कोरा दर्शन, चिन्तन र बुद्धको उपदेशलाई जस्ताको तस्तै लिने भन्दा पनि यहाँ उनीहरूको जल्दोबल्दो मुद्दाहरू, जस्तै सामाजिक न्याय, वातावरण, मानव अधिकार, द्वन्द्व व्यवस्थापन जस्ता मुद्दाहरूसँग भिडाएर हेर्ने र त्यही अनुसार बुद्धको शिक्षालाई अनुसरण गर्ने प्रकारको छ ।

## ३. धर्म गुरूहरू वा विज्ञहरू

विगत सय वर्षमो संयुक्त राज्य अमेरिकामा कयौं प्रमुख बौद्ध गुरुहरूले त्यहाँ  बुद्ध धर्मको स्थापना र प्रचार-प्रसारमा अतुलनीय योगदान दिनुभएको थियो । आजको दिनमा अमेरिकामा बौद्धहरूले सम्झने निम्न गुरुहरू छन् । उनीहरूको संक्षिप्त जानकारी यहाँ दिइन्छ ।

**शुनरियू सुजुकी (१९०४-१९७१) :** शुरयियू सुजुकी एक जापानी ज़ेन गुरु थिए जसले सन फ्रान्सिस्को ज़ेन केन्द्रको स्थापना गरे । उहाँले संयुक्त राज्य अमेरिकामा ज़ेन बुद्धधर्मलाई लोकप्रिय बनाउन ठुलो योगदान दिए । अहिले अमेरिकामा बुद्ध धर्म भनेपछि जेन बुद्ध धर्म भनेर बुझ्नेहरू धेरै छन् । उहाँले सरल भाषामा जेन अभ्यास गर्नेहरूका लागि प्रभावशाली पुस्तक “ज़ेन माइंड, बिगिनर्स माइंड“ लेखेका थिए ।

**थिक न्हात हान (सन् १९२६-२०२२) :** थिक न्हात हान



https://dhamma.digital

अमेरिकामा प्रख्यात केही बौद्ध गुरुहरू मध्ये एक हुन्। उ एक भियतनामी ज़ेन बौद्ध भिक्षु, शिक्षक, लेखक तथा शान्ति कार्यकर्ता हुनुहुन्थ्यो । उहाँले पशिचममा स्मृति ध्यान परम्परा शुरु गर्नमा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । उहाँले क्यालिफोर्नियामा मृग उद्यान मन्दिर सहित संयुक्त राज्य अमेरिकामा थुप्रै बौद्ध मन्दिर तथा अभ्यास केन्द्रहरूको स्थापना गर्नुभएको थियो ।

**हेनेपोला गुणरत्न (१९२७) :** हेनेपोला गुणरत्नको जन्म सन् १९२७मा श्रीलंकाको हेनेपोला गाउँमा भएको थियो । उनको नाम एकनायक मुदियानसेलागे थियो। त्यहाँ उनले थेरवादी भिक्षु भएर र धर्म अध्ययन गरे। त्यसपछि उनी केही समयका लागि भारत तथा मलेसियामा गएर काम गरे। सन् १९६८मा उनी अमेरिका पुगे र वाशिङ्टन डिसीको बुद्धिस्ट विहार सोसाइटीमा काम गरे। पछि भियतनामी शरणार्थीहरूका लागि पनि काम गरे । सन् १९८५मा बनाइएको ध्यान शिविर केन्द्रमा उनी प्रमुख छन् र विपश्यना ध्यान सिकाउँछन्।

**पेमा चोड्रोन (१९३६):** पेमा चोड्रोन अमेरिकामा जन्मनुभएको एक लामा भिक्षुणी हुन् । उहाँको जन्म न्यूयोर्कमा भएको थियो र उहाँको नाम डेरड्रे ब्लुमफिल्ड ब्राउन राखिएको थियो । पछि तिब्बती बुद्ध धर्मको अध्ययन गर्दा गर्दै भिक्षुणी बन्नुभयो । उहाँले ध्यान, करुणा र सचेतनतामा केन्द्रित भएर बुद्धो शिक्षा दिनुहुन्छ । उहाँ शम्भाला परम्पराको एक वरिष्ठ शिक्षिका हुनुहुन्छ । यस बाहेक उहाँलाई एक प्रशिद्ध लेखिकाको रूपममा पनि चिन्न सकिन्छ। उहाँका थुप्रै प्रकाशित भएका छन् जसमा "व्हेन थिङग्स फॅल अपार्ट" और "द विजडम अफ़ नो एस्केप" आदि छन्।

**चोग्यम ट्रुङ्गपा (सन् १९३९-१९८७):** चोग्यम ट्रुङ्गपा एक तिब्बती बौद्ध ध्यान गुरु हुनुहुन्थ्यो। सन् १९५९मा तिब्बतमा राजनीतिक परिवर्तन भएर उहाँ भागेर बेलायत पुग्नुभयो, त्यहाँबाट स्टकल्याण्ड पुगेर गुम्बा स्थापना गर्नुभयो । पछि सन् १९७०मा उहाँले अमेरिका आएर यहाँको कोलोराडो राज्यको बोल्डरमा शम्भाला बौद्ध समुदाय र



https://dhamma.digital

नरोपा विश्वविद्यालयको स्थापना गर्नुभयो । पश्चिमी जनसमुदायमा तिब्बती बुद्ध धर्मलाई परिचित गराउने तथा नयाँ ढंगले बुद्धधर्म सिकाउने प्रविधिको विकास गर्ने काममा उहाँको भूमिका ऐतिहासिक मानिन्छ ।

**ज्याक कोर्नफील्ड (सन् १९४५)**: ज्याक कोर्नफील्ड अमेरिकाका थेरवाद बौद्ध परम्परा सिकाउने एक गुरु हुनुहुन्छ। उहाँले भारत थाइल्याण्ड तथा म्यानमारमा अजाहन चा तथा महासी सयादो जस्ता गुरुहरूबाट विपश्यना सिक्नुभएको थियो । उहाँलाई अमेरिकी थेरवाद बुद्ध धर्ममा विपश्यना गुरु भनेर पनि चिनिन्छ र उहाँ सतिपठ्ठानमा आधारित भएर (माइण्डफुलनेस) ध्यान सिकाउनु हुन्छ । उहाँ बर्रे, मैसाचुसेट्समा इनसाइट मेडिटेशन सोसाइटीका सह-संस्थापक हुनुहुन्छ । यसका साथै वहाँ एक सफल लेखक पनि हुनुहुन्छ । पश्चिमम माइंडफुलनेस मेडिटेशनलाई सर्वसाधारण बिच लोकप्रिय बनाउनमा उहाँको योगदान छ ।

उहाँहरू केही उदाहरणहरू मत्र हुन् । संयुक्त राज्य अमेरिकाका लगभग हरेक राज्यमा यस्ता अध्ययनशिल तथा प्रभावशाली गुरुहरू हुनुहुन्छ जसले सर्बसाधारणले बुझ्ने भाषामा बुद्धशिक्षाको व्याख्या गर्नुहुन्छ, संगठन बनाउनुहुन्छ र समाजमा बुद्ध धर्म स्थापित गर्न तथा प्रचारप्रसार गर्नमा आफ्नो जीवन नै लगाउनु हुन्छ । अमेरिका जस्तो बहुसाँस्कृतिक देशमा बुद्ध शिक्षाको माध्यमबाट त्यहाँका मासिनहरूलाई बुद्धको शिक्षालाई आफ्नो जीवनमा लागु गराउन सक्नु भनेको सानोतिनो लगन र क्षमताको कुरा होइन ।

## ४. अमेरिकामा बौद्ध मन्दिर तथा स्मारकहरू

संयुक्त राज्य अमेरिकामा अहिले २१५२वटा बौद्ध मन्दिरहरू छन् भनेर तथ्यांक निकालिएको छ। त्यो भन्दा बाहिर दर्ता नगरिएका ससाना मन्दिरअरु अझ धेरै होलन् । यहाँ केही ठुला र उल्लेखनीय मन्दिरहरूको संक्षिप्त जानकारी दिइन्छ ।

**बुद्धिस्ट सोसाइटी अफ अमेरिका :** सोकेइ आनले बनाएको



https://dhamma.digital

बुद्धिस्ट सोसाइटी अफ अमेरिकालाई यहाँकै पहिलो जेन केन्द्र भनिन्छ। त्यहाँ सन् १९०७मा जेन मन्दिर बन्यो र उनलाई मान्तोकुजि मन्दिरको संस्थापक बने। त्यस्तै किसिमले सोयेन शाकु, सोकेइ आन आदि आए। सोकेइ आनले बनाएको बुद्धिस्ट सोसाइटी अफ अमेरिकालाई अहिले पहिलो जेन केन्द्र भनिन्छ। सन् १९३८मा रुथ फुलस सासाकी यसको मुख्य प्रायोजक बने। यहाँ अहिले विभिन्न तहमा बुद्ध शिक्षाको प्रशिक्षण दिइन्छ तथा ध्यानका शिविरहरू चलाइन्छ।

**फो ग्वाङ शान शि-लाइ मन्दिर :** फो ग्वाङ शान शि-लाइ मन्दिर क्यालिफोर्नियाको लस एंजिल्सस्थित हैएण्डा हाइट्समा अवस्थित छ। यस मन्दिरको नामले "पश्चिम आउँदै" भन्ने अर्थ दिन्छ। एक लाख वर्गफिट क्षेत्रमा फैलिएको यस मन्दिर परिसरलाई अमेरिकाकै सबैभन्दा ठुलो मन्दिर मानिन्छ। यो ताइवानको बौद्ध संगठन फो ग्वाङ शानको एक मुख्य शाखा हो। यसको स्थापना सन् १९८८मा पूर्व र पश्चिमको बिच धर्म तथा संस्कृतिको आदानप्रदान गर्ने उद्देश्यले गरिएको थियो। त्यस्तै यो सन् १९९१मा स्थापित बुद्ध लाइट इन्टरनेशनल एसोसिएशनको स्थापनास्थल पनि थियो। ताङ वंशको चीनियाँ बास्तुकलाबाट प्रभावित यस विशाल मन्दिर परिसर भित्र परम्परागत हलहरू, ध्यान बगैंचाहरू र बौद्ध देवदेवीहरूको मूर्तिहरू स्थापित छन्। यहाँ नियमित रूपमा बौद्ध तथा गैरबौद्धहरूका लागि ध्यान शिविरहरू, धर्मदेशनाहरू तथा बौद्ध दर्शन र संस्कृतिसँग सम्बन्धित विषयहरूमा सभा, सम्मेलन तथा कार्यशालाहरू आयोजना भइरहन्छन्। यसका साथै यसले विभिन्न सामाजिक सेवाका कार्यक्रमहरू गरेर स्थानीयहरूको मन जितिरहेको छ। साथै यो स्वदेशी तथा विदेशीहरूको एक प्रमुख पर्यटन केन्द्र पनि बनेको छ।

**जेन माउन्टेन मोनास्ट्री वा दोशिन्जी :** न्यूयोर्कको माउन्ट ट्रेम्पर क्षेत्रमा २३० एकड जमिनमा जेन माउन्टेन मोनास्ट्री वा दोशिन्जी फैलिएको छ। यो मन्दिर सन् १९८०मा जोन दाइदो लूरी रोशीले जेन कलाकेन्द्रको रूपमा स्थापना गरेका थिए। यसले स्थापना काल देखि



https://dhamma.digital

सहभागीहरूलाई विभिन्न कार्यक्रमहरू तथा शिविरहरू सञ्चालन गरेर परम्परागत तथा नयाँ तरिकाबाट बुद्धको शिक्षा दिइरहेको छ । सन् २०१५देखि यो शुगेन रोशीका नेतृत्वमा सञ्चालित छ। यो भनेको खास गरी माउन्टेन्स एण्ड रिभर्स अर्डर भन्ने छाता संगठनको मुख्य शिविर हो । यस अन्तर्गत धर्म कम्युनिकेशन्स, सोसाइटी अफ माउन्टेन्स एण्ड रिभर्स, नेशनल बुद्धिस्ट आरकाइभ्स, दि जेन एन्भारोन्मेन्टल स्टडिज, नेशनल बुद्धिस्ट प्रिजन संघ तथा फायर लोटस टेम्पल जस्ता संस्थाहरू आवद्ध छन् ।

**सिटी अफ टेन थाउजेन्ड बुद्धज :** अमेरिकाका प्रमुख बौद्ध मन्दिरहरू मध्ये एक सिटी अफ टेन थाउजेन्ड बुद्धज अर्थात् दस हज़ार बुद्धहरूको शहर पनि एक हो । यो अमेरिकामा प्रख्यात चीनिया भिक्षु शुआन हुआद्वारा स्थापित एक अन्तरराष्ट्रिय चान बौद्ध मन्दिरको विशाल परिसर हो । यो क्यालिफ़ोर्नियाको टेल्मेजमा अवस्थित छ । सन् १९७४ मा धर्म रियल्म बुद्धिस्ट एशोशियनले यो ठाउँ किनेर यहाँ बौद्ध मन्दिरको सञ्चालन गरेको थियो ।

पहिला यो सन् १८८९मा मानसिक रोगीहरूका लागि आश्रय स्थल थियो । यो परिसर विनय, कठोर, पारम्परागत बौद्ध विहार विनयको पालना गर्ने स्थलको रूपमा प्रख्यात छ । यस मन्दिरमा चान बुद्ध धर्मको गुइयांग निकायको अनुसरण गरिन्छ । यहाँ श्रीलंका, चीन, भियतनाम आदि देशमा भिक्षुहरू बस्छन् र महायान तथा थेरवाद बुद्ध धर्मको अभ्यास हुन्छ । यस परिसर भित्र १० हजार बुद्धहरूको रत्नहल, भिक्षु शुआन हुआको अस्थि भएको हल, धर्म रिअल्म बौद्ध विश्वविद्यालय, ज्युन काङ शाकाहारी रेष्टुरां, तथागत गुम्बा, महाकरुणा चोक, बेल एण्ड ड्रम हाउस, बौद्ध आलेख अनुवाद संस्था देखि अर्गानिक फार्म सम्म व्यवस्थित छ।

**मृग वन गुम्बा वा डियर पार्क मोनास्ट्री :** डियर पार्क मोनास्ट्री मृग वन गुम्बा क्यालिफोर्नियाको एस्कोन्डिडोमा अवस्थित एक गुम्बा परिसर हो । ४०० एकड जमिनमा फैलिएको यस परिसर सन् २०००मा स्थापना गरिएको थियो । यसलाई भियतनामी जेन गुरु थिक नाथ हानले



https://dhamma.digital

भियतनामी थियन बुद्ध धर्म सिकाउने गरी उनको प्लम भिलेज परम्परा अनुसार स्थापना गरेका थिए । यो अमेरिका लगायत विश्वका विभिन्न देशमा स्थापना गरएिको प्लम भिलेज मोनास्ट्रीको एक भातृ संस्था हो । यहाँ भिक्षु तथा भिक्षुणीहरू बस्छन् र यहाँ नियमित ध्यान शिविरहरू सञ्चालन हुन्छन् । यसका साथै छलफल, हाइकिङ, संगीत, नाटक आदि अन्य धार्मिक कार्यक्रमहरूको पनि आयोजना भइरहन्छ ।

**च्वाङ येन गुम्बा :** संयुक्त राज्य अमेरिकाको कार्मेल, न्यूयोर्कमा च्वाङ येन गुम्बा अवस्थित छ । २२५ एकड जमिनमा यो गुम्बा परिसर फैलिएको छ । सन् १९७५मा बुद्धिस्ट एसोसिएशन अफ यूनाइटेड स्टेट्स(बीएयूएस) ले पुटनम काउन्टीमा जमीन लीजमा लिएर यो गुम्बाको विकास गरेको थियो । यहाँका अधिकांश मन्दिरहरू चीनिया बास्तुकला अनुसार बनाइएका छन् । यहाँ स्थापित वैरोचनको मूर्तिलाई गुम्बा भित्रका बुद्धहरू मध्ये पश्चिम भेगकै सबैभन्दा ठुलो मूर्ति मानिन्छ ।

यसको स्थापना कालदेखि यो अमेरिकी तथा विदेशी आगन्तुकहरूका लागि बौद्ध तथा अन्य कार्यक्रम आयोजना स्थल बन्दै आइरहेको छ । यहाँ बुद्ध धर्मका बारेमा प्रवचनका साथै चक्रमण ध्यान, पुस्तक बारे छलफल आदि कार्यक्रमहरू सञ्चालन हुने गर्दछ । यहाँको ठुलो बुद्ध हलको १४औं दलाई लामाले गर्नुभएको थियो ।

**उपाय जेन सेन्टर :** न्यू मेक्सिकोको सान्ता फेमा उपाय इन्स्टिच्युट र जेन सेन्टर अवस्थित छ । यो आवासीय जेन अभ्यासको केन्द्र हो, जसलाई जोन ह्यालिफ्याक्स रोशीले स्थापना गरेका थिए । यस केन्द्रले जेन अभ्यासलाई प्रज्ञाको परम्परागत अभ्यासलाई सामाजिक क्रियाकलाप सँग बौद्ध दृष्टिकोणबाट जोडेर लाने काम गरिरहेको छ । यसका साथै यसले विभिन्न समाजिक कार्यहरूलाई बौद्ध ढंगबाट हेर्न र गर्न पनि सिकाउँछ । वातावरण, महिला अधिकार तथा शान्ति यसका अन्य कार्यक्षेत्रहरू हुन् । यसको उद्देश्य सामाजिक कार्य र अभ्यासलाई एकसुत्रमा बाँध्दै प्रज्ञा र करुणाको समागमबाट बुद्ध धर्मको अभ्यास गर्ने हो । यसले आफुलाई विश्व समाजको रूपमा प्रस्तुत गर्दै नश्लीय,



https://dhamma.digital

आर्थिक तथा वातावरणीय न्याय एवं पीडाामा परेकालाई सहयोग गर्ने पनि बनाउँछ ।

**वाट बुद्धप्रदीप :** संयुक्त राज्य अमेरिकाको सन फ्रान्सिस्कोमा अवस्थित थाई बौद्ध विहार वाट बुद्धप्रदीप अमेरिकाकै सबैभन्दा ठुलो थेरवाद बौद्ध मन्दिर हो । यसको स्थापना सन् १९९४मा धर्मानुशासक सिथिपोर्न मिनविचियन -फ्रा खु वोासिथिविटेड)ले गर्नु भएको थियो । यो मन्दिर पहिला नजिकैको सान माटेओमा थियो । यसको स्थापना कालदेखि नै यसले आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई बुद्ध धर्म सिक्ने, अभ्यास गर्ने तथा घुमफिर गर्ने ठाउँ दिइरहेको थियो । यहाँ थाइ संस्कृति सहितको बौद्ध धर्म र परम्परालाई नजिकबाट नियाल्न तथा अभ्यास गर्न सकिन्छ । यो बाहेक अमेरिकामा अन्य थाइ मन्दिरहरू फेमन्टमा वाट बुद्धानुसोर्न तथा बेर्कलेमा वाट मोङकोलरतनराम पनि छन् ।

## ५. बौद्ध संघ संस्थाहरू

संयुक्त राज्य अमेरिकामा बौद्ध संगठनहरूको विविध तहहरू पाइन्छन् । तिनीहरूले यस देशको बहुसांस्कृतिक परिदृश्य, बुद्ध धर्म भित्र स्वीकार गरिएका निकायहरूबिचको समन्वय तथा अमेरिकीहरू बीच बुद्ध धर्मको लोकप्रियता प्रतिविम्बित गर्दछ । यहाँ अमेरिकाका केही उल्लेखनीय बौद्ध संस्थाहरूबारे संक्षिप्त जानकारी दिइन्छ ।

**धर्म क्षेत्र बौद्ध संघ (Dharma Realm Buddhist Association):** हङकङबाट आएका बौद्ध मास्टर शुआन हुआले धर्म क्षेत्र बौद्ध संघको स्थापना सन् १९५९मा गरेका थिए । त्यसबेला सान फ्रान्सिको क्यालिफोर्नियामा सानो मन्दिरबाट शुरु गरेको यो संस्थाहो अहिले अमेरिका भर शाखाहरू छन् । यहाँ शुद्ध भूमि बौद्ध धर्म, जेन ध्यान, र अन्य महायान बौद्ध अभ्यासहरू सिकाइन्छ ।

**सोका गाक्काइ इन्टरनेशनल युएस ए (Soka Gakkai International – USA) :** जापानको ननचिरेन बौद्ध धर्मको



https://dhamma.digital

शिक्षासँग सम्बद्ध हरूको विश्वव्यापी फैलिरहेको एक बौद्ध संस्था सोका गाक्काइ इन्टरनेशनल युएस ए हो। यसले "नाम-म्योहो-रंगे-क्यो" जपको अभ्यास मार्फत अभ्यासकर्ताको मनमा आत्मशान्ति विकास गर्नुका साथै सांस्कृतिक आदानप्रदान र व्यक्तिगत खुशीलाई प्रोत्साहन गर्छ ।

**जेन माउन्टेन विहार** (**Zen Mountain Monstery**): न्यूयोर्कको माउन्ट ट्रेम्परमा जेन माउन्टेन विहार अवस्थित छ । यो जेन माउन्टेन र रिभर्स अर्डर अफ जेन बुद्ध धर्मको प्रशिक्षण केन्द्र हो । यहाँ जेन ध्यान र बौद्ध दर्शन सम्बन्धी शिक्षाहरूमा आवासीय प्रशिक्षण र कार्यक्रमहरू आयोजना गरिन्छ ।

**इनसाइट मेडिटेशन सोसाइटी** (Insight Meditation Society): म्यासाचुसेट्सको ब्यारमा इनसाइट मेडिटेशन सोसाइटी अवस्थित छ । यो एक ध्यान केन्द्र हो र यहाँ विपश्यना ध्यान शिविरहरू सञ्चालन गरिन्छ । यो विशो गरी थेरवाद बौद्ध शिक्षासँग नजिक छ ।

संक्षिप्तमा भन्नुपर्दा संयुक्त अमेरिकामा त्यस्ता सयौं बौद्ध संस्थाहरू छन् जसले परम्परागत बुद्ध धर्मको मान्यतालाई सम्मान र अवलम्बन गरेको हुन्छ तर यसका साथै बौद्ध दर्शनमा अध्ययन अनुसन्धान गरेर त्यमा आलोचनात्मक दृष्टि राखेर पश्चिमी समाजलाई सुहाँदो किसिमले बुद्ध धर्मलाई प्रस्तु गरका हुन्छन् । तिनीहरूले एकातिर बुद्ध दर्शनलाई नयाँ नयाँ दृष्टिकोणले विश्लेषण गर्छ भने अकोतिर पश्चिमी गैर बौद्धहरूमाझ बुद्ध धर्मलाई प्रख्यात पनि बनाइरहेको हुन्छ ।

नोट : 'अमेरिकामा बुद्धधर्म' सम्बन्धी यो पाठ्यसामग्रीमा पृष्ठभूमि भिक्षु सुद्धर्शनको श्रोत र वर्तमान अमेरिका सम्बन्धी लेखक राजेन मानन्धरले लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## एकाइ ३ : जर्मनीमा बुद्धधर्म

Dhamma.Digital

लेखक : राजेन मानन्धर

पृष्ठभूमि अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ ३ : जर्मनीमा बुद्धधर्म

## (क) पृष्ठभूमि

विश्वयुद्धको समयमा जर्मन जुन रूपमा देखिने हो ठीक त्यसको विपरीत रूपमा जर्मनको बुद्धधर्म पढेपछि बुद्धधर्मको पृष्ठभूमिमा जर्मनलाई देख्न सकिन्छ। राज्य विस्तार र यद्ध पिपाशामा जर्मन कति कुन समयमा अघि बढ्यो उति नै जर्मन शान्ति र भातृत्वप्रेमी जनता भएको देश पनि हो । महान विचारक सोपानहार (ArthurSchopenhauer) ले पश्चिमि जगतमा १८१८ ईस्वीमा नै बुद्धको शान्ति सन्देश भित्रयाई दिएको थियो। "इच्छा र विचार अनुसार अनुसारको संसार" Die: Welt Als Wille Und Vorstellung पुस्तकबाट १८८० ईस्वीमा जर्मनमा धम्मपदको अनुवाद अलवर्ट वेवर बाट भयो। हरमन ओल्डेनवर्ग पहिलो त्यो जर्मनी विद्वान हो, जसले बुद्धको जीवनी र उनको उपदेश तथा अनुशासन सम्बन्धी पुस्तकमा बुद्धलाई एउटा कल्पित आदर्श पुरुष धारण गरिराखेको भ्रमधारणा पश्चिम बौद्धिक जगतबाट मेटाएर बुद्ध एउटा ऐतिहासिक मानव हामी जस्तै धरतिमा टेकेर तथा हिँडेर विचरण गर्ने महापुरुष हुनुहुन्छ भन्ने बुझाई दियो। उनको यो पुस्तकको चौधौं संस्करण भयो । साथै उहाँले विद्वानहरूको ध्यान पालिभाषामा भएको अमूल्य निधितर्फ आकर्षित गरिदिए । वहाँको अनुवाद दीपवंश १८७८ र विनयपिटकको पाँचभाग (१८७९-८३) यहाँ उल्लेखनिय छ। वहाँको पुस्तकबाट प्रोफ़ेसर टि.डब्ल्यू.रीस डाबिडस (Prof. T. W. Rhys Davids) लाई लंडनमा पालि टेक्स सोसाइटी जस्ता संस्था स्थापित गर्न प्रेरित गऱ्यो। १८६९ मा नै तारानाथको बुद्धधर्मको इतिहास "हिस्टोरि अफ् बुद्धिज्म" ए. सीपकरबाट अनुदित भयो।

यसरी बौद्धिक जागरण रूपमा जर्मनमा बुद्धधर्मको इतिहास एघारौं शताब्दीमा शुरु भए पनि धेरै विद्वानहरूको सहमति बीसौं



https://dhamma.digital

शताब्दीदेखि जर्मनमा बुद्धधर्मको इतिहास शुरु भयो भन्ने पक्षमा छन् । शायद् यसको कारण चर्या पालन अनुसार अथवा विनय विहित संस्कार अनुसार जर्मनमा बौद्धहरू बीसौं शताब्दीदेखि शुरु भएकोले हुनु पर्दछ । १९०० ईस्वीमा बुद्धधर्मको विकासमा र बुद्धधर्मको परिपालनमा आफूलाई समर्पित गर्ने डा. ढाल्के श्रीलंकामा पुगेर हिकडुवे श्री सुमङ्गल नायक थेरसंग बुद्धधर्म सिकेर बसेका थिए । उनले बलाने धर्मानन्द नायक थेरसंग पनि पालि र धर्म पढ्नुभयो । १९०३ ईस्वीमा जर्मनका आचार्य बुद्धघोष अुने अण्टोनगीठले बाजजबडेनबाट आएर श्रीलंकामा प्रब्रज्या संस्कार ग्रहण गरे । फेरि १९०४ मा भिक्षु ञाणातिलोक हुनुभयो । उता १९०३ ईस्वीमा नै कार्ल सेदनलुचेरबाट जर्मनभूमिमा विधिवत् पहिलो बौद्धसंगठन (Deutscher Buddhistischey Mission Verein) स्थापना भयो । यसपछि विभिन्न ठाउँमा विभिन्न विद्वान र साधकहरूबाट शान्ति दिने श्रोतको रूपमा बुद्धधर्मको अनवेषण गरियो । पुस्तकहरूको प्रचार भयो । शीलको विशेषतः भावनाको जर्मन भूमिमा पालन गर्ने भयो । दि बुद्धिष्ट मासिक पत्रिका र दि जर्मन पालि सोसाईटी १९०९ मा स्थापित भयो । यो प्रवाह विश्वयुद्धको प्रवाह नआउञ्जेल सम्ममा विद्वानहरूको बीचमा र सर्व साधारण मानिसहरूको बीचमा प्रवाहित हुँदैगयो । यर्थाथमा भन्ने हो भने विश्वयुद्धको संस्कार र गतिविधिनआएको भए आज जर्मनमा बुद्धधर्मको इतिहास नै अर्को किसिमको हुन्थ्यो । त्यसकारण जर्मनमा बुद्धधर्मको यो इतिहास पढ्नु अघि व्यक्ति विशेष र संस्था विशेषको प्रयास खोजी गर्नु उचित सम्झन्छु ।

पहिले डा. ढाल्केलाई नै सम्झौं । डाक्टरी कामबाट प्रशस्त धन जम्मा गरिसके पछि संसार घुम्न जाने डा.ढाल्केले श्रीलंकामा बौद्ध उपासक भएर पछि भिक्षु बन्ने इच्छा गरे । परन्तु स्वास्थ्यले गर्दा उनको प्रब्रजित हुने इच्छा पूर्ण हुन सकेन । अन्यथा जर्मनको पहिलो भिक्षु ञाणातिलोक नभई उनी नै हुने थियो । आफ्नो देशमा फर्केपछि आफू भिक्षु बन्न नपाए पनि उनले बर्लिन फोनङको आफ्नो घरलाई १९२४ मा बौद्ध गृह (Buddhistisches Haus) बनाई दिनुभयो ।



https://dhamma.digital

यो बौद्धगृह सम्पूर्ण बौद्धहरूको महिनाको दुई पटक भेलाहुने ठाउँ मात्र होइन बाहिरबाट आएका सम्पूर्ण अतिथिहरू विहार वा धर्मशाला जस्तै बास बस्ने ठाउँ पनि हो। बौद्धगृह साँच्चैको कलात्मक रूपमा बनाएको ७५ एकड भूमि भित्रको ढोकादेखि भरेङसम्म पनि प्रतिकात्मक बौद्ध संस्कृति अनुरूपको घर थियो। घरको आठ खुडकिलोले अष्टांग मार्ग, बाऱ्ह खुड्किलोले द्वादशांग प्रतित्यसमुत्पाद मात्र सम्झाईदिने होइन बालुवाको कृतिम पहाडमा भित्रको साना साना कोठाले समथ भावना गर्नेलाई पनि बोलाई रहन्छ। अनि माझको ठूलो कोठाले बुद्धको दर्शन दिन्छ। डा. ढाल्केले स्वयं आफूलाई बौद्ध उपासक त तुल्याएकै छ, साथै बोद्ध आचरण पालन गर्ने पनि तुल्याई राखेको छ। उता उनले १. बौद्ध प्रबन्ध संग्रह, २. बुद्धधर्म र विज्ञान, बुद्धधर्म विज्ञान र नैतिकदर्शन, ३. मानव जीवनको मानसिक शान्तिको निम्ति बुद्धधर्म जस्ता मौलिक पुस्तकहरू लेखि फेरि मज्झिमनिकाय, दीघनिकाय, धम्मपद, जातक, सुत्तपिटकका साराशं, बुद्धजीवनीको अनुवाद गरी बौद्धिक क्षेत्रमा पनि बुद्धधर्मबाट हलचल ल्याई दियो।बुद्धजयन्ती मनाइयो। डा. ढाल्केको यो पुण्य प्रयास जीवन भर १९२८ सम्म कायम रहयो। यसरी डा. ढाल्के चिन्तन र मननमा शोपानहार अनि कार्यक्षेत्रमा जर्मनका अनागारिक धर्मपाल थिए।

जर्मनमा बुद्धधर्मको स्वयं एक पृष्ठ जस्ता अर्को व्यक्ति हुन् पहिलो जर्मन भिक्षु ञाणातिलोक महास्थविर। १९०३ ईस्वीमा प्रब्रजित, १९०४मा उपसम्पन्न हुनुभएका उनी महास्थविरले तीनवर्ष भित्रैमा बुद्धधर्मको अध्ययनमा आफ्नो विशिष्ट प्रतिभा देखाउनु भएको थियो। १९०६ ईस्वीमा त्रिपिटककै शब्द छानी छानी माला उनेर एउटा त्यस्तो पुस्तक वहाँले निर्माण गर्नुभयो त्यो त्रिपिटकमा कुनै विशेष नामबाट समाविष्ठ पुस्तक नभैकन पनि त्रिपिटककै शब्द मात्र समावेश भएको पुस्तक भएर त्रिपिटककै एक अंश जस्तै बौद्ध जगतले मनपरायो। त्यो पुस्तक हो बुद्धवचन। मात्र मूल त्रिपिटककै शब्दबाट आर्यसत्य र आर्य अष्टांगमार्गको विश्लेषण गरिएको यो पुस्तक १९०७ ईस्वीमा



https://dhamma.digital

अंग्रेजी भाषामा पनि प्रकाशित भयो। यसको तुरुन्त नै एक पछि अर्को संस्करण भए । आज सम्ममा दशौं संस्करण यो पुस्तकको भैसकेका छन् । यो पुस्तक फ्रेञ्च, चेक, फिनिस, जापानी, हिन्दी र बंगालीमा अनुवादभैसकेको छ । नेपालमानेपालीमा पनि अनुदित भएर निस्क्यो । यस पुस्तकको सिर्फ पालि मात्र संग्रह “सच्च संगहो” नामले सिंहली लिपि र देवनागरि लिपिमा प्रकाशित भएको छ। उनको जर्मन भाषामा अनुदित मिलिन्दप्रश्न (१९२४) र विशुद्धिमार्ग (१९३८) अंगुत्तर निकायले जर्मनमा ठूलो लोकप्रियता पनि प्राप्त गऱ्यो । उहाँले पालि बुद्धधर्मको अध्ययन अध्यापन गर्नेलाई मद्दत पुऱ्याउन पालि शब्दकोष र जर्मन पालि व्याकरण पनि लेख्नुभयो । दक्षिण लंकामा वहाँले संस्थापना गर्नु भएको पोलगासडुवामा पन्ध्रभन्दा बढी जर्मन भिक्षुहरूलाई शिक्षा दिक्षा र धर्मप्रचारको प्रशिक्षण प्राप्त भैसकेका छन् । यी भिक्षुहरूमा सतिपट्ठान र ध्यान पद्धतिको अनुवाद तथा लेखक भिक्षु ञाणपुर्णिक विशेष उल्लेखनीय छ ।श्रीलंकालाई आफ्नो आध्यात्मिक कर्म भूमि तुल्याई पचास वर्षदेखि श्रीलंकामा बस्नु भएका भिक्षु ञाणातिलोक महास्थविरले ठीक भन्नुभयो- “मैले आफ्नो देशवासीहरूलाई धर्मको शान्ति संदेश दिएर सेवा गरिरहेको छु।” निसन्देह वहाँको यो सेवा जर्मनमा बुद्धधर्मको इतिहासको अभिन्न अंग भैसकेको छ। साथै धेरै भाषामा वहाँको कृत्ति अनुदित भएको हुँदा वहाँले अरु अरु देशको निम्ति पनि ठूलो देन दिनु भएको छ ।

जर्मनी विद्वाहरूको शान्ति सदाचार प्रेमले पालि र संस्कृत बौद्धग्रन्थ निर्माण र अनुवादमा झन झन प्रगति ल्यायो । यस्ता विद्वाहरूमा प्रो. जिंगर (Prof. Geiger), लूडर (Luders), बोन ग्लासेप (Von Glasenpp), एफ्. वेलर (F. Weller), एफ.ओटो सरोदर (F. Otto Sehroder), नोबेल (Nober), वालसर (Wallser), (Waldschmdt),K.E.Ncumann), सेइडेन स्टुकर (Seiden Stuker), इ.ओ.फ्रांकी (E.O.Francke) जर्मन भिक्षु ज्ञानपुर्णिक र कर्ट स्मिट (Kurt Schmidt) को नाम उल्लेखनीय छ। साथै दीघनिकाय,



https://dhamma.digital

मज्झिमनिकाय, सुत्तनिपात, थेरीगाथा, र धम्मपदका जर्मनी अनुवादक डा. कार्ल युगन (Dr. Karl Eugen) लाई पनि बिर्सन सकिदैन । बौद्धग्रन्थको पठन पाठनबाट जर्मन विश्वविद्यालयमा पनि ठूलो प्रभाव पारेको छ । दर्जनौं विश्वविद्यालयमा बुद्धधर्म पढ्ने पढाउने काम भयो । हजारौं ग्राहक भएको बुद्धधर्म सम्बन्धि पत्रिकाहरू (जस्तै Indische Welt) प्रकाशित भयो ।विहार बनाएर, चैत्य बनाएर, स्तोत्र पाठ गर्ने वा पाठ गर्नेको रूपमा बौद्धहरू नभए पनि आफ्नो दैनिक आचार विचारमा बौद्धत्व ल्याउने बुद्धधर्मको काम कुरामा अघिसर्ने मानिसहरू हजारौं भए ।समस्यामूलक जीवनसंगै व्यावहारिक सम्बन्ध भएर स्थविरवाद बुद्धधर्म जर्मनमा तीनखण्डको दुईखण्ड विकास भयो । त्यसो भनेर महायान बुद्धधर्म मात्र यहाँ आफ्नो तरिकाले विकास नभएको होइन । यसको मूल प्रतिनिधित्व जर्मन लामा ए. गोविन्दले गरी रहेको छ ।

जर्मनको बुद्धधर्ममा आइरहेको यो उत्साहलाई युद्धको रक्तपिपाशु योजनाले चूर्ण विचूर्ण पाऱ्यो । १९४१ ईस्वीमा बौद्ध प्रकाशन र बौद्ध संगठनलाई समेत सरकारले निरोध गऱ्यो । शान्तिको प्रयास र आकांक्षालाई दबाएर नाजी सरकारले मानिसको हृदयमा युद्धको उत्तेजनाको आगो दन्काई दियो । डा. ढाल्केको सचिव कुर्ट फिसर (Kurt Fischer)लाई गेस्टापो (Gestapo) को सनम आयो । फेरि कुर्ट फिसरले यो संसारनै छोडी गयो । ढाल्केको बौद्धगृहमा समेत शस्त्रास्त्र राख्न लगायो । झण्डै आधी शताब्दीसम्म शान्तिको आशाले हुर्कदै गएको धर्मको वृक्ष पात र हाँगाविंगा समेत नरहने गरी हिटलर सरकारले ढाली दियो । पुस्तकहरू जलाइदियो । परन्तु यो सबैलाई विदित छ, कसैले कसैलाई मार्नु वा मराउन सक्दैन, हृदयमा रहेको कुनै कुरा बल जफटि निकाल्न सकिदैन । यो युद्धको उत्तेजनामा पनि कठोर नियन्त्रण समसामयिक रूपको रक्तपिपाशुले भरिएको प्रचार प्रसारमा पनि कति मानिसहरूले आफ्नो शान्ति प्रेम हराउन दिएन, पुस्तक लुकाउने काममा तिनीहरूलाई कसैले छेक्न सकिएन । शान्तिप्रेमी मानिसहरू कुनै न कुनै तरिकाबाट बाँचीरहे, जुटिरहे ।



https://dhamma.digital

१९४६ मा दोश्रो विश्वयुद्धको समाप्तिमा हमवर्ग, डा. हेमल्ट पामीको अध्यक्षतामा फेरि बौद्धसंगठन पुनर्गठन भयो । तुरुन्तै भिक्षु ञाणातिलोकको बुद्धवचन र विशुद्धिमार्ग प्रकाशित भयो । पछि भिक्षु ज्ञानपुर्णिकको सतिपट्ठान र अरु अरूपुस्तकहरू पनि प्रकाशित भयो ।

युद्ध पश्चात जर्मन स्वयं दुईटुक्रा भयो । तैपनि जर्मनको दुवै भागमा शान्तिको आकांक्षा युद्धपीडित हृदयमा पुनः हरियाली छाउँदैछ । पूर्वि जर्मनमा विश्वविद्यालयमा बौद्धदर्शनको पुनः अध्ययन अध्यापन भयो । हियर परसिनको नेतृत्वमा १९२२ मा बौद्ध नेताहरूको भेला भयो । पश्चिम जर्मनमा हमवर्ग बौद्धसंघमा शयौं बौद्धहरू भेला भएर धर्मको चर्चा गरे । युद्धको कटु अनुभवबाट प्रभावित भएका यस संगठनका अध्यक्ष डा. पामीले ज्ञान र चरित्र (Wissen und Wandel) पत्रिकाको सम्पादन गरिदिनुभयो । यो संगठनसंग बुद्धधर्मको प्रचार र प्रसार गर्न आफ्नै प्रेश छ । वहाँको बुद्धधर्म सम्बन्धी रुचिपूर्ण व्याख्यानले विश्वविद्यालयका छात्र छात्राहरूलाई निकै प्रभावित गऱ्यो । डा. वोन मेंगको नेतृत्वमा संगठित म्युनिकको बौद्धसंगठनले (Buddhistscher Gemeinde Deutschland) पनि एउटा बौद्धपत्रिका निकालेर दुईहजार भन्दा बढी पाठकहरूलाई बुद्धधर्म सम्बन्धी ज्ञान दिई राखेको छ । बौद्धसंगठनको सदस्यहरू पनि दुईहजार जति छन् । बर्लिनमा विभिन्न बौद्धसंगठनहरू छन् । फेरि सबै संगठन मिलेर बर्लिन बौद्धसमुदायको केन्द्रिय परिषद् गठन गऱ्यो । बर्लिन बौद्धहरूको साथी समूहसंग श्रीलंकाको धर्मदूत सोसाईटीको घनिष्ट धर्मदूत भिक्षुहरू पठाउने र प्रचारमा मद्दत गर्ने सम्बन्ध छ । वोसवर्गमा १९६२ मा ध्यानागार (Hausderstille) मा शान्ति चाहनेलाई जहिले पनि ढोका खोलियो । माइकेल मिडेनवर्ग को शब्दमा यो जर्मन बौद्धहरूको विकासको केन्द्रविन्दु स्थान हो । स्टलगर्तको बौद्धसमुदायका एक व्यक्ति श्रीलंकन ब्राण्डको घरमा रहेको बौद्धपुस्तकहरूको संकलन एउटा राम्रो बौद्ध पुस्तकालयहो ।ब्रमेन (Bermen) को सेभरलो मोर (SeverlohMohr) घर एउटा स्वयं विहार जस्तो छ भने वहाँको शील स्वभाव निकै नै शान्त दान्त छ ।



https://dhamma.digital

आफ्नो घरमा वहाँले बुद्धधर्मको क्लास लिईरहनु भएको छ । जर्मनमा एक एक व्यक्तिको प्रयास धेरै धेरै जनाको प्रयास बराबर गरी काम गर्ने श्रद्धालुहरू कम छैन । वोन विश्वविद्यालयको अवकाश प्राप्त प्राध्यापक डा. वारनर शमनको बौद्ध कलाकृत्तिको संग्रहले जर्मनको कलाकृत्तिको संग्रहालय भनाउनु सक्ने अधिकार लिएको छ । त्यसैले आज जर्मनमा पालि त्रिपिटकको जर्मन भाषामा पुरा अनुवाद भयो । अझ कुनै पिटकको कुनै पुस्तकको त धेरै धेरै प्रकारका अनुवादहरू छन् । आज जर्मनमा भएको २२ वटा भन्दा बढी बौद्ध संगठन र विहारमा गरी अन्दाजी २०,००० बौद्धहरू छन् । यो बीसहजार बौद्धको संख्या जर्मनमा बुद्धधर्मका निम्ति कम देखिन सक्छ परन्तु जर्मनका जनता लगनशील र प्रतिभावना भएको र एकेक व्यक्ति नै धेरैजना बराबर भएको हुनाले अझ विशेषतः बौद्ध भनेपछि बुद्धधर्म र संस्कृति प्रति केही गर्नुपर्छ भन्ने जागरुक हुने हुनाले यो बीसहजार बौद्धहरू पनि कम होइन । वास्तवमा कृयाशील बौद्धहरूको प्रयासले नै युद्धको प्रज्वलित हुन सकिने आगो शान्त हुन सक्ने भए बौद्ध जगतको सुगतको शान्ति सन्देशको शीतल छाँया मानवतालाई दिने प्रयत्नमा जर्मनी बौद्धहरूको प्रयासको मूल्य पनि कुनै प्रकारबाट कम होइन । नेपालमा सम्पन्न भएकी चौथौं विश्व बौद्ध सम्मेलनमा भिक्षु अनिरुद्धको नेतृत्वमा तीनजना जर्मन प्रतिनिधिले भाग लिएका थिए । सम्पूर्ण जर्मन बौद्ध श्वासले जर्मन बौद्ध संगठनका सचिव उपासक डब्लू. परसियन (W. Persian) को यो शब्दमा श्वास लिइराखेका छन्- "धर्मबन्धु हो । हामी सबै मिलेर संसारको सुख र शान्तिको निम्ति संघर्ष गरौं । सिंगै संसार प्रेमको भावले अभिभूत गरौं । समस्त प्रणीहरूलाई शान्ति हवोस् ।"

(नोट : यहाँसम्मको लेखन - *Buddhism in Germany by Dr. H. Ruete. Mahabodhi 54/11-12* र *71/7 Buddhismin Germany by Ashoka Weeraratna WFB News bulletin 2/1* र *3/1. Report of thethird Conference of WFB . Rangoon Buddhism in the Western World-PiyadassiThero,* फेरि भदन्त आनन्द कौशल्यायनद्वारा लिखित "बुद्ध और उनकै अनुचर" पुस्तकको आधारमा सम्पादित । श्रोत : सम्पादक भिक्षु सुद्धर्शन )



https://dhamma.digital

## (ख) वर्तमान जर्मनीमा बुद्धधर्म

धर्म युरोपको मध्यदेखि पश्चिमतर्फ फैलिएको एक देश संघीय गणराज्य जर्मनी हो । युरोपमा रूस भन्दा पछि दोश्रो ठुलो देश यही हो । यो यूरोपेली संघको सबभन्दा धेरै आबादी भएको देश पनि हो । यसको उत्तरमा बाल्टिक तथा उत्तर सागर र दक्षिणमा  आल्प्स पहाडी श्रृंखला अवस्थित छ । यसको क्षेत्रफल ३५७,००० वर्ग किलोमिटर छ र यसको जनसंख्या ८ करोड ४० लाख छ। यसको उत्तरमा डेनमार्क, पूर्वमा पोल्याण्ड र चेक गणराज्य, दक्षिणमा अस्ट्रिया र स्विट्जरल्याण्ड, अनि पश्चिममां फ्रान्स, लक्ज़मबर्ग, बेल्जियम र नीदरल्याण्ड पर्छ। यस देशको राजधानी र सबै भन्दा बाक्लो जनसंख्या भएको शहर बर्लिन हो। तथापि यहाँको सबैभन्दा ठुलो आर्थिक केन्द्र फ्र्यान्कफर्ट मानिन्छ।

जर्मनीलाई एक शक्तिशाली एवं आर्थिक समृद्धिको देश भनेर पनि चिनिन्छ। यो यूरोपकै सबैभन्दा ठुलो अर्थतन्त्र भएको देश भएको छ । यसले औद्योगिक, वैज्ञानिक तथा प्राविधिक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । यसले आफ्नो जनतालाई सामाजिक सुरक्ष, विश्व स्वास्थ्य उपचार प्रणाली तथा निःशुल्क विश्वविद्यालय शिक्षा दिएको छ। यो देश संयुक्त राष्ट्र संघ, युरोपेली संघ, नाटो, युरोप काउन्सिल, जि ७, जि २० तथा ओइसिडिको पनि सदस्य हो ।

### १. इतिहास

इतिहासको कुरा गर्ने हो भने जर्मनीमा बुद्ध धर्म भित्रिएको लगभग १५० वर्ष मात्र भएको छ । जर्मनीमा बुद्ध धर्मको इतिहास १९औं शताब्दीको अन्त र २०औं शताब्दीको शुरुदेखि शुरु हुन्छ । यसबेला यूरोपभरी नै   आफ्नो धर्म संस्कृति भन्दा पर अध्ययन गर्ने लहर चलिरहेको तथा पूर्वी दर्शन तथा आध्यात्मिकतातर्फ मानिसहरूको रुचि बढिरहेको थियो । लामो समयसम्म यसले त्यहाँका बौद्धिक वर्गको बिच अध्ययन अनुसन्धात तथा रहस्यको विषय मात्र भैरह्यो । पछि २० औ शताब्दीको उत्तरार्धसम्म पनि बुद्ध धर्मले यहाँका जनतामा धर्म वा



https://dhamma.digital

शिक्षाको रूपमा लोकप्रियत हुन सकिरहेको भने थिएन ।

नीदरल्याण्ड्सको एम्स्टरड्याममा जन्मेका **आइज्याक याकोब स्मीद** (सन् १७७९-१८४७) एक पूर्वी सभ्यताका विशेषज्ञ थिए । उनले अन्य विषयहरूका साथै केही रचनाहरू बुद्ध धर्मको बारेमा पनि लेखेका थिए जुन जर्मनीबाट पनि प्रकाशित भए । जस्तै सन् १८२८मा जर्मनीको लिपजीगबाट एउटा लेख प्रकाशित भयो – "पूर्वका धार्मिक प्रणालीहरू, विशेष गरी बुद्ध धर्मको साथै ग्नोस्टिक-थियोसोफिकल शिक्षाहरूको सम्बन्धको बारेमा" भन्ने । उनका लेखहरूले जर्मनीका जिज्ञासुहरूमा बुद्ध धर्म र शिक्षाका बारेमा रुचि जगाइदियो । उनका रचनाहरूबाट प्रभावित हुनेहरू मध्ये एक थिए अर्थर शोपेनहावर (सन् १७८८-१८६०) । उहाँ उपनिषद र गीता जस्ता हिन्दु ग्रन्थहरूका व्याख्याता हुनुहुन्थ्यो । तर पनि उहाँ बुद्ध धर्मलाई उच्च सम्मान गर्नुहुन्थ्यो । उहाँ पछि थेरवाद बुद्ध धर्म प्रति बढी केन्द्रित हुन भयो ।

त्यस्तै किसिमबाट अमेरिकी लेखक तथा थिओसोफिकल सोसाइटीका संस्थापक हेनरी स्टिल ओल्कोटका लेखहरूले पनि जर्मनहरूमा बुद्ध धर्मसम्बन्धी रुची जगाएको थियो । यसै क्रममा सन् १८८८ मा फ्रेडरिक जिम्मरम्यान (सुभद्रा भिक्षु)ले हेनरी स्टिल ओल्कोटको रचनामा आधारित भएर "बौद्ध धर्मशास्त्र" प्रकाशित गर्नुभयो ।

यसप्रकार जर्मनहरू बुद्ध धर्मप्रति आर्कषित हुँदै गए र उनीहरू आपसमा कुराकानी गर्दै ज्ञानको आदानप्रदान गर्न थाले । यसै बिच सन् १९०३मा भारतविद् कार्ल सेडेनस्टुकरले जर्मनीको लाइपजिगमा पहिलो बौद्ध संगठन स्थापना गरे । अर्को तर्फ सन् १९०४मा फ्लोरस एन्टोन गुएथ श्रीलंका तथा म्यानमार गएर थेरवाद भिक्षु न्यानातिलोका महाथेरा बनेर फर्के । उनीहरूका गथिविधिहरूले पनि जर्मनहरूमा धेरै प्रभाव पार्यो । सन् १९२२मा जर्मन लेखक हर्मन हेसेले आफ्नो कृति "सिद्धार्थ" प्रकाशित गरे । बोधिसत्व सिद्धार्थको ज्ञानप्राप्तिको यात्रालाई प्रतिकात्मक रूपमा वर्णन गरिएको यस पुस्तकले गर्दा पनि जर्मनमा बुद्ध धर्मको प्रचार हुन गयो । यसका लेखकलाई पछि सन् १९४६ मा नोबेल पुरस्कार



https://dhamma.digital

प्रदान गरिएको थियो ।

सन् १९२४ मा डा. पौल डाल्केले बर्लिनमा पहिलो जर्मन बौद्ध विहारको स्थापना गरे, जसको नाम “बौद्धिक घर” थियो । यस प्रकार जर्मनीमा बुद्ध धर्म विकास हुँदै थियो । सन् १९३३ मा जर्मनीका लामा अनागरिक गोविन्दले आर्य मैत्रिय मण्डल नामक तान्त्रिक बौद्ध संघ बनाए । पछि सन् १९५२मा श्रीलंकामा अशोक वीररत्नले “जर्मन धर्मदूत समाज” को स्थापना गरे । यसलाई पहिले लंका धम्मदुत समाजको नामले चिनिन्थ्यो । यसको उद्देश्य जर्मनी तथा अन्य पश्चिमी देशहरूमा बुद्धको शिक्षा फैलाउने थियो । यसले सन् १९५७मा श्रीलंका तीन जना भिक्षुहरूलाई बौद्ध मिशनको रूपमा ल्याएर धर्म प्रचार गराउने कामको प्रायोजन गरे ।

द्वितीय विश्व युद्ध पछिको समयमा जर्मनीमा बुद्ध धर्मले बिस्तारै त्यहाँको क्षतविक्षत भएको समाजलाई बढी ध्यान आकर्षित गर्न थाल्यो । यस बेलामा राजनीतिक तथा सामाथिक कारणले विभिन्न देशबाट आएर बसेका बौद्ध समुदायहरूको पनि योगदान देखिन्छ । यसबेला विशेष रूपमा भियतनाम, थाईल्याण्ड, श्रीलंका र तिब्बत चीन जस्ता एशियाली देशहरूबाट आएका बौद्ध आप्रवासीहरूले आफ्नो देशबाट धार्मिक आस्था, संस्कृति र परम्परा पनि लिएर आएका थिए । उनीहरूको रहनसहन तथा उनीहरूसँगको सम्बन्धले पनि जर्मन समाजमा भूमिका खेल्यो ।

सन् १९५७ को डिसेम्बरमा अशोक वीररत्नले जर्मन धर्मदूत समाजका ट्रस्टीहरूको तर्फबाट यहाँको डा. दाल्केले स्थापना गरेको बौद्ध घर किनेर लिए । अहिले यो जर्मन मात्र नभइ युरोपकै थेरवाद बुद्ध धर्मको केन्द्रको रूपमा विकसित हुँदैछ । यो युरोपको दोस्रो सबैभन्दा पुरानो बौद्ध संस्था हो र यसलाई अहिले जर्मन अधिकारीहरूले राष्ट्रिय सम्पदा स्थल घोषणा गरेर राखेको छ ।

पछि १९६० र १९७०को दशमा भने जर्मनीमा बुद्ध धर्म फस्टाएको देखिन्छ । यसबेला जर्मनी सहित यूरोपमा प्रतिसाँस्कृतिक आन्दोलनहरू चल्न थाले । त्यसको फलस्वरूप त्यसबेलाको समाजले बुद्ध धर्म लगायत



https://dhamma.digital

पूर्वी दर्शन र आध्यात्मिक प्रथाहरूमाथि नयाँ ढंगले रुचि देखायो । उनीहरूले पूर्वी धर्म  दर्शनको गंभीरता बुझे अनि आफ्ना पश्चिमी धर्महरूबाट निराश भएर, ध्यान, सचेतनता र करुणामा जोड दिने भएको ले धेरै भन्दा धेरै जर्मनहरू बुद्ध धर्म तर्फ आर्षित भएको देखिन्छ ।

पछि बिस्तारै जर्मनीमा पनि  थेरवाद, महायान तथा वज्रयान जस्ता विभिन्न निकायहरूको प्रतिनिधित्व हुने गरी छुट्टाछुट्टै बौद्ध संगठनहरू बन्न थाले यसका पनि आआफ्ना अनुयायीहरूबिच शिक्षा तथा सहयोगको आदान प्रदान हुन थाले । यी संगठनहरूले बौद्ध शिक्षाहरू तथा परम्पराहरूको प्रचार प्रसार गर्ने, ध्यान कक्षा वा शिविरहरू सञ्चालन गर्ने तथा अन्य औपचारिक वा अनौपचारिक बुद्ध शिक्षाको अध्ययन अध्यापनका कार्यक्रमहरू चलाउन थाले ।

यो भन्दा पछि सन् १९८० र १९९०को दशकमा जर्मनीमा बौद्ध समुदायहरूमा संख्यात्मक वृद्धि देखिन थाल्यो ।, देश भरी थुप्रै बौद्ध केन्द्रहरू, संघहरू तथा मन्दिरहरू स्थापित गरिए । यहाँ बौद्धहरूको ध्यानले धेरैलाई आकर्षण गरिरहेका छभने अर्को तर्फ तिब्बती बुद्ध धर्ममा पनि अलग्गै रुचि राख्नेहरूको संख्या पनि बढ्दै छ । यसको कारण यहाँ तिब्बतीहरूको आप्रवासन बढिरहेको र उनीहरूले यहाँ आआफ्नो निकायको गुम्बाहरू खोल्नु हुनसक्छ ।

जर्मनीमा बौद्ध संघसंस्था बनाउने चलन पनि धेरै भएको छैन । सम्भवतः जर्मनीमा बुद्ध धर्मको प्रचार प्रसार तथा बौद्धहको एकताको लागि सबैभन्दा पहिलो संस्था सन् १९२२मा बर्लिनमा स्थापित बौद्ध सोसाइटी थियो । इस सोसाइटीको उद्देश्य जर्मनहरूको बीच बुद्ध धमको अध्ययन र अभ्यासको विकास गराउने थियो । तर यो संस्था धेरै समय प्रभावकारी रहेन ।

जर्मनीमा आएर बसेका अप्रवासीहरू र उनीहरूको सम्पर्कमा आएका जर्मनहरूले बिस्तारै जर्मनीमा आफ्नै प्रकारको बौद्ध समुदायकै स्थापना गरे । यसरी हेर्दा आज जर्मनीमा बुद्ध धर्म एक विविधाले भरिएको तथा जीवन्त धार्मिक समुदाय बनेको छ, जसमा विभिन्न पृष्ठभूमि



https://dhamma.digital

र परम्परा वा निकायको अभ्यास गर्नेहरू अनुयायी छन् । भौगोलिक रूपमा हेर्दा पूरै देशमा धेरैवटा बौद्ध केन्द्रहरू, मन्दिरहरू तथा विहारहरू फैलिएका छन् । यहाँ सदस्यहरू व अनुयायीहरूआफ्ना आध्यात्मिक आवश्यकता वा कौतुहलता मेट्न र भौतिक सुविधाले दिन नसक्ने सुख र आनन्द खोज्न आउँछन् । त्यसैले बुद्ध धर्मले जर्मन समाजमा यस्तो विशेष मान्यता र सम्मान पाएको छ जुन संसारका हरेक बौद्धहरूका लागि गर्वको विषय हुन सक्छ । यस प्रकार बुद्धको जन्मभूमि र कर्मभूमि भन्दा हजारौं किलोमिटर टाढा रहेको जर्मनीमा बुद्ध धर्म फैलिनुको कारण बुद्ध धर्मको अद्वितीय गुण, यसमा भएको करुणा को शिक्षा, आधुनिक मनोविज्ञानसँग मेल खाने दर्शन र सबैभन्दा माथि विश्व शान्तिको उद्देश्य नै हो भन्न सकिन्छ ।

**परम्पराहरू**

भगवान बुद्धले दिनुभएको शिक्षा एउटै भएतापनि समयकालमा यो विभिन्न निकायहरू व परम्पराहरूमा बाँडिसकोको छ । यो अहिलेको सत्य हो । अहले संसारका जुन जुन देशमा बुद्ध धर्म फैलिएका छन्, त्यहाँ त्यहाँ ती निकायहरू मध्ये एक भन्दा बढी निकायहरू प्रचलनमा छन् । त्यस्तै किसिमबाट जर्मनीमा पनि अन्य धेरै देशहरूमा जस्तै बुद्ध धर्मका विभिन्न निकायहरू वा परम्पराहरूको अभ्यास भइरहेको छ । जर्मनीमा अभ्यास गरिने बुद्ध धर्मका केही प्रमुख निकायहरू र त्यसको विस्तारको बारेमा यहाँ संक्षिप्तमा ब्याख्या गरिन्छ ।

**थेरवाद :** जर्मनीको बुद्ध धर्मको कुरा गर्दा त्यहाँ सबैभन्दा पहिला थेरवाद पुगेको थियो भन्न सकिन्छ । यसलाई बुद्ध धर्मको सबैभन्दा पुरानो रूप मानिन्छ र यो नेपाल लगायत भारत, श्रीलंका, थाइल्याण्ड, म्यानमार र कम्बोडिया जस्ता देशहरूमा प्रचलित छ । जर्मनीमा थेरवाद परम्परा पछ्याउने विहारहरू, केन्द्रहरू छन् र यसलाई पछ्याउनेहरूको समुदाय पनि छ । उनीहरू प्रायः विपस्सना लगायतका ध्यान अभ्यास गर्छन् र प्रारम्भिक बौद्ध ग्रन्थहरूको अध्ययनमा केन्द्रित हुन्छन् ।



https://dhamma.digital

**महायान बुद्ध धर्म :** जर्मनीमा महायान बुद्ध धर्मपनि प्रारम्भिक युगमै पुग्यो । महायन बुद्ध धर्मको अर्को प्रमुख निकाय हो, जस अन्तर्गत अहिले विभिन्न उप-निकायहरू जस्तै जेन, शुद्ध भूमि, र तिब्बती बुद्ध धर्मलाई राखिएको पाइन्छ । जर्मनीमा महायान बुद्ध धर्म भन्ने बितिकै जेन केन्द्रहरू, तिब्बती बौद्ध गुम्बाहरू, र शुद्ध भूमि समूहहरूलाई एकमुष्ट रूपमा बुझिन्छ ।

**जेन बुद्ध धर्म :** जेन बौद्ध धर्मले खास गरी ध्यानको अभ्यास (जाजेन अथवा बसेर गरिने ध्यानको प्रकार) गराउँछ र अभ्यासकर्तालाई आफ्नो वास्तविक प्रकृतिमा प्रत्यक्ष अन्तरदृष्टि राख्नमा जोड दिन्छ । जर्मनीमा धेरैवटा जेन केन्द्रहरू र समुदायहरू छन् जहाँ अभ्यासकर्ताहरू जाजेनमा सहभागी हुन्छन् तथा नियमित वा बेलामौकाा आयोजना गरिने ध्यान शिविरहरूमा भाग लिन्छन् । यसका साथै उनीहरू आफ्नो भाषामा अनुवाद गरिएका जेन पुस्तकहरूको अध्ययन पनि गर्छन् ।

**हिमाली बुद्ध धर्म :** हिमाली बुद्ध धर्म भन्नाले समग्रमा वज्रयान वा तिब्बती बुद्ध धर्मलाई बुझाइन्छ जुन मुख्यतया तिब्बत, भुटान र नेपाल तथा भारतमा प्रचलनमा छ । जर्मनीमा धेरै तिब्बती बौद्ध केन्द्रहरू छन् जहाँ अभ्यासकर्ताहरूले तिब्बती लामाहरूबाट शिक्षाहरू प्राप्त गर्छन्, तिब्बती परम्परा अनुसार बुद्ध धर्मको अध्ययन गर्छन्, अनुष्ठानहरूमा संलग्न जसमा तान्त्रिक अभ्यासहरू समेत समावेश हुन्छन् । यहाँको हिमाली बुद्ध धम, विशेष गरी दलाई लामा जस्ता प्रमुख गुरुहरू को भ्रमण, प्रवचन तथा शिक्षाको कारणले फैलिरहेको देखिन्छ ।

**निचिरेन बुद्ध धर्म :** निचिरेन बद्ध धर्म जापानी बौद्ध भिक्षु निचिरेनको शिक्षामा आधारित छ र यसले आहिले विश्वभरी नै विशेष गरी पश्चिम मुलुकमा लोकप्रियता हासिक गरेको छ । यस निकायले मुख्यतयाः लोटस सूत्रको जपमा जोड दिन्छ । जर्मनीमा निचिरेन बौद्धका धेरै केन्द्रहरू छन् जहाँ अभ्यासकर्ताहरू जप अभ्यासमा संलग्न हुन्छन् र निचिरेनको शिक्षाहरू अध्ययन गर्छन् ।

**संलग्न वा इन्गेज्ड बुद्ध धर्म :** संलग्न वा इन्गेज्ड बुद्ध धर्म



https://dhamma.digital

पश्चिमी मुलुकहरूमा फैलिरहेको बुद्ध धर्मका रूपहरू मध्ये सबैभन्दा नयाँ अभियान वा आन्दोलन हो । यसले सामाजिक र वातावरणीय सक्रियतालाई अभ्यासको रूपको रूपमा बुद्ध धर्मसँग जोडेर हेर्न जोड दिन्छ । जर्मनीको समकालीन समाजमा संलग्न बौद्ध समूहहरूले सामाजिक न्याय, पर्यावरण संरक्षण, र अन्तरविश्वास संवाद जस्ता मुद्दाहरूमा ध्यान केन्द्रित गरिरहेका छन् र उनीहरूले आधुनिक पश्चिमी शिक्षाले दिएको ज्ञान भनेर प्रचार गरिएका यी विषयहरू भगवान बुद्धले २५०० वर्ष अगाडि नै दिनुभएको सन्दर्भ जोडेर बुद्ध धर्मको शिक्षा ग्रहण गर्न मन पराउँछन् ।

यी प्रमुख बुद्ध धर्मका निकायहरू बाहेक पनि जर्मनीमा अन्य सासाना बौद्ध समुदाय वा निकायहरू छन् ।  ती सबै निकायहरू आफ्नो मूल, इतिहास, गुरु तथा जर्मनीमा प्रवेश पछि भएका सामान्य परिवर्तनका कारण फरक पनि भएका हुन सक्छन् । तैपनि प्रत्येक परम्परा वा निकाय र त्यसका अभ्यासकर्ताहरले आ-आफ्नै अभ्यास, शिक्षा र हरूले विभिन्न आध्यात्मिक आवश्यकताहरू पुरा गर्दै जर्मनीमा धार्मिक विविधता थपिरहेका छन् ।

## ३. जर्मनीका केही प्रमुख बौद्ध शिक्षक र कार्यकर्ताहरु

जर्मन जस्तो एशिया भन्दा धेरै टाढा, धर्म संस्कृति नमिलेको देशमा बुद्ध धर्म प्रवेश हुन र फैलिन सजिलो थिएन । त्यो त त्यहाँका बुद्ध धर्मका विज्ञहरूले अथक मिहेनत गरेर नै त्यहाँको जनमानसले बुद्ध धर्मसँग परिचित हुने मौका पाएका थिए । यहाँ जर्मनमा भएका केही उल्लेखनीय बौद्ध विज्ञ वा गुरुहरूको परिचय दिइन्छ ।

**कार्ल बर्नहार्ड सेडेनस्टुकर** (सन् १८७६-१९३६) : कार्ल बर्नहार्ड सेडेनस्टुकर जर्मनीमा बुद्ध धर्मको भरखर प्रचार हुँदाको समयका एक चर्चित भारतविद् लेखक तथा अनुवादक थिए । उनले जर्मनीमै सबैभन्दा पहिला सन् १९०३मा बौद्धहरूको संस्था "जर्मनीका लागि बौद्ध मिशनरी एसोसिएशन" स्थापित गरे र जर्मनीमा बुद्ध धर्मको विकासको लागि



https://dhamma.digital

पहलो संगठनात्मक ढांचा तयार गरे । पछि उनले जर्मनीमा बौद्ध समाज नामक अर्को संगठन खोले ।

उनी पादरीका छोरा थिए र उनले प्राकृतिक विज्ञानका साथै दर्शन, चिकित्सा र भाषाशास्त्रका साथै संस्कृत, पाली, चीनी र बर्मीज़ पनि सिके । सन् १९०२मा उनले बुद्ध शिक्षाको प्रचार गर्न थाले । उनले लीपजीगमा ह्यूगो वोलरथसँग मिलेर अंग्रेजी भाषाका बुद्ध धर्मका पुस्तकहरूको अनुवाद गर्न थाले तथा बुद्ध धर्मको प्रचारका लागि पत्रपत्रिकाहरूको प्रकाशन पनि थाले । जर्मनीमा महाबोधी सेन्ट्रल, महाबोधी सोसाइटी जर्मन शाखा तथा जर्मन पाली सोसाइटीको स्थापनामा पनि उनको योगदान थियो । उनी इशाई धर्मको आलोचक बने । उनले बुद्ध धर्मलाई "भविष्यको धर्म" भनेर घोषणा समेत गरे । तर जीवनको अन्तिम समयमा भने उनी पुनः इशाइ धर्ममा नै फर्के ।

**न्यानतिलोका महाथेर (सन् १८७८-१९५७) :** न्यानतिलोका महाथेरको जन्म एन्टोन वाल्थर फ्लोरस गुएथको रूपमा जर्मनीको वाइसबाडेनमा भएको थियो । उनी युरोपमै सबैभन्दा पहिलेका भिक्षुहरू मध्ये एक थिए । २५ वर्षको उमेरमा श्रीलंका तथा स्यानमार पुगे र त्यहाँ बुद्ध धर्मको अध्ययन गर्ने मौका पाए । त्यस पछि श्रामणेर तथा भिक्षु बने ।

सन् १९०६मा उनको पहिलो बुद्ध धर्म सम्बन्धी पुस्तक बुद्धको बचन प्रकाशित भयो, जुन जर्मनहरूका बिच धेरै प्रख्यात भयो । उनले अङ्गुत्तर निकायको अनुवाद थाले, र सन् १९०७मा चतुआर्य सत्यको विषयमा प्रवचन दिए । उनले जर्मनीमा थेरवाद बौद्ध विहार बनाउने योजना समेत बनाएका थिए । यसै क्रममा उनी धेरै देशमा पनि घुमे । पछि प्रथम विश्वयुद्ध ताका यिनी समातिए र अष्ट्रेलिया लगिए र फेरि चीन पुगे । उनको निधन ७९ वर्षको उमेरमा श्रीलंकामा भयो ।

**डा. पौल डाल्के (सन् १८६५-१९२८):** जर्मनीमा बुद्ध धर्मको प्रचार प्रसार शुरु हुँदै गर्दाका एक सक्रिय कार्यकर्ताको रूपमा डा पौल डाल्के (Dr. Paul Dahlke) ले काम गरेका थिए । पेशाला चिकित्सक



https://dhamma.digital

भएर पनि उनले बुद्ध शिक्षामा धेरै लेखरचनाहरू लेखे र अन्य भाषाका रचनाहरू जर्मन भाषामा अनुवाद पनि गरे । विश्व भ्रमण गर्दै उनी श्रीलंका पुगे र बुद्ध धर्मको अध्ययन गर्न थाले । उनले पाली भाषा सिके र थुप्रै बौद्ध भिक्षुहरूसँग अध्ययन गर्ने मौका पाए । यसै क्रममा उनी म्यानमार, थाइल्याण र इन्डोनेशिया आदि देशमा भ्रमण गरे । सन् १९२४मा जर्मनको प्रख्यात बौद्ध घर (Das Buddhistische Haus) को स्थापना गर्नमा यिनको पनि धेरै मिहेनत छ । यसलाई युरोपके पहिलो थेरवादी बौद्ध विहार मानिन्छ ।

**अशोक वीररत्न (सन् १९१८-१९९९):** श्रीलंकामा जन्मेर पनि जर्मनीमा बुद्ध धर्मको विकास गर्नमा योगदान दिने मध्ये एक जना अशोक वीररत्न हो । उनले सन् १९५२मा जर्मन धर्मदूत समाजको स्थापना गरे । साथै उनी यूरोपकै सबैभन्दा पुरानौ विहार बर्लिन बौद्ध विहारका संस्थापन पनि थिए । उनेले जर्मनीमा बुद्ध धर्मको प्रचारप्रसारमा गरेको काम सम्झेर कसैकसैले उनलाई जर्मनीका महिन्द थेर भनेर समेत सम्बोधन गरेको पाइन्छ । उनले जर्मनीमा बुद्ध धर्म प्रचारका लागि तीन जना श्रीलंकाली भिक्षुहरू पठाएका थिए । त्यस्तै बौद्ध घरको निर्माण गर्नंमा पनि उनको योगदान थियो ।

**थिक नात हान (सन् १९२६-२०२२) :** भियतनाममा जन्मिएका गुरु थिक नात हान (Thich Nhat Hanh) ले अमेरिका र युरोपका विभिन्न देशहरूमा स्मृति (माइन्डफुलनेस)मा आधारिक बुद्ध धर्म तथा ध्यानहरू सिकाउँदै तथा त्यहाँका बौद्धहरूलाई संगठित गर्दै गए । यसै क्रममा सन् २००८मा उनले कोलन तथा बोनबाट नजिकै वालब्रोल भन्ने ठाउँमा यूरोपियन इन्स्टिच्युट अफ एप्लाइड बुद्धिज्म (युएआइएबि) को स्थापना गरे । थिक नात हानको शिक्षाले जर्मनी सहित विश्वव्यापी रूपमा महत्त्वपूर्ण प्रभाव पारेको छ । उहाँको शिक्षाले अभ्यासकर्ताहरूलाई सामाजिक र राजनीतिक मुद्दाहरूलाई सम्बोधन गर्न बौद्ध सिद्धान्तहरू लागू गर्न प्रोत्साहित गर्दछ ।

**तेन्जिन पेल्जोर:** जर्मनमा जन्मेका बौद्ध भिक्षु, तेन्जिन पेल्जोर



https://dhamma.digital

(Tenzin Peljor) तिब्बती बौद्ध धर्मका गुरु हुन् । शमनिज्म, सुफिज्म र हिन्दुधर्म अध्ययन गरिसकेपछि २९ वर्षमा बुद्ध धर्ममा प्रवेश गरी बौद्ध भिक्षु बनका थिए । स्मृति ध्यान सिकाउनुका साथै उनीर मानव अधिकारको वकालत पनि गर्छन् र कैदीहरू तथा बालबालिकाका लागि पनि काम गर्छन् । उनी चीनमा तिब्बतीहरूको उत्पीडन विरुद्धको अभियानमा सक्रिय रूपमा संलग्न छन् र जर्मनीमा विभिन्न धार्मिक परम्पराहरू बीचको संवाद र समझदारीलाई प्रवर्द्धन गर्ने काम गरेका छन् ।

**जोआना मेसी** (जन्म सन् १९२९)**:** मूल रूपमा जर्मनीबाट नभए पनि, जोआना मेसी (Joanna Macy) शीतयुद्ध कालमा जर्मनीमा काम गरिन् । त्यसपछि भारतमा गएर तिब्बती शरणार्थीहरूका लागि काम गरिन् र बुद्ध धर्म अध्ययन गरिन् । उनी क्रमशः बौद्ध अध्येता र विद्‌वान बनिन् । एक बौद्ध शिक्षिका र पर्यावरण कार्यकर्ताको रूप उनले जर्मन बौद्ध समुदायमा गहिरो प्रभाव छोडेको छ । तिनको पुस्तक “त्यो कार्य जसले पुनः जोड्छ”मा बौद्ध आध्यात्मिकता, गहिरो वातावरण र सामाजिक सक्रियताको व्याख्या गरेकी छिन् ।

**गर्ट स्कोबेल (जन्म सन् १९५९):** टेलिभिजन प्रस्तोता र दार्शनिक हुँदै बुद्ध धर्मको अध्ययन गर्न पुगेका गर्ट स्कोबेल (Gert Scobel)ले आफ्नै तरिकाले जर्मनीमा बौद्ध शिक्षाको प्रसार गरेका छन् । उनले बुद्ध धर्मका विभिन्न पक्षहरू र समकालीन जीवनमा यसको सान्दर्भिकताको खोजी गर्ने धेरै कार्यक्रमहरू आयोजना गरे, जसले बौद्ध विचारलाई देशमा व्यापक दर्शकहरूलाई परिचय गराउन मद्दत गरेको छ ।

**सिस्टर चान खोङ** : थिच न्हाट हानको नजिकको सहयोगी चान खोङ (Chan Khong) ले जर्मनी र युरोपभरि बौद्ध धर्मका बारेमा आफ्ना शिक्षाहरू फैलाउन महत्वपूर्ण भूमिका निर्वाह गरिन् । गरिबी र द्वन्द्व जस्ता सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्न बौद्ध सिद्धान्तहरूको प्रयोगलाई प्रवर्द्धन गर्दै, उनी विभिन्न मानवीय परियोजनाहरू र शान्ति पहलहरूमा संलग्न छिन् ।



https://dhamma.digital

यी व्यक्तिहरूले जर्मनीमा बौद्ध धर्मको परिदृश्यलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेका छन्, उनीहरूको शिक्षा र उनीहरूको सक्रियता मार्फत, अभ्यासकर्ताहरूलाई उनीहरूको दैनिक जीवनमा बौद्ध ज्ञानलाई एकीकृत गर्न र सामाजिक र वातावरणीय चुनौतीहरूको दबाबमा संलग्न हुन प्रेरित गरे ।

**४. मन्दिरहरू वा स्मारकहरू :**

जर्मनीमा बुद्ध धर्मको प्रभाव बढ्दै गएपछि त्यहाँका जनतामा बुद्ध धर्मप्रति रुचि र श्रद्धा बढ्दै गएपछि त्यहाँका स्थानीय जनता पनि आफ्नो आस्था अनुसार भगवानलाई सम्झने, प्रार्थना वा अध्ययन गर्ने स्थानहरूको आवश्यकता महशुस गर्न थाले । यसै अनुसार त्यहाँका बौद्ध समुदायको समन्वय, दान र परिश्रमबाट त्यहाँ थुप्रै बौद्ध स्मारकहरू र मन्दिरहरू देशभरी बनेका छन्। ती मध्यो केही उल्लेखनीय विहार, गुम्बा, मन्दिर तथा अध्ययन केन्द्रहरूको जानकारी यस प्रकार छ ।

**लिन सोन टेम्पल :** बर्लिन मा स्थित लिन सोन टेम्पल (Linh Son Temple) जर्मनीको सबैभन्दा ठूलो बौद्ध मन्दिर मध्ये एक हो । यो भियतनामी परम्परामा बनेको मन्दिर हो र यसले महायान बुद्ध धर्मलाई पछ्याउँछ । यसले बर्लिनमा भियतनामी बौद्ध समुदायको मिलन केन्द्रको रूपमा पनि कार्य गर्दछ ।

**बौद्ध गेट बर्लिन :** बौद्ध गेट बर्लिन (Buddhistisches Tor Berlin) मन्दिर फ्रोहनाउ, बर्लिनमा अवस्थित छ । यो पनि भियतनामी बौद्ध समुदायसँग सम्बन्धित छ र यहाँ महायान परम्परा अनुसार धार्मिक कार्यक्रमहरू सञ्चालन हुन्छन् ।

**लामा टेम्पेल बर्लिन:** जर्मनीको अर्को बौद्ध मन्दिर लामा टेम्पेल बर्लिन (Lama Tempel Berlin) हो । बर्लिनमा अवस्थित यो मन्दिरले तिब्बती बौद्ध परम्परालाई पछ्याउँछ । यहाँ तिब्बती बौद्ध धर्मसँग सम्बन्धित ध्यान शिविरहरू, कक्षाहरू तथा अन्य गतिविधिहरू सञ्चालन हुन्छ ।



https://dhamma.digital

**बुद्धिज्मको लागि केन्द्र** : सामान्यतयाः बुद्धधर्ममा मन्दिर भन्नाले यस्तो नबुझाएपनि बुद्धिज्मको लागि केन्द्र (Zentrum für Buddhismus) बुद्ध धर्ममा रुचि भएका जर्मनहरूका लागि एक महत्वपूर्ण केन्द्र हो। ह्याम्बर्गमा अवस्थित यस केन्द्रमा बौद्ध शिक्षा, ध्यान लगायतका सामुदायिक गतिविधिहरू सञ्चालन गरेर यसले बौद्धहरूलाई संगठित गरिरहेका छ।

**फ्रान्कफर्ट तिब्बती केन्द्र :** जर्मनीको फ्र्याङ्कफर्टमा अवस्थित यस फ्रान्फर्ट तिब्बती केन्द्र (Tibetisches Zentrum e.V. Frankfurt) तिब्बती बुद्ध अनुसारको बुद्ध शिक्षा प्रदान गर्ने ठाउँ हो। यहाँ तिब्बती बुद्ध धर्ममा चलेका ध्यान शिविरहरू सञ्चालन हुन्छनु। त्यस्तै यहाँ सोही अनुसारको पाठ्यक्रमबाट कक्षाहरू चलाउनुको साथै विज्ञहरूलाई ल्याएर कार्यशालाहरू पनि आयोजना गरिन्छन्।

## ५. संस्था वा संगठनहरू

**जर्मनीका लागि बौद्ध मिशनरी एसोसिएशन** : जर्मनीका लेखक अनुवादक कार्ल सेडेनस्टुकरले सन् १९०३मा जर्मनीमा "जर्मनीका लागि बौद्ध मिशनरी एसोसिएशन" (Buddhistischer Missionsverein für Deutschland) नामक संस्था खोलेर बुद्ध धर्मका प्रचार गर्ने र बौद्ध विद्‌वानहरूलाई संगठित गर्न खोजे। उनले जर्मनीमा बुद्ध धर्मको विकासको लागि पहलो संगठनात्मक ढांचा तयार गरे। यो संस्था उनी सहित आठ जनाको सक्रियतामा खोलिएको थियो। यो संस्था पछि निष्क्रिय भएर गयो।

**जर्मनीमा बौद्ध समाज** : कार्ल सेडेनस्टुकरले सन् १९०५मा आफै अग्रसर भइ पुनः जर्मनीमा बौद्ध समाज (Buddhistische Gesellschaft in Deutschland) नामक संस्था खोले। यसलाई पछि महाबोधी केन्द्र भनियो।

**जर्मन बौद्ध संघ** (Deutsche Buddhistische Union, DBU) जर्मनीका बौद्धहरूको एउटा छाता संगठन जर्मन बौद्ध संघ हो जहाँ



https://dhamma.digital

सबै परम्परा र निकायका बौद्धहरू भेला हुन्छन् र बौद्ध सिद्धान्त र अभ्यासको विविधता र विविधताको लागि बुझ्छन् र कदर विकास गर्छन्। सन् १९८५मा एक बौद्ध घोषणा तयार पारिएको थियो जसलाई सबैले स्वीकार गरेको छ।

माथि उल्लेखित मन्दिरहरू जर्मनीमा भएका केही उदाहरणहरू मात्र हुन् । त्यहाँ यस्ता अन्य ठुला साना बौद्ध मन्दिरहरू अथवा केन्द्रहरू धेरै छन्। यस बाहेक त्यहाँ यस्ता बौद्ध समुदायहरू पनि छन् जुनसँग आफ्नै जग्गा वा भवन छैनन् र आफै मन्दिर नभए पनि ठाउँ भाडामा लिएर धर्म समन्धी अध्ययन र अभ्यास गर्छन्। अझ कतिपय संगठनहरूको त भौतिक रूपमा भेट्ने ठाउँनै हुँदैन तर पनि संगठित रूपमा धर्म अभ्यास गर्छन्।

## वर्तमान अवस्थामा जर्मनीमा बुद्ध धर्मको अवस्था

जर्मनीमा अहिले ६६.५ प्रतिशत जनता कुनै पनि धर्म मान्दैनन, १४.९प्रतिशत प्रोटेस्टेन्ट छन्, ८.५ प्रतिशत क्याथोलिक छन् र ८.१ प्रतिशत मुस्लिम छन्। साना धार्मिक समुदायहरू मध्ये यहाँ सबै भन्दा ठुलो बौद्धहरूको समुदाय मानिन्छ, जुन ०.२ देखि ०.३ प्रतिशत छ। यस अनुसार त्यहाँ २७०,००० बौद्ध जनसंख्या भएको देखिन्छ। ती मध्ये सबैभन्दा धेरै श्रीलंकाबाट आएको थेरवाद मान्नेहरू छन्। त्यस्तै थाइल्याण्डबाट ५९,००० बौद्धहरू आएका छन् र ४८वटा विहारहरूसँग सम्बद्ध छन्। त्यस्तै यहाँ भियनामबाट आएका बौद्धहरूको संख्या पनि उल्लेखनीय नै छ। त्यस पछि वज्रयान वा तिब्बती बुद्ध धर्म मान्नेहरू र जापानको निचिरेन तथा जेन बुद्ध धर्म मान्नेहरू छन्। त्यहाँको सार्वजनिक कानुनले बुद्ध धर्मलाई धर्मको रूपमा मान्यता प्रदान गरेको छैन तर पनि त्यहाँका जर्मनहरूमा समेत बुद्ध धर्ममा धर्मान्तरण गर्ने चलन बढिरहेको भनेर प्रतिवेदन आएका छन्।

जर्मनीमा बौद्धहरूको वास्तविक संख्या अनुमान गर्न गाह्रो छ, किनकि तिनीहरूमध्ये धेरैले निजी रूपमा अभ्यास गर्छन् र थोरै मात्र



https://dhamma.digital

त्यहाँका बौद्ध संस्था वा संगठनहरूकहाँ सदस्यता लिएका हुन्छन् । यद्यपि अहिले जर्मनीमा बसोबास गर्ने बौद्धरु मध्ये लगभग १२०,००० एसियाली मूलका बौद्धहरू (धेरैजसो भियतनाम, थाइल्याण्ड, ताइवान, कम्बोडिया, कोरिया, जापान र अन्य एशियाली देशहरूबाट आएका) छन् । अनि बाँकी जर्मन मूलका १३०,०० बौद्धहरू छन् भनेर अनुमान गरिएको छ । तिनीहरू सामान्यतया विभिन्न निकायसँग सम्बन्धित छन् र आआफ्नो समूहहरूमा अभ्यास गर्छन् । तैपनि वैशाख पूर्णिमा जस्ता महत्वपूर्ण चाडहरूमा सबै खालका बौद्धहरू भेट्छन् चाड मनाउनका लागि सहकार्य गर्छन् । यसमा कुनै समुह एशियालीमूलका बौद्धहरूको कुनै जर्महरूको र धेरै जसोमा दुबै खालका सदस्यहरू सँगै छन् । स्वभाविक छ, अहिले बर्तमान समयमा सबै बौद्धहरू आपसमा भेदभाव नराखी सहकार्य गरेर अध्ययन अध्यापन र धर्मको अभ्यास गर्ने गर्छन् ।

नोट : 'जर्मनीमा बुद्धधर्म 'सम्बन्धी यो पाठ्यसामग्रीमा पृष्ठभूमि भिक्षु सुद्धर्शनको श्रोत र वर्तमान जर्मनी सम्बन्धी लेखक राजेन मानन्धरले लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल ।



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

## एकाइ ४ : ब्रिटेनमा बुद्धधर्म

लेखक : राजेन मानन्धर

पृष्ठभूमि अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ ४ : ब्रिटेनमा बुद्धधर्म

## (क) पृष्ठभूमि

बुद्धधर्मको महत्व स्वीकार गरेर धर्मग्रन्थ प्रकाशनमा ल्याएको तथ्य अनुसार भन्ने हो भने अथवा अध्ययन र संगतज्ञान लिएर आफूखुसी आफ्ना आफ्ना आचरण बौद्ध आचरणमा ल्याएको अनुसार लेख्यो भने तेन्हौं शताब्दीको आधि नजादैं देखि बृटेनमा बुद्धधर्म प्रवेश गरीसक्यो । अझ विद्वानहरूको विचार अनुसार एलेक्जेण्डर संगै भारतमा आएर फर्केका ग्रीकहरूले नै बुद्धधर्मको प्रभाव ईस्वीको तेश्रो शताब्दी अगाडीनै यूरोपमा केही न केही पुऱ्याई सकेका थिए । यसपछि सोन्हौं शताब्दीको इशाईधर्म प्रचारकहरूले बुद्धधर्मको प्रभाव आफूलाई अनुकुल रूपमा लिएर यूरोपमा पुऱ्यायो । जे होस् यर्थाथमा जर्ज टरनर (George Turnour) को पालि साहित्य भण्डारको महत्व देखाउने १८३७ ईस्वीमा निस्केको महावंशको अनुवादले र बी. एच्. हगसन (B. H. HOdson) को नेपालमा १८२१ देखि १८४३ भित्र संकलन भएको बौद्ध वाङमयको प्रचार प्रसारबाट नै यूरोपमा राम्रोसंग स्पष्ट रूपमा बौद्ध जागरण आयो भन्नुमाअत्युक्ति नहोला । यसपछि १८५५ ईस्वीमा डेनिस विद्वान फुबोल (Fouboll) ले लाटिन भाषाले धम्मपदको अनुवाद निकाल्नु भयो, शायद यही नै पहिलो यूरोपीय भाषाले मूलपालि त्रिपिटकको अनुवाद हो । अनि माएक्स मुलर (Mas Muller) ले आफैले अनुदित गरेर १८७९ देखियोजनाबद्ध रूपले पूर्विय पवित्र पुस्तक (The Sacred books of the East) प्रकाशनको काम थालनि गर्नुभयो । यो प्रकाशन क्रममा अहिले सम्ममा पचास भन्दा बढी गहकिला पुस्तकहरूप्रकाश भैसकेका छन् ।

ठीक यही सालमा सर इडविन आर्नल्द (Sir. Edwin Arnold) कोलाइट अफ् एसिया (Light of Asia) जस्ता काव्यात्मक बुद्धजीवनी



https://dhamma.digital

निस्क्यो । यो पुस्तक पढेर नै एक अठार वर्षिय अंग्रेज केटाले बुद्धधर्ममा प्रवेश हुन प्रेरणा लियो । जुन कि पछि भिक्षु आनन्द मेत्तेय नामको पहिलो ब्रिटिस भिक्षु भयो । अझ उनकै दि टेलिग्राफ (The Telegraph) पत्रिकामा निस्केको बुद्धगया सम्बन्धी रचनाले श्रीलंकाको सम्पन्न परिवारको एक युवकलाई घरबाट निष्क्रमण गरायो र उनी युवक पछि अनागारिक धर्मपाल नामले प्रसिद्ध भयो ।

यही समयमा एउटा अर्को युवक लण्डनमा पालि भाषाको मूल त्रिपिटकको अध्ययन अन्वेषणमा तल्लीन भैरहेको थियो । दुईवर्ष पछि अर्थात १८०१ ईस्वीमा उनि युवक अर्थात प्रोफेसर टी.डब्लू.रीस डाय्बिडस्ले बुद्धधर्मको मूल पालि त्रिपिटक अनुवाद रप्रकाशनमा अग्रगण्य संस्था पालि टेक्स सोसाइटी जस्तो संस्था स्थापना भयो । यसैको प्रेरणा स्वरूप कलकत्तामा पनि मूल बौद्धग्रन्थ प्रकाशन संस्था बुद्धिष्ट टेक्स सोसाइटी स्थापित भयो । फेरि नेपालमा जम्मा गरेर लगेको पुस्तकको क्याटलाग राजेन्द्रलाल मिश्र तथा हरिप्रसाद शास्त्रीद्वारा रचित नेपाली बौद्धसाहित्य, नेपालीज् बुद्धिष्ट लिटरेचर १८८२ मा प्रकाशित भयो । १९०६ ईस्वीमा आर.जे.जाएक्सन र आइ.आर.पिन को नेतृत्वमा इंगलैण्ड बौद्ध संगठन (बुद्धिष्ट सोसाइटी अफ् इंगलाण्ड) संगठित भयो । यसको एक वर्ष पछि अर्थात १९०७ ईस्वीमा ब्रिटेनको बुद्धधर्ममा साच्चै नै महत्वपूर्ण एउटा घटना घट्यो । अझ शासनिक रूपमा भन्ने हो भने विधिवत् रूपले ग्रेटब्रिटेन वा संयुक्त अधिराज्यमा बुद्धधर्म प्रवेश भएको साल नै यही भन्नुपर्छ । यस वर्ष बर्मामा बसी रहेका दुई युवक भिक्षुहरू आलेन बेनेट (Allen Bennet) र जे.एच्.माएक्चिन् (J.H.M,Kechine) मा बेनेटले पहेंलो वस्त्र लगाई भिक्षु मेत्तेय भएर १९०८ ईस्वीमा स्वदेशमा फर्कनुभयो । जस्तोमाथि भनिसकें उनी लाइट अफ एसिया पुस्तकबाट अठार वर्षको उमेरैमा प्रभावित हुने युवक हो । १८७२ ईस्वीमा जन्मेका बेनेटले विज्ञानका शिक्षा लिइसकेपछि १९०० ईस्वीमा श्रीलंकामा भिक्षु रेवत स्थविरसंग पालि अध्ययन गरी १९०१ मा आफ्नो जन्म दिनको दिन अक्याबमा श्रामणेर दिक्षा लियो ।उनले २१



https://dhamma.digital

मइ १९०२ को बुद्धजयन्तीको दिन ऊ.स्वे ब्या सयादोको उपाध्यायत्वमा उपसम्पदा लिएर रंगूनमा अन्तराष्ट्रिय बौद्ध संघ स्थापना गरी बुद्धधर्म (Buddhism) पत्रिका सम्पादन गर्नुभयो । फेरि वहाँले बर्माबाट फर्केर श्रीलंकामा यति प्रभावशाली उपदेश दिनुभो कि त्यो व्याख्यान भएको ठाउँ नै मेत्तेय हल नामले प्रख्यात भयो । त्यसकारण बीसौं शताब्दीको ग्रेटब्रिटेनको निम्ति वहाँ तीन शताब्दी ईस्वी अगाडीको महेन्द्र महास्थविर जस्तै हुन् । फेरि उनकै सहयोगमा एक वर्ष अगाडी गठन भैरहेको बुद्धिष्ट सोसाइटी अफ् इंगलैण्डको रूपमा पुनर्गठन भयो । फेरि यो सोसाइटी १९२४ ईस्वीमा बुद्धिष्ट सोसाइटी संगठित नहोउञ्जेल सक्रिय नै भईरह्यो ।

भिक्षु आनन्द मेत्तेय ब्रिटेनमा बौद्ध आदर्शको नमुना जस्तै मूल्यवान हुनु हुन्छ । आफ्नो सभ्य जीवनको गर्व भावले पूर्ण भएका अंग्रेज भिक्षु अंग्रेजहरूले पहिलोबार भेट्यो । झण्डै आधी शताब्दी उतादेखि बुद्धधर्मको प्रचार प्रसारले बौद्ध विचार र संस्कार लिईराखेको मानिसहरूको निम्ति वहाँ जीवित मूर्ति बन्ने काम भयो । वहाँको यस आगमनले बौद्ध जिवन परम्परा सललल बग्नलाई सुरुवात भयो । पुस्तकको आधारमा निर्माण भैरहेको बौद्ध संस्कार प्रस्फुरित भए जस्तै भयो । यो यहाँको निम्ति कम महत्वपूर्ण होइन । किनभने पूर्वमा त एउटा बौद्धले एउटा बौद्धलाई सजिलैसित जन्माउँछ , अनि उसको जीवनमा धर्मको केही न केही रूपले जानी वा नजानीकन प्रभाव छोड्छ । परन्तु त्यसको चारैतिरको वायु घाम समेत अबौद्ध वातावरण जस्तै भइरहन्छ । त्यसकारण पश्चिममा कुनै बौद्ध भयोभने त्यो धर्मको अर्थ र उपयोगितामा समेत परीक्षा गरिसकेका हुन्छन् । यो अर्थमा भन्ने हो भने पश्चिमको एक बौद्ध पनि जन्मजात धेरैजना बौद्ध समान गहकिला हुन्छन् । किनभने स्वयं जन्मजात बौद्धले बुद्धधर्म बुझ्न त्यति ध्यान दिदैन, जति पश्चिमी बौद्धले ध्यान दिन्छ । पश्चिमी देशमा कुनैले आफूलाई बौद्ध भनेपछि उसंग आफ्ना साथीहरूले सोध्छन् यस्तो भनेको के ? बचपनमा शिक्षाको साथै बौद्ध विषयमा ज्ञान नदिएको हुनाले कहिँ पसलमा वा संग्रहालयमा बुद्धमूर्ति



https://dhamma.digital

देखिराखेको भए पनि त्यो हिन्दुस्तानको देवताको रूपमा मात्र जानी राखेको हुदाँ त्यसरी सोध्ने स्वाभाविक पनि हो । परन्तु जुनबेला बुद्धको महाभिनिष्क्रमण देखिको त्याग र साधनाको कथा सुन्छ तिनीहरूमा धेरैजसो प्रभावित नै हुन्छन् । अनि कहिल्ये "सम्पूर्ण पाप नगर्ने, असल काम कुरा सम्पादन गर्ने, आफ्नो चित्त शुद्धगर्ने बुद्धहरूको उपदेश हो" भन्ने कुरा सुन्छन्, तिनीहरूले सजिलैसंग भन्छन् यो त हामी पनि स्वीकार गर्छौं । साँचै भन्ने हो यही नैतिक शिक्षाले गर्दा बुद्धधर्म ब्रिटेनमा सजिलैसंग ग्राहय हुन सक्यो ।

भिक्षु आनन्द मेत्तेय फेरि बर्मामा जानु भयो । परन्तु केही नपाउँदा पेटमा रोग (Gall Stone) भएर मनले चिताएको काम कर्तव्य र उद्देश्य त्यसै छाडी क्यालिफोर्नियामा स्वास्थ्योपचार गर्नुको निम्ति फर्कनु भयो । वहाँलाई अलिकति स्वास्थलाभ के भयो विश्वयुद्ध भैहाल्यो । तैपनि पत्र पत्रिका निकाल्ने प्रयत्न गर्दै रहनु भएको थियो । वहाँको मुख्य कृत्ति बर्मी बुद्धधर्म The Religion of Burma पुस्तक हो । फेरि वहाँ परलोक हुनु केहि समय अगाडीको वहाँको कृत्ति हो The Wisdon of the Aryas रचना । ५० वर्षको उमेरमा वहाँ परलोक हुनुभयो ।

ब्रिटेनको बुद्धधर्मकोठूलो दुर्भाग्य होभिक्षु आनन्द मेत्तेयको निधन । ग्रेटब्रिटेनमा बुद्धशासनको भिक्षु परम्परा गाँस्न सकिएन । नत्र भने फ्रान्सिसि प्रो.मायक्स मूलर (Prof. Max Muller) र डा.डाय्बिड्स् (Dr. Davids) जस्ताको प्रयत्नबाट अंग्रेजी भाषामा धर्मग्रन्थको भण्डार भरे जस्तै बलियो संघ परम्परा पनि ब्रिटेनमा राम्रोसंग जरा लिने थियो । हो स्वदेशको निम्ति स्वदेशी भिक्षुको प्रयत्नले बुद्धशासनकोविस्तार हुनेमा ब्रिटीश पछि परे पनि बुद्धधर्मको प्रचार प्रसारमा रतिभर पनि पछि परेन । अझ हजारौं भिक्षुहरू भएको देश भन्दा पनि मूल पालि र संस्कृतको ग्रन्थ प्रकाशनमा, यी साहित्यको अनुवादमा र अन्वेषण गवेषणमा ब्रिटेन अघि पर्छ ।

भिक्षु आनन्द मेत्तेयको मृत्यु पछि श्रीलंकाबाट भिक्षु परम्परा चलाउने प्रयत्न भयो । पश्चिमी लण्डन Regal s, Park मा एउटा घर



https://dhamma.digital

किनेर श्रीलंकाबाट तीनजना भिक्षु निम्त्याइयो । परन्तु लण्डन जस्तो शहरमा यो ठिक ठाउँमा नपरेको हँदा जतिसुकै ठूलो उद्देश्यको घर भएर पनि त्यो एउटा घर खरानीको थुप्रोमा तील राखे जस्तै भयो । यो घर एउटा क्लब र सानो पुस्तकालय जस्तो मात्र भयो । त्यसकारण अनागारिका धर्मपालले त्यो घर ब्रिक्री गरेर उत्तर पश्चिम लण्डन Secludad Street मा एउटा घर किन्नु भयो । यो घरमा ठूलो बगैंचा छ । विहारलाई सुहाउँदोछ । तैपनि यो घर विहार भन्दा बढी एसियन विद्यार्थी छात्रावास Asiatic Students Hostel हुन गयो । प्रत्येक आदित्यबार बेलुका मिटिङ्ग हुन्छ । एकजना नैवासिक भिक्षुले शील प्रदान गर्छ । अनि एकजना व्यक्ति विशेषको भाषण हुन्छ, सभापतिको भाषणले सभा विर्सजन हुन्छ । अनि चिया पान हुन्छ । यो प्रचारको क्रम युद्ध हुनु भन्दा अगाडीसम्म चली रह्यो । फलतः लिभरपूल (Liverpool) र क्याम्ब्रीज (Cambrige) मा पनि बौद्ध संगठन बन्यो । परन्तु विश्वयुद्धले विहारको सभामा तीनजना मात्र मानिस श्रोता गरिदियो भने अर्को दुईवटा संगठन त म्हासिएर नै गयो ।

प्रथम विश्वयुद्धले बुद्धधर्मको प्रचार प्रसारमा ल्याएको शिथिलता फेरि युद्धोपरान्त प्रचार प्रसार भएको कुरा चर्चा गर्नुभन्दा अगाडी बुद्धधर्म सम्बन्धी बौद्धिक आचरण चर्चा गर्नु यहाँ उचित सम्भन्छु । यहाँ पहिले मूल पालिको प्रकाशन र अनुवादमा नेतृत्व गर्ने डा.टी.डब्लू.रीस डाय्बिड्स को अनि संस्कृत बौद्ध वाङमयले हलचल ल्याउने हगसन (Hogson) को विषयमा विचार गरौं ।

डा.डाय्बिडस् (१८४३-१९२२) एक सिविल कर्मचारीको रूपमा १८६४ ईस्वीमा श्रीलंका गयो । त्यहाँको बौद्ध वातावरणबाट प्रभावित भएर आठ वर्ष श्रीलंकामा बस्दा विद्योदय परिवेणका भिक्षु सुमङ्गल स्थविरसंग डाय्बिडस्ले पालि पढ्नु भयो । १८७२ ईस्वीमा इंगलैण्डबाट फर्केर उनले रबर्ट सीजर चिल्डर्स (RobertCaesar Childurs) भी फोस्टल (V. Faustoll) र ओलेनबर्ग (Oldenburg) जस्ता लेखकहरू संग सक्रिय हुनुभयो, अझ वहाँ आफ्ना साथीहरू भन्दा अगाडी पुग्नु



https://dhamma.digital

भयो । चिल्डर्स, डाय्बिडस् जस्तै अभ्र १८७२ ईस्वीमा नै श्रीलंकामा सिविल कर्मचारी भएर जानु भएको थियो । वहाँ पालि भाषा शब्दकोष The Dictionery of the Pali Language ईस्वी १८७२ र १८७५ मा गरी दुईभागमा सम्पादित गर्ने विद्वान थियो । फोसवल ले इस्वी १८७७-१८९७ भित्र अथक प्रयास गरेर जातकलाई सात भागमा निकाल्नु भयो । १८७८ ईस्वीमा वल्डेनवर्ग को दीपवंश अनुवाद निस्क्यो । १८७९-१८८३ ईस्वी भित्र वल्डेनवर्ग संग मिली निकालेको विनयपिटक (पाँचभाग) डाय्विडस्को अर्को उल्लेखनीय पुस्तक हो । परन्तु यी विद्वाहरूको ग्रूपमा डाय्विडको कत्ति आलस्य नटाँसेको ४१ वर्षको विद्वतापूर्ण प्रयासले वहाँलाई अग्रगण्य ठाउँ प्राप्त भयो । बुद्धधर्म सम्बन्धी विवादमा वहाँको निर्णयलाई मान्यताको दृष्टिले हेर्ने भयो । यो प्रसंगमा बुद्धधर्म (Buddhism) १८७८ को निर्वाण सम्बन्धी विवेचना र निदान कथाको अनुवाद तथा समालोचना (१८७९) स्मरणीय छ । १८८१ मावहाँलाई अमेरिकामा बुद्धधर्म सम्बन्धी भाषण दिन निमन्त्रित गऱ्यो । यहीं वहाँले पालि टेक्स सोसाइटी (Pali Text Society) संस्थापित भएको घोषणा गर्नुभयो । वहाँको शब्दमा पवित्र धर्म ग्रन्थको प्रकाशन गर्ने काम विश्वधर्मको इतिहासमा एक महत्वपूर्ण काम हो । फेरि यो काम गर्ने भार आफूलाई नै छाडी राखेको थान्नु भै वहाँले प्रयास गर्नु भयो । अनि फेरि वहाँको जीवन पालि टेक्स सोसाइटी कै जीवन भयो । निरन्तर ४१ वर्षसम्म पालि टेक्स सोसाइटीको काममा आफूलाई समर्पित गरी मूल पालि त्रिपिटक र अट्ठकथाको सम्पादन, एक दर्जन जति मूल ग्रन्थको अनुवाद, दर्जनौं बुद्धधर्म सम्बन्धी मौलिक रचनाको काम पूरा गर्नु भै १९२२ ईस्वीमा वहाँले यो संसार छाडी जानुभयो । परन्तु वहाँ ब्रिटेनमा बुद्धधर्मको इतिहासमा मात्र होइन विश्व बौद्ध साहित्यको इतिहासमा नै बिर्सन नसकिने विद्वान र भक्त हुनुभयो । वहाँको कृत्ति मध्ये दीघनिकाय (१८८९-१९०३-१९१०), अभिधम्मट्ठसङ्गहो (१८८४), दाठावंश (१८८४) को सम्पादन, मिलिन्दप्रश्न (१८९०) को र दीघनिकाय (१८८९-१९१०-१९१२) अनुवाद, बुद्धधर्म (१८९६) र बुद्धिष्ट इन्डिया



https://dhamma.digital

(१९०३) अनुसन्धानात्मक ग्रन्थ उल्लेखनीय छ । वहाँको सबभन्दा ठूलो देन पालि अंग्रेजी शब्दकोष (Pali English Dictionary) हो । १९०२ ईस्वीमा प्रकाशन शुरु भएको यो शब्दकोष विश्वयुद्धले गर्दा रोकिनु परेकोले तीनभाग निस्केको सम्म वहाँले देख्नुभयो । अनि पूरा नभएको काम विश्वयुद्ध समाप्त भएपछि वहाँकै सहकर्मी डा.विलियम स्टेड (Dr. WilliamStede) ले १९२५ मा पूरा गरिदियो । यो महान शब्दकोष कत्तिको लोकप्रिय छ भन्ने कुरा १९६६ सम्ममा पाँचौं संस्करण भएकोले नै स्पष्ट छ ।

डा.डाय्विडस्को यस प्रयासमा जब वहाँलाई श्रीमती कोरालिन फोली रीस डाय्विड्स् (Mrs,Coroline Foly Rhys Davids) समेत धेरै विद्वानहरूको सहयोग प्राप्त भयो तब धेरै नै विद्वानहरू पनि जुटाई दियो । महावग्ग (१८०८-१९०९), सगाथावग्ग (संयुक्तनिकाय), विभंग (१९०४), पट्ठान (१९२१), यमक (१९१२), विशुद्धिमग्गो (२ भाग) (१९२०-१९२१) को सम्पादन, धम्मसंगिनीको अनुवाद (Buddhist Manual ofOsychologieal Ethics 1923) अभिधर्मको अनुवाद (Compendium of Philosophy 1910), लाइट अफ् एसिया पुस्तकले पछिको रसमय काव्यात्मक बौद्धग्रन्थको रूपमा, थेरगाथाको अनुवाद (Psalms of the Brethren 1913), थेरीगाथाको अनुवाद (Psalms ofthe Sisters 1909), महायान बुद्धधर्म र अनात्मवाद, शाक्य अर बुद्धिष्ट ओरिपजन्स (Shakya orBuddhist Origins 1931), मुक्तिगामीहरूको वचन (?) (Wayfare,s Words 1942) तीन भाग, श्रीमती डाय्विडको अघिसार्न योग्य कृत्ति हो ।

पालि टेक्स सोसाइटीले डेनिस विद्वान भी.ट्रेङ्कर (V. Trencker) आर. चाम्स (R. Chalmers), लि अन् फीर (Le on Feer) , एफ्. एल्. वूडवर्ड (F L. Woodword), ई. हार्डी (E. Hardy) जस्ता निकै विद्वानहरू निकाले । भी.ट्रेङ्करको र आर.चाम्सको प्रयत्नले आठ भागमा मज्झिमनिकाय (१८८५-१९२५) सम्पादित भयो । ट्रेङ्करज्यूको तर्फबाट मिलिन्दपञ्हो (१८८०) पनि सम्पादित भयो । लि. अन् फीर ले



https://dhamma.digital

१८८४ देखि १९०४ भित्र संयुक्तनिकाय ६ भागमा सम्पादन गर्नुभयो । त्यस्तै नै वुडवर्ड को तर्फबाट थेरगाथा अट्ठकथा (१९४०-१९५२), संयुक्तनिकाय अट्ठकथा (१९२१-१९३७), धर्मपाल रचित तीनैभाग उदान अट्ठकथा (१९२६) सम्पादन भयो । पालि टेक्स सोसाइटीबाट अरु अरु सम्पादनहो ई.हार्डी (E. Hardy) को विमानवत्थु अट्ठकथा (१९०१) र पेतवत्थु अट्ठकथा (१८९४) । ई. मुलर (E. Muller) को थेरीगाथा अट्ठकथा (१८८२) र धम्मसंगिनी अट्ठकथा (१८८५) । हरमन स्मीथ (Herman Smith) को खुद्दकपाठ अट्ठकथा (१९१५), सुत्तनिपात (१८१३) र तीनैभाग सुत्तनिपात अट्ठकथा (१९१६-१९१८) । आर. मोरिस (R. Morris) ई. हार्डी (E. Hardy) र मावेल हण्ट (Mabel Hunt) को अंगुत्तरनिकाय (१८८५-१९१०), मायक्स वाल्सर(Max Waleser) र हरमन कोप(Herman Kopp) को चारभागको अंगुत्तर निकाय अट्ठकथा (१९२०-१९४०) । डायुविडस् संगै बसेर जे.इस्टलेन (J. Estlen) कार्पेटर (Carpeter) को दीघनिकाय (१८८९-१९११) र यसैको तीन भागमा निस्केको अट्ठकथा (१८८६-१९३२) । एच्.सी.हरमन (H. C. Harman)को पाँच भागमा निस्केको धम्मपद अट्ठकथा (१९०६-१९१५) । डब्लू.गाइगर (W. Geiger)को चुल्लवंश (१९२५-१९२७), जे.एच्.वूडस् (J.H, Woods), डि.कौसाम्बी(D. Kaushambi), आई.बी.हरमन (I .B. Harman) र अरनोल्ड (Arnold) को दुईभागको कथावत्थु (१८९४-१८९७) यी नमुना रूपमा प्रस्तुत गरेको पुस्तकको सम्पादक विद्वानहरू र पुस्तकको प्रकाशनबाट हाम्रा हृदयमा राम्रैसंग होस आउँछ, ब्रिटेनमा धर्मको अध्ययन र मनन तर्फ कस्तो जागरण आयो ? साँचै नै पाउल चरस (Paul Carus) को १९१० ईस्वीको देवनागरी "कल्याण धम्मो" भनिकन बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि, भनिकन कभरमा रातो अक्षरले छापी राखेको "गोस्पेल अफ् बुद्ध" (Gospelof Buddha) देख्दा खेरी आज पनि हाम्रो मनमा भित्रसम्म छुन जान्छ । यसरी प्रतीकको रूपमा कति मनपर्दो किसिमले आफ्नो पुस्तकमा यस्तो राखेका होलान् भन्ने कुरा हाम्रो हृदयमा मन्थन गराउँछ ।



https://dhamma.digital

पालि बौद्ध वाङमय तर्फ जस्तो क्रान्ति आयो त्यस्तै संस्कृत बौद्ध वाङमय तर्फ पनि आयो । विशुद्ध संस्कृत र गाथा संस्कृतको बौद्धसाहित्य अध्ययन तर्फ बी.एच्.हगसन (B. H. Hodgson) ले नेतृत्व गर्नु भयो । वहाँ १८२१ देखि १८४३ सम्म नेपालमा बस्नु भएका ब्रिटिस रेजिमेण्ट हुनुहुन्छ । वहाँले संग्रह गर्नु भएको विशाल र मूल्यवान संस्कृत र गाथा संस्कृतको हस्तलिखित बौद्ध ग्रन्थहरू कलकत्ता, लण्डन र पेरिसको विद्वानहरूको निम्ति निधि नै भयो । वहाँको एसियाटिक रिसर्च (Asiatic Research) तेऱ्ह भाग (१८२८) र रोयल एसियाटिक सोसाइटि अफ लण्डन (Roval Asiatic Society Of London) तिन भाग (१८२८) मा प्रकाशित रचनाले यस कुराको पुष्टि गर्छ । उता पश्चिमी बौद्ध अध्ययनको जनक मायक्क्स मुलर (Max Muller) ले सुखावति ब्युह (१८८३) र वज्रच्छेदिका प्रज्ञापारमिता सम्पादित गर्नु भयो । सुखावतिव्यूहको अंग्रेजी अनुवाद भने फरमर (Furmur) ले १८९४ मा गर्नु भएको देखिन्छ । कार्न(Karn) र बी.नाजिओ (B. Nazio) को प्रयासबाट १८८४ मा सद्धर्मपुण्डरिक प्रकाशित भयो । अनि ई.बी.कोबेल (E. B. Cowell) ले दिव्यावदान (१८८६) र बुद्धचरित (१८९४) निकाल्नु भयो भने ई.एच्.जोहनसन (E. H. Johnson) ले सुन्दरानन्द (१९३२)। जे.जे.जोन्स (J.J. Jonws) ले महावस्तु (१९४५-५२) निकाल्नु भयो ।

संस्कृत वाङमयको आधारमा महायान बुद्धधर्म प्रचार भए जस्तै तिब्बती भाषाको आधारमा पनि पहिले देखि नै यूरोपमा धर्मको अन्वेषण भएको थियो । हंगेरियन विद्वान अलेक्जेण्डर क्सोम  र दे कोरोस (De Koros) १८१८ देखि १८२३ सम्म लद्दाखमा लामाहरूसंग तिब्बती भाषा पढ्न व्यस्त भयो । अनि १८३४ मा वहाँहरूले तिब्बती व्याकरण र तिब्बती शब्दकोश बनाई दियो । एसियाटिक रिसर्चस् भाग २० मा कंजूरको समिक्षा (Analysis of the Conjue) र डब्लू.डब्लू.रोकविल (W. W. Rockwill) बाट तिब्बती कवितामय उदान वर्ग अंग्रेजी अनुवाद भयो ।



https://dhamma.digital

यसरी पालि, संस्कृति र तिब्बती भाषाको बौद्ध साहित्यको प्रकाशनले अनि त्यसको अध्ययन मननले बुद्धधर्ममा जागरण आए झैं ब्रिटेनमा बौद्ध संगठन र प्रवचनले पनि बुद्धधर्म बलियो भईरहयो । ग्रेटब्रिटेन आयर्लैण्डको बौद्ध संगठन तथा बौद्ध पत्रिका (Buddhist Revien) प्रथम विश्वयुद्धलेशिथिल गरे पनि विश्वयुद्ध सिद्धिये पछि बाँकि रहेका बौद्धहरू फ्रान्सिस पेन (Francis Payne) ले जम्महशा गऱ्यो । ग्रेट ब्रिटेन र आयर्लैण्डको बौद्ध संघ थेओ सोफिकल सोसाइटि को साखाको रूपमा बुद्धिष्ट लज (Buddhist Lodge) गठन भयो । वहाँले स्वयं लण्डन बौद्धसंघ स्थापित हुँदासम्ममा छत्तीस भाषण गर्नुभयो । यो बुद्धिष्टलजको उद्देश्य बटुवा मानिसहरूलाई बौद्ध गर्ने होइन, बल्कि राम्रो बौद्धग्रन्थ प्रकाशन गर्ने र बौद्धसंगठन बनाउने हो। यसैको प्रयासमा १९२६ मा ए.सी.मार्च (A. C. March) को अध्यक्षतामा ईगलैण्डमा बुद्धधर्म (Buddhism in England) प्रकाशित भयो । वहाँले अंग्रेजीमा भएको दुईहजार पुस्तक वा रचनाको सम्बन्धमा १९३५ मा बौद्ध बाबियोग्राफी (A, Buddhist Bibilography) निकाल्नु भयो ।

यता माथि उल्लेख गरे झैं क्रिसमस हम्फ्रे (Christmas Humphrs) को अध्यक्षतामा १९ नवेम्बर १९२४ का दिन लण्डन बौद्धसंघ (Buddhist Society of London) गठन भयो । साचैं भनौं भने यही सोसाइटी अहिलेसम्म गतिशील र अग्रगण्य बौद्ध संगठन भई रहेको छ । यसले अनागारिक धर्मपाललाई स्वागत गर्ने, श्रीलंकाबाट आउने भिक्षु वजिरानन्द र बर्माका ऊ. थितिललाई मद्दत गर्ने, अनि आज भन्दा तीस चालीस वर्ष अगाडी भिक्षु नारद महास्थविरबाट विद्यार्थीहरूलाई बुद्धधर्म बुझाउन दिने, १९२७ देखि नै चाइनिज र जापानी बौद्धहरू पनि आमन्त्रण गरी प्रचार गर्न दिने, १९३६ मा श्रद्धालुहरूको एउटा सभा (World Congress of Faiths) गर्ने गऱ्यो । यो सोसाइटीले प्रवचनको आयोजनाको साथै धर्म साकच्छाको व्यवस्था र अष्टांमार्गको अनुकरण गर्नेहरूलाई मद्दत गर्थ्यो । यो सोसाइटीको पुस्तकालयको आफ्नो रजतवर्ष सम्ममा २,५०० पुस्तक संकलित भयो । विश्वयुद्धको



https://dhamma.digital

बीचमा (१९४३) सोसाइटीले ब्रिटीस म्यूजियम संगै बुद्धधर्म सम्बन्धी एउटा पुस्तक दुकान पनि राख्यो । बौद्धिक स्वतन्त्रताको संगै मुक्तिको आशा लिई राखेका मात्र साँचैको सदस्य हुन सक्ने हुँदा यो सोसाइटीको सदस्यहरू पनि संख्यात्मक रूपमा कम हुन सक्छ परन्तु गुणात्मक रूपमा साह्रै महत्वपूर्ण छ। यो सोसाइटीको विहानको डांक (Morning Mai) को काम पूरा गर्न दुई घण्टासम्म समय चाहिने भयो । यही कारणले अरु अरु बौद्धसंगठन सभाको अगाडी लण्डन बौद्ध सोसाइटी सबल भयो, राष्ट्रियस्तर कायम गर्न सक्ने भयो, लण्डनस्थित बौद्धदेशको दूतावासले मान्यता दिइयो, स्वयं संयुक्त अधिराज्यको परराष्ट्र अफिसबाट मान्यता लिन सक्ने भयो । नेपालमा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा पनि यहि सोसाइटीले ब्रिटेनको बौद्धहरूको प्रतिनिधित्व गर्‍यो । यो सोसाइटी यति बलियो र अधि बढ्न सक्नुको एउटा कारण संस्थापन अवस्थादेखि अहिलेसम्म अध्यक्ष भई रहनु भएका क्रिसमस हम्फ्रेको व्यक्तित्व र श्रम पनि हो । दोश्रो विश्वयुद्धमा जापानसंगको झगडामा आफूलाई ढकेलेर पठाउँदा सम्म पनि हम्फ्रेज्यूले आफ्नो सोसाइटीको भलाई गर्ने बिर्सेनन् । त्यहाँ पनि उनी बर्मी बौद्धहरूको तर्फबाट सोसाइटीलाई सहयोग जुटाउन सक्रिय हुनु भयो । आफ्नै घरमा सोसाइटीको अफिस आफ्नो काम नै सोसाइटीको अध्यक्ष पद संम्हाली रहेका हम्फ्रेको नेतृत्वमा पत्यार गरेर नै अनागारिक धर्मपालले २७ सेप्टेम्बर १९२५ मा लण्डन आएर स्थापित गरेको ब्रिटिस महाबोधि सोसाइटीको अस्तित्व पनि यो सोसाइटीमा जोडी दिएको हो । १९५४ ईस्वीमा श्रीलंकाको सहयोगमा एउटा बौद्धविहारको निर्माण भयो । १९५१ सम्ममा ब्रिटेनका एक प्रकाशकले (Penguin BooksLtd.) बुद्धधर्म (Buddhism) ४०,००० चालीस हजार प्रति छाप्यो । लण्डन बुद्धिष्ट सोसाइटीको सदस्य र उक्त प्रकाशनका संस्थाका डाईरेक्टर ए.एस्.बी.ग्लोवर (A. S. B. Glover) ले लेख्नु भएको यो पुस्तक २,५०,००० भन्दा बढी बिक्रि भैसकेकोले स्पष्ट गर्छ कि ब्रिटेनमा बुद्धधर्म पढ्नुमा मानिसहरू कति अगाडि बढ्यो । अहिले ब्रिटेनमा बुद्ध धर्म  सम्बन्धी रचना कहिं प्रकाशनार्थ पठाउँदा फिर्ता आउला भन्ने छैन । बल्कि त्यसरी फेरि फेरि पठाउन आग्रह मात्र आउँछ ।



https://dhamma.digital

यसको अतिरिक्त इङ्गलैण्डमा बौद्ध विहार संघले (The Buddhist Vihar Society inEngland) लण्डन भित्र वा लण्डन नजिक भिक्षुहरू बस्न हुने र प्रचारको काम पनि हुने बौद्धविहार बनाउन १९४७ देखि दृढ प्रयास गरी त्यो काम पूरा गऱ्यो । यो संघले बी.बी.सी. (B.B.C.) बाट पनि प्रचार कार्य गर्छ । हामीले बिर्सन हुदैंन, यही संघले नेपाल अधिराज्यमा बुद्धजयन्तीको सार्वजनिक छुट्टी हुँदा नेपाल सरकारलाई धन्यवाद दिएको थियो । बुद्धगयामा बौद्धहरूको नियन्त्रणको निम्ति समर्थन गर्दै आएको छ ।

तीनै निकाय (यान) जान्ने बुझ्ने भिक्षु संघरक्षित कालिम्पोङ्गबाट बीसवर्ष पछि स्वदेशमा आउनु भयो । उहाँले स्कूलका बालकहरूलाई धर्मको अध्यापनगरी रहनु भएको छ । थाइलैण्डबाट भिक्षु राजसिद्धिमुनि र भिक्षु महाविचित ब्रिटेनमा धर्म प्रचारार्थ आउनु भयो । आज भोलि ब्रिटेनमा अक्सफोर्ड र क्याम्ब्रीज विश्वविद्यालयको बुद्धधर्म सम्बन्धी निकाय समेत गरी सत्र अठार बौद्धसंघ संस्थाहरू छन् । मिहिन्तले श्रीलंकामा राखेको बुद्धको अस्तिधातु परम्परानुसार ठूलो यात्रा गरी चीसवीक (Chiswiek) नगर सभागृहमा सभागरी नयाँ बौद्धकेन्द्रमा स्थापना गऱ्यो । श्रीलंकाका प्रधान मन्त्री श्रीमती बन्दारनायिकले १३ अक्तुवर १९६४ मा प्रदान गर्नु भएको यो अस्तिधातु नै एशियाबाट बाहिर उपहार स्वरूप गएको बुद्धको पहिलो पवित्र अस्तिधातु हो । अन्तर्राष्ट्रिय बौद्ध प्रतिष्ठा प्राप्त वर्ल्ड बुद्धिष्ट (World Buddhist 20 Oct. १७६४) को शब्दमा यो श्रीलंकाका बौद्धहरूको तर्फबाट तीस हजार (३०,०००) ब्रिटेनको बौद्धहरूको निम्ति प्रदान गरिएको अमूल्य निधि हो । यो पवित्र अस्तिधातु स्तूप निर्माण नहोउञ्जेलको निम्ति लण्डन बौद्ध विहार (5. Health Field Gardens, Chiswick,London, W. -4) मा स्तापना भयो । लण्डनमा एउटा थाई विहार निर्माणाधीन भईराखेको छ । लण्डन बौद्ध कोष र लण्डन विश्वविद्यालयको सम्झौता अनुसार बौद्ध अध्ययनको निम्ति १९६६ मा एउटा अन्वेषण केन्द्र पनि स्थापना भएको थियो ।



https://dhamma.digital

आज ब्रिटेनका धेरै मानिसहरू चर्च र निरस भौतिकवादले वाक्क भएर बसेका छन् । आज संयुक्त अधिराज्य ब्रिटेनलाई आध्यात्मिक विकासले र ध्यानले दिने लाभ निकै मनपर्छ। अझ बौद्धिक र आध्यात्मिक उन्नतिको बलियो पद्धति विशालतम र प्राचीनतम विश्वमा नै अंगाली रहेको मावनताका निम्ति बुद्धधर्म कति मनपर्ला भविष्यले बताउँछ भन्ने ब्रिटेनले धारणा राखेको छ । किनभने यहाँ भएको आजकै भाषाको विशाल बौद्ध साहित्यले व्याख्या गर्न सक्छ, बुद्धको सन्देश शान्ति निम्ति महान र अनुपम श्रोत हो। यहाँ दुःख छ, यहाँ दुःखबाट मुक्त शान्ति छ, अझ अज्ञानबाट पूर्ण विमुक्त निर्वाण छ।

(नोट : यहाँसम्मको लेखन - *World Fellowship of Buddhist News Bulletin 1/6.3/1 World Buddhism 4/5, 2500 Years of Buddhist, Report of the 4th WFB. Conference Mahabodhi 11-12/5/,4-5 15th, 10/57Buddhism in the Western World by Ven. Pryadassi Thero. A Guide to Buddhism I B L Japan* को आधारमा सम्पादित र अनुदित। श्रोत : सम्पादक भिक्षु सुद्धर्शन)

## (ख) वर्तमान ब्रिटेनमा बुद्धधर्म

कुनै बेलामा आधा विश्वमा शासन गरेको तथा कहिल्यै सुर्य अनस्ताउने देश भनेर चिनिने ब्रिटेनको भौगोलिक तथा राजनीति परिचय नै बुझ्न कठिन छ।

यस देशसँग सम्बन्धित केही शब्दहरू – युनाइटेड किंगडम, बेलायत र इङ्गल्याण्ड – ले अलग अलग अर्थ दिन्छ। ती सबैले ब्रिटिश टापुहरूको राजनीति, भूगोल र इतिहास वर्णन गन आआफ्नो किसिमले रूपमा प्रयोग गरिन्छ । यस लेखमा ब्रिटेन भन्ने देश, जसलाई हामी सामान्यतयाः बेलायत भने चिन्छौं, त्यहाँको बुद्ध धर्मको विकासको बारेमा चर्चा गर्छौं। ग्रेट ब्रिटेन भन्नाले यूरोप महाद्वीपको उत्तर-पश्चिमी तटमा उत्तरी एटलान्टिक महासागरमा अवस्थित एक द्वीप जनाउँछ, जिसममा इङग्ल्याण्ड, स्कटल्याण्ड तथा वेल्स सम्मिलित छन्। यसको क्षेत्रफल २० ९,३३१ वर्गकिलोमिटर छ र यो ब्रिटिश द्वीपहरू मध्ये सबैभन्दा ठुलो हो। यहाँको हावापानीलाई समुद्री हावापानी भनिन्छ र यहाँ मौसमहरू बीच



https://dhamma.digital

कम मात्र फरक तापमान हुन्छ। आयरल्याण्डले यो सबैको ४० प्रतिशत भूभाग ओगटेको छ र यसका साथै पश्चिममा १ हजारवटा जति ससाना द्वीपहरू मिलेर ब्रिटिश द्वीप समूह बनेको छ।

## १. बुद्धधर्मको इतिहास

### प्रारम्भिक काल

विद्वानहरूले ब्रिटेमा बुद्ध धर्मको इतिहास धेरै पुरानो भएको भन्न रुचाउँछन्। उनीहरूले ग्रीक तथा रोमनहरूको साम्राज्य एशियाका विभिन्न देशहरूसम्म पुगेकोले त्यहाँबाट फर्केका शासकहरू तथा सैनिहरूले यहाँ बुद्ध धर्मको प्रारम्भिक चरणमा प्रवेश गराएको अनुमान गर्छन्।

तेश्रो शताब्दी इशापूर्वका सम्राट एलेक्जेन्डरको राज्य पश्चिम दक्षिण एशिया सम्म पुग्यो । उनका सैनिक अधिकारीहरू त्यहाँको बुद्ध धर्मसँग परिचित भए र उनीहरूले नै पछि ग्रीस हुँदै ब्रिटेनसम्म बुद्ध धर्म ल्यायो कि भन्ने अनमान छ। ब्याक्ट्रियाका इण्डोग्रीक राज्यहरूले बौद्ध र जैन धर्म स्वीकार गरेको र त्यही मार्ग भएर बुद्ध धर्म ग्री पुगको भए त्यो ब्रिटेन सम्म जाने सम्भावना पनि छ। अर्कोतिर एङ्लो साक्सन काल (इस्वीको ४१०–१०६६)मा ब्रिटेनको अन्तर्राष्ट्रिय संस्कृति श्रीलंकासम्म पुगेको थियो। त्यसबेला श्रीलंकामा बुद्ध धर्मको ब्यापक विस्तार भइसकेकोले त्यसबेला नै ब्रिटेमा श्रीलंकाको बुद्ध धर्मको केही गुणहरूले प्रवेश पायो कि भन्ने अनुमान पनि गरिन्छ।

ऐतिहासिक प्रमाणहरूको आधरमा भन्नु पर्दा ब्रिटेनमा बुद्ध धर्मको प्रवेश १९औं शताब्दीमा मात्र भएको भन्नु पर्ने हुन्छ। यसबलेला ब्रिटिश विद्वानहरू, यात्रुहरू उपनिवेशक प्रशासकहरू भारत, श्रीलंका, मयानमार तिब्बत जस्ता देशसम्म पुगो। उनीहरूले यहाँको बुद्ध धर्मको बारे जानकारी लिए, प्रभावित भएकाहरू केहीले मन लगाएर अध्ययन गरे र त्यसैलाई उनीहरूले पछि आफ्नो देशमा लगेर प्रचार गरे भन्न सकिन्छ।



https://dhamma.digital

**उपनिवेशकाल**

पछि उपनिवेशकालमा ब्रिटेनले ती देशहरूमा कब्जा जमाए यसले त्यहाँबा बौद्धहरूसँग सिक्ने, छलफल गर्ने वातावरण पनि दियो । उनीहरूले क्रमशः यहाँ सिकेको कुराहरूको आधारमा लेख वा पुस्तक लेखेर प्रकाशन गरे, यहाँका पालि तथा संस्कृत ग्रन्थहरूको अनुवाद तथा व्याख्या गरेर पुस्तक समेत प्रकाशन गरे । यसबाट ब्रिटेनमा जिज्ञासु अन्वेषकहरू प्रभावित भइ बुद्ध धर्ममा लाग्ने क्रम शुरु भयो ।

सन् **१८१८** देखि ब्रिटेनको बुद्ध धर्मको प्रमाणिक इतिहास शुरु हुन्छ । यसबेला एदम श्री मुन्नी रत्न नामक बौद्ध भिक्षु श्रीलंकाबाट ब्रिटेन गए ।

ब्रिटिश अधिकारी ब्राइन हगटन हजसनले **सन् १८२४**मा यहाँ काठमाडौं उपत्यकामा संस्कृत भाषामा लेखिएका महत्वपूर्ण बौद्ध ग्रन्थहरू लिएर गएका थिए । यिनै ग्रन्थहरूको अध्ययन गरेर ब्रिटिश तथा अन्य युरोपका देशहरूले महायन बुद्ध धर्मको गम्भीरता बुझे ।

**सन् १८३७** मा जर्ज टर्नरले श्रीलंकाको महावंशको अंग्रेजी अनवाद गरेर बुद्ध धर्मलाई नै आधुनिक ब्रिटेनमा प्रवेश गराए भन्न सकिन्छ । उनले सहकर्मी जेम्स प्रिन्सेपसँग मिलेर अशोक स्तम्भका अभिलेखहरूको व्याख्या समेत गरेमा थिए ।

**सन् १८७९** देखि १९१०को बिचमा ब्रिटिश दार्शनिक मेक्स म्यूलरले पूर्वका पवित्र पुस्तकहरू नममा ५०वटा धार्मिक पुस्तकहरूको सम्पादन गरेर प्रकाशित गरे जसमा बुद्ध धर्मका ग्रन्थहरू पनि थिए । यस संग्रह भित्र म्यूलरले अनुवाद गरेको धम्मपद, सुत्तनिपात थिए । अनि टि डब्लु राइस डेभिड्सले अनुवाद गरेको महापरिनिब्बान सुतन्त तथा धम्मचक्कपवत्तन सुत्र अदि, मिलन्दप्रश्न आदि थिए ।

**सन् १८७९**मा बेलायती कवि तथा पत्रकार सर एडविन एर्नोल्डले दि लाइट अफ एशिया नामक बुद्धको जीवनीबारे पुस्तक लेखे । यसपछि ब्रिटिश तथा युरोपियनहरूले भगवान बुद्ध तथा उहाँको शिक्षाको यथार्थ बारे जानकारी पाए ।



https://dhamma.digital

ब्रिटेनमा बुद्ध धर्म फैलाउन त्यहाको बौद्धिक जमातले धेरै योगदान दिएको छ। यहाँ बुद्ध धर्म लौजाने र प्रचार गर्ने काममा त्यहाँका विद्वानहरू हजसन, माक्स मुलर तथा राइस डेविड्सहरूको योगदान अतुलनीय छ। उनीहरूले बौद्ध ग्रन्थहरू अंग्रेजीमा अनुवाद गरे पश्चिमी पाठकहरू सामु राखिदिए।

**सन् १८८१**मा थोमस विलियम राइस डेविड्सले **पालि टेक्स्ट सोसाइटी**को स्थापना गरे। ब्रिटेनमा पालिभाषा र विषेश गरी थेरवाद बुद्ध धर्मको प्रचार गर्नमो यस संस्थाले धेरै काम गर्‍यो। त्यस्तै सन् १८७५मा हेलेना ब्लाभात्स्की तथा हेनरी स्टील ओल्कोटले **दि थियोसोफिकल सोसाइटी**को स्थापना गरे, जसले बेलायतमा बुद्ध धर्मको ग्रन्थलाई पुर्‍याउनमा ठुलो योगदान गर्‍यो। यसले भारतबाट अन्य धार्मिक आध्यात्मिक ज्ञानका साथै बुद्ध धर्म पनि ब्रिटेनमा लगेर प्रचार गरे।

### आधुनिक काल

आधुनिक ब्रिटेनमा बुद्ध धर्मको क्रमिक रूपमा प्रचार प्रसार हुँदै गयो। सन् १९०८मा भिक्षु आनन्द मेत्तेय ब्रिटेन फर्केर यहाँ बुद्ध शिक्षा फैलाउन थाले। यो ब्रिटेनको बुद्ध धर्मको विकासको एक कोशेढुंगा थियो।

सन् १९२४मा **दि बुद्धिस्ट सोसाइटी**को स्थापना भयो। गृहस्थहरूको यो संस्था युरोपकै पहिलो संस्थाहरू मध्ये एक थियो। बौद्ध संस्था भएर पनि कुनै एक यानको समर्थनमा नलागी बुद्ध धर्मलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गर्नेहरूका लागि सहयोगी संस्था बन्यो यो। त्यस्तै सन् १९२६मा थेरवाद लण्डन बुद्धिस्ट विहारको स्थापनाले यहाँ बुद्ध धर्म प्रचारमा थप टेवा पुग्यो। यसरी हेर्दा ब्रिटेनमा बुद्ध धर्मको शुरुवात नै थेरवादबाट भएको मान्न सकिन्छ

समयको परिवर्तन पछि ब्रिटिश साम्राज्य अन्तर्गतका धेरै देशहरू स्वतन्त्र भए। यससँगै ती देशका मानिसहरू ब्रिटेनमा आप्रवासनका लागि आउने क्रम शुरु भयो। तिनीहरूले आफु र आफ्नो परिवारसँगै आफ्नो



https://dhamma.digital

भाषा, संस्कृति  धर्म पनि लिएर आए। यसले विस्तारै ब्रिटेनको संस्कृतिमा विविधता थप्ने काम गरे। विशेष गरी दोश्रो विश्वयुद्धको अन्त्यपछि युरोप भरी एशियाली देशहरूबाट भागेर लगएका आप्रवासीहरूको प्रवेशको बाढी नै भयो । यसले ब्रिटेनमा बुद्ध धर्मका अभ्यासकर्ताहरू धेरै पुगे । उनीहरूले त्यहाँ आफ्नो भावना र श्रद्धा अनुरूप बस्ने ठाउँमा बुद्धमूर्ति स्थापना गरे, पूजा पाठ वा अध्ययन गरे । त्यस्तै बाहिर पनि बिस्तारै मन्दिर एवं बौद्ध ध्यानकेन्द्रहरूको स्थापना गर्न थाले। यसले गर्दा ब्रिटिश नागरिकहरूले आफुले पढेको जानेको बुद्ध धर्मको अभ्यासलाई प्रत्यक्ष देख्न तथा अनुभव गर्न पाए । साथै उनीहरूले सैद्धान्तिक ज्ञान तथा अभ्यासकर्ताहरूको जीवनशैली पनि सिक्न पाए । यसै बिच यहाँ बुद्ध धर्मको रुचि बढेको देखेर भिक्षु कपिलवद्धोले सन् १९५४मा धम्मकाय परम्परा ल्याए अनि सन् १९५५मा इङ्लिश संघ ट्रस्टको स्थापना भयो ।

यस बाहेक ब्रिटेनमा अन्य पश्चिमी मुलुकहरूमा जस्तै आफ्नो धर्म संस्कृति भन्दा बाहिरका धर्म संस्कृति प्यारो लाग्ने लहर चलेको छ। यसै अनुसार  पनि त्यहाँ धर्मान्तरणकर्ताहरू बढिरहेको छ। हालका २० औं तथा २१औं शताब्दीमा पश्चिम जगतमा स्थानीयहरू नै बुद्ध धर्ममा धर्मान्तरण गर्ने प्रचलन बढेको छ। यसै क्रममा ब्रिटेनमा पनि त्यहाँका मानिसहरू नै बुद्ध धर्ममा धर्मान्तरण गर्नेहरूको संख्या बढिरहेको छ । ब्रिटेनमा थुप्रै प्रभावशाली एशियाली तथा ब्रिटिश नै गुरुहरूले विभिन्न निकाय अन्तर्गत रही बुद्ध शिक्षा दिने गरेका छन् ।

नयाँ नयाँ अध्ययनका विषयमा रुचि राख्ने ब्रिटिशहरूको स्वभावका कारण त्यहाँ बुद्ध धर्म नयाँ र रोचक अध्ययन को विषय बन्दै गइरहेको छ । यसैको फलस्वरूप केही दशक यता ब्रिटेनमा बौद्ध अध्ययन केन्द्रहरू धेरे संख्यामा खुल्न थालेका छन् । अधिकांश विभिन्न देशबाट आएर बसेका आप्रबासीहरूले आफ्नो जन्मस्थल वा समुदायको निकायकै निरन्तरता दिँदै थेरवाद, महायान वा महायन, जेन आदि निकायको आधारमा आगन्तुकहरूलाई बुद्ध धर्मको विशेषता सिकाउने तथा ध्यान विधिहरू सिकाउने गर्छन् । यस बाहेक अब त मूलबासी



https://dhamma.digital

ब्रिटिशहरूले नै पनि बौद्ध केन्द्र खोलेर धर्म दान दिइरहेका छन् ।

अहिले आएर ब्रिटिशहरूले बुद्ध धर्मलाई एउटा धर्म, दर्शन वा जीवन जिउने कलाको रूपमा स्वीकार गरेका छन् । ब्रिटिश समाजमा यो अध्ययनको विषय, कौतुहलताको विषय हुँदै अब सामाजिक तथा अन्य समस्या वा तनावबाट मुक्ति पाउने सजिलो र प्रभावकारी मार्गको रूपमा पनि ब्रिटिशहरूले स्वीकार गरिरहेको अवस्था छ । त्यसैले होला अहिले संयुक्त अधिराज्य सरकारले यस धर्मलाई स्वीकार गरेको छ भने बौद्ध संस्था, मन्दिर तथा केन्द्रहरूलाई पनि टेवा तथा सहयोग दिइरहेको छ ।

यस प्रकार हेर्दा अहिले ब्रिटेनमा बुद्ध धर्म एउटा पत्ता लगाइएको धर्मको रूपमा विकासित हुँदै मानिसहरूले बुझ्दै, समाजमा स्थापना हुने क्रममा देखिन्छ । यसका लागि ब्रिटिश यात्रु, उपनिवेश अधिकारीहरू, अध्ययन अनुसन्धान कर्ता, आप्रवासी एशिलालीहरूको संयुक्त प्रयास तथा योगदान धेरै छ ।

यी विभिन्न कारण तथा वातावरणले गर्दा ब्रिटेनमा बिस्तारै बुद्ध धर्मावलम्बीहरूको संख्या बढ्दै गइरहेको देखिन्छ । सन् २०११को जनगणना अनुसार यहाँको जनसंख्या मध्य २४७,७४३ले आफ्नो धर्म बौद्ध भनेरे लेखाए । यसले यहाँ धेरै पुरानो बुद्ध धर्मको प्रभावका कारण यहाँ बौद्धहरूको संख्या धेरै रहेको देखिन्छ ।

## २. बौद्ध परम्परा

बुद्ध शिक्षा एउटै भएपनि ठाउँ र समय अनुसार उक्त शिक्षालाई विभिन्न किसिमबाट ब्याख्या हुन थालेको सबैले बुझेकै छ । यस्तै किसिमबाट ब्रिटेमा पनि समय बित्दै जाँदा त्यहाँ बुद्ध धर्मका विभिन्न निकायहरूको अवलम्बन हुन थाल्यो । यहाँ प्रचलनमा आएका विभिन्न निकाय वा परम्पराहरूको यसरी संक्षेपमा ब्याख्या गर्न सकिन्छ ।

**थेरवाद :** भगवान बुद्धको बचनको संग्रह त्रिपिटकमा आधारित भएर बुद्ध धर्मको अध्ययन गर्ने थेरवादको प्रचलन ब्रिटेनमा धेरे



https://dhamma.digital

अगाडि भएको थियो । यो सिद्धान्त र प्रमाणमा आधारित हुने भएकोले ब्रिटेनका अध्ययनशील तथा बौद्धिक वृत्तमा धेरै प्रख्यात छ । र यसको अभ्यासकर्ताहरूको संख्या ब्रिटेनमा बढिरहेको छ । २०औं शताब्दीको शुरुवातसँगै ब्रिटेनमा थेरवादको उदय भयो । स्न १९०८मा श्रीलंकामा अध्ययन गरेका ब्रिटिश नागरिक भिक्षु आनन्द मेत्तेयको रूपमा ब्रिटेनमा फर्केपछि यहाँको बुद्ध धर्ममा प्रत्यक्ष पारे । सन् १९२४मा लण्डनको बुद्धिस्ट सोसाइटीको स्थापनाले मानिसहरूको ध्यान आकर्षण गर्यो । यसमा अनागारिक धम्मपालको अभियानले पनि भूमिका खेल्यो । अहिले पनि यहाँका थेरवाद केन्द्रहरू श्रीलंका, थाइल्याण्ड तथा म्यानमार जस्ता देशहरूबाट आएर बसेकाहरूबाट निर्देशित छन् ।

**महायान :** महायन बुद्ध धर्म भन्नाले यहाँ जेन, प्योरल्याण्ड तथा तिब्बती बुद्ध धर्मलाई समावेश गरिएको छ । समय र स्थान हेरेर ब्रिटेनमा महायन अन्तर्गत आउने बुद्ध धर्मको निकायहरूलाई स्वागत र अभ्यास गरेको पाइन्छ । थिक न्हात हानको परम्पराअनुसारको संघ ब्रिटेनमा ९० वटा जति छन् । ध्यान बुद्धिज्मको लिन्जी परम्परा अनुसार अर्डर अफ इन्टरबिइङ पनि स्थापित छ ।

**जेन :** ब्रिटेमा जेन बुद्ध धर्मको आफ्नै तरिकाबाट विकास भइरहेको छ । शास्त्र र तर्क गर्नुभन्दा ध्यान गरेर आफु भित्र हेर्नेह यसमा आकर्षित छन् । यहाँ सोतो जेत तथा रिन्जाइ जेन जस्ता सम्प्रदायहरू सक्रिय छन् । उनीहरूले ध्यान अभ्यास, शिविर आयोजना गर्नुका साथै जेन गुरुहरूबाट शिक्षण कार्यक्रम आयोजन गर्छन् । सोतो जेन परम्परा अन्तर्गत नर्थुम्बरल्याण्डमा थ्रोसेलहोल बुद्धिस्ट एबे खोलिएको छ ।

**प्योरल्याण्ड :** धेरै जसो चीन तथा टाइवानका परम्परागत बौद्धहरूले विशेष गरी अभिताभ बुद्धलाई मान्ने प्योरल्याण्ड बुद्धिस्टहरू पनि ब्रिटेनमा छन् । यस अन्तर्गतका बौद्ध केन्द्रहरूले पाठ अभ्यास तथा अध्ययन समुह बनाएर बसेका छन् । उनीहरूले शिन बुद्ध धर्म अन्तर्गतको हिगाशी होगान्जी सम्प्रदायसँग सम्बन्धित थ्रि ह्विल्स टेम्पल बनाएर धर्म अभ्यास गरिरहेका छन् ।



https://dhamma.digital

**तिब्बती :** तिब्बती आप्रबासीहरूले वा उनीहरूको प्रभावले गर्दा ब्रिटेनमा तिब्बती बुद्ध धर्मको अभ्यास पनि भइरहेको छ। यस अन्तर्गत गेलङ, काग्यु, न्यिङ्मा तथा साक्य सम्प्रदाय अन्तर्गतका गुम्बाहरू बनेका छन्। त्यहाँ आफ्नो परम्परा अनुरूपका शिक्षण, ध्यान अभ्यास, पुजापाठ आदि गरिन्छ। फ्रेडा बेदी नामक ब्रिटिश महिलाले सर्वप्रथम तिब्बती बुद्ध धर्म अन्तर्गत प्रवजित भइन्, उनलाई अहिले सिस्टर पाल्मो भनेर चिनिन्छ।

**वज्रयान :** तिब्बती बुद्ध धर्मसँग सम्बन्धित तर धेरै तन्त्रयानमा जोड दिने प्रकारको वज्रयानले पनि ब्रिटेनमा ठाउँ बनाएको छ। ब्रिटेनमा केही त्यस्ता गुम्बा वा केन्द्रहरू छन् जहाँ वज्रयानी बुद्ध धर्मबारे शिक्षण तथा यसै अनुसारका ध्यानहरू गरिन्छन्।

**पश्चिमी बौद्ध परम्परा र अभियानहरु :** यस बाहेक पश्चिममा प्रचलित हुँदै आएका बौद्ध परमपरा र अभियानहरू पनि ब्रिटेनमा प्रवेश भएका छन्। यसले  परम्परागत बौद्ध शिक्षणमा पश्चिमी विचारधाराको मिश्रण गराउँछ। जस्तै यहाँ एउटा त्रियान समुदाय भन्ने छ जसले थेरवाद तथा महायान शिक्षणलाई ध्यान, नैतिक शिक्षा र समुदायमा मिश्रण गराएर अभ्यासकर्ताहरू सामु प्रस्तुत गर्दछ। यसलाई उनीहरू सेकुलर वा धर्मनिरपेक्ष तथा स्मृति बुद्ध धर्मको रूपमा संबोधन गर्न रुचाउँछन्। यस अन्तर्गत उनीहरू बुद्ध धर्मलाई अन्य धर्म जस्तो ईश्वरसँग जोडेर वा भाग्यको भर पर्ने खालको भन्दा पनि वैज्ञानिक, दर्शन तथा जीवन जिउने कलाको रूपमा ब्याख्या गर्छन् र त्यही सिकाउँछन्।

## ३. विज्ञहरू

यहाँ ब्रिटेनमा बुद्ध धर्म चिनाउने र प्रचार प्रसार गर्ने केही विशेष व्यक्तिहरूको संक्षिप्त परिचय दिइन्छ।

**जर्ज टर्नर :** उपनिवेश कालमा श्रीलंका पुग्नु भएका जर्ज टर्नर (सन् १७९९-१६४३) बुद्ध धर्मको कुरा सुनेर धेरै प्रभावित भए। उनले त्यहाँ श्रीलंकाको बौद्ध इतिहास महावंशको अनुवाद गरेर १८७३मा



https://dhamma.digital

प्रकाशनमा ल्याए । उनले त्यहाँ अशोक स्तम्भहरूको अध्ययन पनि गरे । उनलाई पछि रोयल एशियाटिक सोसाइटी अफ ग्रेट ब्रिटेन एण्ड आयरल्याण्डको मानर्थ सदस्यमा चयन गरिएको थियो ।

**ब्राइन हगटन हजसन :** ब्रिटेनको बुद्ध धर्मको कुरा गर्दा नेपालले ब्रिटिश विद्वान ब्राइन हगटन हजसन (सन् १८०१-१८९४)को नाम विशेष रूपले लिनुपर्ने हुन्छ । उनी सन् १८२० देखि ४३सम्म बिभिन्न पदमा नेपाल बसे । उनले सन् १८२४मा यहाँ काठमाडौं उपत्यकामा संस्कृत भाषामा लेखिएका महत्वपूर्ण बौद्ध ग्रन्थहरू भएको थाहा पाए । उनले यहाँबाट थुप्रै ग्रन्थका पोकाहरू लिएर गए । उनले ती पोकाहरू युरोपका विभिन्न देशका विद्वानहरूलाई अनुवाद र अध्ययनका लागि दिए । त्यसकारण बुद्ध धर्म युरोपमा फैलिनमा धेरै मद्दत मिल्यो । यिनै ग्रन्थहरूको आधारमा विश्वले महायन बुद्ध धर्मको गम्भीरता बुझे ।

**टि डब्लु राइस डेभिड्स :** टमस विलियम राइस डेभिड्स (सन् १८४३-१९२२) को जन्म कोलचेस्टर एसेक्समा भएको थियो । उनी पालि भाषाका विज्ञ थिए र उनले पालि टेक्स्ट सोसाइटीको स्थापना गरेका थिए । त्यस्तै उनले ब्रिटिश एकेडमी तथा लण्डन स्कुल फर ओरिएन्टल स्टडिजको स्थापना गर्नमा योगदान दिएका थिए ।

सन् १८६३मा कामको सिलसिलामा श्रीलंका गए र पालि भाषा सिक्न पुगे । उनी त्यहाँ अनुराधापुरको उत्खनन्मा सामेल भए । उनले श्रीलंकाको पुरातत्वको बारेमा लेख लेख्न थाले । पछि  सन् १८८२मा उनी लण्डन विश्वविद्यालयमा पालिका प्रोफेसर बने । उनले ब्रिटेनमा पालि भाषाको माध्यमबाट थेरवाद बुद्ध धर्मको प्रचार गर्न थाले । उनका उल्लेखनीय कृतिहरूमा जातक कथा, मिलिन्द प्रश्न, बुद्धिस्ट इण्डिया, डाइलग्स अफ द बुद्ध, द सेक्ट्स अफ बुद्धिज्म आदि हुन् ।

**एलन बेनेट अर्थात् भिक्षु आनन्द मेत्तेय :** ब्रिटेनमा बुद्ध धर्मको प्रचार गर्नमा एलेन बेनेट(सन् १८७२-१९२३) को विशेष योगदान छ । लण्डनमा चार्ल्स हेन्री एलेन बेनेटको रूपमा रोमन क्याथोलिक परिवारमा जन्मेका उहाँ भ्रमणको सिलसिलामा श्रीलंका पुगे र बुद्ध धर्मको अध्ययन



https://dhamma.digital

गरे । त्यसपछि प्रवजित बनेर भिक्षु आनन्द मेत्तेय नाम लिएर आए । उनी ब्रिटेनमा थेरवाद परम्परा अनुसार भिक्षु बन्ने दोश्रो व्यक्ति हुन् । उहाँले ब्रिटेनमा बुद्ध धर्म प्रचारको लागि पहिलो पल्ट बौद्ध मिशन स्थापना गर्नुभयो र पश्चिमी मुलुकहरूमा बुद्ध धर्म प्रचार प्रसार गर्नमा नै जीवन लगाउनु भयो ।

## ४. मन्दिर, विहार तथा स्मारकहरू

**अरुणा रतनगिरी बौद्ध विहार :** अरुणा रत्न बौद्ध विहारलाई हर्नहम बौद्ध विहार पनि भनिन्छ। यहाँ मठ नर्थम्बरल्याण्ड, इङ्गल्याण्ड मा थाई जङ्गल परम्परा को थेरवाद बौद्ध धम को पालन गरिन्छ। विहारका सँगै यहाँ एक कुशल घरलाई गृहस्थहरूका लागि आवासस्थलको रूपमा स्थापित गरिएको छ ।

**अमरावती बौद्ध विहार :** ब्रिटेनको थेरवादी बौद्धहरूको एक प्रमुख विकार अमरावती बौद्ध विहार हो। यो दक्षिण-पूर्वी इङ्गल्याण्डको चिल्टन हिल्सको पूर्वी छेउमा अवस्थित छ । यसको स्थापना सन् १९८४मा अजान सुमेधाले गरेको थियो। यहाँ थाइ जङ्गल परम्परा अन्तर्गत ध्यान तथा अन्य बुद्ध शिक्षाहरू सिकाइन्छन् । यहाँ भिक्षु संघमा बसेर तथा गृहस्थ उपासक उपासिका भएर बुद्ध शिक्षा अनुसारको ध्यान अभ्यास गर्न सकिन्छ । यसका शाखाहरू डेभोन, नर्थमबरल्याण्ड तथा वेस्ट ससेक्समा छन् ।

**चिथर्स्ट चित्तविवेक बौद्ध विहार :** चिथर्स्ट चित्तविवेक बौद्ध विहार (Chithurst Buddhist Monastery) एक थेरवाद बुद्ध विहार हो, जुन वेस्ट ससेक्समा अवस्थित छ। यसले थाई जङ्गल परम्परालाई पछ्याउँछ। यसको स्थापना सन् १९७९मा इङग्लीस संघ ट्रस्टको उद्देश्य अनुसार गरिएको थियो । यसले पश्चिममा बौद्ध भिक्षुहरूलाई प्रशिक्षण दिने गर्छ ।

**लण्डन फोग्वाङ शान टेम्पल :** टाइवानबाट शुरु भएको मानवतावादी बुद्ध धर्मको शाखाको रूपमा फोग्वाङ शान मन्दिर



https://dhamma.digital

विभिन्न देशमा जस्तै ब्रिटेनमा मार्गरेट स्ट्रीट लण्डनमा खोलिएको छ । यो अन्तर्राष्ट्रिय चीनीयाँ बौद्ध संस्थाहरू मध्ये सबै भन्दा ठुलो संस्था मानिन्छ । यसको स्थापना सन् १९९२मा भएको थियो । यहाँ हरेक पूर्णिमा लगायतका दिनमा नियमित तथा अन्य विशेष दिनमा पनि पूजा पाठ एवं आवश्यकता अनुसार अध्ययन अध्यापन आदि कार्यक्रमहरू भइरहन्छन् ।

**मञ्जुश्री कदमपा ध्यान केन्द्र :** ब्रिटेनमा तिब्बती बुद्ध धर्मप्रतिको चासो बढ्दै आएपछि यहाँ अलग्गै संस्था खुल्न थाले । ती मध्ये गेशे केल्साङ ग्यात्सो रिम्पोछेले सन् १९९१मा खोलेको मञ्जुश्री कदमपा ध्यान केन्द्र (Manjushri Kadampa Meditation Centre) एउटा हो । यो इङ्गल्याण्डमा निर्माण गरिएको पहिलो कदम्पा मन्दिर हो । यो मन्दिर अल्भरस्टन, कुम्ब्रिया, इङ्गल्याण्डको बाहिरी भागमा कोनिसहेड प्राइरीमा अवस्थित छ । ब्रिटेनका विभिन्न स्थामा खोलेका यसका केन्द्रहरूमा बुद्ध धर्मको व्यवहारिक शिक्षा दिने तथा ध्यान सिकाउने गरिन्छ । साथै यसले मूर्तिहरूको समेत उत्पादन गर्छ ।

**थ्रोसेल होल बौद्ध एबे :** थ्रोसेल होल बौद्ध एबे (Throssel Hole Buddhist Abbey) मा ब्रिटेनमा स्थापना भएका बौद्ध मन्दिरहरू मध्ये अलग प्रकारको हो । सन् १९७२मा स्थापना भएको यो एबे उत्तरी इङ्गल्याण्डको नर्थम्बरल्याण्डमा अवस्थित छ । यो अर्डर अफ बुद्धिस्ट कन्टेम्प्लेटिभ्स नामक अन्तर्राष्ट्रिय प्रवजितहरूको संस्थाको अंश हो । यसले ध्यानको अभ्यास तथा अन्य धार्मिक कार्यक्रमहरू गर्ने गर्छ ।

**वाट बुद्धपदीप :** वाट बुद्धपदीप (Wat Buddhapadipa) एक थाई बौद्ध मन्दिर हो जुन विम्बल्डन मा अस्थित छ। थाइ सरकारले किनेको जग्गामा यो मन्दिरको १९६६मा बनाइएको थियो । यो मन्दिरको भित्तामा बुद्धको जीवन देखाउने लगायत थुप्रै बौद्ध कलाकृतिहरू सजाइएका छन् ।

### ५. संस्थाहरू

त्यस्तै किसिमले यहाँका विद्वानहरूले यहाँ बौद्ध संस्थाहरू



https://dhamma.digital

स्थापना गर्नाले पनि यहाँ बुद्ध धर्मको प्रचार प्रसारमा धेरै सहयोग मिल्यो । यहाँका केही प्रमुख बौद्ध संस्थाहरू यसप्रकार छन् ।

**पालि टेक्स्ट सोसाइटी :** ब्रिटेनमा बुद्ध धर्मको प्रचारका लागि खोलिएका संस्थाहरू मध्ये पालि टेक्स्ट सोसाइटी प्रमुख हो । सन् १८८१मा थोमस विलियम राइस डेविड्सले स्थापना गरेको यस संस्थाले ब्रिटेनमा पालिभाषा र विषेश गरी थेरवाद बुद्ध धर्मको प्रचार गर्नको लागि धेरै महत्वपूर्ण काम गर्यो । यसले पालिग्रन्थहरूको संकलन गर्यो, सम्पादन गर्यो अनि ल्याटिन लिपिमा प्रकाशन गर्यो । पछि पालि ग्रन्थहरूको अनुवाद पनि प्रकाशन गर्यो । यसका साथै बुद्ध धर्म र बौद्ध ग्रन्थसम्बन्धी अनुसन्धानात्मक लेखहरू पनि जर्नलमा प्रकाशन गर्यो ।

**दि बुद्धिस्ट सोसाइटी :** ब्रिटेनमा बुद्ध धर्मको प्रचारमा योगदान गर्ने अर्को संस्था दि बुद्धिस्ट सोसाइटी हो । सन् १२४मा क्रिस्मास हम्फेरीले ले यसको स्थापना गरेको थियो । गृहस्थहरूको यो संस्था युरोपकै पहिलो संस्थाहरू मध्ये एक थियो । बौद्ध संस्था भएर पनि कुनै एक यानको समर्थनमा नलागी बुद्ध धर्मलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गर्नेहरूका लागि सहयोगी संस्था बन्यो यो ।

**त्रिरत्न बुद्धिस्ट कम्युनिटी :** सन् १९६०तिर उर्गेन संघरक्षितले स्थापना गरेको फ्रेण्ड्स अफ वेस्टर्न बुद्धिस्ट अर्डरलाई अहिले सन् १९६७पछिबाट त्रिरत्न बुद्धिस्ट कम्युनिटी भनेर भनिन्छ । यसले आधुनिक समाजको आवश्यकता बुझेर त्यसै अनुसार आजका पश्चिमाहरूको भावना बुझेर उनीहरूका लागि वातावरण बनाएर बुद्ध धर्मको अभ्यास गराउने तथा सिकाउने गर्दछ । यो खासमा अन्तर्राष्ट्रिय अभियान नै हो तर पनि यसको बढी कार्यक्रम ब्रिटेनमा हुन्छ । यसले ध्यान, अध्ययन र शिविरहरू चलाउँछ । यसको केन्द्रीय कार्यालय ब्रिटेनको हेरफोर्डशायरमा भएपनि यस समुदायमा विश्वभरीका एक सय भन्दा बढी समुहहरू आवद्ध छन् ।

**धम्मकाय परम्परा :** धम्मकाय थाइल्याण्डको बुद्ध धर्म अन्तर्गत विश्व भर फैलिरहेको यो थेरवादी एक परम्परा हो । कपिलवद्धो भिक्खुले



https://dhamma.digital

बेलायतमा सन् १९५४मा धम्मकाय परम्परा भित्र्याए। यस बेलादेखि यहाँ धम्मकाय अन्तर्गतको बुद्ध धर्मको अभ्यास भइरहेको छ। त्यसबेलादेखि यहाँ विभिन्न ठाउँमा विभिन्न गुरुहरूद्वारा धम्मकाय बुद्ध धर्म सिकाउने काम भइरहेको छ।

यी मन्दिरहरूमा यहाँ ब्रिटेनमा बस्ने थाईहरू तथा अन्य ब्रिटिश एवं यहाँका सिँहाली, बाङलादेशी तथा नेपाली समुदायका बौद्धहरू जाने गर्छन्।

सालफोर्डमा अवस्थित वाट फ्रा धम्मकाय मेनचेस्टर यस परम्पराको एक प्रमुख विहार हो। यसको स्थापना सन् २००४मा भएको थियो। यहाँ बौद्धहरूका लागि विभिन्न धार्मिक कार्यक्रमहरू तथा ध्यान अभ्यासहरू सञ्चालन हुने गर्दछ। अहिले मेनचेस्टर, न्यूकासल आदि ठाउँमा धम्मकाय परम्पराको सञ्जाल छ।

**सोका गाक्काइ इन्टरनेशनल यूके :** ब्रिटेनमा सोका गाक्काइ इन्टरनेशनल यूके पनि खोलिएको छ। जपानको निचिरेन बौद्ध सम्प्रदायबाट प्रभावित यो संस्थाले निचिरेन दाइशोनिनको शिक्षामा आधारित भएर शान्ति, संस्कृति तथा शिक्षाका लागि काम गर्छ। यहाँ सदस्यहरू नियमित रूपमा पाठ गर्न, अध्ययन गर्न तथा धर्मका बारेमा छलफल गर्न आउँछन्। यस्ता शाखाहरू विश्वमा १९२ देशमा खोलिएका छन् र बुद्ध धर्मको माध्यमबाट विश्व शान्तिको लागि अभियान चलाउँछन्।

**समथ ट्रस्ट :** यो ब्रिटेनमा समथ ध्यान अभ्यास गराउने केन्द्र हो। सन् १९७३मा स्थापित यस ट्रस्टको तीनवटा केन्द्रहरू छन् र यसले ब्रिटेन भरी विभिन्न शहरहरूमा समथ विपस्सना परम्परा अनुसारको नियमित ध्यान अभ्यास सिकाउँछ।

नोट : 'ब्रिटेनमा बुद्धधर्म 'सम्बन्धी यो पाठ्यसामग्रीमा पृष्ठभूमि भिक्षु सुद्धर्शनको श्रोत र वर्तमान ब्रिटेन सम्बन्धी लेखक राजेन मानन्धरले लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल।



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

Dhamma.Digital

## एकाइ ५ : फ्रान्समा बुद्धधर्म

लेखक : राजेन मानन्धर

पृष्ठभूमि अंशको श्रोत : भिक्षु सुदर्शन महास्थविर

https://dhamma.digital

# एकाइ ५ : फ्रान्समा बुद्धधर्म

## (क) पृष्ठभूमि

भगवानको स्वयं जीवमान कालमा नै बुद्ध र वहाँका शिष्यहरू नपुगेका विभिन्न ठाउँहरूबाट आएर भिक्षुत्व ग्रहण गर्न आएको कुरा पालि वाङ्मय पढ्दा थाहा हुन्छ । त्यस्तै सम्राट अशोकका धर्मदूतहरू पठाउने कामले गर्दा बुद्धधर्मको सन्देश झन टाढा टाढाको देशमा पुग्यो । राज्य विस्तार र धन प्राप्तिको निम्ति पहाड पर्वत तथा समुद्रबाट यात्रा गरेका अज्ञात मानिसहरूको तर्फबाट पनि बुद्धधर्मको सन्देश र संस्कार टाढा टाढाको देशमा पनि केही न केही पुऱ्यायो । यस अर्थबाट भन्ने हो भने फ्रान्समा बुद्धधर्म कहिले पुऱ्यायो भन्ने कुरा सप्रमाण भन्नु सजिलो छैन । एशियाको शान्ति सन्देश पश्चिमी जगतमा प्रसार भएको बेलामा नै फ्रान्समा पनि प्रचार भएको देखिन्छ । तैपनि अध्ययन र अन्वेषणको नयाँ जाग्रत प्रवृति आएको अनुसार भन्ने हो भने १८२१-४१ ईस्वी भित्र हड्सन (Hodgson) ले नेपालमा पत्ता लगाएको संस्कृत बौद्धग्रन्थको पाण्डुलिपि युरोपको ठाउँ ठाउँमा पुराइसकेपछि मात्र जनिदो किसिमसँग युरोपमा संस्कृत भाषाले हुकाई राखेको बुद्धधर्मको प्रवेश भयो भन्नु बढी युक्तियुक्त हुन्छ । त्यस्तै नै १८२६ ईस्वीमा ई.बर्नफ् (E. Burnouf) र क्रिश्चियन लास्सन (Christian Lassen) हरूले फ्रेञ्चभाषाले पालिभाषा विषयमा निबन्ध लेखी प्रकाश गरिसकेपछि फ्रान्समा पालिभाषाको माध्यमबाट हुर्केको बुद्धधर्मको अध्ययन प्रारम्भ भयो । हजसनले लगेको पाण्डुलिपि रसोमा डे.कोरोस (Csoma De Karos), आर.सी. चाइल्डर्स (R. C. Childers) हरूले लगेको तिब्बती र पालि बौद्ध साहित्यको हाँकले (आव्हानले)युगेन बर्नफले फ्रेञ्चमा सर्वप्रथम बुद्ध धर्मको इतिहास निस्क्यो । “इन्टोडक्सन् ए” ले “हिस्टोरि डु बुद्धिज्मे इण्डिन” (Introduction a I Historie Du Buddhisme



https://dhamma.digital

Indien) पुस्तकले फ्रान्सका धेरै नै विद्वानहरूको आँखा बुद्धधर्मको अध्ययन तर्फ तानियो। यो पुस्तकले बौद्ध साहित्य र पालि संस्कृतको बीचमा रहेको सम्बन्ध पनि राम्रोसंग स्पष्टगरी देखाई दियो। दिव्यावदान, कारण्डव्यूह र वज्रसूचिका अनुवाद, प्रज्ञापारमिता, लंकावतार सूत्र र अरु अरु दुर्लभ साहित्य सम्बन्धी टिप्पणी यही पुस्तकको माध्यमबाट भएको हो। बर्नफ्ले सद्धर्मपुण्डरिकको फ्रेञ्च अनुवाद लोट्स डे ला बोन्ने लो (Lotus Be La bonne Loi (१८५२) नामले निकालेर फ्रान्समा विस्तारै परिचित भएको बौद्ध साहित्यको क्षेत्रमा एक तह बढी प्रगति ल्याइदियो

गावेत र हक (Gabet and Hut) ले काश्यप मातङ्गको सूत्र मंगोल भााषाबाट फ्रेञ्च भाषामा १८४८ मा अनुदित गऱ्यो, अवदानको तीनभाग चिनियाँ भाषाबाट फ्रेञ्चमा (१८५९) मा स्लनिसास जुलिन (SlanislasJulien) ले अनुवाद गऱ्यो। १८८४-१८९२ तिर पी.ई.फकक्स (P.E. Foucaux) बाट ललितविस्तरलाई दुई भागमा तिब्बती र फ्रेञ्चमा अनुदित भयो। कारासको एनालाइसिस अफ् द केञ्जुर १८८१ (Analysis ofthe Kunjur) लिअन फीर र जे.एस् स्पेन्सरको अंग्रेजीमा सम्पादन गरिराखेको अवदानशतक फ्रेञ्चमा अनुवाद भए पछि बौद्ध कलात्मक परिचय फ्रेञ्च जनतालाई उपलब्ध भयो।

यसरी बर्नफ्ले फ्रान्सलाई बुद्धधर्मसंग परिचय गराएपछि धेरै विद्वानहरू पूर्वी देशको ज्ञान भण्डार तर्फ आकर्षित भए। परन्तु फ्रान्समा बुद्धधर्म अध्ययनको काम सिलभान लेभि (Silvain Levi) आएपछि मात्र राम्रोसंग शुरुभयो। सिलभान लेभि संस्कृत, चिनियाँ, तिब्बती र कूचको भाषाविद् भएको हुनाले बुद्धधर्मको त्यसरी अध्ययन राम्रोसंग गर्न सकेको हो। साँचै भन्ने होभने सिलभान लेभिकै प्रयासबाट महायान बुद्धधर्म फ्रान्समा राम्रोसंग प्रवेश भयो। १८९२ मा फ्रेञ्च भाषामा सबभन्दा पहिले बुद्धचरितको पहिलो अध्याय वहाँले छाप्नुभयो। सोही वर्ष फेरि मिलिन्दप्रश्न पनि चिनियाँ भाषाबाट फ्रेञ्च भाषामा अनुवाद भयो। १९०५ मा लेभि नेपालमा आउनुभयो। नेपालमा आएपछि फेरि एक पटक हलचल हुने गरी नेपालको पुस्तकालयमा पुराना पुराना



https://dhamma.digital

ग्रन्थहरू अध्ययन गरी नेपालको धर्म र संस्कृतिको इतिहास युरोपमा पुऱ्याई दियो । नेपालमा आएर लेखेको लेभिको प्रख्यात पुस्तकले नेपाल (Le Nepal) हो । दिव्यावदानको आलोचनात्मक अध्ययनहरू पुस्तकको रूपमा फ्रेञ्चमा १९०७ मा देखाई दियो । वहाँले १९११ मा कूच भाषाको बौद्धग्रन्थ पनि अनुवाद गरी निकाल्नु भयो । धम्मपदको फ्रेञ्च अनुवाद १९१२ मा निकालेर फ्रेञ्चमा बौद्ध साहित्यको क्षेत्र फराकिलो गरिदियो । सोही बेला शतपञ्चशतिका स्तोत्र छापेर वहाँले (१९१२) मा नै टोखारिया भाषामा लेखिएको कारणपुण्डरिकको पुराण पत्ता लगाई दियो । स्त्चरबात्स्की (Th. Stcherbatsky) संग यसोमित्रको स्फुतर्थको पहिलो कोषस्थान (१९१८) वहाँले निकाल्यो । सोही वर्ष नैरात्म्य-परिप्रश्न पत्ता लगाएर मज्भिमनिकायको संस्कृतमा लेखिराखेको चुल्लकम्मविभङ्ग सूत्र, महाकम्म विभङ्ग पत्ता लगाई १९३२ तिर चिनियाँ भाषा पनि राखी प्रकाशनमा ल्याउनुको श्रेय वहाँलाई छ । १९२९-३१ भित्र लेभिले प्रो.जे.टाकाकुसुसंग मिलेर चिनियाँ बौद्धधर्मको इनसाइक्लोपेडिया शब्दकोष निकाल्ने प्रयास गर्नु भएको भने निकै महत्वपूर्ण भएर पनि दोश्रो विश्वयुद्ध शुरु भएको हुदाँ त्यो काम पूरा हुन सकेन ।

सिलभान लेभिको सबभन्दा प्रशंसनीय अन्वेषण बुद्धधर्मको विज्ञानवादको संस्कृत ग्रन्थ पत्ता लगाएकोमा छ । महायान अध्ययन तर्फ त्यत्तिकै महत्वपूर्ण अन्वेषण महायान सूत्रालंकार पत्ता लगाएकोमा भयो । अनि मात्र विज्ञानवादको फ्रेञ्च प्रकाशन १९०७ मा हुन सक्यो । अरु अरु धेरै ग्रन्थहरूपत्ता लगाएकोमा मुख्य मुख्य दुई ग्रन्थ (विमंशटीका र त्रिमंशटीका) हुन् । यी ग्रन्थहरू १९२५ मा छापियो । १९३४ मा एस.यामागुची (S. Yamaguchi) संग मिलेर मध्यान्त विभंग टीका निकाल्नु भयो । सिलभान लेभिको कहिल्यै बिर्सन नसकिने यत्तिका महत्वपूर्ण कामले बुद्धधर्म फ्रान्समा मात्र प्रचार भएको होइन पूर्वि देशमा एक किसिमले सुकेर गईरहेको धर्मग्रन्थको फेरि एक पटक पुनरुत्थान गरी बुद्धधर्म संघ मिलिदै गएको इतिहासलाई प्रकाशमान गरिदियो भनेपनि अत्युक्ति नहोला । अझ लेभिकै प्रयासले पुसेन (Poussin),



https://dhamma.digital

स्त्चरबास्त्की (Stcherbastsky) जस्ता विद्वानहरूले बुद्धधर्म अन्वेषण गर्ने तर्फ मन लगाई दियो भन्नुमा अत्युक्ति नहोला ।

लेभिकै युगका एक विद्वान लीडेनका प्रो.एच्.कर्न (H. Kern) पनि हो । कर्नको हिस्टोरि डु बुद्धिज्मे डान्स ए, इन्दे (Historie du Buddhisme Dans I , Inde) दुई अध्याय गरि (१९१०-१९०३) मा छापिए । यस पुस्तकले बुद्धको जीवनी, धर्म रसंघको विवरण राम्रोसंग दियो । बुद्धधर्मको इतिहासमा संघशासन महायान र हीनयान दुई निकाय भएको कुरा फ्रेञ्चमा सर्व प्रथम उल्लेख गर्ने वास्तवमा कर्न नै हुन् ।

यसपछि सिलभान लेभि र एच्.कर्नका शिष्य प्रो. लुइस डे ला भ्यालीपुसेन (Prof. Louis de laVallee Poussin) को युग आयो । लुभेन भाषाको अध्ययन पूरा गरी पुसेनले१८९१ ईस्वीमा लेभिको शिष्य बनेर सखोन मा प्राचीन संस्कृतिको अध्ययन गरेको थियो । सोही समयमा लीडेनमा गएर प्रो.एच् कर्न संग गाथा (गीत) को भाषा अध्ययन गर्दै थियो । यता पुसेनले तिब्बती र चिनियाँ भाषा सिक्यो । जसबाट पुसेनलाई अन्वेषण गर्न निकै सजिलो भयो । १८९३ईस्वीमा घेण्ट को विश्वविद्यालयमा प्रोफेसर भएर वहाँले ३५ वर्षसम्म बुद्धधर्मको (प्राय सर्वास्तीवाद) अध्ययन र अन्वेषण गर्नु भयो । अनि १९२१ मा सोसाइटे बल्गे डि, इचयूड्स ओरिअण्टल (Socicte belged, Etudes Orientales) को संगठन गऱ्यो । यही संगठनको गतिविधिको रूपमा बुद्धिज्मे नोट्स इट् बाइब्लियोग्राफि (Buddhisme Notes et Bibilography) जस्ता प्राचीन संस्कृतिको विद्वतापूर्ण पुस्तक निस्क्यो । पुसेनले मे लांगेस चिनोइज इट् बुद्धिक्यूज (Me, Langes Chinois etboudhiques) को सम्पादन गरी निर्देशन र अभिधर्मकोविषयमा आफ्नो मूल्यवान रचनाहरू दिएर मद्दत गऱ्यो । वहाँले इन्साइक्लोपेडिया अफ् रेलिजियन एण्ड इथिक्स (Encyclopedia of Religion and Ethics) पुस्तकमा तीसवटा भन्दा बढी बुद्धधर्म सम्बन्धी रचनाहरू दिएर बुद्धधर्मलाई पाश्चात्य विद्वानहरूको बीचमा पुऱ्याई दियो । कोलिनेट (Ph. Colinet) संग मिलेर ले म्यूजियन (Le. Museon) को सम्पादन गरी उता फेरि वहाँले बोधिचर्यावतार



https://dhamma.digital

बोधिसत्व भूमि, माध्यमकावतार र बसुबन्धुको विमंस कारिका प्रकाश, जस्ता महत्वपूर्ण विषयहरू प्रकाश गर्नु भयो । पुसेनको अर्को नाउँ लिन योग्य सम्पादनमा पञ्चक्रम (१८९६), बोधिचर्यावतार पञ्जिका (१९०१-१९०५) अनि त्यस्तै चन्द्रकीर्तिको प्रसन्नपाद (१९०३-१९१३) र महानिद्देश (१९१६-१९१७) हो । पुसेनको सबभन्दा ठूलो देन बसुबन्धुको अभिधम्मकोषको (१९२३-३१) युवानच्वांगको विज्ञप्तिमात्रतासिद्धि (१९३०) को फ्रेञ्च अनुवाद हो । बसुबन्धुको भाषा संगै अभिधर्मकोषलाई सातवटा ग्रन्थमा निकाली सकेपछि मात्र युरोपमा सर्वास्तिवाद बुद्धधर्म राम्रोसंग प्रचार भयो । त्यहाँका विद्वानहरूको भनाई अनुसार युरोपमा बुद्धधर्मको इतिहासमा पुसेनको कामले एउटा ठूलो युग नै ल्याई दियो । पुसेनका सबैजसो पुस्तकहरूमा सरल भाषा, दार्शनिक तर्क र आलोचना हुने पुसेनको विशेषता हो । त्यतिबेला युरोपमा आईरहेको शून्यवादलाई अपुरो भैरहेको उत्तरको रूपमा पुसेनको पुस्तकले हाँक दियो, जसबाट विवादास्पद आध्यात्मिक विषयको चर्चामा बुद्धधर्मको तर्क र विश्वासले निर्णायक काम दियो । यस्तो विवादास्पद विषयको निर्णय कसैले बुझ्ने गरी दिननसकेको समयमा बुद्धधर्मको वैज्ञानिक चिन्तनको क्षमताले निर्णय पूरा गर्न निकै हाँक दिनुभयो । अनि बुद्धधर्मको यही विज्ञानवादी गुण देखेर श्रीमती रीस डेविड्स (Mrs. Rhys Davids), जेन प्रजुलिस्काई (JeanPrzylusk) र स्त्चरवात्स्की जस्ता विद्वानहरूको ध्यान बुद्धधर्म अध्ययन गर्नुमा तल्लीन हुनगयो ।

पुसेनकै समयमा ईद ह्यूबर (Ed. Huber) ले १९०८ मा अश्वघोषको सुत्रालंकार, कुमारलाटको कल्पनामण्डिटीका कुमारजीवको चिनियाँ भाषाबाट फ्रेञ्चमा अनुवाद गऱ्यो । ई. लामोट (E. Lamotte) ले असंगको महायानसंग्रह (१९३८-३९) फ्रेञ्चमा अनुवाद गऱ्यो फेरि चिनियाँ भाषाबाट फ्रेञ्चमा दूई अध्याय गरी महाप्रज्ञापारमिता शास्त्र (१९४४-४९) छापियो ।

यस पछि एउटा महत्वपूर्ण पुस्तक निस्कयो ते हो बाईब्लियोग्राफिक बुद्धिक (Bibilographic Budhique) १९२८-५० । यो पुस्तकले फ्रान्समा



https://dhamma.digital

मात्र होइन विश्वको सबै ठाउँमा नै बुद्धधर्मको विधिवत् अध्ययन गर्न ठूलो आव्हान गऱ्यो । यूरोप, जापान, भारत, अमेरिका, श्रीलंका र अरु धेरै देशका नामी प्रत्येक पुस्तकालयहरूमा यो बाईब्लियोग्राफिक बुद्धिक पुस्तक छैन भन्नु नपर्ने किसिमले यो पुस्तकले महत्वपूर्ण स्थान लियो । अझ त्यसपछि फेरि १९२८ ईस्वीमा जेन प्रजिलुस्काईले एउटा यस्तो पुस्तकको प्रकाशन क्रम शुरु गऱ्यो । जसको आफ्नै महत्व छ । यो पुस्तकको पहिलो भागमा विश्वका भएभरको बौद्धपुस्तकहरूको छोटकरीमा सारांश, आलोचनात्मक सूचना र टिप्पणीहरू समावेश गरी राखेको छ । फेरी दोस्रो भागमा लिअन फीरले पेरिस विश्वविद्यालयमा अध्ययन गरेको पुस्तकहरूको टिप्पणीहरू समावेश गरी तेश्रो भागमा प्रो. जे. फ. भोगल (Prof. J. Ph. Vogel) को पुस्तकको टिप्पणी, चौथौं र पाँचौ भागमा चिनियाँ र एशियाई संस्कृतिका प्रकाण्ड फ्रेञ्च विद्वान पाल पोल्लिअत (Paul Pelliot) को कार्य, सातौं र आठौं भागमा सिलभान लेभिको भएभरको लेख समावेश भएको छ । यो प्रकाशित पुस्तकले १९५३ ईस्वी सम्ममा २१ देखि २३ भागसम्म डे ला भ्याल्ली प्रसेन (De La Vallee Poussin) र मादामोइसेल मार्सेल लाल्यु (Madamoiselle Marcelle Laiou) हरूको कार्य समाबेश गराएको छ ।

यसरी पेरिस विश्वविद्यालयमा पुगेन वर्नफ् ले शुरु गरेको बुद्धधर्मको अध्ययन विकास हुदैं यो अवस्थासम्म पुग्यो कि विदेशी विद्वानहरू जति पनि छन् उच्च अध्ययनको निम्ति पेरिस जान कर लाग्यो । १९५० र १९५४ ईस्वीको भित्र पेरिस विश्वविद्यालयको इकोले प्राटिक डेस हाट्स इचयूडेस (Ecole Pratique Des HautesEtudes) सरबोन मा र कलेज डे फ्रान्स (College de France) मा भारतीय ग्रन्थको जेन फेल्लिजात (Monsieur Jean France ) तिब्बती ग्रन्थको र जापानी ग्रन्थको पाल डेमीभिले (Monsieur Paul Demicville) हरूले अध्ययन गरे । यिनीहरूको प्रयासले गर्दा फ्रेञ्च भाषा पनि बौद्धसाहित्यमा कुनै देशको भाषा भन्दा कम भएन ।



https://dhamma.digital

**संगठनको विकास**

यसरी जागृत चेतना र अध्ययन अन्वेषण अनुरूप फ्रान्समा पहिले नै बुद्धधर्म पुगे पनि १९२९ ईस्वीसम्म फ्रान्समा केही जीवित बौद्ध संगठन थिएन । १९२९ ईस्वीमा चिनियाँ भिक्षु ताइ शु (Tai Su) ले ग्रेस कन्सटाण्ट लाउंसबरी (Miss Grace Constant Laonsbery) को सल्लाह अनुसार आफूलाई बौद्ध भनाउने साहस भएका एक ग्रूप मानिसहरू जम्मा गरी बुद्धधर्मलाई जीवित धर्मको रूप दिए । बुद्धधर्म अध्ययन र अन्वेषणमा मात्र सीमित नराखी यर्थाथ जीवनमा पनि अनुकरण गर्ने काम पनि यहिँबाट शूरु भयो भने पनि हुन्छ । ताइशू ले यूरोप छोडी सकेपछि उन्कै सुझाव अनुसार लण्डनमा पुगिराखेको महाबोधि मिसनलाईपेरिसमा आमन्त्रण गरेर थेरवाद बुद्धधर्मको प्रचार गर्न लगायो । महाबोधि मिसनबाट प्रतिनिधित्व गरी आएका डा. वजिरनन्द र नारद महास्थविरहरूको सल्लाहले लाउंसबरिले लेस अमिस डु बुद्धिज्मे (Les Amis Du Bouddhisme) लाई गतिशील साकार रूप दिए ।

लाउंसबरि १९५४ को युद्धले फ्रान्समा अंग्रेजी परिवारकी केटी थिइन् । फ्रान्समा आएर उनले आफ्नै पैसाले ५० जनालाई पुग्ने एउटा अस्पताल खोलेर "जस्ले रोगीको सेवा गऱ्यो उस्ले मेरो सेवा गऱ्यो" भन्ने बुद्धवचनको परिपालन गर्नुभयो। १९५४ ईस्वी देखि १९५६ सम्ममा वहाँले आफ्नो बल धन र ज्ञानले निकै ठाउँमा चोट परेका मानिसहरूको सेवा गरी हिँड्नु भयो । त्यतिबेला लाउँसबरीको मनमा दुःखलाई कसरी निवारण गर्ने भन्ने प्रश्नको उत्तरमा वहाँले बुद्धधर्मको अनुकरण गर्नु भएको थियो। लेस अमिस डु बुद्धिज्मे को स्थापना गरि सकेपछि भारतका भद्दन्त आनन्द कौशल्यायन र श्रीलंकाका भद्दन्त डा.पी. वजिरानन्द महास्थबिर हरूको आव्हानले प्रवचन, निःशुल्क पुस्तकालय र धर्म अध्ययनको निम्ति गर्मीको कोर्षको प्रबन्ध भयो । धेरै पटक श्रीलंका बर्मा र भारत घुमेर थेरवाद पद्धति बौद्धभावनाका पुस्तक एउटा पनि वहाँले लेख्नुभयो । फ्रान्समा बुद्धधर्मको एउटा राम्रो बाटो खुल्यो । यो संगठनले ला पेन्सी बुद्धिक् (La Pensee Boudhique) जस्ता संसार प्रसिद्ध समीक्षात्मक



https://dhamma.digital

पत्रिका निकाल्यो । बौद्धग्रन्थका निकै अनुदित पुस्तकहरू यो संगठनले निकाल्यो । यही संगठनको प्रयासले संगठनका एकजना सदस्य एम्.जेन् बर्ट्रेण्ड बोकण्डे (M. Jean BertrandBocande) ले भद्दन्त डा. डब्ल्यू. राहुल (Dr. W. Rahul) को निर्देशनमा मज्झिमनिकाय अनुदित गर्नु भयो ।

लाउंसबरि एक पटक वर्ड फेलोसिप अफ बुद्धिज्म (World Fellowship of Buddhism) को उपाध्यक्ष पनि हुनु भयो । फेरि लण्डनको बुद्धिष्ट विहार सोसोइटी (Buddhist Vihar Society) को उपाध्यक्ष पनि बन्नुभयो । लाउंसबरीको सेवालाई चिन्न र सम्मान गर्न फ्रान्सको सरकारले वहाँलाई क्रस अफ चिभालियर अफ दि लेडिजन डी.अन्यूर (Cross of Chevalier of the Legion D, Honneur) भन्ने फ्रान्सको सबभन्दा ठूलो सम्मानको उपाधि प्रदान गऱ्यो ।

लाउंसबरी पछि १९३८ ईस्वीमा डा. रिवेट (Dr. Rivet) ले म्यूसी डे एल, होन्ने (Musee de Honne) को स्थापना गऱ्यो । यो बुद्धधर्मको ग्रन्थ अध्ययन गर्ने ठाउँ हो । यो प्रसंगमा बर्मामा भएको तृतीय विश्व बौद्धसम्मेलनमा (१९४५) फ्रान्सका प्रतिनिधि मण्डलले दिएको रिपोर्टको केही अंश स्मरणीय छ, "दश वर्ष अधिसम्म फ्रेञ्च भाषामा लेखिराखेको बुद्धधर्मको पुस्तकहरू भेट्टाउन गाह्रो छ भने आज आएर बुद्धधर्मको फ्रेञ्चपुस्तक नभएको ठाउँ भेट्टाउनै गाह्रो छ । त्यतिमात्र होइन प्रत्येक हप्तामा १,२०,००० प्रति छाप्ने साप्ताहिक पत्रिका (जस्को पाठकहरू कमसे कम ४०,००,००० ) को सदस्य रिपोर्टर र फोटोग्राफरहरू पेरिस बौद्ध संघ (Paris Buddhist Society) को निम्ति भारत बर्मा र श्रीलंका सम्म पुगिरहेको छ ।"

फ्रान्समा बुद्धधर्म किन प्रचार भयो फेरि त्यसको भविष्य कस्तो हुन्छ भन्ने बारेमा नेपालमा भएको चतुर्थ विश्व बौद्धसम्मेलनमा लाउंसबरीले बोल्नु भएको कुरा स्मरण गरेर यो रचना अन्तगर्न योग्य सम्झन्छु । वहाँले भन्नु भएको छ कि "सामाजिक होस् अथवा धार्मिके,जुनमा पनि साहसिक चिन्तनको, स्वतन्त्रताको लागि फ्रान्स सधैंभरि नामी छ । आज



https://dhamma.digital

फ्रान्सको मानिसहरूले विज्ञानको प्यास मेटाउन बुद्धधर्मको सत्यमार्ग भेट्टाएको पनि सोही कारणले हो ।"

नोट : यहाँको सम्मको लेखन - *Mahabodhi 1-2/59, Report of the third and fourth Conference of WFW., World Buddhism 4/5,2500 Years of Buddhism,* केशव शाक्यको लेखन आधारमा सम्पादित र अनुदित । श्रोत : सम्पादक भिक्षु सुदर्शन )

## (ख) वर्तमान फ्रान्समा बुद्धधर्म

फ्रान्स पश्चिम युरोपको एक समृद्ध देश हो । यसको प्रान्तहरू उत्तर मध्य तथा दक्षिण अमेरिका तथा अफ्रिकाको पूर्वी टापुहरूमा छन् । यसको सीमा उत्तर-पूर्वमा जर्मनी, बेल्जियम, लक्जेमबर्ग, दक्षिणपूर्वमा स्वीजरल्याण्ड र इटली अनि दक्षिण-पश्चिममा स्पेन पर्दछ । यसको उत्तरमा इग्लिश च्यानल पारी संयुक्त अधिराज्य पर्दछ । पेरिस फ्रान्सको राजधानी हो । यसको क्षेत्रफल ६३३ हजार वर्ग किलोमिटर र जनसंख्या ६ करोड ८४ लाख छ ।

फ्रान्स लामो धार्मिक राज्य भएको देश हो । यहाँको धर्मको इतिहास निकै जटिल छ । इतिहसमा यो एक क्याथोलिक देश भएपनि अहिले यो धार्मिक स्वतन्त्रता भएको धर्म निरपेक्ष देश हो । यहाँ सरकार धार्मिक मामलाबाट टाढा रहन्छ सबै धर्मलाई समान व्यवहार गर्दछ ।

वर्तमान समयमा फ्रान्समा प्रचलित प्रमुख धर्महरू मध्ये क्रिस्चियन धर्म सबै भन्दा धेरै मानिसले मान्छन् । कुल जनसंख्याको लगभग ४७ प्रतिशत मानिसक क्रिस्चियन छन् । यस भित्र क्याथोलिक, प्रोटेस्टेन्टवादका विभिन्न शाखाहरू, पूर्वी अर्थोडक्सी, अर्मेनियाली अर्थोडक्सी आदि पर्छन् । यहाँका लगभग ४० प्रतिशत जनता आफुलाई कुनै पनि धर्म नमान्ने भनेर चिनाउँछन् । यस बाहेक यहाँ इस्लाम, यहूदी धर्म, बुद्ध धर्म, हिन्दू र सिख धर्महरू मान्नेहरू पनि छन्, जसले यसलाई बहु-धार्मिक देश बनाएको छ। ।

अहिले फ्रान्समा बुद्ध धर्म तेश्रो ठुलो धर्म भएको छ । बुद्धिस्ट



https://dhamma.digital

युनियन अफ फ्रान्सका अनुसार अहिले फ्रान्समा दश लाख मानिस बुद्ध धर्म अभ्यास गर्छन्, जसमा ७ लाख एशियाली मूलका छन् भने ३ लाख फ्रान्स मूलका नै छन् । यहाँ अहिले दुइ सय भन्दा बढी ध्यान केन्द्रहरू छन् । यहाँका बौद्ध भन्नाले फ्रेन्चहरू बाहेक चीनियाँ, भियतनामी, लाओ, क्याम्बोडियन तथा कोरियन आदि बुझ्नु पर्छ । यसबाहेक अन्य फ्रेन्चहरू पनि बौद्ध भइनसकेकाहरू छन् जो बुद्ध धर्मप्रति रुचि राख्छन् र सम्मान गर्छन् । उनीहरूलाई सहानूभुतिकर्ता भन्न सकिन्छ । फ्रान्समा बढिरहेको बौद्ध जनसंख्याको बारेमा अहिले त्यहाँको बौद्धिक वृत्त तथा संचार माध्यमहरूमा पनि चर्चा हुने गर्दछ ।

## १. फ्रान्समा बुद्ध धर्मको इतिहास

फ्रान्समा बुद्ध धर्मले प्रवेश पाएको निकै धेरै भएको छैन । यहाँका जनताले बुद्ध धर्मको बारेमा सुनेकै २० औं शताब्दीमा मात्र हो । यहाँको बुद्ध धर्मको इतिहासलाई संक्षिप्तमा यसरी बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**प्रारम्भिक चरणमा** फ्रेन्चहरू १७औं शताब्दीमा नै बुद्ध धर्मसँग परिचित हुन पुगेको देखिन्छ । यसबेला फ्रान्सेली जेसुइट मिसनरीहरूले एशियाका विभिन्न देशमा भ्रमण गरेर त्यहाँको बारेमा जानकारी संकलन गरेका थिए । यस सन्दर्भमा विशेष गरी भियतनाम र चीन जस्ता देशहरूमा यात्रा गर्दा उनीहरूले आफ्नो मिशनको क्रममा बौद्ध संस्कृति र परम्पराहरूको बारेमा जानकारी लिए र त्यसबारे अभिलेखीकरण गरे ।

यसैबिच सन् १८४१तिर नेपालबाट थुप्रै बुद्ध धर्मका ग्रन्थहरू ब्राइन हडसनले लगेका थिए र ती मध्ये १७४वटा ग्रन्थहरू फ्रान्सको सोसिएटे एशियाटिकसम्म पुगे । त्यस्तै केही ग्रन्थहरू फ्रान्सको राष्ट्रिय पुस्तकालयमा पनि राखिए । ती ग्रन्थहरूलाई फ्रेन्च विद्वानहरूले अध्ययन गरे र ब्याख्या गरे । यसबाट पनि उनीहरूले बुद्ध धर्मको बारेमा जानकारी लिए । उनैको ग्रन्थका एक अध्येता यूजिन ब्यनोफले सन् १८४४मा भारतीय बुद्ध धर्मको इतिहासको परिचय पुस्तक प्रकाशन गरे ।



https://dhamma.digital

**उपनिवेशकाल** १९औं शताब्दीमा फ्रान्सका केही उपनिवेशहरू दक्षिणपूर्वी एशियमा थिए। सन् १८८७मा क्याम्बोडिया तथा भियतनामका केही प्रान्तहरू फ्रेन्च इन्डोचाइन युनियनमा सम्मिलित भए। ती देशहरूमा बुद्ध धर्मको अत्यन्त विकास भएको थियो । त्यहाँ गएका अधिकारीहरू तथा अनुसन्धाताहरू त्यहाँका स्थानीय बौद्धहरूसँग सम्पर्कमा आए अनि त्यहाँ पुगेका अधिकारीहरूले बुद्ध धर्म र संस्कृतिको बारेमा केही सिकेर आए । यसप्रकार उनीहरूले फ्रान्समा बुद्ध धर्मको बारेमा जानकारी पुर्याए ।

भिक्टर सेगालेन र पल क्लाउडेल जस्ता व्यक्तिहरूले फ्रान्सेली समाजलाई बौद्ध अवधारणाहरूमा परिचय गराउनमा प्रमुख भूमिका खेलेका थिए।

**२०औं शताब्दीमा प्रारम्भिक चरणमा** युरोप भरी २०औं शताब्दीमा विश्वका नयाँ नयाँ कुरा थाहापाउने जिज्ञासा र अनुसन्धानको कारणले फ्रान्समा बुद्ध धर्मको बारेमा जानकारी फैलियो । फ्रेन्चहरूको बौद्धिक जिज्ञासा समाधान गराउन त्यहाँ केही जानकारीहरू उपलब्ध गराइए र यसैको आधारमा उनीहरूले बुद्ध र बुद्ध धर्म पनि रहेछ भन्ने थाहा पाए । यस प्रारम्भिक चरणमा उनीहरूले अभ्यास नगरे पनि जानकारी संकलन गरे र आफ्नो कौतुहलता मेट्न धेरै अध्ययनहरू गरे । यसबाहेक यसबेला फ्रान्समा एसियाली आप्रवासनको लहर शुरु भयो । यसैबेला चिनियाँ विद्यार्थीहरूको यहाँ सानो तर स्थिर प्रवाह देखियो । यसले यहाँ आप्रवासी समुदायमा चीनियाँ बुद्ध धर्मको अभ्यासको वातावरण देखियो ।

**२० औं शताब्दीको दोश्रो चरणमा** फ्रान्समा बुद्ध धर्मप्रचारको बीउ छरियो । यसबेला पश्चिमी अन्वेषणहरूको भूमिका उल्लेखनीय छ । फ्रान्सेली अन्वेषकहरू र विद्वानहरूले फ्रेन्चहरू माझ बौद्ध विचारहरू व्यापक रूपमा प्रचार प्रसार गरे । ती मध्ये अलेक्जान्ड्रा डेभिड-नील (Alexandra David-Néel) ल धेरै समयसम्म तिब्बत अदि एशियाली देशहरूको यात्रा गरेर बुद्ध धर्मको बारे गहन अध्ययन गरे । डेभिड-नीलले सन् १९१२मा आफूलाई "पेरिसमा पहिलो बौद्ध" हुँ भनेर समेत



https://dhamma.digital

भने । उनीहरूका लेखहरूले फ्रान्सका सामान्य जनता समेत यसबारे आकर्षित भए र अध्ययन गर्न थाले ।

**सन् १९५० पछि :** दोश्रो विश्व युद्ध पछिको युरोपमो अवस्था भिन्न थियो । मानिसहरू केही कुराबाट पनि सन्तुष्ट थिएनन् । मानसिक शान्तिको लागि आध्यात्मिक मार्गहरूको खोजीमा थिए । यस्तो बेलामा त्यहाँ चर्चामा आइसकेको बुद्ध धर्मले धेरैलाई खोजेको कुरा यही हो जस्तो बनाइदियो । यसबेला फ्रान्समा बुद्ध धर्म साँच्चै फस्टाउन थालेको थियो । यसका दुई प्रमुख कारणहरू थिए – क) सन् १९६०को दशकदेखि तिब्बतमा राजनीतिक परिवर्तन पछि त्यहाँका धर्मगुरुहरू तिब्बत छोडेर विभिन्न देशमा जाने क्रममा धेरै गुरुहरू फ्रान्समा पनि पुगे । उनीहरू मध्ये केही, जस्तै डाग्पो रिम्पोछेले ७० को दशकमा ध्यान केन्द्र नै खोलेर बुद्ध धर्मको प्रचारमा योगदान गरे । यसकारण फ्रान्समा तिब्बती बुद्ध धर्मले जग बनायो । ख) यही राजनीतिक परिवर्तन पछि एशियाका थुप्रै देशहरूमा राजनीति उथलपुथल शुरु भयो अनि चीन जस्तै भियतनाम, लाओस् तथा क्याम्बोडिया जस्ता देशहरूबाट शरणार्थी नै बनेर पनि फ्रान्समा पुगे । उनीहरूले त्यहाँ आफ्नो परम्परा अनुसार बुद्ध धर्मको अभ्यास मात्र गरेनन्, बरु यसका साथै आफ्नो परम्परालाई फ्रेन्चहरूसामु समेत प्रभावकारी बनाएर देखाए ।

तैपनि बीसौं शताब्दीको पहिलो आधामा फ्रान्समा चीनियाँ विद्यार्थीहरूका प्रवाह निरन्तर नै भएता पनि तिनीहरू संख्यात्मक रूपमा धेरै थिएन । पछि फ्रान्समा चिनियाँ आप्रवासीहरू भेल जस्तै सन् १९७० को दशकमा बढ्यो । १९८० को दशकमा मुख्य भूमि चीनबाट फ्रान्समा आप्रवासीहरूको झन् बढ्यो । यससँगै तिब्बती वा चीनियाँ बुद्ध धर्मको छाप पनि फ्रान्सेली समाजमा झन् स्पष्टसँग देखिन थाल्यो । यसप्रकार २०औ शताब्दीको उत्तरार्धमा फ्रान्सका विभिन्न ठाउँहरूमा बौद्ध केन्द्रहरू खोलिए । ती मध्ये भियनामी जेन मास्टर थिक न्हात हानको प्लम भिलेज विहार एक महत्वपूर्ण केन्द्र थियो जसले फ्रेन्चहरूलाई बुद्ध शिक्षातर्फ डोऱ्यायो ।



https://dhamma.digital

**फ्रेन्च लेखकहरु :** फ्रान्समा बुद्ध धर्म फैलाउने काम लेखक तथा अनुसन्धाताहरूले धेरे हदसम्म गरे । यहाँ बुद्ध धर्ममा कलम चलाउने केही लेखकहरूको नाम सम्झनु उचित हुन्छ ।

युजिन बर्नफ, क्रिश्चियन लासेन, सोमा डे कोरोस आरसि चाइल्डर्स गाबेत र हक, पिइ फोक्स, लिअन फीर, सिल्भान लेभी, एच कर्न, लुइ दे ला भ्याले पुस्सिन, पिएच कोलिनेट, इड ह्युबर, इ लामोट, जे पिच भोगेल, मार्से लाल्यु आदि केही त्यस्ता नामहरू हुन् जसले विभिन्न भाषाबाट बुद्ध धर्म सम्बन्धी ग्रन्थहरू फ्रेन्चभाषामा अनुवाद गरेर वा व्याख्या गरेर फ्रेन्च जनता सामु बुद्ध धर्मको महत्व खुलाइदिए । उनीहरूले सिर्जना गरेका सयौं पुस्तकहरूले गर्दा फ्रान्का पुस्तकालयहरू बौद्धहरूको मामलामा धनी भएका छन् ।

**राज्यबाट स्वीकृति** सन् १९८७मा फ्रान्समा अन्य धर्महरूका साथै बुद्ध धर्मलाई औपचारिक रूपमा स्वीकार गरियो । यसले बौद्ध समुदायलाई कानुनी हैसियत र संरक्षण दियो जसले उनीहरूलाई स्वतन्त्रतापूर्वक बुद्ध धर्म अभ्यास र प्रचार गर्ने वातावरण पनि दियो । अहिलेको अवस्थामा फ्रान्समा बुद्ध धर्म विकास भइरहेको छ अनि यसले विविधता पनि पाएको छ । यसले आप्रवासीहरू मात्र हैन मौलिक फ्रेन्सहरूलाई पनि आध्यात्मिक आवश्यकता वा सुमार्गको जीवन जिउने वैकल्पिक बाट दिएको छ। थेरवाद, महायान, वज्रयान जस्ता बुद्ध धर्मका विभिन्न निकायहरू अहिले त्यहाँ अभ्यास गर्ने गरिन्छ, जसले देशकै बहुसँस्कृति परिदृष्यलाई झन् धेरै विविधताले भरिएको बनाइदिएको छ।

संक्षेपमा भन्नु पर्दा फ्रान्सको बौद्ध परिदृश्यमा विविधता छ । यद्यपि यहाँ तिब्बती बुद्ध धर्मको र चिनियाँ परम्पराको बलियो उपस्थिति छ । यसप्रकार फ्रान्सको बुद्ध धर्मले मौलिक तथा आप्रवासीहरू बिच साँस्कृति आदानप्रदान गर्ने, बौद्धिक कौतुहलता मेट्ने, आध्यात्मिक खोजी पुरा गर्ने गरी यहाँको धार्मिक विविधतामा नयाँ आयामहरू थ्पेको छ । यसरी हेर्दा यहाँ "संस्कृतिकरण" को रोमाञ्चक दृष्य हेर्न पाइन्छ, जहाँ बौद्ध अभ्यासहरू फ्रान्सेली सन्दर्भमा अनुकूलित वा केही हदसम्म परिवर्तित गरिएका हुन्छन् ।



https://dhamma.digital

## २. परम्परा

फ्रान्समा दुई मुख्य बौद्ध समुदायहरू छन् । फ्रान्समा बुद्ध धर्म मान्नेहरूमा एकातिर दक्षिणपूर्वी एशिया (विशेष गरी भियतनाम, थाइल्याण्ड र कम्बोडिया) बाट आएका आप्रवासीको ठुलो समुदाय छ जसले थेरवाद बौद्ध धर्मको अभ्यास गर्छन्। अर्कोतिर फ्रान्सेली धर्मान्तरितहरूहरूको सानो समुदाय पनि मिलेर बनेको छ, जो तिब्बती बुद्ध धर्म वा जेन परम्पराहरूमा आकर्षित भएका छन् । उनीहरू भने परम्परागत पुजापाठमा भन्दा अध्ययन र ध्यान अभ्यासमा बढी रुचि राख्छन् । यद्यपि अन्य बौद्ध देशहरूमा जस्तो फ्रान्समा पनि बुद्ध धर्मका विविध निकायहरू वा परम्पराहरूको विकास भएको छ अनि थरीथरीको बुद्ध धर्मको हाँगाहरूको अभ्यास गर्नेहरू यहाँ पाइन्छन् ।

**थेरवाद :** फ्रान्समा थेरवाद विशेष गरी थाइल्याण्ड, क्याम्बोडिया, लाओस तथा भियतनाम जस्ता देशहरूबाट आएका आप्रवासीहरूले अबलम्बन गर्छन् । उनीहरू त्रिपिटकमा आधारित भएर पाली ग्रन्थहरूको अध्ययन गर्छन् । ती मध्ये केहीले विनयमा आधारित भएर भिक्षु जीवन पनि बिताउँछन् । फ्रान्समा बढी जसो थेरवादी विहारहरू बनाएर बस्ने काम भियतनामी समुदायहरूले गरेका छन् ।

**महायान :** फ्रान्समा महायान बुद्ध धर्म एशियाली आप्रवासीहरू तथा धर्मान्तरण गरेका फ्रेन्चहरूले मान्छन् । उनीहरू आफ्नो मात्र नभइ जगत्मा भएका सबै सत्वप्राणीहरूको उद्धार गर्नुमा जोड दिन्छन् । यहाँको महायानमा तिब्बती बुद्ध धर्म र अझ त्यसमा पनि काग्यू तथा न्यिङ्मा सम्प्रदायको बाहुल्यता पाइन्छ । यसबाहेक जेन बुद्ध धर्म मान्नेहरू पनि यहाँ छन् ।

**तिब्बती बुद्ध धर्म :** फ्रान्सको सबैभन्दा बढी प्रख्यात बुद्ध धर्मको परम्परा तिब्बती बुद्ध धर्म हो । यहाँ तिब्बती बुद्ध धर्मले विशेष छाप छोडेको छ । महायान भित्र पनि विशेष गरी तान्त्रिक साधनामा जोड दिने सम्प्रदायलाई साधारण भाषामा तिब्बती बुद्ध धर्म भनिन्छ ।



https://dhamma.digital

खास गरी सन् १९५९मा तिब्बतमा चीनले कब्जा जमाएपछि र त्यहाँको धार्मिक वातावरणमा चीनले हस्तक्षेप गरेपछि त्यहाँका तिब्बतीहरू जहाँतहीँ शरणार्थी बन्न गए । यसै क्रममा तिब्बतबाट भागेका तिब्बती लामाहरूको उपस्थितिको कारणले फ्रान्समा यसले धेरै लोकप्रियता प्राप्त गर्यो । यहाँ थुप्रै बौद्ध केन्द्रहरू बनेका छन् जुन तिब्बती गुरुहरूले स्थापना गरेका छन् वा उनीहरूद्वारा निर्देशित छन् । सन् १९९० सम्म पुग्दा फ्रान्समा १४०वटा भन्दा बढी तिब्बती बौद्ध ध्यान केन्द्रहरू खोलिए । सबैभन्दा पहिलो तिब्बती बौद्ध समुदायको स्थापना सन् १९७०को शुरुवात तिर भयो । साक्य निकाय अन्तर्गतको ए वाम फेन्दे लिङको स्थापना सन् १९७३मा भयो ।

कालु रिम्पोछेले सन् १९७२मा फ्रान्स भ्रमण गरे । कर्म काग्यू निकायको प्रमुख कर्मपाले सन १९७५मा फ्रान्सको भ्रमण गरे । दलाइ लामाले सन् १९८२मा गरे । उनीहरूको भ्रमणले विश्वका तिब्बती बौद्धहरू फ्रान्स तर्फ आकर्षित भ एभने त्यहाँका फ्रेन्चहरू पनि बुद्ध धर्म बारे आकर्षित भए ।

यहाँ गुम्बा बनाउने गुरुहरूमा कालु रिम्पोछे, शमर रिम्पोछे तथा लामा येशे आदिको नाम आउँछ । ती मध्ये सबैभन्दा प्रभावशाली व्यक्तित्वहरू मध्ये लामा येशे थिए, जसले यहाँ महायान परम्पराको संरक्षणको लागि फाउन्डेसन (FPMT) स्थापना गरेका थिए । काग्यु, शाक्य र न्यिङ्मा परम्पराको पनि फ्रान्समा उपस्थिति छ ।

**जेन बुद्ध धर्म :** फ्रान्समा जेन बुद्ध धर्म पनि आफ्नै किसिमले प्रचलनमा छ । यसले ध्यानको माध्यमबाट बुद्ध धर्मको अभ्यास गराउँछ । विशेष गरी जापानी जेन परम्पराले यहाँ जग बसाएको छ । यहाँ थुप्रै जेन केन्द्रहरू खोलिएका छन् र समुदायहरूका अभ्यासकर्ताहरूलाई ध्यान शिविरहरू सञ्चालन गरेर तथा कार्यशालाहरू मार्फत सैद्धान्तिक शिक्षाहरू प्रदान गर्छन् ।

बुद्ध धर्म एकै भएपनि परम्परा भिन्न भएपछि उनीहरूको अभ्यासमा पनि फरक आउनु स्वभाविक हो । अहिले यहाँ सबै प्रकारका



https://dhamma.digital

बौद्धहरूमा बिच समन्वय गराउनु चुनौति बनेको छ । फ्रान्समा फ्रेन्च बुद्धिस्ट युनियन खोलिएको छ जसले सबै निकायका बुद्ध धर्मबिच सहमति र सहकार्यको लागि काम गर्छ ।

**संलग्न बौद्ध धर्म:** बुद्ध धर्मलाई कोरा प्रवचनमा मात्र सिमित नगरी जीवनका विभिन्न आयामहरूसँग जोडेर सिक्ने चलन अहिले युरोपमा धेरै प्रचलित छ । त्यसैले फ्रान्समा अहिले संलग्न (इन्गोज्ड) बौद्ध धर्ममा रुचि बढिरहेको छ, जसले बौद्ध शिक्षाहरूलाई सामाजिक अभियान र वातावरणीय मुद्दाहरूमा लागू गर्न जोड दिन्छ ।

यसको एक प्रमुख प्रवर्तक भियतनामी भिक्षु थिक न्हात हान हुन् । उनले प्रवर्धन गरेको बुद्ध धर्मले फ्रान्समा पनि प्रभाव पारेको छ । उनको उद्देश्य कोरा बुद्धको उपदेशमा मात्र बुद्धधर्मलाई सिमित नराखी बुद्ध शिक्षा मार्फत दैनिक जीवन, सामाजिक सद्भाव, र शान्ति निर्माणको लागि पनि संलग्न गराउनु हो । यहाँ युनिफाइड बुद्धिस्ट चर्च अफ फ्रान्स तथा प्लम भिलेज मोनास्ट्रीको स्थापना गरेका थिए । यी केन्द्रहरूमा माइन्डफुलनेस प्रशिक्षण दिइन्छन् ।

**धर्मनिरपेक्ष बुद्ध धर्म :** फ्रान्सको बुद्ध धर्मको बारे कुरा गर्दा यसको एक अद्वितीय चरित्रको उल्लेख गर्नु जरुरी हुन्छ । यो पश्चिमी विचार र संस्कृतिसँग पूर्वी परम्पराहरूको समन्वयको परिणाम हो भन्न सकिन्छ । त्यसैले यसबाहेक युरोपका विभिन्न देशहरूमा बुद्ध धर्मलाई अन्य धर्म सरह हेरिनु हुन्न, यसलाई अन्य धर्म मान्नेहरूले पनि सजिलोसँग अवलम्बन गर्न सक्छन् भन्ने धारणाका साथ धर्मनिरपेक्ष अथवा सेकुलर बुद्ध धर्मको धारणाको विकास गरिएको पाइन्छ । यसै क्रममा हालैका वर्षहरूमा फ्रान्समा पनि लागि धर्मनिरपेक्ष दृष्टिकोण सहित्को बुद्ध धर्मप्रति रुचि बढिरहेको छ । फ्रान्सेली बौद्ध भिक्षु र लेखक म्याथ्यु रिकार्ड जस्ता व्यक्तिहरूले बौद्ध सिद्धान्तहरूको धर्मनिरपेक्ष व्याख्यालाई लोकप्रिय बनाएका छन । उनीहरू पूजापाठ र कर्मकाण्डमा भन्दा पनि ध्यान, परोपकार र मानवतावादमा बढी केन्द्रित हुन्छन् ।



https://dhamma.digital

**प्राज्ञिक अथवा सांस्कृतिक प्रभाव सहितको बुद्ध धर्म :** फ्रान्सेली प्राज्ञिक वर्गले पनि बुद्ध धर्मको अध्ययनमा तथा यसको प्रचार प्रसारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। उनीहरू बुद्ध धर्म मान्छन् वा मान्दैन्, उनीहरूलाई बुद्ध शिक्षाको उपादेयतामा विश्वास छ वा छैन, तर उनीहरू बुद्धको शिक्षालाई एक अध्ययनको विषय बनाउँछन्, अध्ययन गर्छन्, विश्लेशण गर्छन् र आफुले जानेको कुनै विषयसँग तुलनात्मक अध्ययन गर्छन् । यसका लागि थुप्रै फ्रान्सेली सांस्कृतिक संस्थाहरूले बुद्ध धर्मसँग सम्बन्धित प्रदर्शनीहरू, प्रवचनहरू, र अन्य कार्यक्रमहरू आयोजना गरेर जनमानसमा प्रचार गरेर बौद्ध परम्पराहरू बिचमा बुद्ध धर्मको अलग स्थान बनाउँछ । यस बाहेक केही फ्रान्सेली बौद्धहरूले बौद्ध दर्शनलाई तर्क, धर्मनिरपेक्षता र व्यक्तिवादको बारेमा पश्चिमी विचारहरूसँग मेलमिलाप गर्ने प्रयास पनि गर्छन्।

समग्रमा, फ्रान्समा बुद्ध धर्म यसको विविधताद्वारा विशेषता हो, अभ्यासकर्ताहरू र समुदायहरूले बुद्धका शिक्षाहरूमा विभिन्न परम्परा र दृष्टिकोणहरू प्रतिनिधित्व गर्छन्। यो विविधताले फ्रान्सेली समाजको विभिन्न धार्मिक र दार्शनिक दृष्टिकोणलाई अँगाल्ने खुलापनलाई प्रतिबिम्बित गर्दछ ।

## ३. विज्ञहरू

गएको दुइसय वर्षमा फ्रान्समा धेरै भन्दा धेरै बौद्धिक व्यक्तिहरूले बुद्ध धर्मलाई त्यहाँको जनमानसमा ल्याउन धेरै मिहेनत र योगदान गरे । ती मध्ये केहीको सामान्य जानकारी यहाँ दिइन्छ ।

### लेखक अनुसन्धाताहरू

**युजिन ब्यनोफ** (Eugène Burnouf सन् १८०१-१८५२) फ्रान्समा बुद्ध धर्मलाई परिचित गराउनेहरूमा युजिन ब्यनफको नाम पहिलो पंक्तिमा आउँछ । उनी भारत तथा पूर्वीय दर्शनका विज्ञ थिए । उनले संस्कृतको अध्ययन गरेका थिए र बुद्ध धर्मका थुप्रै विषयमा पुस्तक लेख्नुका साथै बौद्ध ग्रन्थहरूको अनुवाद पनि गरेका थिए । उनैको ग्रन्थका



https://dhamma.digital

एक अध्येता यूजिन ब्यनोफले सन् १८४४मा भारतीय बुद्ध धर्मको इतिहासको परिचय (Introduction à l'histoire du Bouddhisme indien) नामक पुस्तकले फ्रेन्चहरू माझ बुद्ध धर्मको जानकारी पुग्यो । उनलाई युरोपको लागि आधुनिक बौद्ध वैज्ञानिक अध्ययनका संस्थापन पिता भनेर समेत भनिन्छ ।

**अलेक्जान्ड्रा डेभिड-नील** (Alexandra David-Néel सन् १९६९-१९६९) : अलेक्जान्ड्रा डेभिड-नील एक प्रख्यात फ्रान्सेली अन्वेषक, लेखक, र बौद्ध विद्वान थिइन् । उनी धेरै पहिलेदेखि बुद्ध धर्म प्रति आकर्षित थिइन् । उनले सन् १८८९मा बुद्ध धर्म ग्रहण गरिन् । सन् १९११देखि १९२५सम्म भारत तथा तिब्बतको भ्रमण गरिन्, त्यहाँको धर्म तथा संस्कृतिको बारे ब्यापक अध्ययन गरिन्  र बुद्ध धर्म बारे श्रृंखलाबद्ध पुस्तकहरू लेखिन् । उनले ३० भन्दा बढी पुस्तकहरू लेखेर फ्रान्सेलीहरूलाई बुद्ध धर्म र यसको दर्शनसँग परिचय गराए । उनको पुस्तकको कारणले गर्दा पनि धेरैले बुद्ध धर्मको बारेमा अनुसन्धान गरे ।

**सिल्भान लेवी** (Sylvain Lévi सन् १८६३-१९३५) : फ्रान्समा बुद्ध धर्मको बारेमा लेख्ने एक प्रभावशाली विद्वान सिल्भान लेवी थिए । उनी पूर्व एशिया तथा भारतका बारेमा विज्ञ थिए । उनले फ्रान्सको इकोले प्राटिक डेस हाउटेस एटुडेसमा संस्कृत र भारतीय धर्म पढाउँथे । उनले सन् १८९८, १९२२ र १९२८मा नेपाल भ्रमण गरे, यहाँको बुद्ध धर्म तथा हिन्दु धर्मको बारेमा विस्तृत अध्ययन गरे र यसको बारे मा पुस्तक नै लेखे । यस प्रकारले बुद्ध धर्म र विशेष गरी काठमाडौं उपत्यकाको नेवार बुद्ध धर्मलाई फ्रान्ससम्म लैजानममा पनि योगदान छ । यसबाहेक उनले क्याम्बोडिया, इन्डोनेशिया तथा जापानमा गएर त्यहाँको बुद्ध धर्मको अध्ययन गरेर पनि रचना प्रकाशन गरे ।

**ग्रेस कन्स्टन्ट लाउन्सबेरी** (Grace Constant Lounsbery सन् १८७६-१९६४) । ग्रेस कन्स्टन्ट लाउन्सबेरीको एक अमेरिकी मूलकी लेखक कवि तथा नाटककार थिइन् । उनले सन् १९२९मा बुद्ध धर्मका साथीहरू (La Amis du Bouddhisme) नामक समाजको स्थापना



https://dhamma.digital

गरिन् । त्यसबेला आफूलाई बौद्ध भन्नेहरूलाई संगठित पारेर संस्था खोल्नु निकै ठुलो सहको काम मानिन्थ्यो । यसबेला उनलाई चीनियाँ भिक्षु ताइ शुले साथ दिएको थियो । पछि उनले महाबोधि मिसनलाई फ्रान्स बोलाइन् र कार्यक्रमहरू गरिन् । त्यतिबेला उनलाई साथ दिने डा. बजिरनन्द र नारद महास्थविर थिए । उनले थेरवाद बुद्ध धर्म सम्बन्धी एउटा पुस्तक पनि लेखिन् । उनी एकपल्ट वर्ल्ड फेलोशिप अफ बुद्धिस्टस् तथा लण्डनको बुद्धिस्ट विहार सोसाइटीको उपाध्यक्ष समेत बनिन् । सन् १९५६मा नेपालमा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा भाग लिन उनी नेपाल आएकी थिइन् ।

**अभ्यासकर्ताहरूः**

**दाइसेन देशिमारु** (Taisen Deshimaru सन् १९१२-१९८२): दाइसेन देशिमारु जपानको जोदो शिन्सु बुद्ध धर्मको अभ्यास गर्ने परिवारमा जन्मे, केही समय इशाई धर्मको अध्ययन गरे र पुनः बुद्ध धर्ममा फर्के । सन् १९६७मा उनी जेन बुद्ध धर्म सिकाउन पेरिस गए । उनले सन् १९७०मा अन्तर्राष्ट्रिय जेन संघको स्थापना गरे, सन् १९७९मा ला जँद्रोनियर नामक जेन मन्दिरको स्थापना गरे । यसका साथै उनले फ्रान्समा धेरै जेन्दा ध्यान हलहरू स्थापना गरे ।

यसरी फ्रान्समा उनले देशमा जेन बौद्ध धर्मलाई लोकप्रिय बनाउन मद्दत गरे । पछि उनी त्यहाँ जापानी सोतो जेनको प्रमुख भए । उनको शिक्षण र पुस्तकहरूले युरोपमा नै जेन बुद्ध धर्म फैलाउन मद्दत गर्यो । फ्रान्समा जेन बुद्ध धर्मको विकास र प्रचार गर्ने काममा उनको योगदान स्मरणीय मानिन्छ ।

**थिक नहात हान** (Thich Nhat Hanh सन् १९२६-२०२२) थिक नहात हान भियतनाममा जन्मेका बौद्ध भिक्षु र जेन बुद्ध धर्मका शिक्षक हुन् । उनले विभिन्न देशमा जेन बुद्ध धर्म तथा शान्तिको प्रवर्धन गरेर हिँडेका थिए । उनले सन् १९६९मा फ्रान्समा एकिकृत बौद्ध चर्चको स्थापना गरे । उनको विश्वभरी फैलिएको प्लम भिलेन विहार फ्रान्सको



https://dhamma.digital

दक्षिणी भागमा स्थापना गरिएको छ ।

**मेथ्यु रिका** (Matthieu Ricard जन्म सन् १९४७): मेथ्यु रिकार्डको जन्म फ्रान्सको एक्सलेबां भन्ने ठाउँमा भएको थियो । उनी आफ्नो वैज्ञानिक पृष्ठभूमि भएर पनि आफ्नो अध्ययन पुरा गरेर उनी भारतमा गए र त्यहाँ तिब्बती बुद्ध धर्मको अध्ययन गरे । त्यहाँ ख्येन्चे रिम्पोछेसँग धेरै अध्ययन गरे । बुद्ध धर्मको अध्ययन र अभ्यासको क्रममा उनी नेपालमा आइपुगे र यहाँको हिमाली संस्कृतिको संरक्षको लागि काम गरे । उनले दलाइ लामाको अनुवादकको रूपमा पनि काम गरे । उनले बुद्ध धर्म र न्यूरोसाइन्सको अन्तरसम्बन्धको अन्वेषण पनि गरेका थिए । उनले आफ्नो समाज सेवाका लागि फ्रान्सका राष्ट्रपतिबाट सम्मान पाएका छन् ।

## ४. स्मारक वा मन्दिरहरू

फ्रान्समा बुद्ध धर्म फैलदै गएपछि र यहाँ बौद्धहरूको जनसमुदाय ठुलो हुँदै गएपछि यहाँ यसै अनुसार बौद्ध स्मारकहरू र मन्दिरहरू पनि बन्दै गए । यहाँ फ्रान्सका केही महत्वपूर्ण स्मारक वा मन्दिरहरूको बारेमा छोटो जानकारी दिइन्छ ।

**जँद्रोनियर मन्दिर (Temple Zen de la Gendronnière) :** यो मन्दिर फ्रान्सको उत्तर मध्य क्षेत्रमा अवस्थित ली दे फ्रान्स भन्ने क्षेत्रमाको भेर्न ला सेल सुर सीन (Vernou–la–Celle–sur–Seine) भन्ने ठाउँ मा अवस्थित छ । यसलाई दाइसेन देशिमारुले सन् १९७९मा स्थापना गरेका थिए । यो युरोपकै जेन बौद्ध धर्म मध्ये सोटो निकायको मुख्य केन्द्रहरू मध्ये एक हो ।

**प्लम भिलेज विहार :** भियतनामी जेन मास्टर र शान्ति कार्यकर्ता थिक न्हात हानले विभिन्न देशमा आफ्नै खालको जेन बुद्ध धर्मको शिक्षा दिनलाई ध्यान गराउनको लागि स्थापना गरिने प्लम भिलेज विहारको स्थापना फ्रान्समा पनि गरिएको छ । यहाँ यो विहार डोर्गन Dordogne क्षेत्रमा अवस्थित छ । यसलाई युरोपकै सबैभन्दा ठूलो बौद्ध भिक्षु संघहरू



https://dhamma.digital

मध्ये एक भनिन्छ। यस विहारले विश्वव्यापी प्लम भिलेजको परम्परालाई पछ्याउँछ। बुद्ध धर्म र वास्तविक जीवनलाई जोडेर सिकाउने यस बुद्ध धर्मको ध्यान पद्धतिलाई आजभोलि यूरोपियनहरू मन पराउँछन्।

**काग्यु-जोङ केन्द्र :** तिब्बती बुद्ध धर्म अन्तर्गत काग्यु निकायलाई पछ्याउने यस काग्यु-जोङ गुम्बा पेरिसमा अवस्थित छ। तिब्बती भुटानी शैलीको यो गुम्बा सन् १९८५मा तिब्बती ध्यान गुरु कालु रिन्पोछेले स्थापना स्थापना गरेको थियो। यो गुम्बा नोर्माण्डी स्थित वज्रधर-लिङ सँग सम्बद्ध छ। सन् २००६देखि यहाँ शान्ति र ज्योति नामको वार्षिक कार्यक्रम हुन्छ।

**वज्र योगिनी इन्स्टिच्युट (Institut Vajra Yogini) :** फ्रान्सको तोलुजको नजिकै लाभू (Lavaur) मा यो वज्र योगिनी इन्स्टिच्युट खोलिएको छ। यो तिब्बती बौद्ध केन्द्र महायान परम्पराको संरक्षणको लागि फाउन्डेसन ( FPMT)सँग सम्बद्ध छ। यसले तिब्बती बौद्ध धर्मको गेलुग परम्परामा आधारित भएर बुद्ध धर्मको शिक्षा र अभ्यासहरू प्रदान गर्दछ।

**ला सोनरी जेन मन्दिर (La Sonnerie Zen Temple) :** फ्रान्सको दक्षिण पश्चिममा लुबेस बेर्नास (Loubès–Bernac) मा ला सोनरी जेन मन्दिर अवस्थित छ। यस मन्दिरमा जापानी जेन परम्परा भित्रको सानबो क्योदान निकायको शिक्षा दिन्छ।

**दोग्पो काग्यु लिङ (Dhagpo Kagyu Ling) :** फ्रान्समा काग्यु सम्प्रदायसँग नजिक भएको सबैभन्दा ठुलो गुम्बा दोग्पो काग्यु लिङ हो। सन् १९७५मा १६औं कर्मापा द्वारा यसको स्थापना भएको थियो। यो दोर्दोग्ने क्षेत्रमा अवस्थित छ। यसलाई युरोपको सबैभन्दा ठूलो बौद्ध केन्द्रहरू मध्ये एक मानिन्छ।

फ्रान्समा अवस्थित थुप्रै नयाँ पुराना धेरै बौद्ध मन्दिर, गुम्बा तथा विहारहरू मध्ये यिनीहरू केही उदाहरणहरू मात्र हुन्। तिनीहरूले आआफ्नो बौद्ध परम्परा र निकायहरूलाई प्रतिनिधित्व गर्दै यहाँ आआफ्नै किसिमबाट बौद्ध समुदायहरूलाई एकत्रित पार्ने र बुद्धको शिक्षा दिइरहेको छ।



https://dhamma.digital

## ५. बौद्ध संघसंस्थाहरू

फ्रान्समा बुद्ध धर्म सम्बन्धी अध्ययन अनुसन्धान र अनुवाद धेरै अगाडि देखि भएको भए तापनि त्यहाँ संघसंस्था खोल्ने र संगठनात्मक रूपमा अगाडि बढ्ने काम भने अलि पछि मात्र शुरु भएको देखिन्छ। यसको कारण त्यहाँ लेखक अनुसन्धाताहरूले बुद्ध धर्मको बारेमा सिके अनि प्रचार गरे। उनीहरूको उद्देश्यभ नेको धर्मको प्रचार गर्ने भन्दा पनि आफुसँग भएको जानकारी बाँड्ने मात्र थियो। त्यसपछि आप्रवासीहरूले धर्मको अभ्यास गर्ने क्रम बढेको हो। उनीहरू त्यहाँ विविध कारणले आएर  अस्तित्व र जीविकोपार्जनको लागि नै खट्नु पर्ने अवस्था भएकोले धर्मको लागि संगठन बनाउन चाहेन वा खोजेन। पछि अभ्यासकर्ता आप्रवासीहरू र फ्रेन्चहरू बिच ज्ञानको आदान प्रदान तथा सहकार्य बढेपछि मात्र संगठन खोल्ने वातावरण सहज भएको पाइन्छ। यहाँ फ्रान्सका केही महत्वपूर्ण बौद्ध संस्था तथा संगठनहरूको जानकारी दिइन्छ। यहाँ फ्रान्सका केही बौद्ध संघहरू छन् :

**बुद्ध धर्मका साथीहरु (Les Amis du Bouddhisme)** : फ्रान्समा भरखर बुद्ध धर्मको चर्चा हुन थालेको बेलामा अमेरिकाबाट आएर बसेकी ग्रेस कन्स्टन्ट लाउन्सबेरीले सन् १९२९मा बौद्ध समाजको स्थापना गरिन्। त्यसबेला आफूलाई बौद्ध भन्नेहरूलाई संगठित पारेर संस्था खोल्नु निकै ठुलो सहको काम मानिन्थ्यो। यसबेला उनलाई चीनियाँ भिक्षु ताइ शुले साथ दिएको थियो। पछि उनले महाबोधि मिसनलाई फ्रान्स बोलाइन् र कार्यक्रमहरू गरिन्। त्यतिबेला उनलाई साथ दिने डा. बजिरनन्द र नारद महास्थविर थिए। उनीहरूको सल्लाह बमोजिम उनले आफ्नो संस्थालाई गतिशिल बनाइन्।

**फ्रान्सेली बौद्ध युनियन (Union Buddhiste de France, UBF)** : फ्रान्समा बुद्ध धर्म मान्नेहरूको संख्या र यस धर्मको प्रभाव समाजमा बढ्न थालेपछि यसको लागि संगठनका आवश्यकता महशुस गर्न थालियो। यसैक्रममा सबै भन्दा पुरानो मध्ये एक संगठन फ्रान्सेली बौद्ध युनियन हो। यो एक गैर नाफामूलक तथा गैर राजनीतिक संघ हो।



https://dhamma.digital

यो फ्रान्सेली बौद्ध संगठनहरूको लागि राष्ट्रिय छाता संगठन जस्तै  हो र यसले त्यहाँका ८० प्रतिशत बौद्धहरूलाई समेट्छ भनिन्छ। यसको स्थापना सन् १९८६मा ज्याक मार्टिन भासकोले गरेको थियो

यसले फ्रान्सेली सरकार समक्ष फ्रान्सेली बौद्धहरूको प्रतिनिधित्व गर्दछ र यो युरोपियन बौद्ध युनियको सदस्य संस्था हो। सन् २००८मा यसले ४ लाख बौद्धहरूको संगठन भन्ने चलन थियो। सन् २०१२मा यसले फ्रान्समा १० लाख बौद्ध भएको र यो यहाँको चौथो धर्म भएको घोषणा गर्यो। स्न २०२१को जानकारी अनुसार यसमा ९८वटा सदस्य संस्थाहरू आवद्ध छ। यसले बेलाबेलामा यहाँका बौद्ध संस्थाहरूलाई विभिन्न अवस्थामा कारवाही समेत गर्ने गरेको छ।

**अन्तर्राष्ट्रिय बौद्ध केन्द्र फ्रान्स** (International Buddhist Center, France) अन्तर्राष्ट्रिय बौद्ध केन्द्र फ्रान्सको ले बुर्जेटमा अवस्थित छ। यो तिब्बती बौद्ध केन्द्र हो र यहाँ बौद्ध दर्शनमा शिक्षा प्रधान गर्नुका साथै  ध्यान, तिब्बती योग आदिको पनि प्रशिक्षण दिइन्छ।

यिनीहरू फ्रान्सका धेरै बौद्ध संघहरू भध्ये संकलन गरिएको एउटा सानो नमूना मात्र हो। यहाँ बुद्ध धर्मका सबै प्रमुख परम्पराहरूको प्रतिनिधित्व गर्ने केन्द्रहरू, साथै धेरै साना समूहहरू छन् र सबैले आआफ्नो समुह वा निकायका धर्मावलम्बीहरूलाई संकलन गरेर आपसमा भाइचारा र सहयोगी भावना बढाउन मद्दत पुर्याउँछ।

चाखलाग्दो तथ्यः ध्यान फ्रान्समा बुद्ध धर्मको लोकप्रिय पक्ष हो, तर केही आलोचकहरूले यो धर्मको फराकिलो नैतिक ढाँचाबाट विच्छेद भएको र पीडा कम गर्नमा ध्यान केन्द्रित गरेको बताउँछन्।

नोट : 'फ्रान्समा बुद्धधर्म 'सम्बन्धी यो पाठ्यसामग्रीमा पृष्ठभूमि भिक्षु सुद्धर्शनको श्रोत र वर्तमान फान्स सम्बन्धी लेखक राजेन मानन्धरले लेख्नुभएको संयुक्त प्रस्तुती हो : सम्पादक मण्डल।



https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

### पञ्चम पत्र

# विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू

### पाठ्यक्रम

**(अंक विभाजन :** एकाई १ को २० अंक, एकाई २ को २० अंक, एकाई ३ को २० अंक, एकाई ४ को २० अंक, एकाइ ५ को २०)

**शिक्षण अवधि १५०**

**पूर्णांक–१००**

**उत्तीर्णांक –४०**

| | | |
|---|---|---|
| एकाइ १ : | (क) जापानमा बुद्धधर्म | शिक्षण अवधि ३० |
| | (ख) कोरियामा बुद्धधर्म | |
| | (ग) मंगोलियामा बुद्धधर्म | |
| एकाइ २ : | अमेरिकामा बुद्धधर्म | शिक्षण अवधि ३० |
| एकाइ ३ : | जर्मनीमा बुद्धधर्म | शिक्षण अवधि ३० |
| एकाइ ४ : | ब्रिटेनमा बुद्धधर्म | शिक्षण अवधि ३० |
| एकाइ ५ : | फ्रान्समा बुद्धधर्म | शिक्षण अवधि ३० |

Dhamma.Digital



https://dhamma.digital

**सन्दर्भ ग्रन्थहरू:**

भिक्षु सुदर्शन (ले.), धर्मरत्न शाक्य (अनु.), *विश्वमा बुद्धधर्म,* धर्मरत्न शाक्य, काठमाण्डौः शंखमूल, बु.सं. २५४० ।

पि भि बापट, *५०० वर्षको बुद्धधर्मको इतिहास,* नयाँ दिल्ली : सूचना मन्त्रालय, भारत, सन् १९९७ ।

इन्टरनेट श्रोत : जापान, मंगोलिया, अमेरिका, ब्रिटेन, जर्मनी, तथा फ्रान्स सम्बन्धी सन्दर्भ श्रोत विभिन्न इन्टरनेटका वेभसाइटहरूबाट पनि लिइएको हो ।

Dhamma.Digital



https://dhamma.digital